# खण्ड तीन : आवधिक नगर विकास योजना

## ३.१ भूमिका

सिद्धार्थनगर नगरपालिकाको आवधिक नगर विकास योजना सम्बन्धी परिचयात्मक विवरण तथा कार्यविधि खण्ड १ मा र वर्तमान वस्तुस्थिति (पाश्र्वचित्र) खण्ड २ मा प्रस्तुत गरिएको छ भने यस खण्डमा सिद्धार्थनगरको आवधिक विकास योजना प्रस्तुत गरिएको छ । यो सिद्धार्थनगरको प्रथम आवधिक विकास योजना हो । नगरको वर्तमान धरातलमा टेकेर व्यापक जनसहभागिता एवम् विज्ञहरूसँगको छलफल मार्फत् यस प्रथम आवधिक योजनाको तर्जुमा गरिएको हो । यस खण्डमा नगर विकास योजनाका लक्ष्य, नीति, रणनीति एवम् कार्यक्रमहरूको पहिचान, बहुगत लगानी योजना एवम् व्याख्या गरी कार्यक्रम कार्यान्वयनका लागि दिशानिर्देश समेत गरिएको छ ।

## ३.२ नगरपालिकाको दीर्घकालीन सोच तथा सिद्धान्तहरू

### ३.२.१ दीर्घकालीन सोच

दीर्घकालीन सोच (Long Term Vision) नगरपालिकाको दीर्घकालीन लक्ष्यको आदर्शात्मक अवस्थाको हो । सामान्यतया दीर्घकालीन सोचले वर्तमान अवस्था (Existing Stage) बाट भविष्यमा पुग्ने एउटा इच्छित अवस्था (Desired Stage) दर्साउँछ । यस अवस्थामा निश्चित समयावधि किटान नभए पनि दीर्घकालीन प्रकृतिको हुन्छ र यस सोचले आदर्शवादी अवस्था झल्काउँछ । यस्तो आदर्शात्मक अवस्थाका तर्फ योजना उन्मुख भए मात्रै दीर्घकालीन सोचले परिकल्पना गरेको इच्छित अवस्थामा पुग्न सकिन्छ ।

दीर्घकालीन सोचले परिकल्पना गरेको इच्छित अवस्थामा पुग्न ५ देखि ७ वर्षको लागि तयार पारिएको एउटा आवधिक योजनाले मात्र सम्भव हुँदैन, तर प्रथम आवधिक योजनाले त्यसतर्फ अग्रसर हुनको लागि मार्ग निर्देशन भने अवश्य प्रदान गर्दछ किनकि आवधिक योजना एउटा मध्यम अवधिको योजना (Medium Term Plan) हो । अत: दीर्घकालीन सोच हासिल गर्न एकभन्दा बढी आवधिक योजनाहरू कार्यान्वयन हुनु नितान्त जरुरी हुन्छ । कति वर्षभित्र उक्त सोच अथवा वाञ्छित अवस्था हासिल हुन्छ भन्ने कुरा धेरै हदसम्म नगरपालिकाको विकासप्रतिको प्रतिबद्धता, साधन तथा स्रोतको प्रभावकारी परिचालन, उपयुक्त योजनाको तर्जुमा तथा कार्यान्वयन जस्ता कुराहरूमा निर्भर गर्दछ । दीर्घकालीन सोच प्राप्तिको लागि नगरपालिका तथा यससँग आबद्ध भएका व्यक्ति तथा संस्थाहरू प्रयासरत रहनु पर्दछ र अघिल्ला आवधिक योजनाहरूको मूल्याङ्कनका आधारमा पछिल्ला आवधिक योजनाहरूमा केकस्ता लक्ष्य, उद्देश्य, नीति तथा कार्यनीतिको अवलम्बन गर्दा अझ चाँडोभन्दा चाँडो इच्छित लक्ष्य प्राप्ति हुन्छ, त्यसतर्फ सदैव क्रियाशील रहनु पर्दछ ।

मिति २०६७/०६/०७ र १९ गते २५ वर्षे भिजन तयारी कार्यशाला बैठकमा सम्पूर्ण निर्देशक समिति, विषयगत उप-समिति, विज्ञ टोली एवम् योजना टोलीहरूको उपस्थितिमा बृहत् छलफल सम्पन्न भएको थियो । सो छलफलमा ए-नट आर्किटेक्चर एन आर्किटेक्टसका टोली प्रमुख एवम् योजनाविद् श्री बटुककृष्ण पराजुलीले सहजकर्ता (facilitator) को भूमिका निभाउनु भएको थियो । उक्त कार्यशालाबाट व्यापक छलफल र वादविवाद पछि २५ वर्षे दीर्घकालीन सोचको रूपमा **"पर्यटन उद्योग व्यापार र शिक्षा, हराभरा बुद्धभूमि सिद्धार्थनगरको इच्छा"** को नारामा निष्कर्षमा पुगेको थियो । त्यस क्रममा "पर्यटन", "उद्योग", "व्यापार" र "शिक्षा" लाई अग्रणी क्षेत्रको रूपमा पहिचान गरिएको थियो । साथै विश्वशान्तिका अग्रदूत गौतम बुद्धका जन्मस्थल लुम्बिनीको प्रवेशद्वारको रूपमा रहेको यस नगरपालिका रामग्राम, तिलौराकोट र देवदह जस्ता बुद्धसँग सम्बन्धित पवित्र स्थलहरूको सामीप्यताको अवस्थितिलाई उपयोग गर्नु पर्ने खाँचो पनि महसुस गरियो ।

**दीर्घकालीन सोचको विशेषता**

१. सि.न.पा.लाई '**पर्यटन, उद्योग, व्यापार र शिक्षाको केन्द्र**' बनाउने परिकल्पना गरिएको छ ।

२. सरल भाषामा लेखिएको यो सोच सबैले बुझ्न र आत्मसात् गर्न सकिने खालको छ ।

३. यो सोच आदर्शवादी, फराकिलो र बृहत् र स्पष्ट बुझिने खालको छ ।

४. नगरपालिकाको वर्तमान वस्तुस्थिति र विशेषताहरूलाई सम्बोधन गरिएको छ ।

५. सरोकारवालाहरूसँगको व्यापक छलफलबाट तयार पारिएको यो सोच सरल र सबैको भावना समेटन सफल छ ।

**दीर्घकालीन सोचले परिकल्पना गरेको सहर**

योजनाबद्ध विकासको अवधारणालाई पछ्याएर सिद्धार्थनगरको विकास अभियानलाई अघि बढाई समग्र सिद्धार्थनगर लगायत वरपरका गा.वि.स.का बासिन्दाहरूको जीवनस्तर उकास्ने ।

**३.२.२ नगर विकासका सिद्धान्तहरू**

दीर्घकालीन सोचको आधारमा सि.न.पा.को विकासको प्रतिबद्धता, विशेषता र चाहना स्पष्ट दर्साउने गरी र दीर्घकालीन सोच प्राप्तितर्फ विकास प्रयासलाई डोऱ्याउने गरी विकासका सिद्धान्तहरू तय भएका छन् :

**(क) पर्यटकीय पूर्वाधार विकास अभियान**

- विश्व सम्पदा लुम्बिनीको प्रवेशद्वारको रूपमा थप बाह्य र आन्तरिक पर्यटकहरू आकर्षित गर्न प्रचार-प्रसार व्यवस्था गर्ने
- पर्यटकीय आवागमनलाई सहज र थप सुरक्षित बनाउँदै जाने
- पर्यटकीय बसाइलाई थप सुविधायुक्त, मैत्रीपूर्ण बनाउने
- पर्यटकीय क्षेत्रमा स्थानीय रोजगारी अभिवृद्धि गर्ने

**(ख) जनसहभागितात्मक विकास अभियान**

- उपभोक्ता समूहहरूको सुदृढीकरण
- स्थानीय समुदायमा आधारित सङ्गठनहरूको विकास तथा परिचालन
- स्थानीय गैरसरकारी संस्थाको परिचालन
- नजी क्षेत्रको परिचालन
- सरकारी तथा निजी साझेदारीमा विशेष जोड

**(ग) आर्थिक विकास**

- व्यापारिक र औद्योगिक गतिविधिलाई प्रोत्साहित गर्ने
- समानुपातिक बजेट बाँडफाँड
- स्थानीय स्रोत, साधन र सीपको उपयोग
- रोजगारीको अवसरमा अभिवृद्धि

- गरिबी न्यूनीकरण

**(घ) जनसबलीकरण एवम् समावेशी विकास**

- सेवा र सुविधामाथि सबैको समान पहुँच
- मधेसी, दलित, उपेक्षित तथा जनजाति उत्थान
- मानवीय विकास

**(ङ) प्राकृतिक स्रोतको दिगो उपयोग**

**(च) वातावरण मैत्री विकास**

### ३.२.३ नगर विकासका लक्ष्य, उद्देश्य तथा रणनीतिहरू

दीर्घकालीन सोचको मर्मलाई हृदयङ्गम गर्दै सि.न.पा.ले निम्नलिखित लक्ष्य, उद्देश्य तथा रणनीतिहरू तय गरेको छ :

**लक्ष्य :**

१. ऐतिहासिक, पुरातात्विक, धार्मिक महत्व समेत बोकेको लुम्बिनी क्षेत्र र अन्य बुद्धसँग सम्बन्धित पवित्र स्थलहरूको सामीप्यता उपयोग गरी आवश्यक पूर्वाधार सहित सिद्धार्थनगरलाई पर्यटकीय केन्द्र र बुद्ध दर्शनको अध्ययन केन्द्र बनाउने ।

२. विद्यमान भन्सार कार्यालय, उद्योग, शैक्षिक प्रतिष्ठानहरूको स्तर उन्नति र थप क्षेत्र विस्तार गरी उपयुक्त स्थानहरूमा व्यापारिक, औद्योगिक र शैक्षिक केन्द्रको रूपमा अझ सशक्त बनाउँदै लैजाने ।

३. भौतिक विकास, आर्थिक लगायत सामाजिक विकासको दायरालाई समेत फराकिलो बनाई मधेसी, जनजाति, दलित वर्गलाई समेटी समावेशी समाजको विकास गर्ने ।

४. बढ्दो सहरीकरणलाई थप व्यवस्थित गर्दै लाने ।

**उद्देश्य :**

१. सामाजिक-आर्थिक रूपले नगरबासीको जीवनस्तर (Quality of Life) मा देखिने गरी सुधार ल्याउने ।

२. नगरपालिकालाई न्यूनतम सन्तुलित भौतिक पूर्वाधार सम्पन्न बनाउने ।

३. सामाजिक विभेद र विकासको प्रतिफलको असमानुपातिक वितरणलाई हटाउने ।

४. नगरपालिकालाई पर्यटकीय गन्तव्य बनाउने ।

५. व्यापारिक, औद्योगिक र शैक्षिक गतिविधिहरू व्यवस्थित गर्दै लाने ।

**नीति/रणनीति :**

१. सामाजिक परिचालन मार्फत् नगरपालिकाको विकाससम्बन्धी धारणा स्थानीय जनता र टोलबस्तीमा पुर्याई मानव-संसाधन (Human Resource) निर्माण र सशक्तीकरण गर्ने । यसका लागि नगरपालिकाका शिक्षित युवाहरूलाई सामाजिक परिचालनमा संलग्न गराउने ।

२. गरिबी न्यूनीकरण कार्यक्रममा लगानी बढाउने र कार्यक्रमको प्रभावकारिताको आवधिक मूल्याङ्कन र आवश्यकताअनुसार परिमार्जन गर्ने ।

३. गरिब, अपाङ्ग र सीमान्तकृत वर्गका बालबालिकालाई निःशुल्क पठनपाठन गराउन निजी, संस्थागत र सामुदायिक विद्यालयहरूसँग सहकार्य गर्ने ।

४. महिला, बालबच्चा, वृद्ध र सीमान्तकृत वर्गलाई लक्षित गरेर सञ्चालित कार्यक्रमलाई नगरपालिकाको अनुदान बढाउँदै लैजाने ।

५. नगरपालिकाको भौतिक विकासमा उपभोक्ता समितिको लागत, सहभागिता र संलग्नता बढाउँदै लैजाने ।

६. नगरपालिकामा विद्यमान अवसरहरू (शिक्षा, स्वास्थ्य, उद्योग, कृषि आदि) लाई समुचित उपयोग गर्दै विशेष लगानीका क्षेत्रहरूको पहिचान गर्दै नगरको दीर्घकालीन योजनामा समाविष्ट गर्ने ।

७. नगरपालिकाको एक्लो प्रयासबाट मात्र विकास सम्भव नहुने भएकोले र स्थानीय विकास निर्माण कार्यमा अन्य सम्बद्ध सरकारी कार्यालय, सङ्घ-संस्थासँग समन्वय र सहकार्य गर्ने ।

८. सरकारी तथा दातृनिकायको अनुदानमा मात्र आश्रित हुने प्रवृत्तिबाट दीगो विकास सम्भव नहुने भएकोले निजी क्षेत्रको लगानीलाई आकर्षित गरी सार्वजनिक निजी साझेदारी (PPP : Public Private Partnership) को सिद्धान्त अनुरूप निजी क्षेत्रलाई पनि सहरी वातावरण सुधार र विकास निर्माणमा आकर्षित र प्रोत्साहित गर्दै जाने ।

८. नगर विकासलाई योजनाबद्ध ढङ्गले व्यवस्थित गर्दै जाने ।

९. वर्तमान टोल सुधार समितिहरूको गठन गरी विकासमा क्रियाशील बनाउने ।

१०. कृषकहरूको आयआर्जनमा वृद्धि गर्नको लागि आधुनिक तथा प्राविधिक कृषि तालिमको व्यवस्था गर्नुपर्ने ।

## ३.३ नगर विकासका समस्या, चुनौती तथा अवसरहरू

### ३.३.१ नगर विकासका प्रमुख समस्याहरू

विश्व सम्पदा सूचीमा परेको गौतम बुद्धको जन्मथलो लुम्बिनी रहेको, यस नगरपालिकामा शाक्य वंशको पालादेखि बसोबासको निम्ति उपयुक्त स्थल थियो भन्ने कुरा ऐतिहासिक दस्तावेजबाट प्रमाणित भइसकेको छ । सिद्धार्थ गौतमले बुद्धत्व प्राप्त गरेपछि यस क्षेत्रले बौद्ध धर्मको प्रवर्तक गौतम बुद्धको जन्मस्थलको रूपमा प्रसिद्धि निरन्तर बढ्दै गई राष्ट्रिय अन्तर्राष्ट्रिय चासोको विषय बन्दै आएको छ । यसै कारणले पनि विगत केही दशक यता विशेष गरी लुम्बिनी क्षेत्रमा भौतिक पूर्वाधार विकास तथा अन्य निर्माणमा राष्ट्रिय, अन्तर्राष्ट्रिय क्षेत्रबाट लगानी र पहल भई आएको छ । समय क्रमसँगै निर्माण भएको सिद्धार्थ राजमार्ग, भैरहवा भन्सार नाका, भैरहवा विमानस्थल, विविध उद्योग र मेडिकल कलेज आदिको कारणले सहरीकरणमा तीव्रता ल्याएको देखिन्छ, तर सहरीकरण योजनाबद्ध ढङ्गले हुन नसक्नु, भौतिक पूर्वाधार निर्माण पनि केही सीमित क्षेत्रमा हुनु र अन्य व्यवस्थापकीय सीमितता आदि कारणले अपेक्षित विकास हुन सकेको देखिँदैन । यससँग जोडिएर आर्थिक सामाजिक परिवर्तन समेत भई आएको देखिन्छ । यसै पृष्ठभूमिमा नगरपालिकाको समग्र विकासका लागि केही पूर्वाधार उपलब्ध छ, केही समस्याहरू पनि छन्, केही सम्भावना र अवसर पनि छन् भने केही चुनौती पनि नभएका होइनन् । आवधिक योजना तयार गर्ने क्रममा विभिन्न चरणमा भएको जनसहभागितात्मक छलफलहरूबाट सङ्कलित प्रमुख आधारभूत समस्याको विवरण तालिका नं. ३.१ मा प्रस्तुत गरिएको छ ।

## तालिका ३.१ : समस्या/सवालको विश्लेषण तालिका

| समस्या/ सवालहरू | तात्कालीन असर | कारणहरू | समाधानका सम्भावित उपायहरू |
|---|---|---|---|
| भौतिक पूर्वाधारहरू (सडक, ढल -नाली, खानेपानी, विद्युत, टेलिफोन, यातायात) को सञ्जाल विस्तार र स्तर उन्नति पर्याप्त रूपमा हुन नसकेको | -नगरबासीहरूलाई सहरी सुविधा यथोचित रूपमा उपभोग गर्न कठिनाई<br>-नगरको भौतिक विकासमा शिथिलता आएको ।<br>-नगरको वातावरणमा अपेक्षित सुधार हुन नसकेको । | -लगानीको लागि पर्याप्त स्रोत साधन उपलब्ध नहुनु<br>-नगरपालिकाको संस्थागत क्षमता कमजोर हुनु<br>-दीर्घकालीन एकीकृत योजना बनाई सम्बद्ध विविध निकायहरूबीच समन्वय गरी कार्यान्वयनमा जान नसकेको<br>-स्थानीय उपभोक्ताहरू जागरुक भई सहभागितामूलक विकास निर्माणमा अपेक्षित रूपमा लाग्न नसकेको | -पूर्वाधार विकासमा थप लागानीका लागि स्रोतको व्यवस्था गर्ने<br>-सम्बद्ध विविध निकायहरूबीच समन्वय गरी एकीकृत रूपमा दीर्घकालीन योजना बनाई समन्वयात्मक रूपमा कार्यान्वयनमा जाने ।<br>- भएका लगानी क्षेत्रको संरक्षण गर्दै नियमित मर्मत-सम्भारको व्यवस्था गर्ने<br>-स्पष्ट नीति र कार्यक्रम सहित त्यसको निरन्तरतामा समेत प्रतिबद्धता हुनु पर्ने । |
| फोहर-मैलाको सङ्कलन, ढुवानी र अन्तिम व्यवस्थापन सही रूपमा हुन नसकेको | -नगरका मूल बाटो र क्षेत्रहरू तुलनात्मक रूपमा सफा देखिए पनि भित्री बाटाहरू फोहर देखिएको<br>-सडक किनारका खुल्ला नालीहरू र होचा भागमा फोहर देखिएको<br>-खोला किनारको केही भाग र अन्य केही स्थानमा अव्यवस्थित Dumping गरिएको कारण वातावरण दुर्गन्धित भइरहेको | -फोहर-मैला सङ्कलनका लागि पर्याप्त जनशक्ति र दक्षता र स्रोत परिचालन हुन नसक्नु<br>-फोहर-मैला न्यूनीकरण र यसको व्यवस्थापनमा सामूहिक भावनाको कमी<br>-Sanitary Landfill site नभएको | -फोहर-मैला सङ्कलनको लागि आवश्यक जनशक्ति र स्रोत साधनको व्यवस्था गर्ने<br>-फोहर-मैला लगायतका वातावरणीय सुधारका बारेमा जनचेतना जगाई यसमा आआफ्नो क्षेत्रबाट योगदान गर्न अभिप्रेरित गर्ने<br>-फोहर न्यूनीकरणका लागि Reduce, Recycle, Reuse, Rethink को विधि अवलम्बन गर्ने<br>-Sanitary Landfill site को व्यवस्था गर्ने |
| पर्याप्त रोजगारी नभएको | -युवाशक्ति/दक्ष जनशक्ति पलायन भएको<br>-नगर विकासका लागि आर्थिक क्रियाकलाप अपुग भएको<br>-जीवनस्तर उठ्न नसकेको<br>-सामाजिक अपराधका घटना | -स्थानीय स्तरमा रोजगारी सृजना हुन नसक्नु<br>-उपयुक्त तालिमको अभावमा उद्यमशीलता पर्याप्त नहुनु | - रोजगारीका लागि थप उद्योग, व्यापारिक शैक्षिक प्रतिष्ठानहरू र अन्य क्षेत्रहरूमा पहल गर्ने<br>- बजारको माग अनुसारको सीपको तालिम दिने व्यवस्था गर्ने<br>- कृषिमा आधुनिकीकरण र विविधीकरण गरी थप आर्थिक लाभ र रोजगारी बढाउने । |
| व्यवस्थित बसोबास नभएको | -बस्तीहरू छरिन थालेको<br>-अनियन्त्रित जग्गा Plotting ले गर्दा ठाउँठाउँमा कुलो, नाली, खोला र सार्वजनिक जग्गा मिचिएको, नाश भएको ।<br>- खानेपानी, विद्युत, ढल निकास | -सहरीकरण सम्बन्धी नीति स्पष्ट नहुनु र कार्यान्वयन शिथिल हुनु<br>-भू-उपयोग योजना सहितको भवन निर्माण मापदण्डको उचित पालना नहुनु<br>-Planning permit प्रभावकारी | -योजनाबद्ध सहरीकरणको लागि कम्तीमा संरचना योजना (Structure Plan) बनाउने<br>-भू-उपयोग योजना सहितको भवन निर्माण मापदण्डलाई समय सापेक्ष बनाई जनचेतना जगाउने र कार्यान्वयन |

| | | | |
|---|---|---|---|
| | जस्ता आधारभूत सुविधा पर्याप्त रूपमा उपभोग गर्न नपाएको | रूपमा लागु हुन नसक्नु<br><br>- छिमेकी गाविस, जिल्लाबाट बढ्दो बसाइ-सराइ | प्रभावकारी बनाउने ।<br><br>- Planning permit को व्यवस्था लागु गर्ने |
| विकेन्द्रीकरण र जनसहभागितामा कमी | - वडा कार्यालयबाट प्राप्त गर्न सकिने साधारण सेवा र सिफारिसका लागि पनि नगरपालिकाको मुख्य कार्यालयमै पुग्नु पर्ने हुँदा सेवाग्राहीलाई असुविधा भएको<br><br>- मुख्य कार्यालयमा अनावश्यक रूपमा कामको चाप बढेको र नगरबासीको दैनिक भिड देखिएको ।<br><br>विविध योजना कार्यान्वियनमा जनसहभागिता उत्साहजनक नभएको | - स्थानीय स्तरमा काम गर्न वडालाई विकेन्द्रित अधिकार प्रदान पर्याप्त नभएको<br><br>- कर्मचारी सङ्ख्या अपुग रहेको<br><br>- विकास निर्माण र अन्य सेवा प्रदान गर्ने कार्य नगरपालिकाको मात्र नभई त्यसमा नगरबासीको पनि दायित्व भएको र सामूहिक जिम्मेवारी महसुस गराउन नसकेको | - आवश्यक कर्मचारीको बन्दोबस्त गरी सामान्य सिफारिसहरू वडा कार्यालयलाई अधिकार प्रत्यायोजन गरी विकेन्द्रित गर्ने<br><br>नगरबासीलाई सामाजिक र विकास निर्माणको कार्यमा सहयोग अभिप्रेरित र प्रोत्साहित गर्ने । |
| प्रसिद्ध लुम्बिनी क्षेत्र र एयरपोर्ट लगायतका स्थल भईकन पनि त्यसबाट हुने पर्यटकीय आवागमनबाट नगरपालिकाको अन्य क्षेत्रले अपेक्षित फाइदा लिन नसकेको | - लुम्बिनी क्षेत्र बाहिर होटल व्यवसाय नफस्टाएको<br><br>- पर्यटन क्षेत्रमा स्थानीय रोजगारी कम भएको | - लुम्बिनी क्षेत्र विकास कोष र नगरपालिका बीच समन्वय र सहकार्य यथोचित रूपमा हुन नसकेको<br><br>- पर्यटकीय पूर्वाधारमा पर्याप्त लगानी गरी आकर्षित गर्न नसकेको<br><br>- नीति नियमहरूमा अधिकारको दोहोरापना | - लुम्बिनी क्षेत्र विकास कोष र अन्य निकायसँग समन्वय र सहकार्य गरी कार्य गर्ने वातावरण बनाउने<br><br>- पूर्वाधारहरूको स्तर वृद्धि गरी समयानुकूल सुधार गर्दै जाने<br><br>- क्षमता अभिवृद्धि गर्ने तालिम चलाउने<br><br>- सूचना प्रविधि मार्फत् प्रचार-प्रसार र आकर्षक scheme ल्याई बढीभन्दा बढी पर्यटक भित्र्याउने र उनीहरूको बसाइ लम्ब्याउने । |
| कृषिको औद्योगीकरण एवम् व्यवसायीकरण हुन नसकेको | - रोजगारीको अवसर घटेको<br><br>- नगरको आर्थिक विकासमा शिथिलता आएको ।<br><br>- कृषकको जीवनस्तरमा अपेक्षित सुधार आउन नसकेको ।<br><br>- कृषिमा आश्रित परिवारको भविष्य सुनिश्चित नभएको | - ठूला उद्योग र औद्योगिक क्षेत्र नहुनु<br><br>- स्थानीय स्तरमा प्राप्त हुने कच्चा पदार्थको सदुपयोग हुन नसक्नु ।<br><br>- समयमा कृषकहरूलाई मलखाद उपलब्ध नहुनु ।<br><br>- सिँचाइको लागि उचित व्यवस्थापन नभएको । | - कृषि प्रशोधन सम्बन्धी साना र मझौला उद्योगहरू व्यवस्थित गर्ने<br><br>- हटिया बजारलाई व्यवस्थित गर्ने ।<br><br>- छिमेकी सहरहरू तथा देशका विभिन्न क्षेत्रहरूमा बजार प्रबर्द्धन गर्ने |

## वडा भेलाबाट सङ्कलित समस्या

सहभगितामूलक आवधिक योजना तर्जुमा गर्ने क्रममा न.पा.को १३ वटै वडामा भेलाको आयोजना गरी विभिन्न वर्ग तथा पेसाका मानिसहरू (वडाका बुद्धिजीवी, समाजसेवी, राजनीतिक कार्यकर्ता, उद्योगपति, व्यापारी, महिला, सर्वसाधारण आदि) को सकेसम्म बढी सहभागिता समेत हुने गरी वडा भेलाहरूमा सामाजिक सङ्घ-संस्था, स्थानीय क्लबहरू एवम् उपभोक्ता समितिलाई समेत समेटी वडागत समस्याको पहिचान गरिएको छ । वडागत समस्याहरूलाई बुँदागत रूपमा माग भई आएका कार्यक्रमको रूप दिइएको छ भने समस्याहरूलाई विषयगत (Sectoral) शीर्षकमा समूहीकृत गरी वडागत रूपमा समस्याहरूको स्तरीकरण (Ranking) गरिएको छ ।

### ३.३.१.१ भौतिक समस्याहरू

....

**वडा नं १ मा रहेका भौतिक समस्याहरू**

- बाटो अतिक्रमणको समस्या,
- शिव पथमा नाला र बाटोको समस्या
- मनकामना पथ, अन्नपूर्ण पथ, बुद्ध पथमा नाला र बाटोको स्तर उन्नति हुनुपर्ने
- हर्नैया गाउँमा रहेको नाला पक्की र बाटो पिच हुनु पर्ने
- भित्री बाटोहरू सम्पूर्ण अस्तव्यस्त अवस्थामा रहेको
- नौडीहवा, राधाकृष्ण पथमा नाला र बाटोको समस्या रहेको
- सन्तोषी पथको नाला तथा बाटोको स्तर उन्नति गर्नु पर्ने
- बेलहिया गाउँका भित्री सडकहरू, रानी गाउँ, नयाँ गाउँ, ज्ञान पथ, सीता पथ, कोडाईमाई पथको नाला तथा बाटोको स्तर उन्नति हुनुपर्ने
- मुख्य ढल निर्माण नभएकोले नालाको पानीले निकास नपाएको
- नाला मिच्न नसक्ने नीति तर्जुमा हुनु पर्ने
- सिँचाइको लागि भौ.ल.भु.ज.ले बोरिङको व्यवस्था गरे तापनि हाल सञ्चालनमा नरहेको
- नालाको अभावले हर्नैयाको बोरिङ बन्द गरिएको
- नगरस्तरीय यातायातको सुविधा नरहेको, नगरबस सञ्चालनमा ल्याउनुपर्ने, भित्री चक्रपथको निर्माण हुनु पर्ने
- पक्लिहवादेखि मेडिकल कलेज जाने बाटो फेरि सञ्चालनमा ल्याउनु पर्ने
- वैकल्पिक उर्जाको सम्भावना रहेको तर सञ्चालनमा नआएको
- बसपार्क र शान्तिद्वारमा दुईवटा सार्वजनिक शौचालय रहे पनि व्यवस्थित नभएको
- देशको दोस्रो ठूलो भन्सार भएर पनि ट्रक टर्मिनल नभएको
- बालउद्यान नरहेको ।

**वडा नं २ मा रहेका भौतिक समस्याहरू**

- सडकहरूको स्तर उन्नति गर्नु पर्ने ।
- मैत्री पथमा रहेको पुलको स्थिति जीर्ण रहेको ।
- मैत्री पथको मोडदेखि भन्सारसम्मको सडक फराकिलो गर्नु पर्ने ।
- ४५० मि. लामो मगर टोल जाने बाटोको स्तर उन्नति गर्नु पर्ने ।
- मेउडिहवा स्कुलदेखि रामप्रसादको घरसम्म १२०० मि. लामो बाटोको स्तर उन्नति गर्नु पर्ने ।
- पञ्चबाटिका जाने बाटो अधुरो पिच भएको र १ कि. मि बाटोमा नाला आवश्यक भएको ।
- मेउडिहवादेखि फुलपुर जाने बाटोमा १.५ कि. मि नाला निर्माण र बाटोको स्तर उन्नति ।
- चमार टोलदेखि फुलपुरसम्मको बाटो ग्राभेल गर्नु पर्ने ।
- गल्लामन्डी जाने बाटोको स्तर उन्नति गर्नु पर्ने (ग्राभेल गर्नु पर्ने) र पक्की नाला निर्माण गर्नु पर्ने ।
- दुर्गा मन्दिरदेखि मुरिलालको घरसम्मको बाटो पिच गर्नु पर्ने ।
- मेन रोडमा पक्की नाला निर्माण गर्नु पर्ने ।
- गल्लमन्डीमा डुबान कम गर्न मैत्री पथमा दुई तर्फी नाला बनाउनु पर्ने ।
- मुकुन्दमणि सरको घरदेखि British camp सम्म कृषि बाटो निर्माण गर्नु पर्ने ।
- Plotting ले गर्दा नालाहरू अतिक्रमणमा परेको ।
- मेउडिहवा चोकदेखि छोटेलाल यादवको घरसम्म ढल निर्माण ।
- जंगलटोल र फुलपुरमा Transformer थप्नु पर्ने ।
- फुलपुर, जगनपुरा, मेउडिहवा गाउँमा २ फेज लाइन मात्र रहेको ।
- घागरा सिँचाइ योजना सञ्चालनमा ल्याउनु पर्ने ।
- पिपरहियादेखि मेउडिहवासम्म सिँचाइको लागि पक्की कुलो बनाए पुरै वडा लाभान्वित हुने ।
- खानेपानीको वितरण सम्पूर्ण टोलहरूमा नभएको ।
- दुर सञ्चारको तार चोरी हुने समस्या ।
- नगर बस सञ्चालनमा आउनु पर्ने, यातायातको समस्या रहेको ।

- गाउँघरमा ९०% घरहरूमा शौचालय नरहेको, शौचालयको आवश्यकता रहेको ।

### वडा नं ३ मा रहेका भौतिक समस्याहरू

- दरखसवादेखि काँटागाउँसम्म (१.५ कि.मि., २० फिट) सडक ग्राभेल, केही पनि नभएको ।
- महामाया पथ, दुर्गा पथ, बसपार्कसम्म (१ कि.मि., २० फिट) कच्ची बाटो ।
- आँखा अस्पतालदेखि पूर्वतर्फ (२०० मि., २० फिट) पक्की नाला बाटो ।
- मेडिकल कलेजदेखि सिद्धार्थ राजमार्ग (१ कि.मि. २० फिट) पक्की नाला ।
- खजुरियादेखि खजानासम्मको बाटो पक्की गर्नुपर्ने (८ वर्ष अघि बनेको बाटो) ।
- खजानादेखि दक्षिणबाट मेडिकल कलेजसम्म (१ कि.मि, २० फिट) नाला पक्की हुनु पर्ने ।
- बोहराजीको घरदेखि हाट बजारसम्म (३०० मि., १५ फिट) स्तर उन्नति गर्नुपर्ने ।
- Children Park देखि बसपार्कसम्म नाली बनाउनुपर्ने र ग्राभेल गर्नुपर्ने ।
- खजहनादेखि पुरानो राइस मिलसम्म जाने बाटोमा रहेको पुल जीर्ण भएको ।
- सम्पूर्ण नयाँ पुरानो, सानो ठूलो बाटोको स्तर उन्नति तथा नालाको निर्माण गर्नुपर्ने ।
- Highway देखि दरखसवा गाउँसम्म २ फेजको लाइन भएको, त्यसलाई ३ फेज बनाउनुपर्ने ।
- पुरानो सिँचाइको व्यवस्था भएको तर अव्यवस्थित र अनियन्त्रित जग्गा Plotting ले गर्दा कुलो नाश भएको ।
- Boring को पानीले सिँचाइ भइरहेको ।
- यातायातको सुविधा नभएको, नगरभित्र चल्ने यातायातको व्यवस्था हुनुपर्ने ।
- मदेसी समुदायको घरघरमा व्यवस्थित शौचालय नभएको ।
- सार्वजनिक शौचालय नरहेको, आँखा अस्पतालनिर सार्वजनिक शौचालयको आवश्यकता रहेको ।
- बालउद्यान रहेको तर अव्यवस्थित भएको, बालउद्यान व्यवस्थित गर्नुपर्ने ।

### वडा नं. ४ मा रहेका भौतिक समस्याहरू

- सम्पूर्ण वडामा सडक, ढल र नालाको समस्या रहेको ।
- नवदुर्गा पथ मेनरोडसँग गाभिएको भए तापनि कालोपत्रे नभएको (१३०० मि.× ३० फिट)
- दोगरा गाउँमा रहेको १२ फिटको बाटोमा नालाको निर्माण गर्नुपर्ने ।
- नवदुर्गा पथको भित्री शिव मन्दिर जाने बाटोको स्तर उन्नति गर्नुपर्ने ।
- मुस्तकिम राइस मिलको पछाडि नालाको निर्माण गर्नुपर्ने ।
- कचरिहवा गाउँमा रहेको बाटोमा कालोपत्रे गरी दुवै साईडमा नालाको निर्माण गर्नुपर्ने ।
- विमानघाट पथ(मेन रोड)मा ढलको निर्माण गर्नुपर्ने ।(१ कि.मि.)
- श्री नवदुर्गा पथमा ढल निकास नभएको ।
- खण्डा टोलमा नालाको अभावले सडकको पानी गाउँमा जाने समस्या (३०० मि.× ६ फिट)
- उद्योगपुरीमा ढलको निकासाको साथै कालोपत्रे गर्नुपर्ने ।
- विमानघाटदेखि कचरिहवा जाने बाटोमा कालोपत्रे र ढल निकासको व्यवस्था गर्नुपर्ने ।
- भवानी पथदेखि कचरिहवामा नाला, ढलको निर्माण गर्नुपर्ने । (नयाँ सडक)
- माया पथमा ढल र कालोपत्रे गर्नुपर्ने ।(५०० मि.×१५ फिट)
- कालीमाईदेखि किशोरपुर जाने बाटोमा विद्युत् नभएको ।
- मसान घाटमा विद्युत्को लाइन नभएको ।
- राजमार्गबाट १५० मिटर अगाडि/पछाडिको ठाउँहरूमा विद्युत्को लाइन नभएको ।
- चिताघर निर्माण भए तापनि विद्युत्को र पानीको अभाव ।
- आकासे पानीको भरमा सञ्चालित सिँचाइ ।
- Plotting ले कुलोहरू नष्ट गरिएको अवस्था ।
- पुरा वडा कृषिमा भर परेको भए तापनि सिँचाइको उचित व्यवस्थापन नभएको ।
- घागरा खोलामा सञ्चालित सिँचाइको उचित बन्दोबस्त नभएको ।
- कुलोहरूको सर-सफाइमा ध्यान नदिएको अवस्था ।
- जनताले आफैं Maintain गर्नुपर्ने कुलो जनताद्वारा उचित रेखदेख भएको देखिँदैन ।
- जन-चेतनाको अभावमा सिँचाइको अवस्था ज्यादै जीर्ण अवस्थामा रहेको ।
- नेपाल खानेपानी संस्थानको लाइन वडामा नरहेको ।

- प्राय: जनताहरू आफैंले Boring गरेर खानेपानीको व्यवस्था गरेको ।
- नगरपालिकाले दुईवटा खानेपानीको धारो सार्वजनिक रूपमा निर्माण गरेको तर रेखदेखको अभाव ।
- जन-चेतनाको अभावमा सरकारी धारो एवम् चापाकलहरूलाई व्यक्तिगत रूपमा प्रयोग गरेको अवस्था ।
- यातायातको कुनै व्यवस्था नभएको ।
- नगरस्तरीय यातायातको व्यवस्था गर्नुपर्ने ।
- सार्वजनिक शौचालयको अभाव रहेको ।
- जहाँ पायो त्यहीँ दिशा पिसाव गर्ने बानीले गर्दा वातावरण दुर्गन्धित ।
- बालउद्यान नभएकोले एयरपोर्टबाट पूर्वतिरको जग्गामा बालउद्यान बनाउनुपर्ने ।

### वडा नं ५ मा रहेका भौतिक समस्याहरू

- गणपति पथ २०० मि लम्बाइ १२ फिट चौडाइ स्तर उन्नति गर्नुपर्ने ।
- निर्माण कार्यहरू एकरूपता नरहेको, strategy बनाउनुपर्ने ।
- बैंक रोड मर्मत, कारणी माई पथ मर्मत, नालाहरू Functional नभएको ।
- Road network को कमि, चारै तिर विस्तारको साथै quality maintain गर्नुपर्ने ।
- बाटोहरू जीर्ण अवस्थामा, periodic रूपमा maintainance हुनुपर्ने ।
- अव्यवस्थित Parking ले गर्दा सडक अतिक्रमिक ।
- सरकारी मल खाद्यको अभाव, दोब्बरतेब्बर भाउमा बजारमा किन्नुपर्ने, कृषि प्रधान देश भए तापनि कृषकको लागि उचित सहुलियत नभएको
- भीम अस्पतालमा पानीको समस्या ।
- खाने पानीको अभाव, आगन्तुकहरूको लागि खाने पानीको उचित व्यवस्था हुनुपर्ने ।
- नगर बसको आवश्यकता भएको ।
- बढ्दो सहरीकरणले गर्दा सवारीसाधन अव्यवस्थित भएको ।
- हाट बजारमा शार्वजनिक शौचालयको आवश्यकता, भएका शौचालयहरू व्यवस्थित नभएको ।
- ट्रक टर्मिनलको आवश्यकता ।

### वडा नं. ६ मा रहेका भौतिक समस्याहरू

- नालाको निकासा नभएकोले पानी जमी डुबान हुने गरेको ।
- वडा नं ६मा कमसेकम २५ वटा कच्ची बाटोहरू रहेको ।
- शारदा पथ (६०० मीx१२ फिट)को बाटो कच्ची रहेको र दुवै तर्फ नाला नरहेको, रिक्सा समेत जान नसक्ने अवस्थामा रहेको ।
- नालाको अभावमा पानीको निकासा नभएको ।
- वडा नं. ६को महत्वपूर्ण बाटो वि.पी. पथ (करिब ४०० मि.को पश्चिमाञ्चल स्कुलको पूर्व गेटदेखि उत्तर जाने) मा नाला र कालोपत्रे गर्नुपर्ने । ३५ वर्षदेखि ग्राभेलसम्म नभएकोले यस बाटोमा रिक्सा समेत जान नसक्ने अवस्था रहेको ।
- वि.पी. पथबाट पश्चिमतर्फ जाने परिवी पथ कच्ची रहेको, ग्राभेल समेत नगरिएको ।
- किशोरपुर पथ (२ कि.मि.X२० फिट) नाला र पक्की कालोपत्रे गर्नुपर्ने ।
- रहिम पथ पक्की बनाउनुको साथै दुवैतर्फ नाला निर्माण गनुपर्ने ।
- अमरनाथ पथ पक्की बनाई नाला निर्माण गर्नुपर्ने ।
- सोमई माई पथ पक्की बनाई नाला निर्माण गर्नुपर्ने ।
- कर्ण पथ पक्की बनाई नाला निर्माण गर्नुपर्ने ।
- निर्वाण होटलको पछाडिको बाटो पक्की बनाई नाला निर्माण गर्नुपर्ने ।
- वडा नं. ६ मा कालोपत्रे गर्नुपर्ने बाटो १० कि.मि. रहेको ।
- वडा नं. ६ मा ग्राभेल गर्नुपर्ने बाटो ४० कि.मि. रहेको ।
- सम्पूर्ण बाटोहरूमा नाली निर्माण गर्नुपर्ने ।
- इद्रीश पथमा (५०० मिX२० फिट) नाला र बाटो कालोपत्रे गर्नुपर्ने ।
- अशोक पथमा (६०० मि.X२० फिट) नाला र कालोपत्रे गर्नुपर्ने ।

- गल्लामन्डीदेखि दक्षिणतर्फ निर्वाना होटलसम्म दुवै तर्फ पक्की नाला र कालोपत्रे सडक ।
- गल्लामन्डीदेखि दक्षिण तर्फको लक्ष्मी पथ (पिपिरहीया) दुवै तर्फ पक्की नाला र पक्की सडक निर्माण गर्नुपर्ने ।
- पक्लिहवा बाटोदेखि पश्चिमतर्फ गएको किशोरपुरको अन्तिमसम्म दुवै तर्फ पक्की नाला र बाटो ।
- लक्ष्मी पथदेखि पश्चिम नयाँ बाटोमा कल्भर्ट निर्माण गर्नुपर्ने ।
- आदर्श नगरदेखि पूर्व नयाँ सडकमा नाला र कालोपत्रे गर्नुपर्ने ।
- कान्दु धर्मशालाबाट बैंक कोलनी वडा नं. ८ दुर्गा मन्दिरसम्म दुवैतिर नाला पक्की गर्नुपर्ने ।
- विद्रोही चोकबाट पश्चिमतर्फ जाने निर्माणाधिन बाटो तथा नाला सम्पन्न गरिनुपर्ने ।
- उत्तरदेखि वि.पी. पथसँग जोडिएको ठूलो नालीको पानी निकास पूर्ण रूपमा हुन नसक्दा बाढीको समस्या रहेको । त्यसैले पानी निकासको लागि दक्षिणतिरको नाली ठूलो बनाउनु पर्ने ।
- विष्णु पथ कालोपत्रे गर्नुपर्ने ।
- पृथ्वी पथ २०० मि. कालोपत्रे र पक्की नालाको निर्माण गर्नुपर्ने ।
- चमार टोल पिपरहियामा ३०० मि. पक्की नाला र कालोपत्रे गर्नुपर्ने ।
- अमर नाथ पथदेखि पिपरहिया गाउँसम्म १००० मि. ग्राभेल गर्नुपर्ने ।
- ३ Phase को लाइन नरहेको, Voltage को UP DOWN को क्रम जारी नै रहेको ।
- कृष्णपुरमा नेपाल विद्युत् प्राधिकरणको लाइन जडान नगरिएको ।
- विद्युत्‌को अभाव रहेको छ ।
- किशोरपुरको २ Phase को विद्युत् लाइन ३ Phase गर्नुपर्ने ।
- नयाँ बाटोहरूमा सडक बत्तीको व्यवस्था गर्नुपर्ने ।
- २ Phasesको लाइन भएकोले सम्पूर्ण वडाका टोलहरूमा ३ Phaseको विद्युत् लाइनको व्यवस्था गर्नुपर्ने ।
- सिँचाइको लागि १० फिटदेखि १४ फिटसम्मको कुलो रहे तापनि हाल सम्पूर्ण कुलो मिचिएको ।
- नगरपालिकाको नक्सामा हेरी कुलोहरूलाई विगतको भैँ व्यवस्थित गर्नुपर्ने ।
- खानेपानी संस्थानको धारो पुरानो बस्तीमा रहेको तर नयाँ बस्तीमा नपुगेको ।
- सम्पूर्ण नयाँ बाटोहरूमा खानेपानीको पाइपको व्यवस्था गर्नुपर्ने ।
- यातायातको सुविधा नभएकोले नगर बस, टेम्पोको सञ्चालन गर्नुपर्ने ।
- सार्वजनिक शौचालय नभएकोले यस क्षेत्रमा घुम्ती शौचालय अति आवश्यक रहेको ।
- शौचालयको अभावमा बाटो, खेत जहाँ पायो त्यहीँ दिशा पिसाब गर्ने गरेको ।
- मधेसी मूलका घरहरूमा शौचालयको व्यवस्था गर्नुपर्ने ।
- हाल रहेको बालउद्यानलाई व्यवस्थित गर्नुपर्ने ।

### वडा नं ७ मा रहेका भौतिक समस्याहरू

- पञ्च पथ (२५० मि. लम्बाइ, २० फिट चौडाइ) खाल्डो परेको, पिच भत्केको, डुबानको समस्या, पञ्च पथ उठाउनु पर्ने ।
- भृकुटी पथ (१०० मि. लम्बाइ, २० फिट चौडाइ) खाल्डोमा परेको, उठाउनु पर्ने, पिच गर्नुपर्ने
- हिमाली पथ (१.५ कि.मि. लम्बाइ, २० फिट चौडाइ) खाल्डोमा परेको, उठाउनु पर्ने, पिच गर्नुपर्ने
- बुद्ध पथ (१०० मि. लम्बाइ, २० फिट चौडाइ) व्यवस्थित नभएको, पिच गर्नुपर्ने
- हिमाली पथको पिचदेखि उदय पथको चोकसम्म १ कि.मि. नाला र पिचको समस्या
- उदय पथ चोकदेखि जनक पथसम्म ६०० मि. नाला र पिच
- देउराली पथ ५०० मि. र सगरमाथा पथ ५०० मि. कालोपत्रे गर्नुपर्ने ।
- मन्दिर पथदेखि कुलोसम्म तीनवटा हाँगा भएको ५०० मि. २० फिट चौडाइ ।
- भैरहवा गाउँदेखि दुर्गा मन्दिरसम्म बाटो नभएको ।
- भृकुटी पथ, हिमाली पथ, गार्गी पथको बीचबाट निस्किएको कठौतिया नाला, पक्की निर्माण गर्नुपर्ने । (५०० मि.)
- जनक पथदेखि वडा ७ को सिमानासम्म जोड्ने उत्तरतर्फ (हिमाली पथ) सम्म ढल निर्माण गर्नुपर्ने
- राजमार्गको दुवैतर्फ ढल तथा नालाको समस्या
- जनकपथदेखि उत्तर हिमाली पथ जोड्ने बेलबाबा पथको १५० मि. नाला र पक्की गर्नुपर्ने ।
- उदय पथदेखि जनक पथ हुँदै देउराली पथ (डाँडागाउँ) ६०० मि. खानेपानीको लाइन नभएको ।
- महेन्द्र पथको ५०% क्षेत्रमा मात्र खानेपानीको वितरण भएको ।
- बालउद्यान नरहेको तर आवश्यक रहेको ।

- हिमाली पथको डाँडागाउँ जाने बाटोमा बालउद्यान निर्माण गर्नु पर्ने ।

**वडा नं ८ मा रहेका भौतिक समस्याहरू**

- यस वडाको मुख्य समस्या सडक र ढल रहेको ।
- टिकाराम श्रेष्ठको घरदेखि उत्तरको गणेश पथमा नाला र कालोपत्रे गर्नु पर्ने ।
- अञ्चलपुरको लेखनाथ पथमा नाला र कालोपत्रे गर्नुपत्रे ।
- महावीर पथदेखि पूर्वतर्फ जाने बाटोको दायाँबायाँ नाला र कालोपत्रे गनुपर्ने ।
- वि.पी. पथबाट पश्चिमतर्फ जाने ३-४ वटा बाटोहरूको नाला र कालोपत्रे गर्नु पर्ने ।
- बुद्ध चोकबाट लुम्बिनी जाने सडक बढाउनु पर्ने ।
- लुम्बिनी रोडमा दायाँबायाँ ढल बनाउनुपर्ने ।
- लुम्बिनी रोडबाट कोल्ड स्टोर हुँदै शिव मन्दिर जोड्ने बाटो कालोपत्रे गर्नु पर्ने ।
- शिव मन्दिरसम्म खानेपानी र शिव मन्दिर रोडदेखि उत्तरतर्फको ५ वटा बाटोहरूमा नाला निर्माण र कालोपत्रे गर्नु पर्ने ।
- वडा नं. ६ र वडा नं. ८को सिमानाको बाटो कालोपत्रे तथा नाला निर्माण गर्ने ।
- बुद्ध चोकदेखि नगरपालिका सिमानासम्म र अञ्चलपुरसम्म ढल निर्माण गर्नु पर्ने ।
- बुद्ध पथ बाटो कालोपत्रे र नाला निर्माण गर्नु पर्ने ।
- बैंक कोलनीदेखि बसडिलियासम्मको पुरानो नाला मर्मत गर्नु पर्ने ।
- अशोक पथको नाला तथा कालोपत्रे गर्नु पर्ने ।
- मदन-आश्रित पथ कालोपत्रे गर्ने तथा नाला निर्माण गर्नु पर्ने ।
- कैलाश पथबाट राधे भवन हुँदै नाली निर्माण तथा कालोपत्रे गर्नु पर्ने ।
- रवि पथका भित्री पथहरूको स्तर उन्नति गर्नु पर्ने ।
- सि.आई. चन्द्र पथदेखि अन्नपूर्ण पथ जोड्ने बाटो कालोपत्रे तथा नाला निर्माण गर्नु पर्ने ।
- वि.पी. पथदेखि बसडिलिया जोड्ने बाटो कालोपत्रे तथा शिव पथदेखि उत्तर तर्फको २ वटा बाटोहरू कालोपत्रे तथा नाला निर्माण गर्नु पर्ने ।
- नारायणस्थान पथदेखि कुर्सैनी मासु पसल हुँदै देव पथ जोड्ने बाटो कालोपत्रे तथा नाला निर्माण गर्ने ।
- अन्नपूर्ण पथदेखि विद्युत् अफिस (सि.आई चन्द्र पथ) सम्म बाटो कालोपत्रे गर्ने तथा नाला निर्माण गर्नु पर्ने ।
- वागेश्वरी पथको नाला निर्माण तथा कालोपत्रे गर्नु पर्ने ।
- वि.पी. पथबाट पश्चिमतर्फ जाने ३-४ वटा बाटोहरूमा खानेपानी संस्थानको पानी वितरण गर्नु पर्ने ।
- वडाको करिब ६०% घरहरूमा खानेपानी संस्थानको खानेपानीको लाइन नपुगेको ।
- खानेपानी संस्थानको अफिस भएको टोलमा नै संस्थानको धारा नभएको गुनासो ।
- LandLine टेलिफोनको Point नपुगेको ।
- यस वडामा यातायातको सुविधा नरहेकोले यातायातको Concept निर्माण गर्नु पर्ने ।
- वैकल्पिक उर्जाको लागि अनुदान वडा तहमा नभएकोले अनुदानको व्यवस्था गर्नु पर्ने ।
- बुद्ध चोक, राष्ट्र बैंक चोक, पुतली बजार, नारायण पथ, वि.पी. पथबाट भित्र लाग्ने हाटबजार एरियामा सार्वजनिक शौचालय अति आवश्यक रहेको ।
- बालउद्यान नभएको ।
- शिवालय एरियामा बालउद्यान निर्माण गर्न सकिने ।
- सार्वजनिक क्षेत्रहरूको संरक्षण सम्बन्धी विशेष योजना सञ्चालन गर्नु अति आवश्यक रहेको ।

**वडा नं ९ मा रहेका भौतिक समस्याहरू**

- उदयपुरदेखि डाँडागाउँ (२ कि.मि. लामो र ३० फिट चौडाइ) ग्राभेल सडकलाई पक्की नाला निर्माण र पिच गर्नु पर्ने
- शान्तिनगरतर्फ जाने बाटो (१ कि.मि. लम्बाइ र ३० फिट चौडाइ) ग्राभेल सडकमा पक्की नाला निर्माण र पिच गर्नु पर्ने
- उदयपुरदेखि मिस्रौलियासम्म जाने पुरानो बाटो (५०० मि. लम्बाइ र २० फिट चौडाइ) सडकमा ग्राभेल र नाला निर्माण

- मिसौलियादेखि कल्याण पथ (कल्भर्ट निर्माण) (५०० मि. लम्बाइ र १८ फिट चौडाइ) सडकमा ग्राभेल र नाला निर्माण
- कठौतियादेखि प्रल्हाद पथ (८४ मि. लम्बाइ र ५ मि. चौडाइ) पुरानो नाला निर्माण
- प्रल्हाद पथदेखि कल्याण पथ (१०० मि. लम्बाइ र २० फिट चौडाइ) पिच र नाला निर्माण
- प्रभात पथदेखि सिद्धार्थ पथ (१०० मि. लम्बाइ र २० फिट चौडाइ) पिच र नाला निर्माण
- हरि पथ, प्रभात पथदेखि जनस्वास्थ्य सम्म (१.५ कि.मि. लम्बाइ र २० फिट चौडाइ) पिच र नाला निर्माण
- प्रभात पथ बृहस्पति स्कुल हुँदै दुम्दुम्वा जाने बाटो (२ कि.मि. लम्बाइ र २० फिट चौडाइ) पिच र नाला निर्माण
- बृहस्पति चोकबाट गोलीगढ हुँदै मूल सडक जोड्ने (१ कि.मि. लम्बाइ र २० फिट चौडाइ) पिच र नाला निर्माण
- सिद्धार्थ राजमार्गदेखि भट्टाटोल जोडिने (३०० मि. लम्बाइ र २० फिट चौडाइ) पिच, कल्भर्ट र नाला निर्माण
- भट्टाटोलबाट भानुपथमा जोडिने (विद्यार्थीको चाप हुने बाटो) (१०० मि. लम्बाइ र १२ फिट चौडाइ) पिच
- भट्टाटोलदेखि गोलीगढ चोक जोड्ने बाटो (३०० मि. लम्बाइ र २० फिट चौडाइ) आधा पिच भएको र नाला निर्माण
- उदयपुरबाट गुनौलिया स्कुल (२ कि.मि. लम्बाइ र ४० फिट चौडाइ) पिच र नाला निर्माण
- गोलीगढ सडकदेखि धन ब. गुरुङको घरसम्मको बाटो पिच र नाला निर्माण
- उदयपुरदेखि पश्चिम मान्दव्य सेवा समाज जोडिने बाटो (७०० मि. लम्बाइ र २५ फिट चौडाइ) पिच र नाला निर्माण
- डाँडागाउँबाट मिसौलिया जोडिने बाटो (२ कि.मि. लम्बाइ र २० फिट चौडाइ) पिच, कल्भर्ट र नाला निर्माण
- दुम्दुम्वा गाउँभित्र सडक पक्की (१५० मि. लम्बाइ र २० फिट चौडाइ)
- पुरानो उदयपुरदेखि मिसौलिया सम्मको जग्गालाई सिँचाइ पुग्ने कुलो मर्मत-सम्भारको आवश्यकता।
- खानेपानीको धारा वडा भरि आवश्यक रहेको।
- नगरस्तरीय बसको आवस्यकता।
- प्रभात चोकमा सार्वजनिक शौचालय आवश्यक।

## वडा नं. १० मा रहेका भौतिक समस्याहरू

- शङ्करपुर गाउँदेखि धर्मपुर जाने बाटो कालोपत्रे गर्ने। (८०० मि.x२० फिट)
- शङ्करपुर गाउँमा नाला मर्मत गर्नेर गाउँदेखि नाला निर्माण गरी कुलोमा जडान गर्ने र गाउँभित्रका बाटाहरूलाई पक्की बनाउने।
- शङ्करपुर गाउँदेखि शङ्करपुर छोटका डिहवा हुँदै वडा नं. ११को सिमाना सम्म कालोपत्रे गर्ने, छोटका डिहवा टोलमा नालाको निर्माण गर्ने।
- धर्मपुर गाउँदेखि दोगहरी गाउँ जाने बाटोको विचौवापुरमा बाटोको दुवैतर्फ नाला निर्माण गर्ने।
- दोगहरी गाउँको खलिहानदेखि भुजौली जाने बाटोको दुवैतर्फ नाला निर्माण गरी ग्राभेल गर्ने।
- दोगहरी गाउँको खलिहानदेखि सिसवा जाने बाटो वर्डा नं. ११ जाने कालोपत्रे बाटोको दुवैतर्फ पक्की नाला निर्माण गर्ने
- मोती कलवारको घरदेखि नरेश चमारको घरसम्म र जोगिन्द्र चाईको घरसम्मको २ वटा ग्राभेल बाटोलाई कालोपत्रे गर्ने।
- दोगहरी बस्ने राम शुभम् मुराउको घरदेखि गणेश बृजवासीको घरसम्मको गल्ली बाटोलाई कालोपत्रे गर्ने।
- राजेश पराजुलीको घरदेखि सुरज वरईको घरसम्मको बाटोमा दुवैतर्फ पक्की नाला निर्माण गरी कालोपत्रे गर्ने
- राजेश पराजुलीको घरदेखि रामप्रसाद मुराउको घरसम्म पक्की नालाको निर्माण गरी कालोपत्रे गर्ने।
- रुदल मुराउको घरदेखि भोला कोईरीको घरसम्म बाटोको दुवैतर्फ नाला निर्माण गरी कालोपत्रे गर्ने।
- वेलहवा लुम्बिनी रोडदेखि गामा पासीको घरसम्मको बाटोलाई दुवैतर्फ नाला निर्माण गरी कालोपत्रे गर्ने।
- लुम्बिनी रोडदेखि सुरत वेलदारको घरसम्म नाला निर्माण गरी पक्की बाटो निर्माण गर्ने।
- शङ्करपुर गाउँ अगाडिदेखि दक्षिणतर्फ छोटका डिहवा जाने बाटोमा चिनक धोवीको घर अगाडि सेप्टिक वाल बनाउने, कान्जी हाउस जाने बाटोमा दुवैतर्फ सेप्टिक वाल निर्माण गर्ने।
- सिँचाइका लागि वडाको प्रत्येक सिमानामा विद्युत् लाइन जडान गरी ट्युववेल निर्माण गर्ने।
- वडाका सम्पूर्ण टोलमा पहुँच नभएका व्यक्तिको घरमा शौचालय निर्माण गर्नुपर्ने।
- नेपाल विद्युत् प्राधिकरणको लाइन प्रत्येक घरमा पुगेपनि सिँचाइको लागि अभाव रहेको।
- घागरा सिँचाइले पहिले काम गरे तापनि हाल बन्द रहेको।

- खोलाबाट सिँचाइ हुने सम्भावना नरहेको ।
- सिँचाइको लागि कुलोहरू रहे तापनि हाल मिचाइको कारणले सिँचाइ बन्द रहेको ।
- खानेपानीको लागि संस्थानको पाइप लाइन नभएको ।
- ग्राहकहरू भए तापनि धरमपुर र दोहरीमा Land Line फोनको सुविधा पुगेको छैन ।
- एक ठाउँबाट अर्को ठाउँमा जानेको लागि यातायातको निकै अभाव रहेको ।
- नगर बस सञ्चालन हुनु पर्ने ।
- रिक्साहरू सञ्चालनमा भए तापनि निकै महँगो भएको, गरिबहरू हिँड्नु पर्ने बाध्यता रहेको ।
- वडा नं. १०मा सौर्य उर्जाको सम्भावना रहेको ।
- दोगरा गाउँमा गोबर ग्याँस प्लान्टको आवश्यकता रहेको ।
- वडा न १०मा सार्वजनिक शौचालयभन्दा पनि व्यक्तिगत शौचालयको आवश्यक रहेको ।
- बालउद्यान हाल नभए तापनि बनाउन चाहेमा जग्गा उपलब्ध गराउन सकिने ।

## वडा नं ११ मा रहेका भौतिक समस्याहरू

- वडा नं ११ आउने मूल सडक पिच नभएको
- वडा समितिको कार्यालयदेखि नौडिहवा गाउँ हुँदै भारतको सिमानासम्मको बाटो पिच हुनु पर्ने ।
- पोखरीको चारैतिरको बाटो मर्मत हुनु पर्ने ।
- मेन रोडदेखि छोटकी पिपरहिया हुँदै भारतको सिमानासम्मको बाटो ग्राभेल गर्नु पर्ने ।
- दुवार ढाडीको घरदेखि मोहरत पठानको घरसम्मको नाला व्यवस्थित गर्नु पर्ने ।
- शिव कुमार पालको घरदेखि इन्द्र जित पालको घरसम्मको बाटो ग्राभेल गर्नु पर्ने ।
- पिपरहिया बाबुराम यादवको घरदेखि राम अचल कोहारको घरसम्म नाला र बाटोमा इँटा सोलिङ गर्नु पर्ने ।
- लुटावन यादवको घरदेखि राजेश यादवको घरसम्म नाला र इँटा सोलिङ गर्नु पर्ने ।
- राम नरेश यादवको घरदेखि धिरज यादवको घरसम्मको बाटोमा इँटा सोलिङ गर्नु पर्ने ।
- दुर्विजय यादवको घरदेखि गुरु चरण राजभरको घरसम्मको बाटोमा इँटा सोलिङ हुनु पर्ने ।
- पिपरहियादेखि दक्षिणतर्फ भारतको सिमानासम्मको बाटो ग्राभेल हुनु पर्ने साथै काली माईसम्मको बाटो मर्मत गर्नु पर्ने
- मेन रोडदेखि हरिजन टोलसम्मको सडक मर्मत हुनु पर्ने
- पिपरहियादेखि वडा नं १० शङ्करपुर गाउँसम्मको सडक ग्राभेल हुनु पर्ने ।
- पिपरहियादेखि भैरहवा जाने पिच सडकमा एउटा कल्भर्ट निर्माण गर्नु पर्ने ।
- भुजौली गाउँभित्र बाँकी रहेका नाला निर्माण गर्ने ।
- भुजौली गाउँको दक्षिण पोखरीमा खसेको बाटोको मर्मत गर्ने ।
- भुजौली गाउँको मूल सडक पिच गर्ने ।
- सिसवा गाउँबाट पश्चिमतर्फ र दक्षिणतर्फ गएको बाटोलाई ग्राभेल गर्ने र कल्भर्ट निर्माण गर्ने
- सिसवा गाउँको अधुरो सडकलाई पिच गर्ने
- सिसवा गाउँदेखि पिपरहिया गाउँसम्मको मूल सडकलाई पिच गर्ने
- सिसवा गाउँभित्र रहेको सडकको दुबैतर्फ पक्की नाला निर्माण गर्ने
- बिजुलीको लागि ७ वटा पोल तार सहित उपलब्ध हुनु पर्ने ।
- विद्युतको समस्या रहेको ।
- बिजुलीको लागि ५ वटा खम्बा तार सहित उपलब्ध गराउने ।
- सिँचाइको लागि चार थान बोरिङ उपलब्ध हुनु पर्ने ।
- सिँचाइको लागि ४ इन्चको बोर ५ थान उपलब्ध हुनु पर्ने ।
- सिँचाइको लागि केही पनि व्यवस्था नभएको ।
- सिँचाइको लागि ३ वटा बोरिङ ।
- ह्युम पाइप १० वटा उपलब्ध गराउने ।
- सिसवा गाउँमा सिँचाइको लागि ५ वटा बोरिङ उपलब्ध गराई जडान गरिदिने
- खानेपानीको लागि ३ थान आर्टिजन धारा हुनु पर्ने ।
- छोटकी पिपरहियामा खाने पानीको व्यवस्था नभएको ।
- खानेपानीको लागि ४ वटा आर्टिजन बोरिङ गर्ने ।
- मोबाइल बाहेक दूरसञ्चारको अरू सुविधा नभएको ।

- शौचालयको व्यवस्था नभएको ।
- भुजौली गाउँको लागि ५ वटा शौचालय निर्माण गर्ने ।

## वडा नं. १२ मा रहेका भौतिक समस्याहरू

- कारागारको लागि छुट्याइएको जग्गामा कारागार भवनको निर्माण गरिनु पर्ने ।
- सार्वजनिक जग्गाको अभाव ।
- आधा कि.मि.को भीमकाली पथ वर्षाको पानीले गर्दा डुबानमा पर्ने हुनाले नाला बनाउन प्रस्ताव ।
- ४५० मि. लम्बाइ र २० फिट चौडाको रुद्र पथमा नालाको निर्माण गर्नु पर्ने ।
- ६०० मि. लम्बाइ र २० फिट चौडाको सोना पथ पक्की बनाउनु पर्ने ।
- १ कि.मि. लम्बाइ र २० फिट चौडाको जनता पथको दुवै साईडमा नाला बनाउनु पर्ने ।
- हाईवेको दुवै साईडमा नालाको निर्माण गरी सिधा डन्डा खोलामा विसर्जन गर्नु पर्ने ।
- ३०० मि. लम्बाइ र १२ फिट चौडा गौरीश्वर पथमा नालाको निर्माण गर्नु पर्ने ।
- ३०० मि. लम्बाइ र १२ फिट चौडा GP पथ पक्की र नाला निर्माण गर्नु पर्ने ।
- बुद्ध पथमा नाला र कालोपत्रे गर्नु पर्ने ।
- कालिका पथको नाला र ढलहरूमा ढक्कन राख्नुपर्ने ।
- जनता पथबाट पूर्वतिर रहेको ५०० मि. कच्ची बाटोमा ग्राभेल, कालोपत्रे र नालाको निर्माण गर्नु पर्ने ।
- सडक बत्तीहरू व्यवस्थित गर्नु पर्ने ।
- HighWay नजिकको क्षेत्रमा मात्र सरकारी खानेपानी धाराको व्यवस्था भएको ।
- सार्वजनिक यातायातको साधनहरू नभएको । रिक्साहरू अत्यन्तै महँगो भएको ।
- दुईवटा जीर्ण अवस्थामा रहेको सार्वजनिक शौचालय ।
- कारागारलाई सारेर बालउद्यानको निर्माण गर्नु पर्ने ।
- घर-घरमा Boring गरेर खानेपानीको बन्दोबस्त गरेको अवस्था ।
- वडाका सम्पूर्ण घरहरूमा खानेपानी संस्थानका धाराहरू जडान गर्नु पर्ने ।
- नयाँ बस्तीमा खानेपानीको पाइप लाइनको विस्तार गर्नु पर्ने ।

## वडा नं १३ मा रहेका भौतिक समस्याहरू

- सूर्य पथ (४५० मि. लम्बाइ र ५ मि. चौडाइ) हाल ग्राभेलमात्र भएको, पक्की नाला निर्माण तथा सडक पिच गर्नु पर्ने
- अद्वैत पथबाट सूर्य पथ निस्कने बाटो (२५० मि. लम्बाइ र ३ मि. चौडाइ) हाल ग्राभेलमात्र भएको, पक्की नाला निर्माण तथा सडक पिच गर्नु पर्ने
- वडा नं १३ का सडकहरू ज्यादै जीर्ण र दयनिय अवस्थामा रहेको र स्तर उन्नति गर्नु पर्ने
- भैरहवा भई परासी जाने सडकमा अस्थायी बस पार्क निर्माण गर्नु पर्ने, हाल सो नभएकोले सडक दुर्घटनाको अत्यधिक समस्या रहेको
- ज्योति पथमा पिच गर्नु पर्ने
- सृजना पथमा नाला निर्माण र पिच गर्नु पर्ने
- देवकोटा पथदेखि होटल असोकासम्म पक्की नाला निर्माण गर्नु पर्ने
- श्रद्धा पथको दुवैतर्फ पक्की नाला निर्माण र बाटोको स्तर उन्नति गर्नु पर्ने
- शान्तिनगर गाउँभित्र नाला निर्माण गर्नु पर्ने
- देवकोटा चोकदेखि kc पथमा नाला निर्माण र बाटो पक्की गर्नु पर्ने
- खाने पानीको समस्या रहेको
- सृजना पथमा खाने पानीको लाइन सप्लाई गर्नु पर्ने
- बसपार्कबाट बस छुट्ने व्यवस्था मिलाउनु पर्ने

**भौतिक समस्याहरूको प्राथमिकीकरण**

| क्र.सं. | शीर्षक | वडा नं. | | | | | | | | | | | | | जम्मा वडा सङ्ख्या | स्तरण भार |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | | |
| (ख) | भौतिक समस्या | | | | | | | | | | | | | | | |
| १ | ***सडक*** | (२) | (१) | (१) | (२) | (१) | (२) | (२) | (२) | (२) | (२) | (१) | (२) | (२) | १३ | **१३४** |
| २ | ***ढल*** | (१) | (३) | (२) | (१) | (१) | (१) | (१) | (१) | (१) | (३) | (२) | (१) | (१) | १३ | **१३७** |
| ३ | विद्युत् | (३) | (४) | | (४) | | (३) | (४) | (५) | | | (३) | | | ७ | **५८** |
| ४ | सिँचाइ | (६) | (२) | (४) | | | (५) | | | (६) | (४) | (४) | | | ७ | **५३** |
| ५ | ***खानेपानी*** | (७) | (५) | (७) | (३) | | (४) | (३) | (३) | (४) | (६) | | (३) | (३) | ११ | **८४** |
| ६ | दूरसञ्चार | | | | | | | | | | (७) | | | | १ | **५** |
| ७ | यातायात | (४) | (६) | (३) | | (४) | (७) | | (४) | (५) | (५) | (५) | | | ९ | **६५** |
| ८ | वैकल्पिक उर्जा | | | | | | | (६) | | | | | | (६) | २ | **१२** |
| ९ | सार्वजनिक शौचालय | (५) | | (५) | | (२) | (८) | | (६) | | (१) | (६) | (४) | (४) | ९ | **६७** |
| १० | ट्रक टर्मिनल | (८) | | | | (५) | (९) | | | | | | (६) | | ४ | **२०** |
| ११ | बालउद्यान | | | (६) | | (३) | (६) | (५) | (७) | (३) | (८) | (७) | (५) | (५) | १० | **३५** |
| | जम्मा शीर्षक सङ्ख्या | ८ | ६ | ७ | ४ | ६ | ९ | ६ | ७ | ६ | ८ | ७ | ६ | ६ | | |

*नोट : (१) प्रथम प्राथमिकतामा परेको (२), (३), (४), (५) क्रमशः प्राथमिकता घट्दै गएको ।*

माथिको तालिकामा देखिएको स्तरण भारअनुसार भौतिक समस्याहरूको प्राथमिकीरणमा ढल, सडक र खानेपानी क्रमशः पहिलो, दोस्रो र तेस्रो स्थानमा रहेको देखियो । त्यसपछि क्रमशः सार्वजनिक शौचालय, यातायात, विद्युत्, सिँचाइ, बालउद्यान, ट्रक टर्मिनल, वैकल्पिक उर्जा र दूरसञ्चार घट्दो प्राथमिकतामा परेका छन् ।

## ३.३.१.२ वातावरणीय समस्याहरू

....

**वडा नं १ मा रहेका वातावरणीय समस्याहरू**

- वडाको आफ्नै आयस्रोतबाट फोहर मैला सङ्कलन भइरहेको तर पर्याप्त नभएको
- नगरस्तरीय व्यवस्थित वधशाला नभएको
- सिद्धार्थ राजमार्गले गर्दा ध्वनि र वायु प्रदूषण रहेको
- पार्क क्षेत्र नरहेको, पार्क बनाउनको लागि टापु जस्तै रहेको स्थानमा ५०-६० बिगाहा जग्गा रहेको र सो स्थान पर्यटकीय क्षेत्र हुन सक्ने

## वडा नं २ मा रहेका वातावरणीय समस्याहरू

- वडा नं २ नगरपालिकाको dumping site भएको, जन-स्वास्थ्यमा प्रतिकूल असर परेको र चिहान जान पनि समस्या भएको
- Dumping siteले गर्दा नदीनाला प्रदूषित भएको
- पञ्चवाटिका (नगरपालिकाको एकमात्र पार्क) व्यवस्थित नरहेको
- कीटनाशक औषधीको प्रयोगले गर्दा माटोको उर्वराशक्तिमा कमी आएको

## वडा नं ३ मा रहेका वातावरणीय समस्याहरू

- नगरपालिकाले फोहर-मैला व्यवस्थापनमा पहल नभएको
- फोहरहरू खाल्डो खनेर पुर्ने, सडक किनारमा, नालामा फाल्ने, जलाउने
- वधशाला नभएको ।
- सरकारी खाली जग्गा भएको तर हरित क्षेत्र नभएको, खजानामा बालउद्यानको लागि करिब २ कट्ठा जग्गा रहेको
- पार्क क्षेत्र हुन सक्ने ३-४ बिगाहा प्रति जग्गाहरू रहेको
- कीटनाशक औषधीको प्रयोगले हाल समस्या नरहे तापनि भविष्यमा हुन सक्ने

## वडा नं ४ मा रहेका वातावरणीय समस्याहरू

- सम्पूर्ण कुहिने तथा नकुहिने फोहर-मैलाहरू नालामा मिसाइएको
- मियो चाउचाउ फ्याक्ट्रीले पानी प्रदूषित गरेको

## वडा नं ५ मा रहेका वातावरणीय समस्याहरू

- फोहर व्यवस्थापन भएको तर कभरेज बढाउनु पर्ने, मूल सडकहरू सफा भएता पनि भित्री सडकहरू फोहर रहेको
- फोहर-मैला जथाभावी फाल्ने ।
- हाटबजारको फोहर-मैला व्यवस्थित गर्न विषेश किसिमको नीति ल्याउनु पर्ने ।
- हाटबजार क्षेत्र होचोमा (खाल्डोमा) रहेकोले चारैतिरको फोहर पानी त्यही जम्मा भई प्रदूषण भएको ।
- वद्यशाला नरहेको, Red cross पछाडीको जग्गा वद्यशालाको लागि छनौट गरेता पनि अहिले Badminton court निर्माणको लागि हस्तान्तरण गरिएको
- Dumping site को लागि नगरपालिकाले जग्गा खरिद गर्नु पर्ने, कुनै जग्गा किनेको छैन, खरिदको लागि निर्णय भए तापनि कार्यान्वयन नभएको ।
- Land fill site नगरस्तरीय रूपमा सोच्नु पर्ने ।
- ध्वनि प्रदूषणको समस्या सहरी क्षेत्र भएकोले समस्या रहेको, सम्बन्धित निकायले control गर्नु पर्ने ।
- हरित क्षेत्र एवम् पार्कको अभाव, बालमन्दिर क्षेत्रलाई व्यवस्थित गर्नु पर्ने ।
- सडक पेटीहरूमा वृक्षारोपण गरी हरित क्षेत्र बनाउनु पर्ने ।

## वडा नं ६ मा रहेका वातावरणीय समस्याहरू

- घरायसी फोहर-मैला व्यवस्थापनको कुनै व्यवस्था नभएको ।
- घरको फोहरहरू बाटोमा फाल्ने गरेको ।
- सर-सफाइमा गा.वि.स.को भन्दा पनि नाजुक अवस्था रहेको ।
- नगरपालिकाले सर-सफाइको लागि कुचिकारको व्यवस्था नगरेको ।
- वडाको आधा क्षेत्रफल गल्लामन्डीले ओगटेको हुनाले प्रदूषण बढी रहेको । (करिब ७५%)
- जथाभावी मासु काट्ने गरेको ।
- उपलब्धि नहुने कार्यमा नगरपालिकाले लगानी गरेको ।
- प्रदूषणको कारणले Chest Pain को समस्या देखिएको ।
- वडा नं. ८ र १३बाट आएको दुषित पानी जमी प्रदूषण हुने गरेको ।

- पार्कको सुरुवात यसै वडाबाट भए तापनि व्यवस्थित नभएको ।
- पार्क क्षेत्रभित्र तार-बारको अभावमा पारिवारिक रूपमा बस्ने वातावरण नरहेको ।
- पार्क क्षेत्रमा जोडी र दुर्व्यसनी बढी मात्रामा देखिने ।

## वडा नं ७ मा रहेका वातावरणीय समस्याहरू

- भृकुटी पथ र हिमाली पथमा toilet नालामा निकालिएको
- फोहर-मैला नगरपालिकाद्वारा सङ्कलन, फोहर-मैलाको recycle को कुनै पनि योजना नरहेको
- बुद्ध चोकदेखि highway सम्म सरसफाइको कमी, वृक्षारोपण गर्नुपर्ने, कवाडी पसलहरू हटाउनुपर्ने
- नगरस्तरीय वधशाला जरुरी
- भैरहवा पथमा butcher हरू रहेको, त्यस ठाउँमा वधशाला जरुरी रहेको

## वडा नं ८ मा रहेका वातावरणीय समस्याहरू

- फोहर-मैला व्यवस्थापनको कमी रहेको, अजैविक फोहरहरूको व्यवस्थापनमा कठिनाई ।
- सहरको मुख्य चोक बुद्ध चोक सबैभन्दा फोहर भएको ।
- वधशालाको लागि टहराहरू निर्माण भएको तर व्यवस्थापन पक्ष कमजोर रहेको ।
- जथाभावी रूपमा मासु काट्ने गरेको ।
- बगाहा गा.वि.स.मा Land Fill Site को लागि प्रस्तावित । (नगर स्तरीय)
- २ वटा चकलेट फ्याक्ट्री (अन्नपूर्ण चकलेट र निलम चकलेट फ्याक्ट्री) क्षेत्रमा हावा/पानी/ध्वनि प्रदूषण रहेको ।
- मोटर ग्यारेजको लागि छुट्टै स्थानको व्यवस्था गर्नुपर्ने ।
- वडा नं. ८को संस्थागत जमिनमा हरित क्षेत्र तथा पार्क निर्माण गर्ने प्रस्ताव ।
- स्वास्थ्य एवम् हराभरा सिद्धार्थनगरको आवाजलाई साकार पार्न बाटोको छेउमा वृक्षारोपण गर्नुपर्ने र सोको व्यवस्थापन सम्बन्धित टोलले गर्नुपर्ने ।
- कीटनाशक औषधी प्रयोग गरी उब्जाइएको खाद्य पदार्थहरूबाट जनताहरू प्रभावित ।

## वडा नं ९ मा रहेका वातावरणीय समस्याहरू

- फोहर-मैलाको उचित व्यवस्था नभएको, घरको फोहर सडकमा फाल्ने बानी भएको ।
- वधशाला व्यवस्थित नभएको, छरिएर रहेको अवस्था, व्यवस्थित गर्नुपर्ने ।
- पार्क नभएको तर सरकारी जग्गा प्रशस्त रहेको ।

## वडा नं १० मा रहेका वातावरणीय समस्याहरू

- फोहर-मैला व्यवस्थापनको लागि उचित स्थान नभएको ।
- नगरपालिकाको ट्र्याक्टर फोहर उठाउन ३/४ महिनामा १ पल्ट जाने गरेको ।
- घरायसी फोहरहरू व्यवस्थापनको समस्या नरहेतापनि अजैविक फोहरले समस्या भएको ।
- Plastic को समस्या रहेको ।
- यस वडामा काटमार नहुने भएकोले वधशाला अभावको समस्या नदेखिएको तर भविष्यमा चाहिने ।
- हावा/पानी/ध्वनि प्रदूषणको हाल समस्या नभएको तर भविष्यमा यी प्रदूषण विकराल रूपमा देखिने सम्भावना ।
- पार्क एवम् हरित क्षेत्रको लागि जमिन रहेको, बनाउन चाहेमा राम्रो बनाउन सकिने ।
- कृषिमा मात्र कीटनाशक औषधीहरू प्रयोग गर्ने गरेको र हालसम्म कुनै पनि समस्या नदेखिएको तर भविष्यमा जमिनको उर्वरा शक्तिमा कमी आई उत्पादन कम हुने सम्भावना ।

## वडा नं ११ मा रहेका वातावरणीय समस्याहरू

- फोहर-मैला व्यवस्थापन नभएको, घरको फोहर मल बनाएर खेतमा प्रयोग गर्ने ।
- भैरहवादेखिको फोहर पानी वडा नं ११बाट बग्ने भएकोले खोला-नाला प्रदूषित भएको ।
- पार्क तथा हरित क्षेत्रको अभाव रहेको ।

- सिसवामा रहेको नगरपालिकाको जग्गामा पार्क निर्माण गर्ने

### वडा नं १२ मा रहेका वातावरणीय समस्याहरू

- जथाभावी रूपमा Plastic को प्रयोग गरिएकोले वातावरणमा प्रतिकूल असर भएको ।
- फोहर-मैला व्यवस्थापन व्यवस्थित नरहेको ।
- घरबाट निस्कने फोहर-मैला बाटोमा नै फाल्ने गरेको हालको अवस्था ।
- जिल्ला पशु कार्यालयले पशु वधशाला सम्बन्धी कार्यक्रम सञ्चालन गरेको भए तापनि उचित व्यवस्थापन नभएको । वधशालाको अभाव रहेको अवस्था ।
- पानी जमी फोहर-मैला भएको ।

### वडा नं १३ मा रहेका वातावरणीय समस्याहरू

- फोहर-मैलाको व्यवस्थापनमा नगरपालिका कमजोर देखिएको, बाहिरी सडकहरू सफा भए तापनि भित्री सडकहरू फोहर रहेको
- टोल सुधार समितिले फोहर सङ्कलन गर्नको लागि भाडाको व्यवस्था गरे पनि नगरपालिकाले फोहर नउठाएको
- वधशाला व्यवस्थित नभएको, मासुको गुणस्तर जाँच्ने संयन्त्र नभएको
- पहिला डन्डा खोलामा फोहर फालिन्थ्यो भने अहिले स्वर्गद्वारीमा (वडा नं १२) फोहर फालिन्छ
- पार्कको अभाव रहेको

### वातावरणीय समस्याहरूको प्राथमिकीकरण

| क्र.सं. | शीर्षक | वडा नं. | | | | | | | | | | | | | जम्मा वडा सङ्ख्या | स्तरण भार |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | | |
| (ग) | **वातावरणीय समस्या** | | | | | | | | | | | | | | | |
| १ | फोहर-मैला व्यवस्थापन | (१) | (२) | (१) | (१) | (१) | (१) | (१) | (१) | (१) | (१) | (१) | (१) | (१) | १३ | **९०** |
| २ | व्यवस्थित वधशाला | (२) | (४) | (२) | (३) | (३) | (३) | (२) | (२) | | | | (४) | (२) | १० | **५३** |
| ३ | Landfill site | (३) | (१) | | | (२) | | | (३) | (२) | | | | | ५ | **२९** |
| ४ | हावा/पानी/ध्वनि प्रदूषण | | | (३) | | | (४) | | (५) | | (३) | (२) | | | ५ | **२३** |
| ५ | हरित क्षेत्र/पार्कको अभाव | (४) | (३) | | (२) | (४) | (२) | | (४) | | (२) | | (२) | (३) | ९ | **४६** |
| ६ | वन जंगल फडानी | | | | | | | | | | | | | | | **०** |
| ७ | कीटनाशक औषधी | | | (४) | | | (५) | | | (३) | | | (३) | | ४ | **१७** |
| | जम्मा शीर्षक सङ्ख्या | ४ | ४ | ४ | ३ | ४ | ५ | २ | ५ | ३ | ३ | २ | ४ | ३ | | |

*नोट : (१) प्रथम प्राथमिकतामा परेको (२), (३), (४), (५) क्रमशः प्राथमिकता घट्दै गएको ।*

माथिको तालिकामा देखिएको स्तरण भारअनुसार वातावरणीय समस्याहरूको प्राथमिकीरणमा फोहर-मैला व्यवस्थापन, व्यवस्थित वधशाला र हरित क्षेत्र र पार्कको अभाव क्रमशः पहिलो, दोस्रो र तेस्रो स्थानमा रहेको देखियो । त्यसपछि क्रमशः Landfill Site, हावा/ पानी/ ध्वनि प्रदूषण, कीटनाशक औषधी घट्दो प्राथमिकतामा परेका छन् ।

### ३.३.१.३ आर्थिक समस्याहरू

...

**वडा नं १ मा रहेका आर्थिक समस्याहरू**

- व्यापार विकासको लागि नाका व्यवस्थित नभएको
- जनचेतनाको कमि, व्यापार विकासको लागि जनचेतना मूलक कार्यक्रमको आवश्यकता भएको
- पर्यटक भित्रिने दोस्रो नाका व्यवस्थित नभएको, पर्यटन विकासको ठूलो सम्भावना भएको
- कृषि विकासको लागि मल, बिउबिजन र सिँचाइको समस्या भएको
- आधुनिक कृषि प्रणाली सम्बन्धी तालिमको आवश्यकता ।
- तस्करी गरेर रोजगार गरी रहेको अवस्था ।

**वडा नं २ मा रहेका आर्थिक समस्याहरू**

- कृषि विकासको लागि मल, बिउ, सिँचाइ, प्रविधिक तालिमको समस्या
- रक्सी पारेर, ज्याला मज्दुरी गरेर जीविकोपार्जन ।
- ४ वटा माछा पोखरी रहेको तर व्यवस्थित नभएको ।
- तरकारी खेती, माच्छा पालनमा रोजगारीको अवसर भएको ।
- कृषि सीपमूलक तालिम तथा पशुपालनको ज्ञान दिएमा गरिबी न्यूनीकरण हुने ।

**वडा नं ३ मा रहेका आर्थिक समस्याहरू**

- कृषि विकासको सम्भावना रहेको, तर मलखाद र सिँचाइको व्यवस्था नभएको ।
- रोजगारी वृद्धि गर्नको सीपमूलक तालिम सञ्चालन हुनु पर्ने ।
- प्राय: जनता किसानी, मजदुरी, व्यापारमा लगेका र केही रोजगारीको अभावमा वैदेशिक रोजगारीमा गएको ।
- गरिबी न्यूनीकरण गर्नका लागि सीपमूलक तालिम सञ्चालन हुनु पर्ने ।
- भौतिक समस्याले गर्दा सहर र ग्रामीण अन्तर्सम्बन्ध नरहेको ।

**वडा नं ४ मा रहेका आर्थिक समस्याहरू**

- मलखादसँग सम्बन्धित संस्थाको अभाव ।
- सरकारी स्तरबाट प्राप्त हुने मलखाद स्थानीय जन-समुदायमा नपुगेको जन गुनासो ।

**वडा नं ५ मा रहेका आर्थिक समस्याहरू**

- पर्यटकहरूको लागि सूचना केन्द्रको स्थापना र website पनि सञ्चालन गर्नु पर्ने ।
- नगर क्षेत्रमा Tourist हरूको लागि ठाउँठाउँमा map राखिनुपर्ने ।
- सहरी गरिबी न्यूनीकरण कार्यक्रम तर्जुमा नगरिएको ।

**वडा नं ६ मा रहेका आर्थिक समस्याहरू**

- बाटो र नाला व्यवस्थित भएमा गल्लामन्डी क्षेत्रमा व्यापारको विकास हुने देखिन्छ ।
- कृषि प्रधान देश नेपालमा कृषकहरूको लागि सहुलियत नभएको ।
- मलखाद र सिँचाइको व्यवस्था नभएकोले कृषि उत्पादनमा ह्रास आएको ।
- Load Sheddingको मारले गर्दा ठूला ठूला उद्योगहरू बन्द हुँदै गएकोले रोजगारीमा समस्या ।
- राजनैतिक दलहरूको दवावले गर्दा पनि रोजगारीको अवसर नरहेको देखिन्छ ।
- युवा वर्गहरूको लागि प्राविधिक शिक्षा सञ्चालन गर्नु पर्ने ।
- महिलाहरूको लागि घरमा नै बसी गर्न सक्ने सीपमूलक तालिमहरूको व्यवस्था गर्नु पर्ने ।

- गरिबी न्यूनीकरणाको लागि सबै वर्गलाई समेटी आवश्यक सीपमूलक तालिमहरू सञ्चालन गर्नुपर्ने ।
- चामल मिल अत्यधिक मात्रामा रहेको ।
- उद्योगधन्दाको लागि जथाभावी रूपमा अनुमति पत्र उपलब्ध गराएको ।

**वडा नं ८ मा रहेका आर्थिक समस्याहरू**

- खुल्ला बोर्डर एरिया भएकोले व्यापार विकासमा समस्या ।
- व्यापारिक क्षेत्रहरूको zoning हुनुपर्ने ।
- यातायातको कमीले गर्दा प्रतिस्पर्धामूलक व्यापार नभएको ।
- शिवालय मन्दिरलाई व्यवस्थित गरेमा पर्यटन विकासमा सम्भावना रहेको ।
- धार्मिक पर्यटकीय स्थलको रूपमा विकास गर्न बसडिलवा शिव मन्दिर, नारायण स्थान मन्दिर र दुर्गा मन्दिरमा विशेष योजना सञ्चालन गर्नुपर्ने ।
- रोजगार प्रवर्धनको लागि तालिमहरूको व्यवस्था नभएको ।
- बेरोजगारहरूको लागि सीपमूलक तालिमहरूको व्यवस्था नभएको ।
- शिक्षित बेरोजगार यस क्षेत्रमा ७०% रहेको छ ।
- राजनैतिक समस्याले सीपमूलक तालिमहरू सञ्चालन हुन नसकेको ।
- यातायातको समस्याले गर्दा सहरी ग्रामीण अन्तर्सम्बन्धमा रोकावट भएको ।

**वडा नं ९ मा रहेका आर्थिक समस्याहरू**

- व्यापार सुनौली नाकाबाट प्रभावित रहेको अवस्था ।
- कृषि विकासको लागि सिँचाइ, मल र बिउको अभाव ।
- वैज्ञानिक तरिकाले जैविक मलको प्रयोगलाई प्रोत्साहन गर्नुपर्ने ।
- तालिम प्राप्त जनशक्तिको अभाव ।
- रोजगारीको अभावले गरिबी न्यूनीकरण नभएको ।

**वडा नं १० मा रहेका आर्थिक समस्याहरू**

- कृषिहरूलाई ऋण उपलब्ध गराउने संस्थाहरूले ऋण दिनको लागि घुस माग्ने गरेको ।
- मलखाद, बिउबिजन, सिँचाइ, बजार व्यवस्थापनको समस्याहरू रहेको ।
- खाद्य गोदामहरूको अभाव रहेको ।
- गरिबी न्यूनीकरणाको लागि सीपमूलक तालिमहरू सञ्चालन नभएको ।
- सहरी ग्रामीण अन्तर्सम्बन्धको लागि भौतिक पक्षहरूको समस्या रहेको ।
- घरेलु सीपको प्रयोगमा जोड दिन सकेमा साना उद्योगहरू सञ्चालन गर्न सकिने सम्भावना रहेको ।

**वडा नं ११ मा रहेका आर्थिक समस्याहरू**

- कृषि विकासको लागि मल, सिँचाइ, प्राविधिक तालिमको अभाव रहेको र कृषकहरूलाई वित्तीय संस्थाहरूले पनि सहयोग नगरेको ।
- कुखुरा पालनबाट केही हदसम्म रोजगारी सृजना भएको ।
- सीपमूलक तालिमको अभाव ।

**वडा नं १२ मा रहेका आर्थिक समस्याहरू**

- खुल्ला Border क्षेत्र भएकोले स्थानीय व्यापारमा कमी ।
- पर्यटकहरूको लागि पार्क/होटलको अभाव ।
- विभिन्न क्षेत्रहरूमा तालिम दिई रोजगार प्रवर्द्धनमा सहयोग पुर्‍याउनुपर्ने ।

**वडा नं १३ मा रहेका आर्थिक समस्याहरू**

- हाट बजारको संरक्षण र सम्बर्द्धन नभएको र भौतिक सुविधाको पनि कमी भएको
- शान्तिनगर गाउँमा रक्सी बनाएर जीविकोपार्जन गर्ने गरेको
- रोजगारीको अवसर नभएको
- गरिबी न्यूनीकरणको लागि वडा नं १३ मा कुनै किसिमको तालिमहरू नभएको
- गरिबी न्यूनीकरणको लागि सीपमूलक तालिमको व्यवस्था गर्नुपर्ने
- यातायातको समस्याले गर्दा सहरी ग्रामीण अन्तर्सम्बन्ध कमजोर भएको

**आर्थिक समस्याको प्राथमिकीकरण**

| क्र.सं. | शीर्षक | वडा नं. | | | | | | | | | | | | | जम्मा वडा सङ्ख्या | स्तरण भार |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | | |
| (क) | **आर्थिक समस्या** | | | | | | | | | | | | | | | |
| १ | व्यापार विकास | (१) | | | | (३) | (१) | | (३) | | | | (१) | (१) | ६ | **३८** |
| २ | पर्यटन विकास | (४) | | | | (२) | (३) | | (५) | | | | (१) | | ५ | **२५** |
| ३ | कृषि विकास | (५) | (१) | (२) | (१) | | (५) | | | (३) | (१) | (१) | | | ८ | **४४** |
| ४ | रोजगारीको अवसर | (३) | (२) | (१) | (३) | (१) | (२) | (२) | (१) | (२) | (२) | (२) | | (२) | १२ | **७३** |
| ५ | गरिबी न्यूनीकरण | (२) | (३) | (३) | (२) | (४) | (४) | (१) | (२) | (१) | (३) | (३) | | (३) | १२ | **६५** |
| ६ | सहरी ग्रामीण अन्तर्सम्बन्ध | | | | | | (६) | | (४) | | | | (२) | | ३ | **१२** |
| ७ | साना तथा मझौला व्यापार उत्थान | | | | | | | | | | | | | (४) | १ | **४** |
| | जम्मा शीर्षक सङ्ख्या | ५ | ३ | ३ | ३ | ४ | ६ | २ | ५ | ३ | ३ | ३ | ३ | ४ | | |

*नोट : (१) प्रथम प्राथमिकतामा परेको (२), (३), (४), (५) क्रमश: प्राथमिकता घट्दै गएको*

माथिको तालिकामा देखिएको स्तरण भारअनुसार आर्थिक समस्याहरूको प्राथमिकीरणमा रोजगारीको अवसर, गरिबी न्यूनीकरण र कृषि विकास क्रमश: पहिलो, दोस्रो र तेस्रो स्थानमा रहेको देखियो । त्यसपछि क्रमश: व्यापार विकास, पर्यटन विकास, सहर ग्रामीण अन्तर्सम्बन्ध र साना तथा मझौला व्यापार उत्थान घट्दो प्राथमिकतामा परेका छन् ।

## ३.३.१.४ सामाजिक समस्याहरू

....

**वडा नं १ मा रहेका सामाजिक समस्याहरू**

- बालशोषण केही रूपमा रहेको, घरेलु कामदारको रूपमा बालशोषण भइरहेको
- बाहिर देखिने गरी महिला शोषण नरहे तापनि बहुविवाहको समस्या रहेको

- मधेसी समुदायमा शिक्षाको कमी र आर्थिक रूप कमजोरीले गर्दा बालबालिका शोषणमा परेको र तस्करको रूपमा प्रयोग गरिएको। २% देखि ३% वडाबासीहरू गरिबीको रेखामुनि रहेको।
- सबैभन्दा बढी दुर्व्यसनीहरूको वासस्थान रहेको, लागु औषधी प्रयोगको लागि अन्य स्थानबाट पनि खरिद गर्न आउने स्थान भएको, दुर्व्यसनीहरूको दोस्रो नाकाको रूपमा प्रख्यात रहेको र लागु औषधी ओसारपसारको लागि बालबालिकाको पनि प्रयोग गरिएको।
- वडामा शिक्षा सामान्य रूपमा रहेको, माथिल्लो वर्गको शैक्षिक अवस्था राम्रो भएको भने तल्लो वर्ग अशिक्षित रहेको।
- बेलहिया मा.वि.को भवन जीर्ण र कक्षा कोठाहरू अपुग रहेको।
- प्रौढ शिक्षाको आवश्यकता रहेको, पहिले सञ्चालनमा रहे पनि हाल बन्द रहेको।
- स्वास्थ्यको लागि नेपाल सरकारबाट केही पनि नभएको, सुनौली वा भीम अस्पताल जानु पर्ने, प्राथमिक स्वास्थ्य चौकीको आवश्यकता रहेको।
- सांस्कृतिक कार्यक्रम गर्न प्राङ्गण नभएको।
- खेलकुदको मैदान नरहेको।
- आधा जनसङ्ख्या जमिनदार र आधा जनसङ्ख्या केही पनि नभएको, खेती किसानी गरेर खाने २०% जनसङ्ख्या भएको

## वडा नं २ मा रहेका सामाजिक समस्याहरू

- जातीय छुवाछुत बाहिर नदेखिए तापनि घरदैलोभित्र समस्या रहेको
- चमार टोलमा जातीय छुवाछुतको विकराल समस्या। सार्वजनिक धारा लगाइएको तर हाल छुवाछुत प्रथा तथा जातीय हिंसाको कारण बन्द गर्नुपरेको।
- साम्प्रदायिक दंगाको प्रयास २ वर्ष अगाडि भएको, भविष्यमा हुन सक्ने अवस्था।
- खरेनीमा दुर्व्यसनीको समस्या। किनबेच गर्ने स्थानसमेत रहेको।
- अहिले १०% समस्या हटेको, लुम्बिनी सुधार गृहले दुर्व्यसनीको सङ्ख्यामा कमि आएको
- प्राथमिक विद्यालय रहेको, अत्यधिक चाप रहेको, भौतिक सुविधाको अभावले विद्यार्थीहरू कटौती गर्नु परेको अवस्था, विद्यालयले वडा नं २, १०, ११, १ तथा भारतबाट पनि विद्यार्थीहरू आउने गरेको।
- ३ कट्ठा जग्गा रहेको, भवनको अवस्था जीर्ण भएको, boundary wall नभएको।
- ४५% साक्षरता रहेको, विगतमा प्रौढ कक्षा सञ्चालनमा आएको अहिले बन्द भएको, ३ समूह महिलाले प्रौढ कक्षा पढेको, आवश्यक रहेको
- महँगो प्राइभेट स्तरको clinic रहेको।
- सरकारी प्राथमिक उपचार केन्द्रको आवश्यकता रहेको।
- मेउडिहवा स्कुलमा सांस्कृतिक कार्यक्रमहरू सञ्चालन हुने, सांस्कृतिक कार्यक्रमको लागि स्थान अभाव रहेको।
- खेलकुदको लागि लागि कुनै स्थान नरहेको
- जम्मा २ बिगाहा जग्गासम्म सरकारी जग्गा रहेको, व्यक्ति विशेषले अतिक्रमण र खेती गरेको अवस्था।
- खेतीकिसानी गरेर वर्षभरि खान नपुग्ने।
- ८०% खेतीयोग्य जमिन रहेको, खेतीयोग्य जमिनमा अव्यवस्थित जग्गा विकास (Plotting) ले खेतीयोग्य जमिनमा ह्रास आएको।

## वडा नं ३ मा रहेका सामाजिक समस्याहरू

- मेडिकल कलेज देखि नयाँ सडकको सुनसान सडक, खजाना र खजुरियाको बीचमा दुर्व्यसनको समस्या।
- लागु औषधी नियन्त्रणको लागि ठोस पहल नभएको।
- १ प्रा. वि. र ३ बोर्डिङ स्कुल रहेको, भौतिक सुविधा पर्याप्त रूपमा नभएको।
- ६०% शिक्षित, प्रौढ शिक्षा लागु नगरिएको।
- जनस्वास्थको लागि केही नभएको, मेडिकल, Poly-clinic केही नभएको।
- रङ्गशाला रहेको आँखा अस्पतालको पछाडि तर व्यवस्थित नभएको।
- हाटबजारतिर जग्गा रहेको तर पछि खेलकुदको लागि प्रयोग गरिएको।
- खान नपुग्ने ५०% मजदुरी गर्ने मानिसहरू।

- डन्डा खोलातिर सामाजिक अपराधको समस्या, प्रशासनको कमजोरीले गर्दा समाजिक सामाजिक सुरक्षा नरहेको

**वडा नं. ४ मा रहेका सामाजिक समस्याहरू**

- व्यक्तिगत रूपमा सामाजिक छुवाछुत ।
- केही हदसम्म महिला हिंसा तथा बालशोषण रहेको ।
- सम्पूर्ण वडामा दुर्व्यसनीहरूको समस्या । (लागु पदार्थ तथा मादक पदार्थ)
- भवानी पथबाट भित्र, हनुमान कुटी, पुगता भूमि, विश्वकर्मा मन्दिर (लव गार्डेन), सुगरमिल आदि क्षेत्रहरू दुर्व्यसनीहरूको लागि अड्डाको रूपमा परिचित ।
- लागु पदार्थ सुनौलीको खुल्ला बोर्डर क्षेत्रबाट आयातित ।
- एयरपोर्टद्वारा जग्गा अतिक्रमण गर्दा विद्यालय विस्थापित ।
- ४९५ विद्यार्थी भएको वडाको एकमात्र सरकारी विद्यालयमा भौतिक एवम् सामाजिक समस्या ।
- निर्धन बैंकद्वारा प्रौढ शिक्षा सञ्चालन भएको तर हाल बन्द भएको अवस्था ।
- वडाका जम्मा ३५% जनसङ्ख्या मात्र शिक्षित भएको र बाँकी ६५% अशिक्षित भएको ।
- स्वास्थ्यको लागि कुनै पनि निकाय नरहेको ।
- भीम अस्पताल र मेडिकल कलेज जानु पर्ने । (करिब ४ कि.मि. टाढा रहेको)
- स्वास्थ्य चौकीको आवश्यकता ।
- सांस्कृतिक पक्षमा मधेसी समुदायले विशेष जोड, सम्पूर्ण वडाबासीहरू उत्साहित तर स्थानको अभाव ।
- सङक्रमण कालमा सांस्कृतिक पक्षमा नराम्रो असर परेको जन गुनासो ।
- एयरपोर्ट अगाडिको जग्गामा खेलकुदको लागि प्रयास गरे तापनि समस्या देखिएको ।
- वडामा रहेको पोखरीछेउको जग्गा उपयुक्त रहेकोले खेलकुदको लागि मैदान बनाउनु पर्ने प्रस्ताव ।
- कृषि वार्ड भएर पनि वर्षमा ५०% जनताले ३ देखि ६ महिना खान नपुग्ने खाद्यान्न अभावको समस्या ।
- २०-२२ बिगाहा जमिन भएका व्यक्तिहरू देखि १ कठ्ठा पनि जमिन नभएको व्यक्तिहरू रहेको ।

**वडा नं ५ मा रहेका सामाजिक समस्याहरू**

- लिखित रूपमा नभए तापनि आन्तरिक रूपमा रहेको (महिला तथा बालशोषण) ।
- भैरहवा उच्च मा. वि.मा दुर्व्यसनको समस्या रहेको ।
- कारणीमाई, होटल ग्लास्गो पछाडि र हाटबजारपछाडि दुर्व्यसन समस्या रहेको ।
- अभिभावकहरूको लागि पुन:स्थापना केन्द्र स्थापना भएको थियो (हप्ताको २ Class) तर अहिले सञ्चालनमा नरहेको ।
- सामाजिक बनोट, पारिवारिक कारण, कार्यालयको नीति नियम र सुस्त गतिको कार्य आदिले frustration भई दुर्व्यसनमा लागेको ।
- सरकारी विद्यालय १, निजी (बोर्डिङ) विद्यालय ३ । शैक्षिक स्थिति कमजोर ।
- ७५% भन्दा बढी शिक्षित रहेको ।
- डाक्टरद्वारा मेडिकल, बुटवल, काठमाडौंका ठूला अस्पतालमा Refer गर्ने चलन रहेको ।
- गरिब तथा निमुखा जनताको नाममा आउने नि:शुल्क औषधी पनि जनतालाई वितरण नगर्ने ।
- इतिहास बोकेको सरकारी अस्पतालमा कुनै पनि सेवा, सुविधा नभएको । (भीम अस्पताल)
- सांस्कृतिक कार्यक्रमको उचित स्थान नरहेको (बाटोमा वार्षिक कार्यक्रमहरू सञ्चालन हुने गरेको, खाली जग्गाहरू नरहेको)
- करणीमाई क्षेत्र व्यवस्थित हुनु पर्ने ।
- खेलकुदको लागि उचित स्थान नरहेको ।
- खेलकुदको लागि व्यवस्थित ठाउँ नरहेको ।
- रङ्गशाला खेलकुद परिषदको नाममा रहेको ।
- खेलकुद बाहेक अरू सबै कार्यक्रमहरू हुने ।
- रङ्गशाला नगरपालिकाको स्वामित्वमा हुनु पर्ने ।

**वडा नं. ६ मा रहेका सामाजिक समस्याहरू**

- अशिक्षा एवम् चेतनाको कारण महिलामाथि शोषण ।
- लागु पदार्थको प्रयोक अधिक रूपमा भएको वडा । सुनौलीबाट आयातित ।
- पिपरहिया, किशोरपुर, Children parkमा दुर्व्यसनीहरूको मात्रा अधिक रहेको ।
- स्कुलहरू प्रशस्त मात्रामा भए तापनि साक्षारता नगन्य रूपमा रहेको ।
- २०२७ सालमा स्थापना भएको सरकारी स्कुलको भौतिक पक्ष कमजोर रहेको ।
- आर्थिक अभावको कारण शिक्षाबाट वञ्चित रहेको ।
- शिक्षाप्रति सजग नरहेको ।
- सरकारी विद्यालयमा सरकारी शुल्कभन्दा बढी शुल्क उठाएको ।
- सरकारी पक्षको कमजोर बजेट व्यवस्थापनको कारण विद्यालयको व्यवस्थापन पक्ष कमजोर रहेको ।
- स्थानीय निकाय उत्तरदायी हुनु पर्ने ।
- जन-स्वास्थ्यको हकमा केही पनि नभएको ।
- नजिकको अस्पताल जिल्ला अस्पताल भीम अस्पताल भएको ।
- सरकारी दरबन्दीका डाक्टरहरूद्वारा व्यक्तिगत Clinic सञ्चालन गरेको अवस्था ।
- सरकारी स्तरबाट प्राप्त औषधीहरू पनि जनमानसमा नपुगेको अवस्था ।
- सांस्कृतिक कार्यक्रमहरू रोडको किनारामा गर्नु पर्ने ।
- सार्वजनिक जग्गाहरू भए तापनि कुनै भवनहरू निर्माण नभएको ।
- प्राय: सार्वजनिक जग्गा व्यक्तिगत भइसकेको ।
- खेलकुदको लागि स्थानीय निकायहरूले स्थानीय क्लबहरूलाई सहयोग नगरेको ।
- संस्थागत रूपमा पकलिहवा क्याम्पसमा खेलकुद सञ्चालन गर्नु पर्ने ।
- यस वडाका समग्रमा १५% देखि २०% जनताहरूलाई वर्षको २ महिना मात्र खान पुग्दछ ।

**वडा नं ७ मा रहेका सामाजिक समस्याहरू**

- केही हदसम्म छुवाछुतको समस्या रहेको, दलित जनजाति ।
- केही हदसम्म बालशोषणको समस्या रहेको ।
- महिला शोषण परिवारभित्र रहेको ।
- युवकहरू दुर्व्यसनको सिकारमा परेको ।
- अदालत, बार भवन, गार्गी पथ, जिल्ला वन कार्यालय आदि क्षेत्रहरू अड्डाको रूपमा रहेको ।
- सरकारी विद्यालय नरहेको ।
- Health Post नरहेको, Polyclinic एउटा रहेको तर धेरै महँगो रहेको ।
- नगरपालिकाको सार्वजनिक जग्गा १ कट्ठा रहेको, सांस्कृतिक भवन निर्माण नभएको ।
- खेलकुदको लागि कुनै क्षेत्र नरहेको ।

**वडा नं ८ मा रहेका सामाजिक समस्याहरू**

- सांस्कृतिक रूपमा तथा भित्री रूपमा जातीय छुवाछुतको समस्या रहेको ।
- बालबालिकाहरूलाई घरायसी रूपमा आर्थिक र शैक्षिक प्रलोभनमा पारी शोषण भएको ।
- गरिबीले गर्दा बालशोषणको समस्या देखिएको ।
- Tab र Syring प्रयोग गर्ने दुर्व्यसनीहरू प्रत्येक टोलमा रहेको ।
- सरकारी स्कुल नभएको । आर्थिक अभावले गर्दा गरिबहरू शिक्षाबाट वञ्चित ।
- गल्लामण्डीमा बोर्डिङ स्कुल रहेको । विद्यार्थीहरूको चाप बढी रहेको ।
- सामुदायिक स्कुलहरूको अभाव रहेको । भएका स्कुलमा भौतिक समस्या रहेको ।
- प्रौढ शिक्षाको लागि पकेट क्षेत्र तोकी सञ्चालन गर्नु पर्ने ।
- सामुदायिक विद्यालयलाई क्याम्पस सञ्चालनार्थ भौतिक पूर्वाधार निर्माणको लागि विशेष योजना बनाउनु आवश्यक रहेको
- वडामा स्वास्थ्यको लागि केही पनि सुविधा नरहेको ।
- जिल्ला अस्पताल र मेडिकल कलेजको स्वास्थ्य उपचार सन्तोषजनक नरहेको ।
- स्वास्थ्य सुरक्षा सम्बन्धी जन-चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्नु पर्ने ।

- सांस्कृतिक कार्यक्रमहरू दुर्गा मन्दिर, शिवालय, नारायणस्थान आदि धार्मिक स्थलहरूमा हुने गरेको, स्थिर स्थान नभएको ।
- सार्वजनिक जमिनहरू ससाना टुक्रामा रहेको ।
- बैंक कोलनीमा रहेको नवदुर्गा मन्दिरको निर्माण, संरक्षण र सम्बर्धन गर्नुपर्ने ।
- खेलकुदको लागि स्थानको अभाव रहेको ।
- मिश्रित जनताहरू रहेको, ३०% गरिबीको रेखामुनि रहेको ।
- यस वडाका करिब ७००० स्थायी र करिब ३००० अस्थायी रूपमा बसोबास गर्ने गरेको ।
- व्यापारी, कर्मचारी तथा मजदुरी गर्ने मानिसहरूको बसोबास रहेको ।
- यस वडालाई आवासीय क्षेत्र मानिएको ।
- सामाजिक सुरक्षा पिन्तलो रहेको । पुलिस बिटको आवश्यकता रहेको ।

## वडा नं ९ मा रहेका सामाजिक समस्याहरू

- सामाजिक रूपमा जातीय छुवाछुत नरहे तापनि व्यक्तिगत रूपमा रहेको ।
- जातीय हिंसा राजनीतिक रूपमा रहेको ।
- सामाजिक रूपमा महिला तथा बालबालिका शोषण नभएता पनि व्यक्तिगत रूपमा रहेको, आर्थिक कारणले शोषणमा परेको
- दुर्व्यसनीहरू अत्यधिक मात्रा रहेको, सीमा क्षेत्र तथा खोलाछेउमा दुर्व्यसनीहरूको अखडा ।
- स्कुल तथा कलेजहरू प्रशस्त रहेको, औसत ६०% शिक्षित ।
- गोनहिया, दुम्दुमवा, छोटकै दुम्दुमवा, गोलीगढ, मिसरौलिया, उदयपुरमा शिक्षाको चेतना नभएको, जनचेतना र आर्थिक अभावले यी क्षेत्रहरू शिक्षामा पिछडिएको ।
- प्राथमिक स्वास्थ्य सेवाको अभाव
- सांस्कृतिक क्रियाकलापको लागि स्थान नभएको । दुम्दुमवामा २ बिगाहा सरकारी जमिन रहेको, सांस्कृतिक स्थानको लागि उपयुक्त ।
- खेलकुद स्थलको अभाव ।

## वडा नं. १० मा रहेका सामाजिक समस्याहरू

- भित्री रूपमा जातीय छुवाछुतको समस्या रहेको ।
- अन्तर्जातीय बिहेबारी बहिस्कार गर्ने परम्परा ।
- लागु औषधीको दुर्व्यसनी कम भए तापनि मादक पदार्थ दुर्व्यसनी अत्यधिक रहेको ।
- शिक्षाको स्तर सन्तोषजनक नरहेको ।
- एकमात्र प्राथमिक विद्यालय रहेको जसको भौतिक पक्ष एकदम कमजोर भएको ।
- उच्च शिक्षा हासिल गर्नको लागि आर्थिक अभाव रहेको ।
- उच्च शिक्षाको स्रोत नरहेको ।
- प्रौढ कक्षाहरू सञ्चालन नभएको ।
- शिक्षाको स्तर ज्यादै न्यून रहेको ।
- प्रा.वि.लाई मा.वि बनाउनको लागि सरकारले पूर्वाधारहरू तयार गर्नुपर्ने ।
- जिल्ला अस्पताल र मेडिकल कलेजबाट जन-स्वास्थ्यको सुविधा पाएको ।
- वडामा स्वास्थ्य चौकीसमेत नरहेको ।
- सरुवा रोगहरूको समस्या रहेको ।
- सार्वजनिक जमिनहरू खोलाको किनारामा रहेको ।
- बालबालिकाहरूलाई खेलनको लागि उचित स्थानको अभाव रहेको ।
- २५% जनताहरूलाई वर्षभरि खान नपुग्ने स्थिति ।

## वडा नं ११ मा रहेका सामाजिक समस्याहरू

- व्यावहारिक रूपमा सामाजिक छुवाछुतको समस्या रहेको ।
- केही मात्रामा महिला तथा बालबालिका शोषणको समस्या रहेको ।
- ७०% देखि ८०% जनता मादक पदार्थको दुर्व्यसन गर्ने ।

- छोरीहरूलाई आफ्नो वडामा भएको विद्यालयमा मात्र पढाउने अन्य वडाहरूमा पढ्न नपठाउने समस्या
- शैक्षिक अवस्था न्यून रहेको, २०१८ सालमा निर्मित विद्यालय प्रा.वि.मा मात्र सिमित रहेको, वडामा १ मात्र विद्यालय रहेको, २६४ विद्यार्थी रहेको, भौतिक संरचनाको कमी, शिक्षकको कमी, वडा भर जम्मा ३०% जनसङ्ख्या मात्र शिक्षित रहेको ।
- प्रौढ शिक्षाको आवश्यकता रहेको ।
- सिसवा गाउँमा सञ्चालन भइरहेको मदरसामा खाने पानी र शौचालयको व्यवस्था मिलाउने ।
- स्वास्थ्य क्षेत्रमा अहिलेसम्म वडामा केही पनि नभएको, भीम अस्पताल लगभग ७ कि.मि. टाढा रहेको, प्राथमिक स्वस्थ्य चौकिको आवस्यकता रहेको ।
- सांस्कृतिक क्रियाकलापको लागि स्थान नरहेको ।
- सार्वजनिक जग्गा ९ कट्ठा रहेको, खोलाको बगरमा सार्वजनिक जग्गा प्रशस्त रहेको ।
- खेलकुदको लागि केही पनि नरहेको ।
- वर्षभरि खान पुग्ने पनि २५% जनतालाई खान नपुग्ने ।

### वडा नं. १२ मा रहेका सामाजिक समस्याहरू

- सामाजिक चेतनाको अभाव ।
- शान्तिनगर, स्वर्गद्वारी घाट, भीमकाली पथ दुर्व्यसनीहरू लागि उचित स्थान भएको ।
- खुल्ला बोर्डरले गर्दा दुर्व्यसनीहरूको सङ्ख्यामा वृद्धि ।
- अभिभावकहरूलाई दुर्व्यसनी विरुद्ध चेतनामूलक कार्यक्रमहरू सञ्चालन नभएको ।
- केही दुर्व्यसनीहरूलाई सामुदायिक प्रहरीको रेखदेखमा काठमाडौं गरी सुधार गृहमा राखिएको ।
- यस वडामा एक मात्र सरकारी विद्यालय सिद्धार्थ प्रा.वि रहेको । करिब १५० विद्यार्थी रहेको यस विद्यालयलाई मा.वि.मा परिणत गर्नुपर्ने । यस विद्यालयमा भौतिक स्रोत साधनको कमी रहेको ।
- विद्यालयको सञ्चालक समितिको कमजोरी ।
- यस वडाका अधिकांश बासिन्दाहरू सरकारी स्तरका कर्मचारी तथा व्यापारीहरू भएकोले आफ्ना छोरा-छोरीहरूलाई बाहिरको महँगो स्कुलहरूमा पढाउने गरेको ।
- राजमार्ग नजिक रहेकोले स्कुलमा पढाउने वातावरणको असहज स्थिति ।
- स्वास्थ्यको स्थिति व्यवस्थित नरहेको ।
- खेलकुदको लागि भैरहवा क्याम्पसको फिल्ड मात्र रहेको ।
- अन्य ठाउँमा खेलकुदको कुनै व्यवस्था नभएको ।

### वडा नं १३ मा रहेका सामाजिक समस्याहरू

- व्यवसायमा कम उमेरका बालबालिकाको प्रयोग गरेर बालशोषण भइरहेको
- दुर्व्यसनीहरूको सङ्ख्या धेरै भएको, ९ जना AIDS ले मरेको, अहिले घटेर १०% मा मात्र सीमित रहेको ।
- शिक्षाको अवस्था राम्रो भएको, शिक्षितहरूको सङ्ख्या ५०% भन्दा बढी रहेको
- भीम अस्पताल वडा नं १३ मै रहेको र सो अस्पतालको शैया थप गर्नुपर्ने ।
- सार्वजनिक कार्यक्रमहरू स्कुल परिसर, टोल र चौराहामा हुने, सार्वजनिक जग्गा वडामा १५ बिगाहा रहेको
- खेलकुदका लागि केही पनि व्यवस्था नभएको, Red Cross को पछाडि Covered hall निर्माणाधीन अवस्थामा रहेको

### समाजिक समस्याहरूको प्राथमिकीकरण

| क्र.सं | शीर्षक | वडा नं. | | | | | | | | | | | | | जम्मा वडा सङ्ख्या | स्तरण भार |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | | |
| (क) | सामाजिक समस्या | | | | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | जातीय छुवाछुत | | | | | | | (१) | (७) | | | | | | २ | १४ |
| २ | साम्प्रदायिक हिंसा | | (३) | | | | | | | | | | | | १ | ८ |
| ३ | महिला/ बालबालिका शोषण | (६) | | | | | (४) | | (४) | | | | (५) | (४) | ५ | ३२ |
| ४ | दुर्व्यसन | (३) | | (५) | (१) | (३) | (३) | (२) | (३) | (५) | | | (४) | (१) | १० | ८० |
| ५ | शिक्षा | (१) | (१) | (१) | (२) | (१) | (१) | | (१) | (४) | (१) | (१) | (२) | | ११ | १०५ |
| ६ | जन-स्वास्थ्य | (२) | (२) | (२) | | (२) | (२) | (३) | (२) | (३) | (२) | (२) | (१) | | ११ | ९८ |
| ७ | सांस्कृतिक | | | (४) | (३) | (४) | (७) | | | | | (४) | | | ५ | ३३ |
| ८ | खेलकुद | (५) | | (३) | | (५) | (६) | | (६) | (२) | (३) | (५) | (२) | (२) | १० | ७१ |
| ९ | खाद्य असुरक्षा | (४) | | | | (६) | (५) | | (५) | | | | (३) | (३) | ६ | ४० |
| १० | सामाजिक सुरक्षा | | | (६) | | | | | (८) | (१) | | (३) | | | ४ | २६ |
| | जम्मा शीर्षक सङ्ख्या | ६ | ३ | ६ | ३ | ६ | ७ | ३ | ९ | ५ | ३ | ५ | ६ | ५ | | |

*नोट : (१) प्रथम प्राथमिकतामा परेको (२), (३), (४), (५) क्रमशः प्राथमिकता घट्दै गएको ।*

माथिको तालिकामा देखिएको स्तरण भार अनुसार सामाजिक समस्याहरूको प्राथमिकीरणमा शिक्षा, जनस्वास्थ्य र दुर्व्यसन क्रमशः पहिलो, दोस्रो र तेस्रो स्थानमा रहेको देखियो । त्यसपछि क्रमशः खेलकुद, खाद्य असुरक्षा, सांस्कृतिक, महिला/ बालबालिका शोषण, सामाजिक सुरक्षा, जातीय छुवाछुत र साम्प्रदायिक हिंसा घट्दो प्राथमिकतामा परेका छन् ।

## ३.३.१.५ संस्थागत समस्याहरू

...

### वडा नं १ मा रहेका संस्थागत समस्याहरू

- सरकारी राजस्व बुझाउने बन्दोवस्त वडास्तरमै हुनुपर्ने ।
- जगेडा बजेट वडा नं १ ले अहिलेसम्म नपाएको
- राजनीतिक विकृतिले गर्दा नीति तथा कार्यक्रममा तालमेल नभएको ।

### वडा नं २ मा रहेका संस्थागत समस्याहरू

- वडालाई स्वायत्त गर्नुपर्ने, वडाबाट उठेको करको प्रयोग वडा मै गर्नुपर्ने, नगरपालिकाबाट हुने सिफारिसको काम वडाबाटै हुने व्यवस्था हुनुपर्ने ।
- पहाडी समुदायको जनसहभागिता रहेको तर मधेसी समुदायको अशिक्षा र गरिबीले गर्दा जनसहभागिता न्यून मात्र रहेको ।
- आयोजनाहरू पारदर्शी नभएको ।

### वडा नं ३ मा रहेका संस्थागत समस्याहरू

- विद्युत्, पानीको महसुल, जग्गा कर तथा अन्य करहरू पनि वडा कार्यालयमै बुझाउन पाउनुपर्ने ।
- वडाका सम्पूर्ण कामको जिम्मा वडा सचिव, अध्यक्षलाई दिनुपर्ने ।

- निर्णयमात्र हुने अधिकार केही पनि नपाउने ।
- सार्वजनिक सङ्घ-संस्था धेरै नरहेको ।
- सहयोग र समर्थनको वातावरण रहेको ।
- वडा बजेट निर्धारण हुनु पर्ने र पारदर्शी हुनु पर्ने ।

**वडा नं ४ मा रहेका संस्थागत समस्याहरू**

- स्थानीय प्रतिनिधि बीच तालमेल नमिलेको ।

**वडा नं ५ मा रहेका संस्थागत समस्याहरू**

- विकेन्द्रीकरण ठीक तरिकाले लागु नभएको, व्यावहारिक रूपमा कार्यान्वियन नभएको ।
- करोडौंको काम गरे तापनि कम रकमको मात्र कर तिर्ने मानसिकता ।
- वडा र नगरपालिका बीच समन्वय र पर्याप्त सञ्चार नभएको ।
- अन्य संस्थाहरूको समन्वय नरहेको, भारो टार्ने काम मात्र भइरहेको ।
- Source force मा काम गर्ने नीति, समन्वयको कमिले गर्दा विभिन्न बाधाहरू देखिएको हालको अवस्था
- संस्थागत रूपमा एकत्रित नभएको ।
- जन सहभागिता र समन्वयको कमी सम्पूर्ण पक्षहरू बीच तालमेल नहुनु ।
- स्पष्ट Planning नीतिको तर्जुमा हुनु पर्ने ।
- दलका नेताहरू आफ्नै आफ्नै बसेर जस्तो पायो त्यस्तै कार्यक्रम पास गरेको, स्थानीय जनताहरूलाई थाहै नदिई कार्यक्रम तर्जुमा र पास गर्ने प्रवित्ति ।
- निर्माण र Planning लाई प्रक्रियागत रूपमा लैजानु पर्ने ।

**वडा नं ६ मा रहेका संस्थागत समस्याहरू**

- बढी चाप भएकोले वडा विभाजन गर्नु पर्ने ।
- जन्म दर्ता, विवाह दर्ता, बसाई-सराई, चार किल्ला प्रमाणित जस्ता सानातिना कामहरूको जिम्मा वडा स्तरमा हुनुपर्ने ।
- वडाको कार्यालय सुविधा सम्पन्न हुनु पर्ने ।
- विकेन्द्रिकृत नियमको लागु भए तापनि हाल सम्म पनि केन्द्रीकृत रूपमा नै कामहरू भएको ।
- विकेन्द्रिकरणको आधारमा वडाले सुविधा पाउनुपर्ने ।
- वडा ठूलो भए तापनि नगरपालिकाले कुनै वास्ता नगरेको ।
- समाजमा रहेको सङ्घ-सस्थाहरूसँग वडाको समन्वय नभएको ।
- स्थानीय नियम कानुनको अभाव देखिएको ।
- नीति नियमको तालमेल नभएको ।
- नगरपालिकाको बजेट न्यून भएको, उपलब्धि मूलक कार्यमा लगानी नभएको ।
- बजेट उपभोक्ता सम्म पुग्नु आवश्यक रहेको ।
- मापदण्ड विपरीत भएको कार्य ।
- नगरपालिकाले सञ्चालन गर्ने तालिम कार्यक्रमहरू देखाउनको लागि मात्र भएको ।
- नगरपालिकाको Vision Clear नभएको ।

**वडा नं ७ मा रहेका संस्थागत समस्याहरू**

- विकेन्द्रीकारणको ठूलो समस्या रहेको, कार्यक्रम बारे जानकारी नहुने, स्थानीय समिती १/२ वटा रहेको, कार्यक्रम कार्यान्वियन नहुने र जनसहभागिता कम हुने, नकारात्मक सोचाइ धेरै रहेको नीति तथा कार्यक्रम कार्यान्वियनमा तालमेल नमिलेको, नीतिको बारेमा जनकारी नरहेको ।
- आवासीय क्षेत्र व्यवस्थित गर्न कडा नीति नियम तर्जुमा गर्नु पर्ने ।

**वडा नं ८ मा रहेका संस्थागत समस्याहरू**

- नगरपालिकाले सम्पूर्ण वडास्तरीय कामहरू वडालाई नै जिम्मा दिनु पर्ने ।

- सामाजिक विकासका कार्यहरू वडाबाट हुनु पर्ने ।
- नगरपालिकाले गर्ने सामान्य सिफारिसहरू वडालाई जिम्मा दिनु पर्ने ।
- पिछलो नीति नियमले गर्दा विकेन्द्रीकरण एउटा समस्याको रूपमा देखा परेको ।
- वडा कार्यालयले सम्पूर्ण वडाबासीहरूको रेकर्ड राख्नु पर्ने ।
- वडाले प्राथमिकताको तथा आवश्यकताको आधारमा मात्र योजना तर्जुमा गर्नु पर्नेमा सो नभएको ।
- वडामा निर्माण तथा अनुगमन समिति बनाउने र सो समितिमा सबै क्षेत्रलाई प्रतिनिधित्व गराउने ।
- वडामा काम गर्ने क्लबहरू द्वन्द्व कालमा हटेको ।
- नीति तर्जुमा गर्ने तर कार्यान्वयन नहुने नियतिले गर्दा वडा कार्यालयले पहल गर्दा पनि जनसहभागितामा कमी रहेको ।
- नीति र कार्यक्रम बीच तालमेल नभएको हुनाले सन्तुलित नीतिको अभाव देखिएको ।
- नगरपालिकामा दीर्घकालीन योजनाको कमी रहेको ।
- वडाको विकासको लागि सबै टोलमा सर्वदलीय समितिहरू गठन गरी विकास निर्माणको कार्यलाई निरन्तरता दिने

**वडा नं ९ मा रहेका संस्थागत समस्याहरू**

- नाता प्रमाणित, चार किल्ला सिफारिस, बजेट वडामै हुनु पर्ने ।

**वडा नं १० मा रहेका संस्थागत समस्याहरू**

- पञ्जिकाधिकारीको कामहरू सबै वडा स्तरबाट हुनु पर्ने ।
- चिम, फयुज आदि परिवर्तन गर्ने कार्यहरू वडाबाट नै हुनु पर्ने ।
- वडा आर्थिक रूपले सहभागि हुन नसकेको ।
- योजनाहरू निकै तर्जुमा भए तापनि कार्यान्वयन नभएको ।
- कर्मचारीको मनोमानीले गर्दा नीति तथा नियम तर्जुमामा तालमेल नमिलेको ।

**वडा नं ११ मा रहेका संस्थागत समस्याहरू**

- वडा समिति कार्यालयको जग्गामा वृक्षारोपण गरी पार्क निर्माण गर्ने ।
- वडा ११ मा बजेट निर्धारण नभएको ।
- विकास र योजना बारे केही पहल नगरिएको, भएता पनि पारदर्शी नभएको ।
- नीति तथा कार्यक्रम बीच तालमेल नभएको
- ठोस रूपमा कुनै कार्यक्रम नआएको ।

**वडा नं १२ मा रहेका संस्थागत समस्याहरू**

- वडा कार्यालय व्यवस्थित नभएको ।
- वडा कार्यालयको बजेट निर्धारण नभएको ।
- वडा कार्यालयमा सञ्चारको व्यवस्था नभएको ।
- वडा कार्यालयको नगरपालिका तथा अन्य स्थानीय सङ्घ-सस्थाहरूसँग समन्वय नरहेको ।
- एक कार्यालयको अर्को कार्यालयसँग Co-ordination नरहेको ।
- पेसाले गर्दा जन-सहभागितामा कमी ।
- विकाससँग सम्बन्धित छलफलहरू छलफलमा मात्र सिमित रहेको अवस्था ।
- कार्यान्वयनमा कुनै पनि निकाय अग्रसर नदेखिएको ।
- नीति मात्र बन्ने, त्यसको कार्यान्वयन नहुनु । कार्यान्वयनको लागि स्थानीय निकाय नरहेको ।

**वडा नं १३ मा रहेका संस्थागत समस्याहरू**

- हातमुख जोर्ने समस्याले गर्दा जनसहभागिता न्यून रहेको ।
- योजनाहरू कागजमा मात्र सिमित रहेको कार्यान्वयन नभएको, मूल्याङ्कनको पनि कमी भएको ।

### संस्थागत समस्याहरूको प्राथमिकीकरण

| क्र.सं. | शीर्षक | वडा नं. | | | | | | | | | | | | | जम्मा वडा सङ्ख्या | स्तरण भार |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | | |
| | **संस्थागत समस्या** | | | | | | | | | | | | | | | |
| १ | विकेन्द्रीकरण | | (३) | (१) | (२) | (१) | (१) | (१) | (१) | (१) | (१) | (३) | (१) | | ११ | **४७** |
| २ | विभिन्न सङ्घ-संस्थाहरू बीच समन्वय | | (४) | (२) | | | | | (४) | (३) | | | (३) | (१) | ६ | **१३** |
| ३ | जन-सहभागिता | (२) | (१) | (३) | (१) | (२) | (२) | (२) | (३) | | (३) | (२) | (२) | (३) | १२ | **३४** |
| ४ | नीति/कार्यक्रम बीच तालमेल | (१) | (२) | (४) | | (३) | (३) | | (२) | (२) | (२) | (१) | (४) | (२) | ११ | **२९** |
| | जम्मा शीर्षक सङ्ख्या | २ | ४ | ४ | २ | ३ | ३ | २ | ४ | ३ | ३ | ३ | ४ | ३ | | |

*नोट : (१) प्रथम प्राथमिकतामा परेको (२), (३), (४), (५) क्रमशः प्राथमिकता घट्दै गएको ।*

माथिको तालिकामा देखिएको स्तरण भार अनुसार संस्थागत समस्याहरूको प्राथमिकीकरणमा विकेन्द्रीकरण, जन सहभागिता, नीति कार्यक्रम बीच तालमेल र विभिन्न सङ्घसंस्था बीच समन्वय क्रमशः पहिलो, दोस्रो, तेस्रो र चौथो स्थानमा रहेको देखियो ।

## ३.३.१.५ जोखिम व्यवस्थापनका समस्याहरू

....

### वडा नं १ मा रहेका जोखिम व्यवस्थापनका समस्याहरू

- आगजनीको समस्या रहेको ।
- बर्सातको पानीले गर्दा डुबान हुने,
- सवरी साधनको चापले गर्दा दुर्घटना हुने, बसपार्क व्यवस्थित गर्नु पर्ने ।
- सडकहरू खुल्ला हुनु पर्ने र पार्किङको उचित व्यवस्था हुनु पर्ने

### वडा नं २ मा रहेका जोखिम व्यवस्थापनका समस्याहरू

- डन्डा खोलामा बाढीको समस्या ।
- आगजनीको समस्या गर्मी याममा विशेष रहेको ।

### वडा नं ३ मा रहेका जोखिम व्यवस्थापनका समस्याहरू

- बाढीको समस्या ।
- डन्डा खोलाले दरखसवा गाउँमा कटान गरेको ।

- सडक दुर्घटनाको समस्या, Driving License दिँदा कडाइ गरिनु पर्ने ।
- भरतीय विद्यार्थीद्वारा अत्यधिक गतिमा सवारी साधन चलाउने र सडक दुर्घटना हुने ।
- ट्राफिक नियमको उचित पालना नभएको, बाटो साँगुरो भएको ।
- दरखसवामा प्रा. वि विद्यालयको बीचबाट बाटो गएकोले बालबच्चाहरू सडक पार गर्दा दुर्घटना हुने सम्भावना व्यापक भएको ।

**वडा नं ४ मा रहेका जोखिम व्यवस्थापनका समस्याहरू**

- दोगरा, पिपरहवा, खण्डामा आगजानीको समस्या ।
- समसान घाटमा नदी कटानको समस्या ।
- सडक दुर्घटना बढी देखिएको ।
- मुख्य कारणमा बाटो साँगुरो रहेको ।

**वडा नं ५ मा रहेका जोखिम व्यवस्थापनका समस्याहरू**

- आगजनीको समस्या रहेको ।
- मैत्री पथ र बैंक रोड डुबानमा नपर्ने बाँकी अन्य क्षेत्र वर्षाको समयमा डुबानमा पर्ने ।
- parking क्षेत्रको अभावले गर्दा दुर्घटना हुने ।

**वडा नं ६ मा रहेका जोखिम व्यवस्थापनका समस्याहरू**

- गुरुयोजनाको अभावमा डुबान, आगजनी जस्ता समस्याहरू देखा परेको ।

**वडा नं ७ मा रहेका जोखिम व्यवस्थापनका समस्याहरू**

- आकाशे पानी तथा नालाको पानीबाट डुबानको समस्या

**वडा नं ८ मा रहेका जोखिम व्यवस्थापनका समस्याहरू**

- ढल अव्यवस्थित भएकोले डुबानको समस्या रहेको ।
- विद्युत्का तारहरू खुल्ला रूपमा भएको तथा उचाइ कम भएकोले तार दुर्घटना बढी भएको ।
- ट्राफिक नियमको पालना नगर्दा सवारी दुर्घटना भएको ।
- बुद्ध चोकमा ट्राफिक लाइटको अभाव रहेको ।

**वडा नं ९ मा रहेका जोखिम व्यवस्थापनका समस्याहरू**

- गोनहियामा डुबानको समस्या रहेको ।
- अञ्चलपुरमा डुबानको समस्या रहेको ।
- गोनहियामा नदी कटानको समस्या रहेको ।
- सडक दुर्घटनाको समस्या रहेको

**वडा नं १० मा रहेका जोखिम व्यवस्थापनका समस्याहरू**

- ढल अव्यवस्थित भएकोले डुबानको समस्या रहेको ।
- आकाशे पानी तथा नालाको पानीबाट डुबानको समस्या

**वडा नं ११ मा रहेका जोखिम व्यवस्थापनका समस्याहरू**

- आगजनीको समस्या रहेको ।

**वडा नं १२ मा रहेका जोखिम व्यवस्थापनका समस्याहरू**

- डन्डा खोलाको पुर्वी भाग वर्षेनी डुबानमा पर्ने । करिब ३००-४०० बिगाहा जमिन वर्षेनी डुबानमा पर्ने ।
- राजमार्ग, वसन्त पथ टोल, कालिका पथ टोलमा ट्राफिकको कमीले गर्दा र बाटोको मोडहरू सानो भएको हुनाले धेरै दुर्घटना हुने गरेको ।

## वडा नं १३ मा रहेका जोखिम व्यवस्थापनका समस्याहरू

- रोहिनी नदी र डन्डा खोलाबाट बाढीको सम्भावना
- नदी कटानले गर्दा सूर्य पथ प्रभावित भएको
- ट्राफिक नियम पालना नगर्नाले दुर्घटनाको समस्या

### समस्या प्राथमिकीकरण

| क्र.सं. | शीर्षक | वडा नं. | | | | | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | वडा सङ्ख्या |
| | **जोखिम व्यवस्थापन** | | | | | | | | | | | | | | |
| १ | बाढी/पहिरो | | (१) | | | | | | | | | (३) | | | **२** |
| २ | आगजनी | (४) | (३) | (२) | (२) | (१) | (२) | (२) | (३) | (४) | | (१) | | | **१०** |
| ३ | डुबान | (१) | | (३) | (१) | (२) | (१) | (१) | (१) | (२) | | (२) | (१) | (१) | **११** |
| ४ | नदी कटान | (३) | (२) | (१) | | | | | | (३) | | | | (२) | **५** |
| ५ | भूकम्प | (२) | (४) | (४) | | | | (३) | | | | | | | **४** |
| ६ | दुर्घटना | | | | (३) | (३) | (३) | | (२) | (१) | | | (२) | (३) | **७** |

*नोट : (१) प्रथम प्राथमिकतामा परेको (२), (३), (४), (५) क्रमश: प्राथमिकता घट्दै गएको ।*

माथि उल्लिखित विषयहरूलाई समष्टिगत रूपमा निम्नलिखित तालिकामा देखाउन सकिन्छ :

**तालिका नं. ३.२ : स्तरण भारअनुसार समस्याहरूको प्राथमिकीकरण**

| क्र. सं. | शीर्षक | स्तरण भार | विषयगत क्षेत्र |
|---|---|---|---|
| १ | ढल | १३७ | भौतिक |
| २ | सडक | १३४ | भौतिक |
| ३ | शिक्षा | १०५ | सामाजिक |
| ४ | जन-स्वास्थ | ९८ | सामाजिक |
| ५ | फोहर-मैला व्यवस्थापन | ९० | वातावरण |
| ६ | खानेपानी | ८४ | भौतिक |
| ७ | दुर्व्यसन | ८० | सामाजिक |

| | | | |
|---|---|---|---|
| ८ | रोजगारीको अवसर | ७३ | आर्थिक |
| ९ | खेलकुद | ७१ | सामाजिक |
| १० | सार्वजनिक शौचालय | ६७ | भौतिक |
| ११ | यातायात | ६५ | भौतिक |
| १२ | गरिबी न्यूनीकरण | ६५ | आर्थिक |
| १३ | विद्युत् | ५८ | भौतिक |
| १४ | सिँचाइ | ५३ | भौतिक |
| १५ | व्यवस्थित वधशाला | ५३ | वातावरण |
| १६ | विकेन्द्रीकरण | ४७ | संस्थागत |
| १७ | हरित क्षेत्र/पार्कको अभाव | ४६ | वातावरण |
| १८ | कृषि विकास | ४४ | आर्थिक |
| १९ | खाद्य असुरक्षा | ४० | सामाजिक |
| २० | व्यापार विकास | ३८ | आर्थिक |
| २१ | बालउद्यान | ३५ | भौतिक |
| २२ | जन-सहभागिता | ३४ | संस्थागत |
| २३ | सांस्कृतिक | ३३ | सामाजिक |
| २४ | महिला/बालबालिका शोषण | ३२ | सामाजिक |
| २५ | Landfill site | २९ | वातावरण |
| २६ | नीति/कार्यक्रम बीच तालमेल | २९ | संस्थागत |
| २७ | सामाजिक सुरक्षा | २६ | सामाजिक |
| २८ | पर्यटन विकास | २५ | आर्थिक |
| २९ | हावा/पानी/ध्वनि प्रदूषण | २३ | वातावरण |
| ३० | ट्रक टर्मिनल | २० | भौतिक |
| ३१ | कीटनाशक औषधी | १७ | वातावरण |
| ३२ | जातीय छुवाछुत | १४ | सामाजिक |
| ३३ | विभिन्न सङ्घ-संस्थाहरू बीच समन्वय | १३ | संस्थागत |
| ३४ | वैकल्पिक उर्जा | १२ | भौतिक |
| ३५ | सहरी ग्रामीण अन्तर्सम्बन्ध | १२ | आर्थिक |

| | | | |
|---|---|---|---|
| ३६ | साम्प्रदायिक हिंसा | ८ | सामाजिक |
| ३७ | दूरसञ्चार | ५ | भौतिक |
| ३८ | साना तथा मभ्कौला व्यापार उत्थान | ४ | आर्थिक |

समष्टिगत रूपमा हेर्दा सिद्धार्थनगर नगरपालिकाको प्राथमिकतामा परेको समस्या ढल, सडक, शिक्षा, जन स्वास्थ्य, फोहर-मैला व्यवस्थापन र खानेपानी हो । अन्य क्षेत्रहरूको प्राथमिकता तालिकाबाट स्पष्ट देखिरहेको छ । स्मरणीय छ, उपर्युक्त तालिकाको निर्माण वडाभेला गर्दा उपस्थित भएका सहभागीहरूले प्राथमिकीकरण गर्दा औंल्याएका समस्याहरूको आधारमा तयार गरिएको हो । योजना छनौट गर्दा कुनै एउटा वा दुईवटा विषयगत क्षेत्रमा मात्र लगानी नगरी भौतिक, वातावरण, आर्थिक, सामाजिक, संस्थागत सबै क्षेत्रलाई समेट्न सके मात्र नगरपालिकाको समग्र विकास हुन सक्ने कुरा समेत हेक्का राख्न जरुरी छ । वास्तवमा यी विषयहरू एक अर्कोसँग अन्तर्सम्बन्धित हुन्छन् ।

## ३.३.२ नगर विकासका लागि सबल पक्ष, चुनौती, अवसर र सम्भावना

### सबल पक्ष

सिद्धार्थ नगरपालिकाको भौतिक विकासका लागि केही सबल पक्ष पनि छन् । विशेष गरी हालसम्म यो रूपन्देही जिल्लाको प्रशासनिक सदरमुकामको रूपमा रहेको र जिल्ला प्रशासन कार्यालय, सहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय, मालपोत, जिल्ला सिँचाइ जस्ता जिल्लाको महत्वपूर्ण सरकारी कार्यालयहरू यहाँ अवस्थित भएकोले प्रशासनिक कामको सिलसिलामा रूपन्देही जिल्लाका अन्य गा.वि.स.हरूबाट समेत मानिसहरूको ओहोरदोहर हुने भइरहेको छ । यसले पनि प्रत्यक्ष अप्रत्यक्ष रूपमा आर्थिक गतिविधिहरूलाई पृष्ठपोषण गरिरहेको देखिन्छ ।

त्यस्तै, भैरहवा एयरपोर्ट तथा सिद्धार्थ राजमार्ग र भारतको बेलहिया नाकासँगको प्रत्यक्ष भू सम्पर्कले यसको आन्तरिक, राष्ट्रिय र छिमेकी राष्ट्रसँगको सबल यातायात सम्बन्ध र सरल पहुँचलाई दर्साइरहेको छ । गौतम बुद्धको जन्मस्थल लुम्बिनीको प्रवेशद्वारको रूपमा यस नगरपालिकाको उपयोग भइरहेको छ । यहाँ अवस्थित मेडिकल कलेज, रण अम्बिका अस्पतालले पनि यसको क्षेत्रिय महत्व स्थापित गरेको छ । त्यस्तै हाटबजार, देशकै दोस्रो ठूलो भन्सारको रूपमा भैरहवा भन्सार नाका अनि गल्लामन्डीले यसको व्यापारिक सम्भावनालाई इङ्गित गरिरहेको छ ।

समथर भू-बनोट र त्यसलाई छिचोल्दै बग्ने दुईवटा मुख्य खोलाहरूले पूर्वाधार विकास र बस्ती बिस्तारलाई सरल बनाइरहेको छ । यसको साथै यहाँको मिश्रित जनसङ्ख्या र सामाजिक सद्भाव पनि एउटा सबल पक्षकै रूपमा रहेको छ, जसको कारण विगतमा तराईका जिल्लामा देखिएको जातीय तनावले यहाँ खासै क्षति हुन पाएन ।

### चुनौती

सिद्धार्थनगर नगरपालिकाको विकास गरी आगामी दिनहरूमा सि.न.पा.लाई पर्यटन, उद्योग, व्यापार र शिक्षाको केन्द्रका रूपमा स्थापित गर्नका लागि धेरै बाधाअड्चनहरू पार गर्नु पर्ने देखिन्छ । यहाँको आर्थिक, सामाजिक तथा भौतिक विकासका लागि धेरै चुनौतीहरू छन् ।

भैरहवा भन्सारलाई देशकै दोस्रो ठूलो भन्सारको चित्रित भए पनि विगतमा देखिएको व्यापारिक मन्दि र निरन्तर घट्दो उत्पादकत्व, गिटी माटो निकाशीमा लागेको प्रतिबन्ध आदिको कारण खस्कदो निर्यात व्यापारले गर्दा आर्थिक गतिविधिमा यसको राष्ट्रिय हिस्सा घट्दो छ । सहरीकरण सँगै घट्दो कृषि भूमि र भएका जमिनमा पनि व्यावसायिक कृषि उत्पादन हुन सकेको छैन । भारतसँगको खुल्ला सिमाना तथा सिमाना पारीको भारतीय बजारको बढ्दो प्रभावले स्थानीय बजार सुक्दै जानु र दैनिक आवश्यकताका सामानमा समेत बढ्दो परनिर्भरताले यहाँको आर्थिक व्यापारिक कारोबार धाराशायी बन्दै गएको तितो यथार्थ पनि छ ।

समथर भूमि सडक सुविधा र बस्ती विस्तारका दृष्टिले सुविधाजनक भएपनि बर्षे पानीको प्राकृतिक निकास र ढल सञ्जाल निर्माणका दृष्टिले चुनौतीपूर्ण रहिआएको छ । उचित भू-उपयोग योजना (Land use plan) नगरीकन पर्याप्त

पूर्वाधार बिना जहाँ पायो त्यहाँ हुन थालेको निजी प्लानिङ र जग्गाको बढ्दो कारोबारले सहरीकरणमा एक किसिमले उच्छृङ्खलता बढाउँदै लगेको देखिन्छ । Sprawled Development सँगसँगै सार्वजनिक जग्गा, बाटो र नाली अतिक्रमण अनि न्यून गुणस्तरको पूर्वाधारले सहरी जग्गा व्यवस्थापन (Urban Land management) मा थप चुनौतिपूर्ण बनाउँदै लगेको छ ।

## अवसर र सम्भावना (Opportunities)

सिद्धार्थनगर नगरपालिकामा भावी विकास सम्भावनाका दृष्टिले देखिएका अवसरहरूलाई निम्नअनुसार उल्लेख गर्न सकिन्छ :

### १. निर्यात प्रवर्धन क्षेत्र (Export Promotion Zone) :

भैरहवा भन्सारबाट भारत र भारतको नाका भएर अन्य स्थानमा निर्यात गरिने सामानहरूको अस्थायी भण्डारण, सुरक्षा र अन्य सुविधा सहित निर्यात प्रवर्धन क्षेत्र प्रस्तावित भइरहेको सन्दर्भमा सो निर्माण भएमा थप आर्थिक क्रियाकलापहरू यहाँ मौलाउने देखिन्छ । यसबाट भौतिक निर्माण र सुधारमा थप लगानी भित्रिने पनि निश्चित छ ।

### २. पश्चिमाञ्चल बसपार्क :

नेपालको काठमाडौँ र पूर्वाञ्चल क्षेत्रबाट पश्चिम नेपाल जाने गाडीहरूको **Transit station** को रूपमा भैरहवामा प्रस्तावित पश्चिमाञ्चल बसपार्क अहिले चर्चामा छ । सो बसपार्क निर्माण भएपछि भू-मार्गबाट पश्चिम नेपाल जाने यात्रुहरू यहाँ अस्थायी विश्रामपछि मात्रै आफ्नो गन्तव्यमा जाने भएकोले यहाँ मानिस र गाडीहरूको ओहरदोहर र चहलपहल बढ्न गई थप आर्थिक गतिविधिहरू पनि सँगसँगै ल्याउने छ र यस ठाउँप्रति राष्ट्रिय चासो समेत बढ्न जाने देखिन्छ ।

### ३. औद्योगिक करिडोर (Industrial corridore) मार्ग:

काली गण्डकी किनार हुँदै पाल्पा मुस्ताङसम्म पुग्ने औद्योगिक करिडोर चर्चामा आए अनुसार निर्माण हुने भएमा त्यो भारत र चिन जोड्ने **Trade transit** को रूपमा विकास हुने देखिन्छ । त्यस अवस्थामा भैरहवाले पनि प्रत्यक्ष र अप्रत्यक्ष रूपमा थुप्रै फाइदा पाउन सक्ने सम्भावना छ ।

### ४. बौद्ध विश्व विद्यालय र सङ्ग्रहालय

सिद्धार्थनगर नगरपालिका लुम्बिनी, तिलौराकोट, रामग्राम, देवदह जस्ता विश्व प्रसिद्ध बौद्ध धर्मको पवित्र ऐतिहासिक स्थलहरूको बीचमा अवस्थित छ । यही स्थानगत विशेषता (Locational Benefit) र विकासका लागि पर्याप्त स्थान भएकोले बौद्ध विश्वविद्यालय र सङ्ग्रहालयको सम्भावित स्थलको रूपमा पनि चर्चामा छ । लुम्बिनीको प्रवेशद्वारको रूपमा रहेको यो नगरपालिका उल्लिखित बौद्ध विश्वविद्यालय र सङ्ग्रहालयको निर्माण भएपछि बौद्ध शिक्षा र दर्शनका लागि आउने राष्ट्रिय अन्तर्राष्ट्रिय पर्यटक, अन्वेषकहरूको लागि महत्वपूर्ण स्थानको रूपमा विकास हुने देखिन्छ ।

### ५. विकासका लागि प्रशस्त भूमि

सिद्धार्थनगर नगरपालिकामा विकास निर्माणको कार्य गर्न प्रशस्त जमिन उपलब्ध छ । यहाँ रहेका खाली जग्गामा स्थानीय हावापानी सुहाउँदो व्यावसायिक कृषि उत्पादन गर्न सके स्थानीय रोजगारी र जीवनस्तर बढ्ने देखिन्छ । त्यसै गरी व्यवस्थित आवास योजना पनि सहजै कार्यान्वयन गर्न सकिन्छ ।

## ३.३.३ वर्तमानका नीति तथा कार्यक्रमहरू

पश्चिमाञ्चल विकास क्षेत्र, लुम्बिनी अञ्चल, रूपन्देही जिल्लाको सदरमुकाम एवम् स्थल मार्गबाट प्रवेश गर्ने पर्यटकहरूको मुख्य प्रवेशद्वारको रूपमा रहेको सिद्धार्थनगर नगरपालिका २०२४ सालमा स्थापित भएको र नगरपालिका क्षेत्रभित्र अधिकांश ग्रामीण बस्तीहरू रहेको हुँदा चाहेअनुसार विकास तथा पूर्वाधारहरू निर्माण हुन सकिरहेको छैन । जनचेतनाको कमी, सीमित साधन स्रोतको बाबजुद कसरी परिचालन गरेमा जनआकाङ्क्षा केही हदसम्म भए पनि पूरा हुन सक्छ । यिनै मूलभूत कुराहरूलाई आधार बनाई र नयाँ नेपालको परिकल्पना साकार बनाउन राजनीतिक दल,

नागरिक समाज, निजी क्षेत्र, बौद्धिक व्यक्तित्व एवम् निजी क्षेत्रका सुझावबाट विकासका समग्र क्रियाकलापलाई अगाडि बढाउन जनचाहनाअनुसारको सुशासनको प्रत्याभूति दिलाउन र पारदर्शी बनाउने उद्देश्यलाई अगाडि बढाउन र विगतका परिषद्ले मार्गदर्शन गरेका नीति तथा कार्यक्रमलाई आत्मसात् गरी आर्थिक वर्ष २०६७/०६८को लागि निम्नलिखित नीति तथा कार्यक्रम निर्धारण गरेको छ :

१. सार्वभौमसत्ता सम्पन्न जनतालाई शासन प्रक्रियामा आधिकारिक मात्रामा सम्मिलित हुने अवसर मिलाई लाभको समान उपयोग गर्न पाउने व्यवस्था लिइएको छ ।

२. योजनाहरूको तर्जुमा र सञ्चालन गर्न आवश्यक जिम्मेवारी र अधिकार स्थानीय स्तरमा नै प्रदान गरी जवाफदेही वहन गर्न सक्ने व्यवस्था गरिने छ ।

३. स्रोत परिचालनको योजनाबद्ध कार्यान्वयन गर्न सकेमात्र राजस्व परिचालन प्रभावकारी हुन सक्ने हुँदा नीजि क्षेत्रसँग साझेदारी गरी राजस्व अभिवृद्धि गर्न सहकार्यको नीति अघि बढाइएको छ ।

४. नगरबासीहरूलाई सेवा प्रदान गर्ने मुख्य निकायको रूपमा नगरपालिका रहेको हुँदा सरल ढङ्गबाट सेवा प्रदान गर्ने पद्धतिको विकास गर्न विभिन्न प्रयास जारी राखिनेछ ।

५. हालको आवश्यकता एवम् जनताहरूको विकासप्रतिको चाहनाअनुसार कार्यक्रमहरू गर्दा आजको अवस्थामा नगरपालिकाको एक्लो प्रयासबाट मात्र लगभग असम्भव हुने हुँदा ६०/४० को जनसहभागिताबाट गर्ने कार्यलाई प्राथमिकता दिइने नीति यथावत् रहेको छ ।

६. नगरपालिकाको प्रशासकीय क्षमता अभिवृद्धि गरी संस्थागत विकास एवम् सुशासनमा आफ्नो सेवालाई प्रभावकारी रूपमा प्रवाह गर्न कार्यालयमा कम्प्युटर प्रविधिको प्रयोगलाई विशेष प्राथमिकता दिइनेछ ।

. सिद्धार्थनगर नगरपालिकाको सङ्गठन तथा विकास (ओ.डी.) दक्ष विशेषज्ञबाट बृहत् रूपमा अध्ययन गरी तयार पारी प्रतिवेदन पेस भइसकेकोले आर्थिक वर्ष २०६७/०६८ देखि कार्यान्वयन गर्ने तथा सङ्गठन अनुसार थप वा पूर्ति गर्नुपर्ने दरबन्दी सङ्गठनभित्रकै जनशक्तिलाई आन्तरिक रूपले परिचालन (मिलान) गर्ने नीति अवलम्बन गर्ने ।

८. नगरपालिकामा आउने सेवाग्राहीलाई छिटो छरितो ढङ्गबाट सेवा प्रवाह गर्न र कर्मचारीलाई बढीभन्दा बढी जनउत्तरदायी बनाउनको लागि प्राविधिक, वारुणयन्त्र, विद्युत्, लेखा शाखा बाहेकका कर्मचारीहरूलाई आगामी आर्थिक वर्षदेखि तुरुन्त लागु हुने गरी अनिवार्य रूपले वर्षमा १ पटक आन्तरिक शाखा र उपशाखामा सरुवा गर्ने । यस कार्यलाई बोर्डबाट एउटा प्रशासनिक समन्वय समिति बनाई सञ्चालन गर्ने ।

९. नगरपालिका शाखा उपशाखा एकाइमा लागु भएका MCPM को मूल्याङ्कनलाई आधार मानी उत्कृष्ट काम गर्नेलाई पुरस्कृत, सम्मान, ग्रेड थप र संस्था र जनताको कामप्रति लापरवाही गर्नेलाई स्पष्टीकरण ग्रेड घटुवा तथा आवश्यकता अनुसार दण्ड, सजाय र पुरस्कारको व्यवस्थालाई कडाइका साथ लागु गर्ने नीति अवलम्बन गर्ने ।

१०. बढुवा सम्बन्धमा योग्यता र कार्यकाल पुगेकालाई स्थानीय स्वायत्त शासन नियमावलीमा व्यवस्था गर्ने र नीति निर्देशकको लागि कार्यक्रम बनाइनेछ ।

११. स्वेच्छिक अवकाशका लागि गोल्डेन हैण्डसेकको नीति तर्जुमा गरी आवश्यक बजेटको व्यवस्था गर्ने र नीति निर्देशनको लागि कार्यक्रम बनाइनेछ ।

१२. नगरपालिकामा कार्यरत बहालवाला कर्मचारी तथा तिनका परिवारहरूलाई न.पा.बाट लिइने कुनै पनि सिफारिसमा लाग्ने शुल्कमा शतप्रतिशत छुट दिने तर घर नक्सा पासमा यो छुट एकपटकको लागि मात्र लागु हुनेछ । परिवार भन्नाले महिलाको हकमा श्रीमान्, पुरुषको हकमा श्रीमती, महिला पुरुष दुवैको हकमा अविवाहित छोरा, छोरी र अविवाहित कर्मचारीको हकमा बाबु, आमा भन्ने बुझ्नु पर्दछ ।

१३. नगरभित्र व्यवसाय गर्ने वापत खानेपानी, विद्युत, टेलिफोन, BBN, केबुल आदिले नगरपालिकाका कर्मचारीलाई सेवामा लाग्ने शुल्कमा १००% छुट सहुलियतका लागि कर्मचारीहरूको बैठक बसी सम्बन्धित निकायमा पहल गर्ने व्यवस्था मिलाउने ।

१४. स्थानीय सरकारी तथा शिक्षण अस्पतालमा नगरपालिकाका कर्मचारी तथा तिनका एकाघरका परिवारहरूलाई औषधी उपचार, भर्ना तथा अपरेसन आदिमा बढीभन्दा बढी छुट सहुलियतका दिनका लागि बोर्डले पहल र अनुरोध गर्ने ।

१५. स्थानीय स्वयत्त शासन ऐन २०५५ तथा स्था. स्वा. शा. नियमावली २०५६ (दोस्रो संसोधन) को परिधिभित्र रही बनाइने विनियम र नगरपालिका सञ्चालन गर्दा आइपर्ने कठिनाइ, बाधा, अडचन आदिलाई फुकाउन ऐन र नियमावलीमा नभएका बुँदालाई समेट्ने गरी विनियम बनाउने ।

१६. स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा (९३) ३ अनुसार कुनै एक सदस्यको संयोजकत्वमा तिन सदस्यीय रहने गरी ऐनमा व्यवस्था भए बमोजिमको समिति गठन गरी समितिको कार्य विवरण तथा समयावधी नगरपालिका बैठकले तोके बमोजिम गर्ने नीति अवलम्बन गरिनेछ ।

१७. नगर क्षेत्रभित्र नगरपालिकाद्वारा सडक पिच निर्माण गर्दा पहिला नाला बनाएर मात्र सडक पिच (कालो पत्रे) निर्माण गर्ने नीति लागु गरिने छ ।

१८. नगरपालिकाबाट सञ्चालन गरिने कुनै पनि योजनाहरू सर्वदलीय संयन्त्र (बोर्डको) को बैठकको निर्णयबाट मात्र योजना तर्जुमा गर्ने र योजना छनौट गर्दा योजनाको आवश्यकता, अनुमानित लागत र त्यसको नक्सा तथा ड्इङ्ग तयार गरिसके पश्चात् मात्र छनौट प्रक्रिया अगाडि बढाउने नीति अवलम्बन गर्ने ।

१९. नगरभित्र १३ वडामा नै ६०/४० को नीतिअनुसार योजनाहरू प्रत्येक वडामा कम्तीमा एउटा योजना हुनु पर्ने कनै वडाबाट योजना नआएमा बोर्डबाट वैकल्पिक व्यवस्था गर्ने ।

२०. कुनै पनि कार्यक्रमबाट योजना सञ्चालन गर्दा स्थानीय जनतालाई समावेश गरी उपभोक्ता समितिको रेखदेख, अनुगमन र सिफारिसमा सञ्चालन गर्नु पर्ने साथै विशेष परिस्थितिमा बोर्ड बैठकको निर्णयानुसार गर्ने ।

२१. योजना सम्पन्न भएको भनी प्राविधिक फाँटबाट लिखित आएपछि योजनाको गुणस्तर आदि हेर्ने र बोर्डबाट गठित योजना जाँचपास समितिले पास गरेपछिमात्र लेखा शाखाले भुक्तानी दिनु पर्ने ।

२२. जनताका प्रत्यक्ष सरोकारका विकास निर्माणमा उपभोक्ता समिति गठन गरी योजना सम्पन्न गर्ने र यस नीतिलाई प्राथमिकता दिने ।

२३. नगरको समग्र विकासका लागि (आर्थिक) सामाजिक, सांस्कृतिक, पर्यटन आदिका बारेमा विज्ञ, अनुभवी, बुद्धिजीवी लगायतको उपस्थितिमा उपलब्धिमूलक २/३ दिने गोष्ठी सञ्चालन गर्ने र यस गोष्ठीको निष्कर्षका आधारमा नगरका योजनाहरू अगाडि बढाउने नीति अवलम्बन गर्ने ।

२४. नगरभित्र रहेका साहित्यिक, सांस्कृतिक, कला, संस्कृति जस्ता संस्थाहरू मार्फत् समग्र कला, संस्कृति र साहित्यिक विकासमा जोड दिने ।

२५. सरकारी क्याम्पस, विद्यालय, स्वास्थ्य चौकी/अस्पताल/मठमन्दिर/सार्वजनिक धर्मशाला आदिमा नक्सा पास गर्दा लाग्ने दस्तुर विगतको नगर परिषद्को नीति अवलम्बन गर्ने ।

२६. नगरपालिका कार्यालयमा सूचना तथा तथ्याङ्क शाखा गठन गरी नगरभित्र भए गरेका र हुने कामलाई दुरुस्त रूपले व्यवस्थित गर्ने ।

२७. नेपाल सरकार माननीय स्थानीय विकास मन्त्री स्तरबाट निर्णय (२०६६/०३/२५ च. नं. ४२७ स्था. वि. मं. ०६५/६६ अनुसार नेपालको अन्तरिम संविधान २०६६ को धारा १३९ (२) को भावनाअनुसार स्थानीय स्वायत्त शासन ऐन २०५५ प्रस्तावनामा र परिभाषामा स्थानीय निकाय सम्बन्धी व्यवस्था भए अनुसार

सिद्धार्थनगर नगरपालिका सञ्चालन गर्न स्थानीय स्वायत्त शासन ऐन २०५५ अनुसार जिम्मेवार बाँडफाँड गरी जनतालाई सेवा प्रदान गर्ने उद्देश्यले संयोजक - उमेश खनाल, सह-संयोजक - दीपक क्षेत्री न्यौपाने/ श्रीमती उमा कापले तथा सदस्यहरूमा बोर्डमा प्रतिनिधित्व गर्ने सम्पूर्ण राजनीतिक दलका प्रतिनिधिहरू रहने गरी नगरस्तरीय समन्वय समिति गठन गर्ने निर्णय गरियो।

२८. उक्त पदहरूमा संयन्त्रका पदाधिकारीहरूको आपसी सहमतिमा गठन हनेछ र संयोजक र उप संयोजकको पदावधि ६/६ महिना हुनेछ । पछि पुन: सहमतिमा नै पूर्ति गरिनेछ ।

२९. वारुणायन्त्रको अधिकांश सेवाप्रवाह ग्रामीण क्षेत्रमा हुने भएको र वारुणायन्त्र सञ्चालनको लागि न.पा.लाई अत्यधिक आर्थिक व्ययभार परेको हुँदा हाल जि.वि.स.बाट वार्षिक रूपमा रु. तीन लाखमात्र प्राप्त भएको हुँदा आगामी वर्षदेखि रु. २५ लाख जि.वि.स.बाट माग गर्ने निर्णय गरियो।

### ३.३.३ विगतका प्रयास र उपलब्धिहरू

नगरको वस्तुस्थिति विवरण, वार्षिक प्रगति समीक्षाका प्रतिवेदनहरू अन्य अध्ययन प्रतिवेदनहरूको सहयोगमा नगरको विकासका लागि नगरपालिकाले गरेको विगत पाँच वर्ष देखिका विकास प्रयासहरूका र प्राप्त उपलब्धिहरूको सङ्क्षिप्त विवरण तयार पारी निम्नानुसारले प्रस्तुत गरिएको छ:

- बजेट तथा कार्यक्रम निर्माण गर्दा नेपाल सरकारको निर्देशानुसार कार्यकारी अधिकृतले नै बोर्ड र परिषद्को क्षेत्राधिकारको विषयमा निर्णय गर्ने भएता पनि सर्वदलीय संयन्त्रको बैठक बसी सम्भव भएसम्म अधिक छलफल गरी सीमित स्रोतको अधिकतम सदुपयोग गर्ने र नगरबासीको अपेक्षालाई व्यवस्थापन गर्न सहमति भएका कार्यक्रमहरू र सोहीअनुसार बजेट विनियोजन गरिएको छ ।

- स्थानीय स्वायत्त शासन ऐनले कल्पना गरेको सहभागितामूलक योजना तर्जुमा प्रक्रिया अवलम्बन गर्दै मागमा आधारित सहभागितामूलक योजना पद्धतिलाई आत्मासात् गर्दै नगरपालिकाभित्रका टोलबस्ती सङ्गठनहरू एवम् स्थानीय सामुदायिक संस्थाबाट माग भई आएका योजनाहरूलाई प्राथमिकता दिई योजना छनौट एवम् रकम विनियोजन गरिएको छ ।

- नगरपालिका भनेको सहर हो भन्ने धारणा रहे तापनि यस नगरपालिकाको अधिकांश भाग करिब ६० प्रतिशतमा कृषि क्रियाकलापहरूलाई निरन्तरता दिइएको छ ।

- प्रायजसो अधिकांश आयोजनाहरू लागत सहभागिताबाट गरिएको हुँदा आयोजना सञ्चालन पनि उपभोक्ता समितिसँग सम्झौता गरी उपभोक्ता समिति मार्फत् गर्ने गरिएको ।

- सार्वजनिक सेवा क्षेत्रको विस्तारले गर्दा सरकार आफैंले सबै काम गर्न सम्भव वा पर्याप्त नहुने भएकोले र गै.स.स. तथा निजी क्षेत्रसँग कार्य गर्न नेपाल सरकारको साझेदारी नीति जारी भइसकेको अवस्था रहेकोले नगर क्षेत्रमा कार्यरत सरकारी निकाय एवम् गै.स.स.सँग साझेदारीमा कार्य गर्ने संस्कारको प्रवर्द्धन गरिएको छ ।

- गत वर्ष तयार गरेका तर सम्पन्न भई नसकेका आयोजना नीति तथा कार्यक्रमलाई निरन्तरता दिँदै करका दरहरूमा सामान्य हेरफेर गरिएको।

- योजना प्रस्ताव गर्दा सार्वजनिक महत्व भएका स्थानीय जनसहभागिता नजुट्ने स्थानमा समेत उच्च प्राथमिकता दिई नगरपालिकाकै सक्रियतामा निर्माण प्रक्रिया अगाडि बढाएको।

- विभिन्न गैरसरकारी संस्थाहरूसँग चेतानामूलक क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्दा गै.स.स. महासङ्घ र स्थानीय टोल विकास संस्थाहरूसँग समन्वय र सहकार्य गरी कार्यक्रम सञ्चालन गरेको।

- नगरपालिकाको प्रगति विवरण र भएका अध्ययनहरूको उपलब्धिहरू सार्वजनिक रूपमा सम्प्रेषण गर्न ब्रोसर तथा सुचनामूलक पुस्तिका तयार गरिएको।

- विकास आयोजनाहरूमा स्थानीय उपभोक्ताहरूलाई अपनत्वको विकास गराई निर्माणमा जनसहभागिता कायम गर्न जोड दिइएको छ ।

- नगरको आफ्नो स्रोत परिचालन गर्ने सन्दर्भमा राजस्व प्रक्षेपण कार्यक्रम मार्फत् सम्भव राजस्व उठाउन कार्य योजना तयार गरी गराई प्रयत्न सुरुवात् गरिएको छ ।

- संस्थाबाट प्रवाह हुने सेवाको गुणस्तर सेवाप्रदायक कर्मचारीको क्षमता, सीप र सङ्गठनको संरचनामा निर्भर हुने भएकोले सङ्गठन विकास अध्ययन कार्यक्रम सम्पन्न गरिएको छ ।

## ३.४. नगर विकासका अग्रणी क्षेत्र

प्रत्येक नगरपालिकाको आआफ्नो महत्व र विशेषता रहेको हुन्छ । साधन र स्रोतको हिसाबले हरेक नगरपालिका एक अर्काबाट फरक हुन्छ । उपलब्ध साधन तथा स्रोत फरक हुनाका कारणले विकासका सम्भावनाहरू समेत फरक-फरक रहेका हुन्छन् । नगरपालिकाले आफ्नो क्षेत्रका विद्यमान विकासका सम्भावना (Potentiality) लाई पहिचान गरी सही परिचालन गरेमा विकासको गति तीव्र हुन गई यसबाट दीर्घकालीन सोच हासिल गर्न मद्दत पुग्ने हुन्छ । विकासका लागि पहिचान गरिने यस्ता क्षेत्र एक वा एकभन्दा बढी पनि हुन सक्छन्, जसलाई अग्रणी क्षेत्र (Lead Sector) भनिन्छ ।

अग्रणी क्षेत्रको पहिचान प्रत्यक्ष रूपमा सम्भावनासँग सम्बन्धित रहने हुनाले यसको निर्धारणका लागि नगरपालिकाको आर्थिक अवस्था, विकासको गति, विकासका सम्भावना आदि पक्षको विस्तृत विश्लेषण गरेर कुन क्षेत्रले के कस्तो भूमिका निर्वाह गरिराखेको छ र भविष्यमा यीमध्ये कुन क्षेत्रले अग्रणी भूमिका खेल्न सक्छ, त्यसको निक्यौल गर्न सि.न.पा.ले सरोकारवालाहरूको व्यापक सहभागितामा कार्यशाला आयोजना गरेको थियो । कार्यशालामा धेरै तर्क र बीचारहरू आएका थिए र त्यसलाई व्यवस्थापन गर्न भेलाकै सहमतिमा एउटा विशेषज्ञ र विद्वान् व्यक्ति संलग्न एउटा कार्यदल गठन भई आएका तर्क र विचारलाई नगरको दीर्घकालीन विकासलाई टेवा पुग्ने दृष्टिकोणले निम्नअनुसारका अग्रणी क्षेत्रको पहिचान भएको थियो :

**तालिका नं. ३.३ : अग्रणी क्षेत्रहरू तथा विश्लेषण**

| | |
|---|---|
| **पर्यटन** | लुम्बिनीको प्रवेशद्वारको रूपमा पाएको चर्चा, अनि लुम्बिनी, तिलौराकोट, रामग्राम, देवदह जस्ता विश्व प्रसिद्ध बौद्ध धर्मको पवित्र ऐतिहासिक स्थलहरूको बीचमा रहेको कारणले पर्यटकीय बसाइको लागि उपयुक्त स्थानको रूपमा यस नगरपालिकालाई हेरिएको छ । विशेष गरी भैरहवा भन्सारको नाका र सिद्धार्थ राजमार्गको बाटो भएर लुम्बिनी आउने र जाने भारतीय तथा गैरभारतीय पर्यटक बोक्ने गाडीहरूबाट नगरपालिकाले उठाउँदै आएको दस्तुर नगरपालिकाको एउटा आयस्रोत समेत बन्दै आएको छ । आवश्यक पूर्वाधार सहित व्यवस्थित गर्न सके नगरको विकासमा एउटा भरपर्दो आधार बन्न सक्छ । |
| **उद्योग** | सिद्धार्थनगरमा विशेष गरी गल्लामन्डीमा केही उद्योगहरू सञ्चालनमा छ । यसको साथै सिमाना जोडिएका छिमेकी गाविसहरूमा विभिन्न उद्योग र कारखाना सञ्चालनमा छ । राष्ट्रिय राजमार्ग सिद्धार्थ राजमार्ग यसै नगरपालिकामा रहेको र अन्य पूर्वाधार समेत सजिलै उपलब्ध गराउन सकिने स्थानगत विशेषताले गर्दा उपयुक्त औद्योगिक नीति ल्याउन सके थप उद्योगहरू यस क्षेत्रमा आकर्षित हुने देखिन्छ । साथै कार्यशालामा २५ बर्से भिजनका क्रममा व्यक्त विचार अनुसार सिद्धार्थ नगरपालिकालाई छिमेकी गाविसहरू मिलाएर उपमहानगरपालिका बनाउन सकेमा यसको औद्योगिक क्षमता अफ बढ्ने देखिन्छ । |
| | भैरहवा भन्सार कार्यालय र त्यस क्षेत्रमा निर्मित सुख्खा बन्दरगाह (Dry Port) यस रहेकोले सिद्धार्थनगरपालिका देशकै एउटा प्रमुख व्यापारिक नाकाको रूपमा रहेको छ । राष्ट्रिय राजमार्गबाट देशका अन्य भागसँग प्रत्यक्ष सम्पर्क भएकोले व्यापारिक गतिविधिहरू यहाँ |

| | |
|---|---|
| **व्यापार** | आकर्षित हुन्छन् । |
| **शिक्षा** | यस नगरपालिकामा रहेको मेडिकल कलेज (युनिवर्सल कलेज अफ मेडिकल साइन्सेज) मा देशभित्र र बाहिरबाट विद्यार्थीहरूलाई MBBS र MD समेतको स्वास्थ्य शिक्षा प्रदान गरिँदै आएको छ । चर्चामा रहेको बौद्ध विश्वविद्यालय समेत यसै नगरमा निर्माण भएमा यसको शैक्षिक कीर्ति राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा अझ विस्तार हुने देखिन्छ । |

यी अग्रणी क्षेत्रहरूका सबल र दुर्बल पक्ष एवम् अवसर र चुनौतीहरूलाई तालिका नं. ३.४ मा प्रस्तुत गरिएको छ :

**तालिका नं. ३.४ : अग्रणी क्षेत्रहरूसँग सम्बन्धित सबल र दुर्बल पक्ष एवम् अवसर र चुनौतीहरू**

| क्र.सं. | अग्रणी क्षेत्र | सहायक क्षेत्र | प्रमाणित गर्ने आधार | सबल/दुर्बल पक्ष | अवसरहरू/चुनौतीहरू |
|---|---|---|---|---|---|
| १ | पर्यटन | - होटल व्यवसाय | - भैरहवा एयरपोर्टबाट आउने बाह्य पर्यटक<br><br>- बौद्ध धर्मसँग सम्बन्धित अन्य ऐतिहासिक स्थलहरू रामग्राम, देवदह, तिलौराकोटहरूको बीचमा रहेको<br><br>- भैरहवा भारतको बेलहिया बाट भैरहवा भन्सारको नाका हुँदै भारतीय र गैह्र भारतीय पर्यटकहरूको प्रवेश भई आएको | **सबल पक्ष :**<br><br>- एयरपोर्ट<br><br>- लुम्बिनीको प्रवेशद्वारको रूपमा उपयोग<br><br>- सिद्धार्थ राजमार्ग<br><br>- होटेल र लजको स्थापना भएको | **अवसरहरू :**<br><br>- पर्यटकको अन्तिम गन्तव्य स्थल बन्न सक्ने<br><br>- प्रस्तावित पश्चिमाचल बसपार्क बनेको अवस्थामा आवागमन बढ्न सक्ने ।<br><br>- बौद्ध विश्वविद्यालयको प्रस्तावित स्थलहरूमध्ये भैरहवा एक स्थान |
| | | | | दुर्बल पक्ष :<br><br>- पर्यटन पूर्वाधारको कमी<br><br>- प्रचार-प्रसारको कमी<br><br>- गरम हावापानी<br><br>- वातावरणीय सरसफाइको कमी | चुनौतीहरू :<br><br>- लुम्बिनीमै सम्पूर्ण पर्यटकीय पूर्वाधार तयार भई स्तरीय होटल सञ्चालन भई लुम्बिनी प्रवेशको लागि अन्य वैकल्पिक मार्ग प्रचलनमा आए पर्यटकीय आवागमन प्रभावित हुने । |
| २. | उद्योग | -व्यापार व्यावसाय<br><br>-कुटिर उद्योग | - नगरपालिका वरपर खोलिएका विविध उद्योगहरू<br><br>- राजमार्ग सहितका सडकबाट देशका अन्य भागहरूमा सजिलै स्थल तथा हवाई सम्पर्क<br><br>- पूर्वाधार विकास | सबल पक्ष :<br><br>- सांस्कृतिक विविधता र सम्पन्नता<br><br>- पूर्वाधारको उपलब्धता<br><br>- निजी क्षेत्रको सहभागिता | अवसरहरू :<br><br>- प्रशस्त जमिन भएको<br><br>- उपयुक्त वातावरण उपलब्ध<br><br>- जनशक्ति भएको<br><br>- राजनैतिक स्थिरता भएको<br><br>- नजिकमा ठूला सहरहरू भएको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | - निकासी पैठारी | | - लगानीकर्ता बैंकहरू भएको<br>- भन्सार कार्यालय र भारत नजिक भएकोले कच्चा सामग्री ल्याउन सजिलो हुने |
| | | | | दुर्बल पक्ष :<br>- युवा शक्ति परम्परागत उद्योगमा आकर्षित नभएको<br>- युवा शक्ति विदेश पलायनता | चुनौतीहरू :<br>- वरपरका क्षेत्रहरूले पनि उद्योगमा फड्को मार्न सक्ने<br>- बजारको उपलब्धता हुन नसक्ने<br>- सिमान नजिक भएकोले भारतीय उद्योगसँग प्रतिस्पर्धा गर्नुपर्ने<br>- प्रतिस्पर्धा गर्नुपर्ने ।<br>- वातावरणीय प्रदूषण बढ्ने |
| ३. | व्यापार | - बैंकिङ सेवा<br>- सेक्रेटेरियल सेवा<br>- श्रम रोजगार | - नगरपालिकामा खोलिने पसल, डिपार्टमेन्टल स्टोरका सङ्ख्या<br>- बैंकहरुको सङ्ख्यामा वृद्धि<br>- नगरवासीको आयस्रोतमा वृद्धि | सबल पक्ष :<br>- जिल्ला सदरमुकाम<br>- बैंक तथा अन्य वित्तीय संस्थाहरूको प्रशस्त सङ्ख्या<br>- भन्सार नाका<br>- सडक तथा अन्य पूर्वाधार<br>- सुरक्षा | अवसरहरू :<br>- प्रशस्त जमिन भएको<br>- उपयुक्त वातावरण उपलब्ध<br>- जनशक्ति भएको<br>- राजनैतिक स्थिरता भएको<br>- राजमार्गबाट देशका प्रमुख केन्द्र तथा भारतसँग प्रत्यक्ष सम्पर्क<br>- लगानीकर्ता बैंकहरू भएको |
| | | | | दुर्बल पक्ष :<br>- युवा शक्ति विदेश पलायनता<br>- पुँजीको पर्याप्तता नभएको<br>- व्यापारिक क्षमताको कमी | चुनौतीहरू :<br>- सिमान नजिक भएकोले भारतीय बजारसँग प्रतिस्पर्धा गर्नुपर्ने<br>- प्रतिस्पर्धा गर्नुपर्ने ।<br>- वातावरणीय प्रदूषण बढ्ने |
| ४ | शिक्षा | - सेक्रेटेरियल सेवा<br>- स्वास्थ्य सेवा | - विभिन्न तहे शिक्षा दिने शैक्षिक संस्थाहरू<br>- मेडिकल कलेज<br>- जिल्लाको केन्द्रीय स्थान<br>- साक्षरतामा वृद्धि<br>- रोजगारी स्थिति | सबल पक्ष :<br>- भौतिक पूर्वाधार<br>- राष्ट्रिय प्रतिस्था भएका कलेजहरू समेत भएको<br>- अन्य सहरी सेवाहरू | अवसरहरू :<br>- उपयुक्त वातावरण उपलब्ध<br>- बौद्ध विश्वविद्यालयको सम्भावना |
| | | | | दुर्बल पक्ष :<br>- पर्याप्त जनशक्तिको अभाव | चुनौतीहरू :<br>- भौतिक संरचना निर्माण लगानी आवश्यक |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | - उच्च शिक्षाका लागि राजधानी लगायतका स्थानमा जाने प्रवृति | - अन्य प्रतिस्पर्धा गर्नु पर्ने । |

स्थानीय नगरबासी र स्रोत व्यक्तिसँग भएको अन्तर्क्रियामा र दीघकालीन सोच निर्माण कार्यदलबाट कृषिलाई प्राथमिकतामा नपारे पनि वर्तमान अवस्था कृषिमा संलग्न जनसङ्ख्यालाई दृष्टिगत गर्दा तत्कालीन रूपमा कृषि क्षेत्रलाई पुरै बेवास्ता गर्न सकिने अवस्था छैन ।

## ३.५. भौतिक विकास योजना

### ३.५.१ परिभाषा, उद्देश्य एवम् प्रक्रिया


भौतिक विकास योजना (Physical Develoment Plan) ले नगरको सहरी विकास प्रक्रियालाई योजनाबद्ध तवरले विकास गर्दै लैजान आवश्यक दिशानिर्देश गर्दछ । यस अन्तर्गत सहर कुन क्षेत्रतर्फ विस्तार गर्ने भनी सहरी विस्तार क्षेत्रको निर्धारण, नगरमा उपलब्ध जमिन केकस्ता प्रयोजनको लागि उपभोग गर्न दिने, भू-उपयोग क्षेत्रको निर्धारण गरी सोको नक्सा समेत तयार गरिएको हुन्छ । यसै गरी, सहरी विस्तार क्षेत्र तथा भू-उपयोग क्षेत्रको सफल कार्यान्वयनका लागि पूर्वाधार विकास योजना तथा पूर्वाधार निर्माणका लागि नगरपालिकाका लगानी नीतिहरू (Investment Policies) लगायतका कार्यक्रम तथा विनियमहरूको समेत पहिचान गरिएको हुन्छ । यसै अनुरूप निम्नअनुसारका उद्देश्यहरू प्राप्त हुने गरी भौतिक विकास योजना तर्जुमा गरिएको छ :

**भौतिक विकास योजनाका उद्देश्यहरू**

- विद्यमान पूर्वाधारहरूको अधिकतम उपयोग गर्दै सि.न.पा.को भौगोलिक अवस्थितिलाई अनुकूल हुने गरी सहरी विस्तारलाई उपयुक्त दिशामा योजनाबद्ध तवरले विकास गर्न निर्देश गर्ने,
- विद्यमान र प्रस्तावित सहरी विकास तथा पूर्वाधार लगानी कार्यक्रमबीच मितव्ययी तरिकाले तालमेल गर्ने,
- प्रभावकारी तवरले जग्गा जमिनको प्रयोग गरी स्वच्छ वातावरण कायम गर्न भू-उपयोग क्षेत्र निर्धारण गर्ने र सो को कार्यान्वयनका लागि आवश्यक नीति तथा विनियम (भवन निर्माण, भौतिक योजना आदि) तर्जुमा गर्ने, र
- व्यवस्थित रूपले बस्ती विस्तार क्षेत्रहरूको क्रमश: विकास गर्दै लैजान जग्गा विकास कार्यक्रम सञ्चालन गर्न उपयुक्त क्षेत्रहरूको पहिचान गर्ने ।
- पर्यटकीय, औद्योगिक, व्यापारिक र शैक्षिक केन्द्रको रूपमा नगर विकासको आधार स्वरूप भौतिक विकास गर्ने ।

**भौतिक विकास योजना तर्जुमा प्रक्रिया**

नगरको दीर्घकालीन सोच (Vision) प्राप्त गर्न अवसरयुक्त क्षेत्रहरू, सहरी (बस्ती) विस्तारका लागि बाधा तथा अवसरयुक्त क्षेत्रहरू र विद्यमान भौतिक तथा सामाजिक पूर्वाधार सेवा/सुविधाहरूको विस्तृत विश्लेषणाको आधारमा भौतिक विकास योजना तर्जुमा गरिएको छ । यसरी विश्लेषण गर्ने कार्यको लागि विभिन्न विषयका विषयगत नक्साहरू तयार गरिएका छन् । भौतिक विकास योजना तर्जुमा प्रक्रिया चित्र नं. ३.२ मा आधारित छ ।




स्रोत : नगरपालिकाका लागि आवधिक योजना तर्जुमा निर्देशिका (अन्तिम मस्यौदा,२०५९), स्थानीय विकास मन्त्रालय

**चित्र नं. ३.१ : भौतिक विकास योजना तर्जुमा प्रक्रिया**

## ३.५.२ योजनागत नक्साहरू र विश्लेषण

नगरपालिकाको भौतिक विकास योजना तर्जुमा गर्नका लागि नक्साहरू अति आवश्यक हुन्छन् । स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले पनि नगरपालिकाको वस्तुस्थिति देखिने गरी स्रोत नक्सा (Source Map) तयार गर्नु पर्ने प्रावधान गरेको छ । यस अध्ययनका लागि CEMECA र Design Consultrants ले विगतमा तयार गरेको GIS Map लाई नै स्रोत नक्साको लागि आधार नक्सा (Base Map) का रूपमा प्रयोग गरिएको छ । सि.न.पा.को दीर्घकालीन सहरी विस्तार क्षेत्र तथा भू-उपयोग क्षेत्र सम्बन्धी नीतिहरू तर्जुमाको लागि आवश्यक विश्लेषण गर्न निम्नअनुसारका विषयगत नक्सा (Thematic Maps) तयार गरी **नक्सा खण्ड**मा प्रस्तुत गरिएको छ :

१. अवस्थिति (Location)

२. क्षेत्रीय पृष्ठप्रदेश (Regional Hinterland)

३. प्रशासनिक विभाजन (Administrative Division)

४. समोच्च रेखा (Contour)

५. भू-बनावट (Topography)

६. बस्ती (टोल विकास सङ्गठन)

७. भू-उपयोग (बजार, आवास, उद्योग, कृषि क्षेत्र आदि) (Landuse)

८. सडक सञ्जाल (Road Network)

९. नदी एवम् खोलानाला

१०. विद्युत् वितरण

११. खानेपानी वितरण

१२.वातावरणीय संवेदनशीलता (Environmental Sensibity)

१३. महत्वपूर्ण स्थलहरू (ऐतिहासिक, पुरातात्विक एवम् सांस्कृतिक सम्पदाहरू)

१४. सेवा केन्द्र (जिल्ला प्रशासन, सिँचाइ, स्वास्थ्य संस्था, अस्पताल, शिक्षण संस्थाहरू, हुलाक आदि)

### ३.५.३ सहरी विस्तार क्षेत्र निर्धारण

सि.न.पा.को सहरी विस्तार (Urban Expansion) को लागि उपलब्ध अवसरहरू (Opportunities) तथा व्याप्त बाधाहरू (Constraints) को पहिचान गरी उपलब्ध भौतिक तथा सामाजिक सेवा सुविधाहरूको अध्ययन विश्लेषणाको आधारमा सहरी विस्तार क्षेत्रहरूको निर्धारण गरिएको छ । सि.न.पा.को सहरी विस्तारको लागि उपलब्ध अवसर तथा व्याप्त बाधाहरूलाई निम्नअुसारले प्रस्तुत गर्न सकिन्छ :

**अवसरहरू (Opportunities)**

- समथर भू-बनोट
- विद्यमान बस्तीहरूबीच घर बनाउन बाँकी रहेका जग्गा (Infill Land) ।
- भौतिक पूर्वाधार पुगेका वा सजिलै विस्तार गर्न सकिने क्षेत्रहरू ।
- सरकारी तथा निजी स्वामित्वमा रहेका जमिन ।
- खाली भएको क्षेत्र ।
- जिल्ला सदरमुकाम भएकोले प्राप्त प्रशासनिक सेवा सुविधा

**बाधा (Costraints)**

- वातावरणीय सम्वेदनशील क्षेत्र (जस्तै, बन, एयरपोर्ट क्षेत्र, जंगल, नदी, खोला, बगर आदि)

- भू-क्षय हुन सक्ने अति भिरालो जमिन

- विद्यमान घना बस्ती एवम् बजार क्षेत्र

- सम्बन्धित निकायहरूद्वारा तय गरिएका सडक तथा उच्च भोल्टेजका विद्युतीय लाइनका अधिकार क्षेत्रहरू (ROW : Right of Way)

- आधारभूत सेवा सुविधाहरू पुऱ्याउन निकै खर्चिलो हुने क्षेत्रहरू

- भूकम्प वा दैवीप्रकोपको बेला बढी क्षति पुग्न सक्ने (Vulnerable) क्षेत्र

- कुनै विशेष प्रयोजनको लागि छुट्याइएका क्षेत्रहरू

सहरी (बस्ती) विस्तारको लागि बाधा पुग्ने क्षेत्रहरूलाई अलग गरेर बस्ती विस्तारको लागि पहिचान भएका अवसरयुक्त क्षेत्रहरूलाई विद्यमान भौतिक पूर्वाधारहरूको आधारमा र पूर्वाधारको अभाव भएका स्थानमा पूर्वाधार विस्तार गर्न सकिने सम्भावनाको आधारमा विश्लेषण गरी सहरी विस्तारको लागि प्राथमिकता निर्धारण (Prioritisation)

गरिएको छ । सोअनुसार हाल घना बस्तीको रूपमा विकास भइसकेको भित्री क्षेत्रहरू र सहरी विस्तारको लागि पहिचान गरिएका स्थानको विवरण तालिका नं. ३.५ मा र नक्सा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ३.५ : सहरी विस्तारको लागि पहिचान गरिएका स्थानहरू**

| जमिनको स्थिति (Location of Land) | सहरी विस्तारको लागि प्राथमिकता निर्धारण | स्थान |
|---|---|---|
| बजार तथा अन्य सामाजिक सेवा सुविधा सम्पन्न | (घनाबस्तीको रूपमा विकास भइसकेको) | वडा नं. ५ |
| बजार तथा अन्य सामाजिक सेवा सुविधासँग नजिक रही सडक, ढल, विद्युत्, खानेपानी, टेलिफोन लाइन उपलब्ध क्षेत्र तथा विकासको गतितर्फ उन्मुख भई नगरपालिकाको दीर्घकालीन सोचलाई समेत टेवा पुऱ्याउने क्षेत्र | प्रथम | वडा नं. १, ६, ७, ८, ९, १३ |
| सडक, ढल, विद्युत्, खानेपानी, टेलिफोन लाइन उपलब्ध तर बजार तथा अन्य सामाजिक सेवा सुविधासँग टाढा रहेको जग्गा, भौतिक पूर्वाधारले नछोएको तर सजिलैसँग विस्तार गर्न सकिने जग्गा | दोस्रो | वडा नं. २, ९, १२ |
| कुनै पनि प्रकारको भौतिक पूर्वाधारले नछोएको जग्गा र कृषि प्रयोजनमा ल्याइरहेको तर कृषि उपज भएको जग्गा । | भविष्यको विस्तार क्षेत्र | वडा नं. ३, ४, ११, १० |

विद्यमान घना बस्ती र सहरी विस्तारको लागि प्राथमिकता निर्धारण गरिएका क्षेत्रहरूमा व्यवस्थित सहरीकरणका लागि चालिनुपर्ने प्रमुख कदमहरू निम्नअनुसार छन् :

- बजार क्षेत्रमा बढ्दो जनघनत्वलाई दृष्टिगत गरी पूर्वाधारहरूका क्षमता अभिवृद्धि र स्तरोन्नति गर्ने ।
- भवन मापदण्ड तत्काल लागु गर्ने ।
- सडक अधिकार क्षेत्र तोक्ने ।
- उपलब्ध भौतिक पूर्वाधारहरूको मर्मत तथा सम्भार गर्ने ।
- सहरी विस्तारको प्राथमिकता अनुसार नयाँ भौतिक पूर्वाधारहरूको निर्माण गर्ने ।
- अनुगमन कार्यलाई प्रभावकारी बनाउने ।

### ३.५.४ भू-उपयोग क्षेत्र निर्धारण

नगरमा उपलब्ध जमिनको प्रभावकारी तवरबाट उपयोग गर्दै व्यवस्थित नगरको विकास गर्न कुन ठाउँका जमिन केकस्ता प्रयोजनहरूको लागि उपयोग गर्न दिने भन्ने मुख्य भू-उपयोग क्षेत्र (जस्तै : आवासीय क्षेत्र, व्यापारिक क्षेत्र, कृषि क्षेत्र, हरित क्षेत्र, संरक्षित क्षेत्र आदि) को निर्धारण गरी सो क्षेत्रहरू स्पष्ट देखिने गरी एउटा प्रभावकारी भू-उपयोग योजना निर्माणको प्रस्ताव गरिन्छ । यसको लागि नगरको कुन क्षेत्रका केकस्ता क्रियाकलापहरू विद्यमान छन् र सहरी विस्तार क्षेत्र कुन क्षेत्रमा प्रस्ताव गरिएको छ सोको अध्ययन तथा विश्लेषणको आधारमा भू-उपयोग क्षेत्रको निर्धारण (Delineation of the Area Predominant Land Use Zone) गर्ने कार्य गरिन्छ । जस्तै : आवासीय भवनहरू बढ्दो सङ्ख्यामा निर्माण भइरहेका क्षेत्रमा औद्योगिक क्षेत्र प्रस्ताव गरिएमा कार्यान्वयन गर्न सम्भव नहुन सक्छ । त्यस्ता क्षेत्रहरू र सो आसपासका खाली क्षेत्रहरूलाई समेत समेटेर आवासीय क्षेत्रको रूपमा तोकिनु जरुरी हुन्छ । त्यसै गरी अन्य भू-उपयोग क्षेत्रहरू जस्तै : व्यापारिक, औद्योगिक, संस्थागत, उद्यान, वन आदि क्षेत्रहरू पनि त्यस्तै गरी प्रस्ताव गरिनुपर्छ । प्रस्तावित भू-उपयोग योजनाले मुख्य उपयोग क्षेत्रको सफल कार्यान्वयन गर्न केकस्ता क्षेत्रमा केकस्ता क्रियाकलापहरू

सञ्चालन गर्न दिने वा नदिने भन्ने विषयको विनियम समेत तर्जुमा हुन्छ । सिद्धार्थ नगरपालिकाको लागि प्रस्तावित भू-उपयोग नक्साअनुसार नगरपालिका क्षेत्रलाई निम्नअनुसार वर्गीकरण गरिएको छ :

**तालिका नं. ३.६ प्रस्तावित भू-उपयोग**

| सि. नं. | भू-उपयोग वर्गीकरण | क्षेत्रफल (हे.) | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | कृषि | २९१०.८३ | ८०.७९ | |
| २ | आवासीय | ६२.२१ | १.७३ | |
| ३ | आवासीय तथा व्यापारिक | २२.२८ | ०.६२ | |
| ४ | एयरपोर्ट क्षेत्र | ५५७.६४ | १५.४८ | |
| ५ | बसपार्क क्षेत्र | ३.५५ | ०.०९ | |
| ६ | संस्थागत | २३.३४ | ०.६४ | |
| ७ | रङ्गशाला क्षेत्र | ५.३४ | ०.१५ | |
| ८ | उद्योग | ९.६९ | ०.२७ | |
| ९ | ब्यारेक क्षेत्र | ८.१२ | ०.२३ | |
| | जम्मा | ३६०३ | १०० | |

क्रमिक रूपमा बढ्दो आवासीकरण, जनसङ्ख्याको वृद्धि सँगै नगर क्षेत्रभित्र विकासको चाप पर्ने हुन्छ । नगरमा यस्ता खाले घरहरूको निर्माण तथा बस्तीहरूको विस्तार प्राय: राजमार्ग तथा सडकको छेउछाउ वृद्धि हुँदै गएको पाइन्छ । न.पा. ले उपलब्ध गराएको आँकाडाअनुसार नगरमा घरहरू नक्सा पास गरी वा नगरी दुवै तरिकाले निर्माण हुने गरको छ ।

### ३.५.५ भौतिक विकास योजनाको कार्यान्वयनको लागि आवश्यक कार्यक्रम तथा नीतिहरू

भौतिक विकास योजनाले विकासको नियन्त्रणात्मक तथा प्रवर्द्धनात्मक दुवै पक्षलाई समेट्छ । विकास कार्यलाई सोभै नियन्त्रण गर्न कठिन हुने हुनाले सोको सट्टामा विकास कार्यको लागि उपयुक्त क्षेत्रहरूमा टेवा पु¥याउन प्रोत्साहन गर्ने तथा अनुपयुक्त क्षेत्रमा निरुत्साहित गर्ने नीतिको विकास गरी क्रमश: कार्यान्वियन गर्दै लैजानु पर्दछ । यसरी नीति तयार गर्न पूर्वाधार विकास योजनाको मार्गदर्शनले पनि सघाउ पु¥याउँदछ ।

मूलत: भौतिक र सामाजिक दुई किसिमका पूर्वाधार हुन्छन् । त्यसमा पानीको व्यवस्था, नाली तथा ढल, सडक, बिजुली, टेलिफोन, सडक बत्ती जस्ता विषयहरू भौतिक पूर्वाधार र शिक्षण संस्था, अस्पताल, बजार केन्द्र, वित्तीय संस्था, पार्क, जस्ता विषयहरू सामाजिक पूर्वाधारअन्तर्गत पर्दछन् । मूलत: भौतिक पूर्वाधारमा मुख्य निम्नलिखित विषयहरू समेटिएका छन् :

**(क) सडक तथा यातायात**

यातायातको चापको दृष्टिकोणले सि.न.पा.को मुख्य सडकको रूपमा सिद्धार्थ राजमार्ग, सीमा पथ, रङ्गशाला पथ, गल्लामन्डी मार्ग, नारायण पथ, विमानघाट पथ सडक रहेको छ । बढ्दो बस्ती विस्तार र निजी घडेरी विकासको क्रम सँगसँगै नयाँनयाँ बाटाहरू थपिँदै गएको पनि देखिन्छ । भविष्यमा वहन गर्नु पर्ने ट्राफिक चापलाई दृष्टिगत

गरी सडक क्षेत्राधिकार परिमार्जन गर्नु पर्ने देखिन्छ । अनि निजी प्लानिङ क्षेत्रमा पनि सडकको न्यूनतम मापदण्ड कायम गर्न जरुरी भइसकेको छ । साथै समय सुहाउँदो सहरी यातायातको व्यवस्था नहुँदा आन्तरिक आवागमन सहज हुन सकेको छैन । सार्वजनिक सवारीको लागि बस रुटहरू तोक्ने, उपयुक्त स्थानहरूमा बसपार्क, बिसौनीहरू बनाउन पनि उत्तिकै आवश्यक छ ।

### (ख) पानीको आपूर्ति व्यवस्था

आगामी दिनहरूमा ग्रामीण जनसङ्ख्याको दाँजोमा सहरी जनसङ्ख्या बढ्दै जाने अपेक्षा गर्न सकिन्छ । सहरी बस्तीमा प्रतिव्यक्ति प्रतिदिन खानेपानी आपूर्ति १२० लिटर र ग्रामीण बस्तीमा ९० लिटरलाई मापदण्ड मानी तालिका नं. ३.७ मा खानेपानी मागको प्रक्षेपण गरिएको छ ।

**तालिका नं.३.७ : खानेपानी मागको प्रक्षेपण**

| वर्ष | जनसङ्ख्या | औसत खानेपानी माग** | कुल खानेपानी माग (लाख लिटर प्रतिदिन) |
|---|---|---|---|
| वि.सं. २०६३ | ५९८७५ | ७० | ४२ |
| वि.सं. २०६८ | ८२८०७ | ७० | ५८ |
| वि.सं. २०७८ | १५८३८४ | ७० | ११० |
| वि.सं. २०८८ | ३०२९४० | ७० | २१२ |

उल्लिखित प्रक्षेपण व्यवस्थित रूप (पाइप)बाट वितरित खानेपानीको लागि हो । खानेपानी आपूर्तिका लागि दुईवटा Deep well र दुईवटा Artisean well समेत प्रयोगमा रहेको छ । खानेपानीको लाइन नपुगेको स्थानमा स्थानीय रूपमा उपलब्ध ट्युबवेल, इनारबाट पानी उपभोग गरिरहेको देखिन्छ ।

### (ग) बर्सातको पानी निकास योजना

सिद्धार्थनगर नगरपालिकाको समथर भू-अवस्थिति र बनावटका कारण बर्सातको पानी (Storm Water) प्राकृतिक रूपले निकास हुन कठिनाई पर्ने गरेको देखिन्छ । यसै कारणले वर्षाको बेला ठाउँठाउँमा पानी जम्ने गरेको पाइन्छ । पर्याप्त स्लोप मिलाउन नसक्दा नालीहरू पनि जाम हुने गरेको र बहाब क्षमता पनि कम हुँदा ठूलो वर्षा भएका बखत डुबानमा पर्ने समस्या पनि नियमित जस्तै देखिने गरेको पाइन्छ ।

### (घ) ढल

फोहोर-मैला सङ्कलनमा बामे सर्दै रहेको सि.न.पा.ले ढल (Sewerage) व्यवस्थापनतर्फ उचित कदम चाल्न सकेको छैन । समथर भू-बनोटकै कारण sewerage line पर्याप्त रूपमा राख्न सकेको पाइँदैन । सम्भावित नदी प्रदूषणको दृष्टिले खोलामा सिधै विसर्जन गर्ने परिपाटीलाई दुरुत्साहित गर्नु पर्ने देखिन्छ । घरघरको फोहोर पानी र ढललाई व्यवस्थित रूपले निकास गर्न हरेक घरमा सेप्टिक ट्याङ्क (Septic Tank) र सोक पिट (Soak Pit) बनाउनु पर्ने नीतिनियम ल्याउनु आवश्यक छ । आफ्नो खेतबारी हुने घरहरूको सन्दर्भमा धेरैजसो ढल आफ्नै सोक पिटले धान्न सक्छ भने घना बस्तीमा भने अन्तिम निकासको लागि सार्वजनिक ढल प्रणाली (Sewage System) नै आवश्यक हुन्छ ।

वैज्ञानिक ढल प्रणालीका लागि टोल सङ्गठनहरूको सानो-सानो समूह बनाई एकीकृत रूपमा फोहर पानी सङ्कलन गरी ठाउँठाउँमा प्रशोधनशाला (Treatment Plant) बनाउनु आवश्यक छ । प्रशोधन पश्चात् भने पानीलाई प्राकृतिक रूपले निकास गर्न सकिन्छ ।

### (ङ) विद्युत् तथा दूरसञ्चार

नेपालमा बस्तीहरू छरिएर रहेका छन् र धेरै खर्च गरेर सडक, विद्युत् तथा दूरसञ्चार सेवा पुऱ्याउनु पर्ने हुन्छ । त्यसको साथै घना बस्तीहरूमा यस्ता सेवाहरू पुऱ्याउनु किफायती हुन्छ । सि.न.पा.को सन्दर्भमा सहरी विस्तारका लागि छुट्याइएका क्षेत्रहरूमा प्राथमिकता अनुरूप विद्युत् तथा दूरसञ्चार सेवा विस्तार गर्नु उचित हुन्छ ।

## भौतिक पूर्वाधार विकास सम्बन्धी तर्कबद्ध योजना

भौतिक पूर्वाधार विकास सम्बन्धी तर्कबद्ध योजना तालिका नं. ३.८ मा प्रस्तुत गरिएको छ ।

**तालिका ३.८ : भौतिक पूर्वाधार विकास सम्बन्धी तर्कबद्ध योजना**

| योजनाको सारांश | सूचक | पुस्ट्याइँका आधार | जोखिम पक्ष |
|---|---|---|---|
| <u>उद्देश्य</u> | | | |
| १. भौतिक पूर्वाधारहरू (सडक, खानेपानी, सिँचाइ, हुलाक, विद्युत्, शौचालय) को समुचित विकासमार्फत् जनजीवनमा सुगमता ल्याउने | <u>सडक तथा यातायात</u><br>▪ आ.व.०७२१/७३ सम्ममा विद्यमान सडकमध्ये ५० कि.मि. सडकको स्तरोन्नती भएको<br>▪ वडा भेलामार्फत् आएका माग बमोजिम सडक खोलिएको हुने<br>▪ सम्पूर्ण वडामा सडक पहुँच पुगेको र कुनै पनि बस्तीबाट बढीमा आधा घन्टा (वा २ कि.मि.) पैदल यात्रा गर्दा मोटर सडकसम्म पुग्न सकिने<br>▪ सि.न.पा.का भित्री बस्तीहरूमा साना सवारी साधनमार्फत् नगर बस जस्ता सार्वजनिक यातायात सञ्चालन भएको | ▪ सडक कार्यालयको अभिलेख<br>▪ जि.वि.स.सूचना केन्द्र<br>▪ सि.न.पा. सूचना केन्द्र | ▪ राजनैतिक, सामाजिक परिस्थितिको अनुकूलता<br>▪ निजी क्षेत्रको सहयोग<br>▪ जनसहभागिताको सहजता<br>▪ सरकारी अनुदानको पर्याप्तता |
| | <u>खानेपानी</u><br>▪ आ.व.०७२/७३ सम्ममा नगरपालिकाको सम्पूर्ण वडा तथा टोलहरूमा खानेपानीको लाइन विस्तार र कम्तीमा ८० प्रतिशत नगरबासीलाई प्रत्यक्ष सेवा पुगेको हुने<br>▪ खानेपानीको आपूर्ति दैनिक भएको<br>▪ थप स्रोतको व्यवस्था गर्न कम्तीमा ७ वटा आर्टिजन बोरिङ को निर्माण<br>▪ स्थानीय इनारहरूको नियमित मर्मत-सम्भार भएको | ▪ जि.वि.स.सूचना केन्द्र<br>▪ खानेपानीको कार्यालयको अभिलेख<br>▪ सि.न.पा. सूचना केन्द्र | |
| | <u>दूरसञ्चार</u><br>▪ आ.व.०७२/७३ सम्ममा वडा नं ९ र ११ सहितका | ▪ जि.वि.स. सूचना | |

| | | | |
|---|---|---|---|
| | स्थानमा Land Line विस्तार भएको हुनेछ ।<br><br>▪ विद्यमान cabinetbox मा बढ्दो मागलाई दृष्टिगत गरी २५ प्रतिशत थप Point को व्यवस्था भएको हुनेछ<br><br>▪ बढ्दो मोबाइलको माग बमोजिम मोबाइल टावरका क्षमता बृद्धि भएको<br><br>▪ आ.व.०७२/७३ सम्ममा प्रत्येक वडामा एक टेलिसेन्टर (Telecenter) निर्माण भएको | केन्द्र<br><br>▪ विद्युत प्राधिकरण शाखा कार्यालयको अभिलेख<br><br>▪ दूरसञ्चार संस्थानको अभिलेख<br><br>सि.न.पा. सूचना केन्द्र | |
| | **विद्युत**<br><br>▪ विद्युत को राष्ट्रिय प्रसारणको लाइन नपुगेका सम्पूर्ण टोल र बस्तीसम्म विस्तार गर्ने<br><br>▪ बढ्दो मागलाई दृष्टिगत गरी आवश्यक स्थानमा थप Transformer को व्यवस्था भएको हुने<br><br>▪ मुख्य सडकहरूमा सडक बत्तीको व्यवस्था हुने छ । | ▪ जि.वि.स. सूचना केन्द्र<br><br>▪ विद्युत प्राधिकरण शाखा कार्यालय, अभिलेख<br><br>▪ सि.न.पा. सूचना केन्द्र | |
| | **शौचालय**<br><br>नगरका ग्रामीण बस्तीहरू विशेष गरी वडा नं. १,२, ३, ४, ९, १०, ११ मा खुल्ला दिसा पिसाब गर्ने बानीमा सुधार गर्दै लान ठाउँठाउँमा सार्वजनिक शौचालयको निर्माण भएको हुनेछ । | ▪ सि.न.पा. सूचना केन्द्र | |
| | **फोहर-मैला**<br><br>फोहर-मैलाको सङ्कलन हालको भन्दा २५ प्रतिशतले बढ्नेछ ।<br><br>Sanitary Landfill site को सम्भाव्यता अध्ययन भई कारबाही अघि बढेको हुनेछ । | ▪ सि.न.पा. सूचना केन्द्र | |
| | **ढल**<br><br>▪ आ.व.०७१/७२ सम्ममा मुख्य सडकहरूमा व्यवस्थित ढल, नालीको निर्माण भएको हुनेछ ।<br><br>▪ ढल, नालीको नियमित सरसफाइ भएको हुनेछ । | ▪ सि.न.पा. सूचना केन्द्र | |
| २. कोषको स्थापना | सडक विकास कोषको स्थापना भएको | ▪ सि.न.पा. सूचना केन्द्र | |

**रणनीति :**

- भौतिक विकासमा सरकारी अनुदान, न.पा.को आफ्नो स्रोत साधन, निजी क्षेत्रको लगानी र जनसमुदायको लगानीलाई व्यापक रूपमा परिचालन गर्ने ।
- विकास निर्माण कार्यमा ठूला आयोजना ठेक्का मार्फत र साना आयोजना उपभोक्ता मार्फत गर्ने ।

**नीति/कार्यनीति :**

- साना बजेटका आयोजनामा उपभोक्ताको लगानी बढाउने ।

- उपभोक्ता मार्फत् आउने विकास योजनालाई प्राथमिकता दिने ।
- सार्वजनिक निजी साझेदारी (Public Private Partnership) मार्फत् निजी क्षेत्रसँग सहकार्यमा लगानीका अवसरहरू पहिल्याउने ।

## भौतिक विकासका प्रस्तावित कार्यक्रमहरू

### नगरस्तरीय कार्यक्रम

(१) सतह ढल र सम्बन्धित सडक

(२) Land Fill Site र फोहर-मैला व्यवस्थापन ।

(३) वडा नं. ५ र १३ को हाटबजार व्यवस्थित गर्ने ।

(४) सुनौलीको जीपपार्क व्यवस्थित गर्ने ।

(५) मिलन चोकदेखि मायादेवी चोकसम्मको बाटो चौडा गरी दुवैतर्फ पक्की नाला निर्माण ।

(६) मिलन चोकदेखि मैत्री पथ हुँदै वडा नं. २ सम्म पक्की नाला निर्माण ।

(७) वडा नं. ४ अथवा ६ मा ट्रक टर्मिनल निर्माण गर्ने ।

(८) कृषि फारम वडा नं. ९ भैलुभुज हुँदै महावीर पथसम्म नापी नक्साअनुसार चौडाइ कायम गरी नाला र सडक निर्माण ।

(९) जनक पथ-जनता पथ-ज्योति पथ हुँदै नयाँ बसपार्कसम्म नापी नक्साअनुसार चौडाइ कायम गरी नाला र सडक निर्माण ।

(१०) नयाँ बसपार्क, रमेश शर्माको घर हुँदै खजहनासम्म नक्साअनुसार चौडाइ कायम गरी नाला र सडक निर्माण ।

(११) वि.पि. पथ, गल्लामन्डी हुँदै निर्वाणा होटलसम्म नापी नक्साअनुसार चौडाइ कायम गरी नाला र सडक निर्माण ।

(१२) जनक पथदेखि वृहस्पति कलेज उत्तर वडा नं ९ को सिमानासम्म नापी नक्सा अनुसार चौडाइ कायम गरी नाला र सडक निर्माण ।

(१३) गोनहिया उत्तरदेखि उदयपुर, मिसरौलिया, डाँडागाउँ हुँदै भैरहवा बहुमुखी क्याम्पस पछाडिबाट डन्डा खोलासम्म नापी नक्साअनुसार चौडाइ कायम गरी नाला र सडक निर्माण ।

(१४) चक्रपथ निर्माण ।

(१५) रिक्सा व्यवस्थापन गर्ने ।

(१६) बौद्ध सङ्ग्रहालय निर्माण ।

(१७) नगर क्षेत्रलाई हरियाली बनाउनको लागि प्रत्येक घरधनीले कम्तीमा ५ वटा बिरुवाहरू अनिवार्यरूपमा लगाउनु पर्ने ।

(१८) अव्यवस्थित र अनियन्त्रित जग्गा विकास नियन्त्रण गर्नको लागि नीति तथा कार्यक्रम तयार गर्ने ।

(१९) वडा नं. १३ मा रहेको बसपार्कलाई नगरस्तरीय यातायात र लामो दुरीको यातायात सञ्चालन गर्नको लागि विस्तार गर्ने ।

(२०) भवन निर्माण मापदण्ड परिमार्जन गर्ने ।

(२१) मोबाइल (घुम्ती) शौचालय सञ्चालन गर्ने ।

(२२) प्रभात पथदेखि भानु पथ हुँदै उत्तर गोलीगढ चोक हुँदै छोटकी दुमदुमवासम्म सडक पिच तथा नाला निर्माण गर्ने ।

(२३) भैरहवा बहुमुखी क्याम्पससँग समन्वय गरी स्वर्गद्वारी घाट जाने बाटो चौडा गर्ने ।

(२४) भारत निकासी हुने ट्रकपार्कको व्यवस्था गर्ने ।

(२५) वडा नं. ३ को मुस्लिम समुदायको कब्रस्थान व्यवस्थित गर्ने ।

(२६) वडा नं. २, ४, ९, ११, १२ मा अव्यवस्थित घाटहरू व्यवस्थित गर्ने ।

(२७) वडा नं. १ मा ट्राफिक व्यवस्थापन गर्ने ।

(२८) वडा नं. १ को पश्चिलहवा क्याम्पस जोड्ने पुलको मर्मत गर्ने ।

(२९) नाला, कुलो, बाटो, सार्वजनिक स्थल, ऐलानी जग्गा अतिक्रमण भइरहेकोले यथाशीघ्र संरक्षण, व्यवस्थापन र लगत तयार गर्नुपर्ने ।

(३०) नगरका सम्पूर्ण कल्भर्ट, पुलपुलेसा मर्मत गर्ने ।

(३१) नगर क्षेत्रभित्रका सबै भौतिक संरचनाहरूलाई मर्मत-सम्भार गर्ने ।

(३२) सरकारी जग्गाको संरक्षण गरी लगत तयार गर्ने ।

(३३) सभागृहको उचित मर्मत-सम्भार र व्यवस्थापन गर्ने ।

(३४) भैरहवा गाउँको नामबाट भैरहवा नाम रहन गएकोले भैरहवा गाउँको उचित व्यवस्थापन गर्न सम्बन्धित निकायसँग सहकार्य गर्ने ।

## नगरस्तरीय अनुरोध प्रस्तावित कार्यक्रम

(३५) अञ्चलपुरदेखि सुनौली नाकासम्मको सिद्धार्थ राजमार्ग चौडा गरी दुबैतर्फ पक्की नाला निर्माण गर्नको लागि सडक विभागलाई अनुरोध गर्ने ।

(३६) बुद्ध चोकदेखि मायादेवी चोक हुँदै घाघरा नदीसम्मको बाटो चौडा गरी दुबैतर्फ पक्की नाला निर्माण गर्नको लागि सडक विभागलाई अनुरोध गर्ने ।

(३७) सिद्धार्थ राजमार्गमा पर्ने डन्डा खोलामा पुल निर्माण गर्नको लागि सडक विभागलाई अनुरोध गर्ने ।

(३८) नगरस्तरीय यातायात सञ्चालनको लागि यातायात व्यवसायीलाई अनुरोध गर्ने ।

(३९) नगर भित्र विद्युतका Transformer थप्न विद्युत प्राधिकरणलाई अनुरोध गर्ने ।

(४०) वडा नं. १ मा खानेपानी व्यवस्थापनका लागि अनुरोध गर्ने ।

(४१) नगरभित्र रहेको सैनिक ब्यारेक र कारागारलाई सट्टापट्टा गर्न सम्बन्धित निकायसँग पहल गर्ने ।

(४२) डन्डा खोलामा तटबन्ध निर्माण गर्नको लागि जल उत्पन्न प्रकोप नियन्त्रण कार्यालयलाई अनुरोध गर्ने ।

## वडास्तरीय कार्यक्रम

### नाला र सडक

#### वडा नं. १

(१) शिव पथमा नाला र बाटो निर्माण ।

(२) मनकामना पथ, अन्नपूर्ण पथ, बुद्ध पथमा नाला र बाटोको स्तर उन्नति ।

(३) हर्नैया गाउँमा रहेको नाला पक्की र बाटो पिच गर्ने ।

(४) नौडीहवा, राधाकृष्ण पथमा अधुरो नाला र बाटो निर्माण ।

(५) सन्तोषी पथको नाला तथा बाटोको स्तर उन्नति गर्ने ।

(६) बेलहिया गाउँका भित्री सडकहरू स्तर उन्नति ।

(७) रानी गाउँ, नयाँ गाउँ, ज्ञान पथ, सीता पथ, कोडाईमाई पथको नाला तथा बाटोको स्तर उन्नति ।

(८) वडा नं. १ मा मुख्य नाला निर्माण ।

#### वडा नं. २

(९) मैत्री पथमा रहेको पुलको मर्मत-सम्भार ।

(१०) मैत्री पथको मोडदेखि भन्सारसम्मको सडक फराकिलो बनाउने ।

(११) वडा नं. २ बाट मगर टोल जाने बाटोको स्तरोन्नति गर्ने ।

(१२) मेउडिहवा स्कुलदेखि रामप्रसादको घरसम्म बाटोको स्तरोन्नति गर्ने ।

(१३) पञ्चवाटिका जाने बाटो पूरा पिच गर्ने र नाला निर्माण गर्ने ।

(१४) मेउडिहवादेखि फुलपुर जाने बाटोमा नाला निर्माण, कल्भर्ट र सडक पिच गर्ने ।

(१५) चमार टोलदेखि फुलपुरसम्मको बाटो ग्राभेल गर्ने ।

(१६) खरिहान देखि गल्लामन्डी जाने बाटोको स्तरोन्नति र पक्की नाला निर्माण गर्ने ।

(१७) दुर्गा मन्दिर देखि मुरिलालको घरसम्मको बाटो पिच ।

(१८) गल्लमन्डी क्षेत्रमा डुबान कम गर्न मैत्री पथमा दुईतर्फ नाला निर्माण गर्ने ।

(१९) मुकुन्दमणि सरको घरदेखि british camp सम्म कृषि बाटो निर्माण गर्ने ।

(२०) मेउडिहवा चोकदेखि छोटेलाल यादवको घरसम्म नाला निर्माण गर्ने ।

(२१) छोटी भन्सारदेखि दक्षिण पश्चिमको बाटो सुधार गर्ने ।

(२२) जंगल टोलदेखि पिपरहिया जोड्ने सडक पिच गर्ने ।

**वडा नं. ३**

(२३) दरखसवादेखि काटागाउँसम्म सडक ग्राभेल र कच्चि नाला ।

(२४) महामाया पथ, दुर्गापथ, बसपार्कसम्म पक्की नाला र सडक निर्माण ।

(२५) आँखा अस्पतालदेखि पूर्वतर्फ पक्की नाला र सडक निर्माण ।

(२६) सिद्धार्थ राजमार्गदेखि मेडिकल कलेज पक्की नाला र सडक निर्माण ।

(२७) खजुरियादेखि खजहनासम्मको पक्की बाटो निर्माण ।

(२८) खजहनादेखि दक्षिणबाट मेडिकल कलेजसम्म पक्की नाला निर्माण ।

(२९) बोहराजीको घरदेखि हाट बजारसम्म बाटोको स्तरोन्नति ।

(३०) सम्पूर्ण नयाँ पुरानो, सानो ठूलो बाटोको स्तरोन्नति तथा नालाको निर्माण ।

**वडा नं. ४**

(३१) नवदुर्गा पथ कालोपत्रे, मर्मत र नाला निर्माण ।

(३२) दोगरा गाउँमा रहेको बाटोमा नालाको निर्माण ।

(३३) नवदुर्गा पथको भित्री शिव मन्दिर जाने बाटोको स्तरोन्नति र नाला निर्माण ।

(३४) मुस्तकिम राइस मिलको पछाडि नालाको निर्माण ।

(३५) कचरिहवा गाउँमा रहेको बाटोमा कालोपत्रे गरी दुवै साइडमा नालाको निर्माण ।

(३६) खण्डा टोलमा नालाको निर्माण ।

(३७) विमानघाटदेखि कचरिहवा जाने बाटोमा कालोपत्रे र नाला निर्माण ।

(३८) भवानी पथदेखि कचरिहवामा नाला र नयाँ सडक निर्माण । (नयाँ सडक)

(३९) मायादेवी पथमा नाला निर्माण र कालोपत्रे

(४०) मायादेवी पथदेखि उत्तर खुशीमान गुरुङको घर हुँदै निर्मला श्रेष्ठको घरसम्म बाटो कालोपत्रे ।

(४१) घाघरा खोलामा घाटसम्म जाने बाटो कालोपत्रे गर्ने ।

(४२) लोटन पथदेखि काली मन्दिरसम्म नाला निर्माण ।

(४३) कचरीहवा गाउँभित्र नाला निर्माण गरी सडक पिच गर्ने ।

**वडा नं. ५**

(४४) कारणी माई पथमा नाला निर्माण र सडक कालोपत्रे ।

(४५) सब्जीमन्डी सडक कालोपत्रे मर्मत गर्ने ।

**वडा नं ६**

(४६) शारदा पथको दुवैतर्फ नाला निर्माण गरी बाटो पक्की बनाउने ।

(४७) वि.पी. पथमा नाला र कालोपत्रे ।

(४८) वि.पी. पथबाट पश्चिमतर्फ जाने परिवी पथ ग्राभेल ।

(४९) किशोरपुर पथ पक्की नाला र कालोपत्रे गर्नुपर्ने ।

(५०) रहिम पथ पक्की बनाउनुको साथै दुवैतर्फ नाला निर्माण गर्नुपर्ने ।

(५१) अमरनाथ पथ पक्की बनाई नाला निर्माण गर्नुपर्ने ।

(५२) सोमई माई पथ पक्की बनाई नाला निर्माण गर्नुपर्ने ।

(५३) कर्ण पथ पक्की बनाई नाला निर्माण गर्नुपर्ने ।

(५४) निर्वाणा होटलको पछाडिको बाटो पक्की बनाई नाला निर्माण ।

(५५) इद्रीशी पथमा नाला र बाटो कालोपत्रे गर्नुपर्ने ।

(५६) अशोक पथमा नाला र कालोपत्रे गर्नुपर्ने ।

(५७) गल्लामन्डीदेखि दक्षिणतर्फ निर्वाणा होटलसम्म दुवैतर्फ पक्की नाला र सडक कालोपत्रे ।

(५८) गल्लामन्डीदेखि दक्षिणतर्फको लक्ष्मी पथ (पिपिरहीया) दुवैतर्फ पक्की नाला र सडक निर्माण ।

(५९) आदर्शनगरदेखि पूर्व नयाँ सडकमा पक्की नाला र कालोपत्रे ।

(६०) कान्दु धर्मशालाबाट बैंक कोलनी वडा नं. ८ दुर्गा मन्दिर (महावीर पथ) सम्म दुवैतिर पक्की नाला र सडक ग्राभेल ।

(६१) विद्रोही चोकबाट पश्चिमतर्फ जाने निर्माणाधिन बाटो तथा नाला

(६२) विष्णु पथ कालोपत्रे गर्नुपर्ने ।

(६३) परिवी पथ कालोपत्रे र पक्की नालाको निर्माण ।

(६४) चमार टोल पिपरहियामा पक्की नाला र बाटो कालोपत्रे ।

(६५) अमरनाथ पथदेखि पिपरहिया गाउँसम्म बाटो ग्राभेल ।

(६६) सहिद पथदेखि दक्षिणतर्फ दया पथ हुँदै गल्लामन्डी सडक दुवैतर्फ नाला निर्माण ।

(६७) चिल्ड्रेन पार्कको ठूलो अधुरो नाला निर्माण ।

(६८) सम्भवना फाइनान्सको पश्चिम गल्लामन्डी उत्तरतर्फ भित्री सडकहरूमा नाला तथा कालोपत्रे ।

(६९) लक्ष्मी पथदेखि पश्चिम नयाँ बाटोमा कल्भर्ट निर्माण ।

**वडा नं. ७**

(७०) पञ्च पथ पक्की नालाको निर्माण गरी मर्मत ।

(७१) भृकुटी पथमा पक्की नाला निर्माण ।

(७२) हिमाली पथमा पक्की नाला निर्माण गरी कालोपत्रे ।

(७३) बुद्ध पथ नाला निर्माण गरी कालोपत्रे ।

(७४) हिमाली पथको पिचदेखि उदय पथको चोकसम्म नाला निर्माण गरी कालोपत्रे ।

(७५) उदय पथ चोकदेखि जनक पथसम्म नाला र पिच

(७६) देउराली पथ र सगरमाथा पथ नाला निर्माण र कालोपत्रे गर्नुपर्ने ।

(७७) मञ्जरी पथदेखि कुलो सम्म तीन वटा हाँगा भएको बाटो चौडा गर्ने ।

(७८) पञ्च पथको चोकदेखि दुर्गा मन्दिरसम्म कल्भर्ट, सडक र नाला निर्माण ।

(७९) भृकुटी पथ, हिमाली पथ, गार्गी पथको बीचबाट निस्किएको कठौतिया नाला पक्की निर्माण

(८०) जनकपथदेखि वडा नं. ७ को सिमानासम्म जोड्ने उत्तरतर्फ (हिमाली पथ) सम्म नाला निर्माण ।

(८१) जनकपथदेखि उत्तर हिमाली पथ जोड्ने बेलबाबा पथको नाला पक्की ।

(८२) सप्तऋषि पथ, रामजानकी पथ, देउराली पथ, बेलबाबा पथ र मेलमिलाप पथमा नाला र कालोपत्रे गर्ने ।

(८३) कमल र गार्गी पथ जोड्ने कल्भर्ट, लेखनाथ पथ र गार्गी पथ जोड्ने कल्भर्ट र तीनतारा पथमा कल्भर्ट निर्माण गर्ने ।

(८४) कमल पथमा नाला निर्माण, सडक उचाइ थप गरी कालोपत्रे गर्ने ।

(८५) स्वस्तिक पथको बाटो कालोपत्रे र पक्की नाला निर्माण ।

(८६) तीनतारा पथदेखि पूर्व बेलबाबा पथसम्म बाटो कालोपत्रे र पक्की नाला निर्माण ।

(८७) लालीगुराँस पथ हिमाली पथदेखि उत्तर वडा नं. ९ सिमानासम्म बाटो कालोपत्रे र पक्की नाला निर्माण ।

(८८) भैरहवा पथको चोकदेखि उत्तर राजमार्ग सम्म र नेसनल ट्रेडिङदेखि दक्षिणको राजमार्गदेखि पश्चिम भैरहवा पथसम्म बाटो कालोपत्रे गरी पक्की नाला निर्माण ।

**वडा नं. ८**

(८९) टिकाराम श्रेष्ठको घरदेखि उत्तरको गणेश पथमा नाला निर्माण र कालोपत्रे ।

(९०) अचलपुरको लेखनाथ पथमा नाला निर्माण र कालोपत्रे ।

(९१) महावीर पथदेखि पूर्वतर्फ जाने बाटोको दायाँ बायाँ नाला निर्माण र ग्राभेल ।

(९२) वि.पी पथबाट पश्चिमतर्फ जाने ४ वटा बाटोहरूको नाला निर्माण र ग्राभेल ।

(९३) लुम्बिनी रोडबाट कोल्ड स्टोर हुँदै शिव मन्दिर जोड्ने बाटो कालोपत्रे ।

(९४) शिव मन्दिर रोड र शिव मन्दिर रोड देखि उत्तर तर्फको ५ वटा बाटोहरूमा नाला निर्माण र कालोपत्रे ।

(९५) वडा नं. ६ र वडा नं. ८को सिमानाको बाटो कालोपत्रे तथा नाला निर्माण ।

(९६) बुद्ध पथ बाटो कालोपत्रे र नाला निर्माण ।

(९७) बैंक कोलनीदेखि वसडिलियासम्मको पुरानो नाला मर्मत ।

(९८) अशोक पथको नाला तथा कालोपत्रे ।

(९९) मदन आश्रित पथ कालोपत्रे गर्ने तथा नाला निर्माण ।

(१००) कैलाश पथबाट राधे भवन हुँदै नाली निर्माण तथा कालोपत्रे ।

(१०१) रवि पथको उत्तर र दक्षिणमा पर्ने भित्री पथहरूको स्तर उन्नति ।

(१०२) सि.आई चन्द्र पथदेखि अन्नपूर्णा पथ जोड्ने बाटो कालोपत्रे तथा नाला निर्माण ।

(१०३) वि.पी पथदेखि बसडिलिया जोड्ने बाटो कालोपत्रे र कल्भर्ट निर्माण ।

(१०४) शिव पथदेखि उत्तर तर्फको ४ वटा बाटोहरू कालोपत्रे तथा नाला निर्माण ।

(१०५) नारायण स्थान पथदेखि कुरैसी मासु पसल हुँदै देव पथ हुँदै Moon Light Boarding School सम्म बाटो कालोपत्रे तथा नाला निर्माण ।

(१०६) अन्नपूर्णा पथदेखि विद्युत् अफिस (सि.आई चन्द्र पथ) सम्म बाटो कालोपत्रे गर्ने तथा नाला निर्माण ।

(१०७) वागेश्वरी पथको नाला निर्माण तथा कालोपत्रे ।

(१०८) अन्नपूर्णा पथ र शालिकराम पथ जोड्ने सडक कालोपत्रे गर्ने ।

(१०९) शिव पथमा सीताराम हरिजनको घरदेखि बैंक कोलनीतर्फ जाने बाटो र नाला निर्माण ।

(११०) मनमोहन पथदेखि अन्नपूर्णा पथसम्म नाला निर्माण र कालोपत्रे ।

(१११) बाबा छापाखाना हुँदै बैंक कोलनीको राजन जंग राणाको घर पछाडिको सडक निर्माण ।

(११२) उत्तमी पथको नाला व्यवस्थित गर्ने ।

(११३) अन्नपूर्णा पथको बाँकी खण्ड कालोपत्रे र नाला निर्माण ।

(११४) लुम्बिनी रोडदेखि शिव मन्दिरसम्म बाटो कालोपत्रे गरी पक्की नाला निर्माण ।

(११५) शिव पथदेखि उत्तर एवम् दक्षिणका सबै बाटाहरू पिच र नाला निर्माण गर्ने ।

**वडा नं. ९**

(११६) उदयपुर गाउँदेखि डाँडागाउँमा पक्की नाला निर्माण र कालोपत्रे ।

(११७) शान्तिनगरतर्फ जाने ग्राभेल सडकमा पक्की नाला निर्माण र पिच गर्ने

(११८) उदयपुरदेखि मिस्रौलिया सम्म जाने पुरानो बाटो ग्राभेल र नाला निर्माण

(११९) मिस्रौलियादेखि कल्याण पथमा ग्राभेल, कल्भर्ट निर्माण र नाला निर्माण

(१२०) कठौतियादेखि प्रल्हाद पथको पुरानो नाला मर्मत ।

(१२१) प्रल्हाद पथदेखि कल्याण पथ पिच र नाला निर्माण ।

(१२२) प्रभात पथदेखि सिद्धार्थ पथको बाटो कालोपत्रे र नाला निर्माण ।

(१२३) हरि पथ, प्रभात पथदेखि जनस्वास्थ्यसम्मको बाटो कालोपत्रे र नाला निर्माण

(१२४) प्रभात पथ वृहस्पति स्कुल हुँदै दुमदुमवा जाने बाटो पिच र नाला निर्माण

(१२५) वृहस्पति चोकबाट गोलीगढ हुँदै मूल सडक जोड्ने बाटो कालोपत्रे र नाला निर्माण

(१२६) सिद्धार्थ राजमार्गदेखि भट्टाटोल जोडिने बाटो कालोपत्रे गरी कल्भर्ट र नाला निर्माण ।

(१२७) भट्टाटोलबाट भानुपथमा जोडिने कालोपत्रे र नाला निर्माण ।

(१२८) भट्टाटोल देखि गोलीगढ चोक जोड्ने बाटो कालोपत्रे गरी नाला निर्माण र कल्भर्ट निर्माण

(१२९) उदयपुरबाट गोनहिया स्कुल जाने बाटो पिच र नाला निर्माण ।

(१३०) गोलीगढ सडकदेखि धन ब. गुरुङको घरसम्मको बाटो पिच र पक्की नाला निर्माण ।

(१३१) उदयपुरदेखि पश्चिम मान्दव्य सेवा समाज जोडिने बाटो पिच र नाला निर्माण ।

(१३२) डाँडागाउँबाट मिसरौलिया जोडिने बाटो पिच, कल्भर्ट र नाला निर्माण ।

(१३३) दुमदुमवा गाउँभित्र पक्की सडक निर्माण ।

(१३४) लेखनाथ पथ, सो पूर्वको राजमार्गदेखि भानु पथ जाने बाटो (दुर्गा मगरको घर) कालोपत्रे तथा नाला निर्माण ।

(१३५) भानु पथदेखि भट्टा टोल जोड्ने पश्चिममा पर्ने ३ वटा बाटो कालोपत्रे तथा नाला निर्माण ।

(१३६) वडा नं. ९ को भानु पथ नाला र कालोपत्रे ।

**वडा नं. १०**

(१३७) शङ्करपुर गाउँदेखि धर्मपुर जाने बाटो कालोपत्रे गर्ने

(१३८) शङ्करपुर गाउँमा नाला मर्मत गर्ने र गाउँदेखि नाला निर्माण गरी कुलोमा जडान गर्ने र गाउँभित्रको बाटोहरूलाई पक्की निर्माण

(१३९) शङ्करपुर गाउँदेखि शङ्करपुर छोटका डिहवा हुँदै वडा नं. ११ को सिमानासम्म कालोपत्रे गर्ने, छोटका डिहवा टोलमा नालाको निर्माण ।

(१४०) धर्मपुर गाउँदेखि दोगहरी गाउँ जाने बाटोको विचौवापुरमा बाटोको दुवै तर्फ नाला निर्माण ।

(१४१) दोगहरी गाउँको खलिहान देखि भुजौली जाने बाटोको दुवै तर्फ नाला निर्माण गरी ग्राभेल ।

(१४२) दोगहरी गाउँको खलिहान देखि सिसवा जाने बाटो वर्डा नं. ११ जाने कालोपत्रे बाटोको दुवै तर्फ पक्की नाला निर्माण ।

१४३) मोती कलवारको घरदेखि नरेश चमारको घरसम्म र जोगिन्द्र चाईको घरसम्मको २ वटा ग्राभेल बाटोलाई कालोपत्रे ।

(१४४) दोगहरी बस्ने राम शुभम मुराउको घरदेखि गणेश वृजवासीको घरसम्मको गल्ली बाटोलाई कालोपत्रे ।

(१४५) राजेश पराजुलीको घरदेखि सुरज वरईको घरसम्मको बाटोमा दुवैतर्फ पक्की नाला निर्माण गरी कालोपत्रे

(१४६) राजेश पराजुलीको घरदेखि रामप्रसाद मुराउको घरसम्म पक्की नालाको निर्माण गरी कालोपत्रे ।

(१४७) रुदल मुराउको घरदेखि भोला कोईरीको घरसम्म बाटोको दुवैतर्फ नाला निर्माण गरी कालोपत्रे ।

(१४८) बेलहवा टोलमा र बेलहवाडी लुम्बिनी रोडदेखि गामा पासीको घरसम्मको बाटोलाई दुबैतर्फ नाला निर्माण गरी कालोपत्रे ।

(१४९) लुम्बिनी रोडदेखि सुरत बेलदारको घरसम्म नाला निर्माण गरी पक्की बाटो निर्माण ।

(१५०) दोगहरी विन्ध्याचल मुराउको घरदेखि घाघरा नदीसम्म नयाँ सडक निर्माण ।

**वडा नं. ११**

(१५१) वडा समितिको कार्यालयदेखि नौडिहवा गाउँ हुँदै भारतको सिमानासम्मको बाटो पिच ।

(१५२) वडा नं. ११ स्थित पोखरीको चारैतिरको बाटो मर्मत ।

(१५३) मेनरोडदेखि छोटकी पिपरहिया हुँदै भारतको सिमानासम्मको बाटो ग्राभेल ।

(१५४) दुवार ढाडीको घरदेखि मोहरत पठानको घरसम्मको नाला व्यवस्थित ।

(१५५) शिवकुमार पालको घरदेखि इन्द्र जित पालको घरसम्मको बाटो ग्राभेल ।

(१५६) पिपरहिया बाबुराम यादवको घरदेखि राम अचल कोहारको घरसम्म नाला र बाटोमा इँटा सोलिङ ।

(१५७) लुटावन यादवको घरदेखि राजेश यादवको घरसम्म नाला र इँटा सोलिङ ।

(१५८) राम नरेश यादवको घरदेखि धिरज यादवको घरसम्मको बाटोमा इँटा सोलिङ ।

(१५९) दुर्विजय यादवको घरदेखि गुरु चरण राजभरको घरसम्मको बाटोमा इँटा सोलिङ ।

(१६०) पिपरहियादेखि दक्षिणतर्फ भारतको सिमानासम्मको बाटो ग्राभेल ।

(१६१) कालीमाईसम्मको बाटो मर्मत ।

(१६२) मेन रोडदेखि हरिजन टोलसम्मको सडक मर्मत ।

(१६३) पिपरहियादेखि वडा नं १० शङ्करपुर गाउँसम्मको सडक ग्राभेल ।

(१६४) भुजौली गाउँभित्र बाँकी रहेका नाला निर्माण गर्ने ।

(१६५) भुजौली गाउँको दक्षिण पोखरीमा खसेको बाटोको मर्मत गर्ने ।

(१६६) भुजौली गाउँको मूल सडक पिच ।

(१६७) सिसवा गाउँबाट पश्चिमतर्फ र दक्षिणतर्फ गएको बाटोलाई ग्राभेल र कल्भर्ट निर्माण ।

(१६८) सिसवा गाउँ जाने अधुरो सडकलाई पुरा निर्माण गरी पिच गर्ने

(१६९) सिसवा गाउँदेखि पिपरहिया गाउँसम्मको मूल सडकलाई पिच गर्ने

(१७०) सिसवा गाउँभित्र रहेको सडकको दुबै तर्फ पक्की नाला निर्माण गर्ने

(१७१) सिसवाको पूर्व भुजौली जाने बाटोदेखि उत्तरतर्फ सडक रेखांकन तथा कुलो निर्माण ।

(१७२) पिपरहियादेखि भैरहवा जाने पिच सडकमा एउटा कल्भर्ट निर्माण ।

**वडा नं. १२**

(१७३) भीमकाली पथमा पक्की नाला निर्माण र बाटो कालोपत्रे ।

(१७४) रुद्र पथमा नालाको निर्माण र नयाँ कालोपत्रे ।

(१७५) सोना पथ पक्की बनाउने ।

(१७६) गौरीश्वर पथमा नालाको निर्माण ।

(१७७) GP पथ पक्की नाला निर्माण ।

(१७८) बुद्ध पथमा पक्की नाला र कालोपत्रे ।

(१७९) कालिका पथको नालामा ढक्कन राख्ने ।

(१८०) जनता पथबाट पूर्वतिर रहेको कच्ची बाटोमा ग्राभेल, कालोपत्रे र नालाको निर्माण ।

(१८१) जनक पथदेखि सिद्धार्थ प्रा.वि हुँदै रुद्रपथ जोड्ने बाटोमा Block छाप्ने ।

(१८२) भीमकाली पथदेखि उत्तरतर्फको बाटोहरू कालोपत्रे गर्ने ।

(१८३) जनक पथदेखि डिम्बा दिदीको घर हुँदै दक्षिण रुद्र पथसम्म सडक कालोपत्रे तथा नाला निर्माण ।

**वडा नं. १३**

(१८४) सूर्य पथमा पक्की नाला निर्माण तथा सडक पिच ।

(१८५) अद्वैत पथबाट सूर्य पथ निस्कने बाटोमा पक्की नाला निर्माण तथा सडक पिच

(१८६) वडा नं १३ का सडकहरूको स्तर उन्नति ।

(१८७) ज्योति पथमा पिच गर्ने ।

(१८८) सृजना पथमा नाला निर्माण र पिच ।

(१८९) श्रद्धा पथको दुवैतर्फ पक्की नाला निर्माण र बाटोको स्तर उन्नति ।

(१९०) शान्तिनगर गाउँभित्र नाला निर्माण ।

(१९१) वडा नं. १० र ११ मा पानी निकासको लागि १० वटा ह्युम पाइप उपलब्ध गराउने ।

(१९२) हाट बजारको गणेश मन्दिरको दक्षिण पश्चिमतर्फको कर्ण टोल हुँदै राधाकृष्ण मन्दिरसम्म जाने बाटो Block छाप्ने ।

**सिँचाइ**

(१९३) सिँचाइको लागि बोरिङको व्यवस्था गर्ने ।

(१९४) हर्नैयाको बोरिङ सञ्चालन गर्नको लागि नालाको निर्माण ।

(१९५) घागरा सिँचाइ योजना कुलो मर्मत गरी सञ्चालनमा ल्याउने ।

(१९६) पिपरहियादेखि मेउडिहवासम्म सिँचाइको लागि पक्की कुलो निर्माण गर्ने ।

(१९७) घाघरा खोलामा सञ्चालित सिँचाइको उचित बन्दोवस्त गर्ने ।

(१९८) कुलाहरूको सर-सफाइमा ध्यान दिन सम्पूर्ण जनतामा जनचेतनामूलक कार्यक्रम सञ्चालन ।

(१९९) सिँचाइको लागि रहेको १० फिट देखि १४ फिटसम्मको कुलो मर्मत ।

(२००) पुरानो उदयपुरदेखि मिसौलियासम्मको जग्गालाई सिँचाइ पुग्ने कुलो मर्मत-सम्भार ।

(२०१) वडा नं. १० मा सिँचाइको लागि ४ इन्चको बोर ५ थान उपलब्ध गराउने ।

(२०२) घाघरा सिँचाइ सुचारु रूपले सञ्चालन ।

(२०३) वडा नं. ११ मा सिँचाइको लागि १२ वटा बोरिङ जडान ।

**विद्युत्**

(२०४) फुलपुर, जगनपुरा, मेउडिहवा गाउँ र जंगलटोलमा Transformer थप्ने ।

(२०५) Highway देखि दरखसवा गाउँसम्म Transformer थप्ने ।

(२०६) वडाका सम्पूर्ण क्षेत्रमा विद्युत्को विस्तार ।

(२०७) चिताघरमा विद्युत्को र पानीको व्यवस्था ।

(२०८) कृष्णपुरमा नेपाल विद्युत् प्राधिकरणको लाइन जडान ।

(२०९) सम्पूर्ण वडाका सम्पूर्ण टोलहरूमा Transformer थप्ने ।

(२१०) सिँचाइका लागि वडाको प्रत्येक सिमानामा विद्युत् लाइन जडान गरी ट्युबवेल निर्माण ।

(२११) वडा नं. ११मा बिजुलीको लागि १२ वटा खम्बा तार सहित उपलब्ध गराउने ।

(२१२) सडक बत्तीहरू व्यवस्थित ।

**खानेपानी**

(२१३) सम्पूर्ण वडाका सम्पूर्ण टोलहरूमा नेपाल खानेपानी संस्थानको खानेपानी धाराहरू वितरण ।

(२१४) बटुवाहरूको लागि शुद्ध खाने पानीको लागि १५-२० ठाउँहरूमा व्यवस्था ।

(२१५) नगरपालिकाले सार्वजनिक रूपमा निर्माण गरेको २ वटा खानेपानीको धाराहरूको उचित व्यवस्थापन

(२१६) खानेपानी संस्थानको धारो नयाँ बस्तीमा विस्तार गर्ने ।

(२१७) वडाको सम्पूर्ण घरहरूमा खानेपानी संस्थानको खानेपानीको लाइन विस्तार ।

(२१८) उदय पथदेखि जनक पथ हुँदै देउराली पथ (डाँडा गाउँ) ६०० मि. खानेपानीको लाइन वितरण ।

(२१९) नेपाल खानेपानी संस्थानको खानेपानीको धारा वडा नं. ८ र ९ भरि वितरण ।

(२२०) वडा नं. १० मा खानेपानीका लागि संस्थानको पाइप लाइन वितरण ।

(२२१) वडा नं. ११ मा खाने पानीका लागि ७ वटा चापाकल ।

(२२२) वडा नं. १२ का सम्पूर्ण घरमा खानेपानी संस्थानका धाराहरू जडान ।

(२२३) सृजना पथमा खानेपानी संस्थानको धारा वितरण गर्ने ।

(२२४) हरिकिर्तन वडा नं. ४ र सूर्य प्रा.वि वडा नं. ११ मा शुद्ध खानेपानीको व्यवस्था गर्ने ।

**यातायात**

(२२५) नगरस्तरीय नगर बस सञ्चालन गर्ने ।

(२२६) भित्री चक्रपथको सम्भाव्यता अध्ययन ।

**दूरसञ्चार**

(२२७) वडा नं. ९मा LandLine टेलिफोनको Point नपुगेकोले थप विस्तार ।

(२२८) वैकल्पिक उर्जाको लागि अनुदान ।

(२२९) सार्वजनिक क्षेत्रहरूको संरक्षण सम्बन्धी विशेष योजना सञ्चालन ।

(२३०) धरमपुर र दोगहरीमा Land Line फोनको लाइन विस्तार ।

(२३१) वडा नं. ११मा Land Line टेलिफोन सेवा विस्तार गर्ने ।

**उद्यान**

(२३२) एयरपोर्टबाट पूर्वतिरको जग्गामा बालउद्यान निर्माण ।

(२३३) वडा नं.५ र ६ मा रहेको बालउद्यानलाई व्यवस्थित गर्ने ।

(२३४) वडा नं. २ मा बालउद्यान निर्माण ।

(२३५) वडा नं. ८ शिवालय क्षेत्रमा बालउद्यान निर्माण ।

(२३६) हिमाली पथको डाँडागाउँ जाने बाटोमा बालउद्यान निर्माण ।

(२३७) पञ्च वाटिका व्यवस्थित गर्ने ।

**अन्य**

(२३८) खजहनादेखि पुरानो राइस मिलसम्म जाने बाटोमा रहेको पुल मर्मत-सम्भार ।

(२३९) विकास निर्माण कार्यहरूमा एकरूपता कायम गर्न strategy निर्माण ।

(२४०) Parkingको लागि स्थान छनौट गरी स-शुल्क पार्किङको व्यवस्था ।

(२४१) सवारीसाधन व्यवस्थित गर्न ट्राफिक नियमको बारेमा जनचेतना मूलक कार्यक्रम सञ्चालन ।

(२४२) वडा नं. १० को शङ्करपुर गाउँ अगाडि देखि दक्षिणतर्फ छोटका डिहवा जाने बाटोमा चिनक धोवीको घर अगाडि सेप्टिकवाल निर्माण ।

(२४३) वडा नं. १० को कान्जी हाउस जाने बाटोमा दुवैतर्फ सेप्टिक वाल निर्माण गर्ने ।

(२४४) बसपार्कबाट बस छुट्ने व्यवस्था मिलाउनको लागि बसपार्क व्यवस्थित ।

(२४५) नगर क्षेत्रका सम्पूर्ण वडाहरूमा वैकल्पिक उर्जाको सम्भाव्यता अध्ययन ।

(२४६) नारायण मन्दिरको जग्गा व्यवस्थित ।

### ३.५.६ पूर्वाधार लगानी रणनीति

प्रस्तावित प्राथमिकतागत क्षेत्रअनुरूप नै सहरी विस्तार क्षेत्रको सफल कार्यान्वयनका लागि सो क्षेत्रहरूलाई प्रोत्साहित गर्ने तथा सहरी विस्तारका लागि प्रस्ताव नगरिएको क्षेत्रलाई निरुत्साहित गर्न नगरपालिका तथा नेपाल सरकारबाट भौतिक पूर्वाधार निर्माण (मर्मत-सम्भार) कार्यमा गरिने लगानी सम्बन्धी स्पष्ट नीति तय गरी लागु गर्नु पर्दछ । अन्यथा दोस्रो र तेस्रो चरणमा प्रस्ताव गरिएका विस्तार क्षेत्रमा सहर विस्तार हुन जान सक्दछ । जस्तै : दोस्रो तथा तेस्रो विस्तार क्षेत्रमा नगरपालिकाले भौतिक पूर्वाधार निर्माण नगरी भावी विस्तार क्षेत्रतर्फ निर्माण गरिदिने हो भने बस्तीहरू भावी विस्तार क्षेत्रतर्फ बढ्न जान्छन् । भौतिक पूर्वाधार निर्माण (मर्मत-सम्भार) कार्य सम्बन्धी लगानी नीति (Infrastructure Investment Policy) को उदाहरण (सडकको लागि) तालिका नं. ३.९ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं.३.९ : सडक निर्माण कार्य सम्बन्धी लगानी नीति**

| प्राथमिकतायुक्त सहरी विस्तार क्षेत्र | पूर्वाधार निर्माण तथा मर्मत-सम्भार कार्यमा लगानी नीति | कैफियत |
|---|---|---|
| प्रथम | नगरपालिका तथा उपभोक्ता | ४ मि. भन्दा बढी चौडाइ भएका सडकको हकमा नगरपालिकाको ७५% लगानी तथा सो भन्दा सानो सडकमा नगरपालिकाको २५% सम्म लगानी र बाँकी उपभोक्ताहरूको |
| दोस्रो | नगरपालिका तथा उपभोक्ता | लगानी बराबर |
| तेस्रो | नगरपालिका तथा उपभोक्ता | उपभोक्ताको ७५% लगानी |
| भावी | उपभोक्ता | सम्पूर्ण लगानी |

### ३.५.७ मुख्य भू-उपयोग क्षेत्र निर्धारणमा गर्न पाइने क्रियाकलापहरू

मुख्य भू-उपयोग क्षेत्र निर्धारण गरिसकेपछि त्यस्ता क्षेत्रहरूमा के कस्ता सहायक क्रियाकलापहरू सञ्चालन गर्न दिने नदिने, वा विशेष स्वीकृति लिएर मात्र सञ्चालन गर्न दिने भन्ने विनियमावली बनाउनु अति आवश्यक हुन्छ । अन्यथा भू-उपयोग क्षेत्र निर्धारण गरिएको खासै अर्थ हुँदैन । त्यस्तै, मुख्य भू-उपयोग क्षेत्र अनुसारको मात्र क्रियाकलापहरू सञ्चालन गर्न पाइने (जस्तै : आवासीय क्षेत्रमा अन्य कुनै पनि प्रकारका पसल, कारखाना, शैक्षिक गतिविधिहरू आदि सञ्चालन गर्न नपाइने) भन्ने विषयमा विनियमावली तयार भएको छ, तर व्यावहारिक छैन भने पनि लागु गर्न सकिँदैन ।

नगरमा सञ्चालन हुने सबै प्रकारका सहायक क्रियाकलापहरू जुनसुकै क्षेत्रमा सञ्चालन गर्न दिएमा (जस्तै : आवासीय बस्ती सँगै पशुपालन आदि) नगरको वातावरणमा ह्रास आउनका साथै नागरिकहरूको स्वास्थ्यमा प्रतिकूल प्रभाव पर्दछ । तसर्थ मुख्य भू-उपयोग क्षेत्रमा खासै असर (वातावरणीय वा सामाजिक असर) नपर्ने खालका क्रियाकलापहरूलाई मात्र सञ्चालन गर्न स्वीकृति दिनु उचित हुन्छ । जस्तै : आवासीय क्षेत्रमा किराना, औषधी, तरकारी पसलहरू जस्ता नकारात्मक असर नपार्ने खालका क्रियाकलापहरू सञ्चालन गर्न दिन सकिन्छ भने कलकारखाना, पशुपालन जस्ता क्रियाकलापहरू सञ्चालन गर्न बन्देज लगाउनु पर्दछ । मुख्य भू-उपयोग क्षेत्र निर्धारणमा गर्न पाइने, नपाइने क्रियाकलापहरूको विस्तृत विवरण तालिका नं. ३.१० मा प्रस्तुत छ ।

## तालिका नं.३.१० : भू-उपयोग सम्बन्धी क्रियाकलापहरू

| क्र.सं. | क्रियाकलाप | भू-उपयोग सम्बन्धी क्रियाकलापहरू | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | आवासीय तथा व्यापारिक | आवासीय | संस्थागत | भावी सहरी विस्तार क्षेत्र (हाल कृषि प्रयोजन क्षेत्र) | छरिएको बस्ती | औद्योगिक |
| **क.** | **भवन** | | | | | | |
| 1. | आवासीय भवन | √ | √ | √ | * | √ | * |
| 2. | सरकारी भवनहरू (कार्यालय) | √ | * | √ | * | * | * |
| 3. | सरकारी भवनहरू (आवास) | √ | √ | √ | * | * | * |
| 4. | संस्थागत भवन | * | * | √ | * | * | * |
| 5. | गोदाम | √ | # | * | # | √ | √ |
| **ख.** | **पसल** | | | | | | |
| 1. | किराना पसल | √ | √ | # | √ | √ | √ |
| 2. | लत्ता कपडा | √ | * | # | * | √ | # |
| 3. | चिया, पान | √ | √ | √ | √ | √ | √ |
| 4. | किताब, स्टेसनरी | √ | √ | √ | # | √ | # |
| 5. | भाडा पसल | √ | √ | # | # | √ | # |
| 6. | हार्डवेयर | √ | # | # | √ | √ | # |
| 7. | डिपार्टमेन्टल स्टोर | √ | # | # | # | # | # |
| **ग.** | **बजार व्यवस्था** | | | | | | |
| 1. | हाटबजार | √ | | | √ | √ | # |
| 2. | माछा, मासु बजार | √ | √ | # | √ | √ | # |
| 3. | तरकारी बजार (पसल कवल मात्र) | √ | √ | # | √ | √ | # |
| 4. | पशु हाट | # | # | # | √ | * | # |
| 5. | पशु वधशाला | √ | # | # | √ | √ | * |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **घ.** | **स्वास्थ्य** | | | | | | |
| 1. | स्वास्थ्य क्लिनिक | √ | √ | √ | * | √ | √ |
| 2. | औषधी पसल | √ | √ | √ | * | √ | √ |
| 3. | नर्सिङ होम | √ | √ | √ | * | √ | # |
| 4. | स्वास्थ्य प्रयोगशाला | √ | √ | √ | * | √ | # |
| 5. | स्वास्थ्य चौकी | √ | √ | √ | * | √ | # |
| **ङ.** | **शिक्षा** | | | | | | |
| 1. | शिशु स्याहार केन्द्र | √ | √ | √ | √ | √ | √ |
| 2. | प्राथमिक विद्यालय | √ | √ | √ | √ | √ | √ |
| 3. | निम्न/माध्यमिक विद्यालय | * | √ | √ | * | √ | # |
| 4. | उच्च मा.वि. | * | √ | √ | * | √ | # |
| 5. | महाविद्यालय | * | * | √ | * | √ | # |
| 6. | व्यावसायिक तालिम केन्द्र | √ | √ | √ | * | √ | # |
| 7. | पुस्तकालय/वाचनालय/क्लब | √ | √ | √ | √ | √ | √ |
| **च.** | **सार्वजनिक स्थलहरू** | | | | | | |
| 1. | मन्दिर, मस्जिद, चर्च, स्तुप | * | * | * | * | * | * |
| 2. | सभाहल | * | * | * | * | * | # |
| 3. | मसानघाट | # | # | # | * | # | # |
| 4. | कब्रिस्थान | # | # | # | * | # | # |
| 5. | सार्वजनिक शौचालय | * | * | * | * | * | * |
| 6. | प्रहरी चौकी | * | * | √ | * | * | * |
| 7. | सिनो फ्याल्ने स्थान | # | # | # | * | # | # |
| **छ.** | **मनोरञ्जन स्थल** | | | | | | |
| 1. | सिनेमा हल | √ | * | # | # | * | * |
| 2. | भिडियो हल | √ | * | # | # | * | * |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३. | चिडियाखाना | # | # | # | √ | * | # |
| ४. | सार्वजनिक उद्यान | √ | √ | √ | √ | √ | √ |
| ५. | पार्क | √ | √ | √ | √ | √ | √ |
| ६. | रङ्गशाला | # | # | * | √ | * | # |
| ७. | खेलकुद मैदान | √ | √ | √ | √ | √ | √ |
| **ज.** | **सेवामूलक व्यवसाय** | | | | | | |
| १. | रेडियो, घडी, टि.भी. मर्मत, पेन्टिङ | √ | √ | √ | # | √ | √ |
| २. | परामर्श सेवा | √ | √ | √ | # | √ | √ |
| ३. | ड्राई क्लिनर्स, हेयर ड्रेसर | √ | √ | √ | # | √ | √ |
| ४. | सैलुन | √ | √ | √ | √ | √ | √ |
| ५. | टेलिफोन, फ्याक्स, पि.सि.ओ. | √ | √ | √ | √ | √ | √ |
| **झ.** | **अन्य व्यवसाय** | | | | | | |
| १. | होटल, तारे होटल | √ | * | * | * | * | # |
| २. | लज, अतिथि गृह, होटल, रेस्टुरा | √ | √ | # | # | √ | √ |
| ३. | मट्टितेल, ग्याँस डिपो | * | * | # | # | √ | √ |
| ४. | पेट्रोल पम्प | * | # | # | # | # | √ |
| ५. | कबाडी खाना | * | # | # | # | * | √ |
| ६. | मोटर, मोटर साइकल वर्कसप | * | # | # | # | * | √ |
| **ञ.** | **कृषि** | | | | | | |
| १. | कृषि, बागवानी, फलफूल उत्पादन | # | # | # | √ | √ | # |
| २. | नर्सरी | √ | √ | # | √ | √ | # |
| ३. | पोल्ट्री फार्म | # | # | # | √ | √ | # |
| ४. | व्यावसायिक पशुपालन | # | # | # | √ | √ | √ |
| ५. | शित भण्डार | √ | √ | # | √ | √ | √ |
| ६. | फलफूल प्रशोधन | # | # | # | √ | √ | √ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७. | मत्स्य पालन | # | # | # | √ | √ | # |
| **ट.** | **उद्योग** | | | | | | |
| १. | घरेलु उद्योग : | | | | | | |
| | प्रदूषणायुक्त | # | # | # | # | # | * |
| | प्रदूषणारहित | * | # | # | √ | √ | √ |
| २. | राइस मिल | * | # | # | √ | √ | √ |
| ३. | ग्रिल, वेल्डिङ | * | # | # | # | * | √ |
| ४. | काठ मिल, फर्निचर उद्योग | * | # | # | * | * | √ |
| ५. | छापाखाना, स्टेसनरी उद्योग | √ | # | # | * | * | √ |
| ६. | प्लास्टिक उद्योग | # | # | # | # | # | √ |
| ७. | चिया उद्योग | # | # | # | √ | √ | √ |
| **ठ.** | **यातायात** | | | | | | |
| १. | बस/मिनिबस पार्क | * | # | # | * | * | # |
| २. | ट्रक पार्किङ | * | # | # | * | * | √ |
| ३. | रिक्सा, ठेला, पार्किङ | √ | √ | √ | √ | √ | √ |
| ४. | ढुवानी सेवा | √ | # | # | √ | * | √ |
| नोट : √ स्वीकृति पाउने, * विशेष स्वीकृति लिनुपर्ने, # स्वीकृति नपाउने | | | | | | | |

## ३.५.८ भवन निर्माण मापदण्ड

नगरमा निर्माण गरिने भवनहरूबाट नगरको सुन्दरता, स्वच्छ वातावरण तथा निर्मित वातावरणमा ह्रास आउन नदिन सि.न.पा.ले भवन तथा योजना मापदण्ड परिषद्बाट पास गरेर लागु गर्नु पर्छ । यसको कार्यान्वियनबाट न.पा.को योजनाबद्ध सहरीकरणलाई प्रोत्साहन गर्नु पर्दछ । मापदण्डले साँघुरा गल्लीहरू बन्न नदिने, जथाभावी सहरीकरण रोक्ने, आवश्यक खुल्ला क्षेत्रहरूको व्यवस्था गर्ने, धनजनको सुरक्षा गर्ने, सुस्वास्थ्यको व्यवस्था गर्ने, पूर्वाधारहरूको सन्तुलित र पर्याप्त व्यवस्था गर्ने, गोपनीयताको समुचित प्रत्याभूति दिने, स्रोत र साधनको समानुपातिक उपभोग र वितरण नियमित गर्ने, वातावरणीय ह्रास हुन नदिने र सहरी जीवनलाई सरलीकरण गर्ने उद्देश्य लिनु पर्दछ । सो मापदण्डले मुख्यत: भू-उपयोग क्षेत्र, विस्तार क्षेत्र, सडक अधिकार क्षेत्र, सेट ब्याक, निर्माण रेखा, जग्गाको अधिकतम उपयोग, कुल निर्मित क्षेत्रफल आदिको निम्ति सीमा तोकेको हुनु पर्छ ।

### ३.५.९ जग्गा विकास कार्यक्रम

सहरी विस्तार क्षेत्र नीतिले सहर (बस्ती) लाई कुन क्षेत्रतर्फ क्रमशः विस्तार गर्दै लाने भन्ने दिशामात्र निर्देशन गरेको हुन्छ । पूर्वाधार लगानी नीतिअनुरूप भौतिक पूर्वाधार योजनाको निर्माण गरिएमा बस्तीहरू जथाभावी छरिएर विकास हुनबाट नियन्त्रण गर्न सक्दछ, तर प्रस्ताव गरिएका विस्तार क्षेत्रको व्यवस्थित तवरले विकास गर्न प्रत्येक घडेरीमा आवत-जावत गर्न मोटर बाटो, खुल्ला क्षेत्रका प्रावधान, चारपाटे आकार मिलेका घडेरीहरू लगायत भौतिक तथा पूर्वाधारको निर्माण आदिका लागि जग्गा विकास कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने हुन्छ । नेपालका सहरी क्षेत्रमा प्रचलित जग्गा विकास कार्यक्रमहरू निम्नअनुसार छन् :

**(क) निर्देशित जग्गा विकास कार्यक्रम (Guided Land Development Program):**

निर्देशित जग्गा विकास कार्यक्रम विशेष गरी विकास भइसकेको बस्तीहरूमा वा निकट भविष्यमा विकसित हुने क्षेत्रहरूमा बाटोघाटो चौडा गर्न वा नयाँ बाटो खोल्न सञ्चालन गरिने कार्यक्रम हो । योजना बिना नै आफैं विकसित हुँदै आएका बस्तीहरूका बाटाघाटाहरू साँघुरा र नागबेली प्रकारका भई आपतकालीन अवस्थामा (जस्तो आगलागी हुँदा दमकल लैजान र बिरामी पर्दा एम्बुलेन्स वा गाडी प्रवेशको लागि) यस्ता बाटाहरू बाधक बनेका हुन्छन् । तसर्थ बस्तीका बासिन्दाहरूले आफ्नो इलाकामा बाटो चौडा गरी आवागमन सहज बनाई सुधार गर्न आवश्यकताअनुसार केही जग्गा र कहीँकहीँ घर, टहराको केही अंश समेत भत्काउन पर्ने हुन्छ । जग्गाधनी वा घरधनीको अनुमतिबिना यो जग्गा विकास कार्यक्रम सञ्चालन गर्न सकिंदैन ।

**(ख) जग्गा एकीकरण कार्यक्रम (Land Pooling Program):**

जग्गा एकीकरण कार्यक्रम सञ्चालन गर्न जग्गा अधिग्रहण गर्नु पर्दैन । जग्गा एकीकरण गरिने क्षेत्रभित्रका घर जग्गाको किनबेच धनीहरूको अनुमतिमा केही समयको लागि बन्द गरिन्छ । यस अवधिभित्र एकीकरण गरिएका सम्पूर्ण जग्गालाई एउटै चक्लाका रूपमा मिलाएर बाटोघाटो, ढल, टेलिफोन, चउर आदि सुविधाहरू निर्माण गर्ने कार्य हुन्छ । पूर्वाधार सुविधा निर्माण गर्नको लागि केही जग्गा बिक्री गरिन्छ र सो जग्गाबाट प्राप्त रकमबाट उक्त निर्माण कार्य सम्पन्न गरिन्छ । पूर्वाधार निर्माणको लागि चाहिने खर्च, खुला क्षेत्र, सडक आदिमा जाने जग्गाको मोल हिसाब गरिन्छ । यस अतिरिक्त जग्गाधनीले कति जग्गा दिनु पर्ने हो सो पहिल्यै यकिन गरिन्छ । जग्गाधनीहरूले योजनाले निर्धारित गरेअनुसार जग्गा दिएवापत पछि विकसित घडेरी पाउँछन् । सबै पूर्वाधारयुक्त विकसित घडेरीको बजार मूल्य पहिलेको भन्दा धेरै गुणा बढी हुने हुनाले जग्गाधनीहरू यस कार्यक्रमबाट प्रत्यक्ष रूपले लाभान्वित हुन्छन् । यो कार्यक्रमको राम्रो पक्ष भनेको नै जग्गा अधिग्रहण गर्नु नपर्ने भएकोले मुआब्जा वितरण गर्ने जस्तो भन्भट यसमा भोग्नु पर्दैन । तुलनात्मक हिसाबले योजना चाँडो सम्पन्न हुने हुनाले जग्गाधनीले एकातिर चाँडो फाइदा लिन सक्दछन् भने अर्कातिर बजारमा विकसित घडेरीको आपूर्ति हुन गई व्यवस्थित सहरीकरणको प्रयासमा समेत यसले निकै ठूलो टेवा पुऱ्याउने हुन्छ । जग्गाधनीहरूको सहमति र अनुमति बिना सञ्चालन नहुने यो कार्यक्रम अहिले अत्यन्त लोकप्रिय साबित भएको छ ।

**(ग) घडेरी तथा सेवा सुविधा कार्यक्रम (Site and Services Program):**

यो कार्यक्रम कार्यान्वियन गर्नको लागि प्रस्ताव गरिएको निश्चित ठाउँमा अनिवार्य रूपले जग्गा अधिग्रहण गरिन्छ । योजना क्षेत्रको लागि आवश्यक जग्गा अधिग्रहण गरेपछि जग्गा तथा घरधनीलाई तोकेको मुआब्जा दिइन्छ । यसरी अधिग्रहण गरेपछि योजनामा व्यवस्था गरिए अनुसारको बाटोघाटो, ढल, टेलिफोन, खानेपानी, खुला चौर आदि निर्माण गर्ने कार्य हुन्छ । व्यवस्थित बसोबासको हिसाबले चाहिने प्रायः सम्पूर्ण सेवा सुविधाहरूको व्यवस्था र निर्माण कार्य सम्पन्न भइसकेपछि यस्ता विकसित घडेरीहरू (एकै किसिमका वा विभिन्न किसिमका घडेरीहरू) निर्धारित मूल्यमा निश्चित नीतिअन्तर्गत रही बिक्री वितरण गरिन्छ । विकसित घडेरीको मूल्यमा अधिग्रहणको मुआब्जाको रकमका साथै पूर्वाधार विकास निर्माणमा लागेको खर्च, खुला चौरको लागि छाडेको जग्गाको मूल्य आदि जोडिन्छ । तसर्थ, घडेरीको मोल सुरुको अधिग्रहणको मोलभन्दा धेरै गुणा बढ्नु स्वाभाविक हुन्छ । काठमाडौंको कुलेश्वर र गल्फुटारमा सञ्चालित आवास योजनाहरू यसका उदाहरण हुन् ।

आवधिक योजना तर्जुमा गर्ने समयमा माथि उल्लिखित केकस्ता जग्गा विकास कार्यक्रमहरू नगर क्षेत्रमा सञ्चालन गर्न सकिन्छ त्यस्ता क्षेत्रको पहिचान गर्ने कार्य मात्र गर्न सकिन्छ । ता.न.पा.मा बस्ती विकास घना भई नसकेको र घना


बस्तीको क्षेत्रफल पनि ठूलो नभई विकास गर्न सकिने क्षेत्र पर्याप्त रहेको (भौगोलिक अप्ठ्यारोलाई विचार नगर्दा) परिप्रेक्ष्यमा **जग्गा एकीकरण कार्यक्रम** नै सबैभन्दा उपयुक्त हुन्छ । प्रारम्भिक अध्ययनका आधारमा नगरको वडा नं. ११ (बारुद खाना), १२ (धरमपानी) र १३ (बन्दीपोखरा) मा एकीकृत जग्गा विकास कार्यक्रम सञ्चालन गर्न प्रस्ताव गरिन्छ । उपर्युक्त वडाहरूमा भएको भन्डै १,२७० वर्ग कि.मि. जग्गा मध्ये ७५ प्रतिशत जग्गामा एकीकृत जग्गा विकास कार्यक्रम सञ्चालन गर्न सकिन्छ ।

### ३.५.१० ठेगाना प्रणाली


सि.न.पा.मा अझै पनि व्यवस्थित र वैज्ञानिक ठेगाना प्रणाली लागु भएको छैन । आधारभूत सम्पर्कका लागि मात्र नभई तथ्याङ्क सङ्कलन, सूचना प्रवाह आदिका लागि पनि घरहरूको ठेगाना महत्वपूर्ण हुन्छ । घरहरूको ठेगाना व्यवस्थित गर्न सके र त्यसको विवरण कम्प्युटरीकृत गरी डाटाबेस (Database) बनाई समय-समयमा अद्यावधिक गर्न सके प्रत्येक घरको जनसङ्ख्या, सदस्य सङ्ख्या, लिङ्ग, पेसा, आय जस्ता आर्थिक-सामाजिक विवरणका साथै घरघरमा सञ्चालित पसल, व्यवसाय आदिको विवरण पनि सजिलै प्राप्त हुन सकी न.पा.को घरधुरी सर्वेक्षण, कर सङ्कलन आदि कार्यमा ठूलो सहयोग मिल्न सक्छ ।

सि.न.पा.को धेरै भू-भाग अझै ग्रामीण प्रकृतिको हुनाले ठेगाना प्रणाली सर्वत्र लागु गर्नु व्यवहारिक र मितव्ययी दुवै हुँदैन । घना बस्तीको स्वरूप धारण गरिसकेको बजार क्षेत्रमा वैज्ञानिक ठेगाना प्रणालीको सुरुवात गर्न सकिन्छ ।

वैज्ञानिक ठेगाना प्रणाली लागु गर्दा हाल काठमाडौं महानगरपालिकाले अपनाएको मेट्रिक ठेगाना प्रणाली (Metric Addressing System) अति उपयुक्त हुन्छ । यो प्रणाली लचिलो (Flexible) र सरल छ । यस प्रणालीअनुसार घरहरूलाई सडकको उद्गम विन्दुदेखिको दूरी (Distance) को आधारमा घर नम्बर दिइन्छ (चित्र नं. ३.३ (क), (ख)) । बाटो देब्रेतर्फको घरका लागि बिजोड (Odd) र दाहिनेतर्फको घरका लागि जोड (Even) नम्बर दिइन्छ ।




चित्र नं. ३.३ (क) : घर नम्बर दिने तरिका




चित्र नं. ३.३ (ख) : बाटोको उद्गम र अन्तिम विन्दु

उदाहरणस्वरूप, कुनै घरको मूल ढोका बाटोको उद्गम विन्दुबाट १२०.७५ मि. टाढा छ र सडकको दायाँ (Right) तिर पर्दछ भने त्यो घरको नम्बर १२० हुन्छ ।

यो ठेगाना प्रणाली लागु गर्दा प्रत्येक घरलाई बाटोको नाम र घर नम्बर सहितको पाता दिइन्छ र सो पातालाई घरको मूल ढोकानिर सबैले देख्ने गरी टाँगिन्छ । घर नम्बरको सुरुको विन्दु यकिन गर्दा उत्तर-दक्षिण बाटो भए दक्षिणी छेउ र पूर्व-पश्चिम बाटो भए पूर्वी छेउलाई आधार मानिन्छ । घरका साथसाथै बाटोहरूको पनि नामाकरण गरिएको हुन्छ ।

चौडाइका आधारमा बाटोलाई पथ (Avenue), सडक (पेटी भएको बाटो), मार्ग (पेटी नभएको बाटो) र गल्लीमा विभाजन गर्न सकिन्छ ।

**फाइदाहरू**

- बाटोको सुरुबाट घरसम्मको दूरी अन्दाज गरी घर पत्ता लगाउन सकिन्छ ।
- बाटोको नामले पनि सो घर सहरको कतातिर पर्दछ भन्ने थाहा हुन्छ ।
- दुई घरका बीचको खाली जग्गामा नयाँ घर बन्दा पनि सजिलै घर नम्बर दिन सकिन्छ । यसले अन्य घर नम्बरलाई केही असर पार्दैन ।
- घर नम्बरका आधारमा न.पा.मा सूचना प्रणाली (Information System) खडा गर्न सकिन्छ ।
- यो ठेगाना प्रणालीबाट हुलाक कार्यालय, निर्वाचन आयोग, तथ्याङ्क शाखा, सेवा प्रदायक संस्थाहरू लगायत सर्वसाधारण लाभान्वित हुन्छन् ।
- यो ठेगाना प्रणालीबाट धेरै संस्था र जनता समेत लाभान्वित हुने हुँदा जडान खर्च बापत घरधनीसँग र अन्य प्रशासनिक खर्चहरू विभिन्न सङ्घसंस्थाको प्रायोजनमा उठाउन सकिन्छ ।

## ३.६ आर्थिक विकास योजना

आर्थिक विकासको सन्दर्भमा विश्लेषण गर्दा न.पा.को विगतको र हालको आर्थिक स्रोतको प्रवृत्तिमा केही फरक देखिन्छ । विगतका तथ्याङ्कहरूले नगर क्षेत्रको बासिन्दाको कुल आम्दानीको भण्डै ७५% भार कृषि र पशुपालनले क्षेत्रले र बाँकी भार अन्यले ओगटेको थियो भने हालको आम्दानीमा वैदेशिक रोजगारले थप सहयोग गरेको छ ।

पेसागत रूपमा कुल जनसङ्ख्यामध्ये कृषिमा ९० प्रतिशत घरायसी कार्यमा ४ प्रतिशत सरकारी नोकरीमा २ प्रतिशत वैदेशिक रोजगारीमा ०.४ प्रतिशत व्यापार व्यवसायमा २ प्रतिशत अन्यमा १.६ प्रतिशत संलग्न देखिन्छन् ।

बढ्दो सहरीकरण सँगसँगै बढेको आवासीय, औद्योगिक, संस्थागत र व्यापारिक क्रियाकलाप सँगसँगै कृषियोग्य जमिन स्वभाविक रूपमा घट्दो क्रममा छ र आर्थिक क्षेत्रमा गैर कृषि क्षेत्रको योगदान निरन्तर बढ्दो क्रममा छ । देशव्यापी रूपमा वैदेशिक रोजगारीप्रतिको आकर्षणबाट यो क्षेत्र पनि अछुतो रहन सकेको छैन ।

वैदेशिक आम्दानीको स्रोतले नगरको आम्दानीको स्रोतमा सबलता पनि थपेको छ भने अर्कोतिर कामका लागि कर्मशील युवावर्गहरू वैदेशिक रोजगारप्रति आकर्षित भई विदेश पलायन हुने क्रम बढ्ने प्रभाव नकारात्मक देखिन्छ । यस आवधिक योजनाले यस्ता पक्षहरूको सकारात्मक र नकारात्मक दुवै अवस्थालाई सन्तुलित गर्ने प्रयास गरेको छ ।

आर्थिक विकासमा प्रत्यक्ष असर देखाउने कारक तत्व सडक र हवाई यातायातको सुगमता छ, तर नगरभित्रको आन्तरिक आवागमनमा सार्वजनिक सवारी साधनको उपयुक्त व्यवस्था हुन नसक्दा अपेक्षित विकास हुन सकेको छैन ।

नगरभित्र पर्यटकीय पूर्वाधारका दृष्टिकोणमा भएका होटल, लजहरू अत्यावश्यक काम (प्रशासनिक तथा उपचार ) ले आउने मानिसहरूलाई बास दिने दृष्टिकोणाले र मात्रै स्थापना भएका देखिन्छन् । समग्रमा यस्ता होटल तथा लजहरूले व्यावसायिकता हासिल गर्न सकेको देखिँदैन । यस क्षेत्रमा लगानी गर्न सके बाह्य तथा आन्तरिक दुवै खाले पर्यटकलाई राम्रै आकर्षित गर्न सकिने प्रचुर सम्भावना देखिन्छ ।

सिद्धार्थनगर नगरपालिकाका बासिन्दाको आर्थिक रूपान्तरणका लागि अग्रणी क्षेत्रमध्येको उद्योगको योजना तालिका नं. ३.११ मा प्रस्तुत गरिएको छ ।

**तालिका ३.११ : उद्योग तथा वाणिज्य सम्बन्धी तर्कबद्ध योजना**

| योजनाको सारांश | सूचक | पुस्ट्याइँका आधार | जोखिम पक्ष |
|---|---|---|---|
| **उद्देश्य :** | | | |
| उद्योग क्षेत्रको पहिचान र विस्तार गरी स्थानीय कच्चा पदार्थ एवम् जनशक्तिको खपत वृद्धि मार्फत् आयआर्जनको सम्भावना बढाउने | | | |
| **नतिजा (उद्योग) :** | | | |
| स्थापित उद्योगहरूको गुणात्मक सुधार भई नयाँ उद्योगहरू सञ्चालनमा आएको हुने | उद्योग क्षेत्रमा आ.व. २०७१/७२ सम्ममा थप ७५० रोजगारी थपिएको | ▪ घरेलु तथा साना उद्योग विकास समितिको प्रतिवेदन<br>▪ सि.न.पा.को सूचना केन्द्र<br>▪ जि.वि.स. सूचना केन्द्र | ▪ सहज राजनैतिक वातावरण<br>▪ निजी क्षेत्रको सक्रियता<br>▪ निजी क्षेत्र मैत्री वातावरण<br>▪ विद्युतको उपलब्धता<br>▪ अनुकूल मजदूर नीति<br>▪ आर्थिक संस्थाको लगानी<br>▪ पर्यटकीय क्षेत्रको विकास |
| २. स्थानीय उद्योगहरूको उत्पादन बाह्य निकासीमा वृद्धि भएको हुने | दर्ता उद्योग व्यवसाय हाल ७६ भएकोमा आ.व. २०७२/७३ सम्ममा १०० को हाराहारीमा हुने छ । | | |
| | आ.व. २०७२/७३ सम्ममा औद्योगिक क्षेत्रबाट उठ्ने राजस्वमा २५ प्रतिशतले वृद्धि भएको हुनेछ । | | |
| | | | |

**रणनीति :**

- स्थानीय कच्चा पदार्थ, सीप र जनशक्तिको व्यापक उपयोग गरी बेरोजगारी घटाउने ।
- सि.न.पा.को भूगोल र वातावरणलाई सुहाउने उद्योगलाई प्रवर्द्धन गर्ने ।
- आन्तरिक र बाह्य बजारको मागबमोजिमका उत्पादनहरूलाई प्राथमिकता दिने ।

**नीति/कार्यनीति :**

- कृषि, शिक्षा र पर्यटन प्रवर्द्धनमा निजी क्षेत्रसँग सहकार्य गर्ने ।
- सरकारी कार्यालयहरूमा स्थानीय उत्पादनको प्रयोगलाई बढावा दिने ।
- स्थानीय कृषि तथा कच्चा पदार्थ प्रयोग गर्ने, स्थानीय रोजगारी बढाउने अनि वातावरण प्रदूषण कम गर्ने उद्योगलाई प्रोत्साहित गर्ने ।

- सबै उद्योग व्यवसायलाई करको दायरामा ल्याई सो बापत् ऋण सुविधा, व्यावसायिक तालिम र बजारीकरणमा सहयोग पुऱ्याउने ।

**कार्यक्रमहरू :**

**आर्थिक विकास योजनाको प्रस्तावित कार्यक्रमहरू**

**उद्देश्य :**

नगरवासीहरूको सुख समृद्धि र जीवनस्तरमा अभिवृद्धि

**नीति :**

कृषि, व्यापार, उद्योग तथा सेवा व्यवसायको विकास र विस्तार

**कार्यक्रम :**

**(क) कृषि**

(१) कृषि सामग्रीको सामुचित आपूर्तिको व्यवस्था ।

(२) उन्नत प्रविधिको ज्ञान ।

(३) सरल र सहज ऋणको व्यवस्था ।

(४) कृषि उपजको बजार व्यवस्था ।

**(ख) व्यापार**

(१) खाद्यपदार्थ एवम् आवश्यक उपभोग्य सामानको सीमा शुल्क, मूल्य अभिवृद्धि कर र बिक्री कर आदिमा वर्तमान दरभन्दा ५० प्रतिशत घटाउनु पर्ने तथा सीमाको वरिपरि रहेका अन्य निकायहरूबाट चन्दा शुल्क असुल गर्न बन्द गर्ने ।

(२) विभिन्न सङ्घ-संस्थाबाट असुल गर्ने चन्दा तथा सहयोग रकम बन्द हुनु पर्ने ।

(३) आय कर, मूल्य अभिवृद्धिकर तथा नगरपालिकाबाट उठाउने शुल्क आदि पारदर्शी हुनु पर्ने करदाताको सम्मान गर्ने बानी बसाल्नु पर्ने ।

(४) गुणस्तर तथा मूल्यसूचीका बारेमा अनवरत रूपले अध्ययन एवम् अनुगमन हुनु पर्ने ।

(५) उद्योग वाणिज्य सङ्घ व्यापारीहरूको समस्या निराकरण, सल्लाहकार र सहयोगीको भूमिका निर्वाह गर्नका लागि सक्षम हुनु पर्ने ।

(६) बजार प्रतिस्पर्धात्मक हुनु पर्ने ।

(७) स्वास्थ्यमा प्रतिकूल प्रभाव पार्ने सामानको व्यापारमा रोक तथा आयातमा प्रतिबन्ध लगाउने ।

**(ग) उद्योग**

(१) मझौला तथा लघु उद्योगको विकास एवम् विस्तारका लागि एकद्वार प्रणालीको विकास गर्ने तथा सम्बन्धित विकासका कर्मचारीहरूलाई उत्तरदायी बनाउनु पर्ने ।

(२) आयात प्रतिस्थापन तथा साना उद्योगको स्थापनाका लागि प्रथम प्राथमिकता दिनु पर्ने ।

(३) निर्यात हुनु पर्ने वस्तुको उत्पादनमा वस्तु उत्पादनकर्तालाई विभिन्न कर आदिमा छुट तथा Subsidies दिई प्रोत्साहन गर्नु पर्ने ।

(४) बैंक तथा वित्तीय संस्थाहरूले ऋण उपलब्ध गराउने तथा वर्तमान ब्याजदरको संरचनालाई नेपाल राष्ट्र बैंकले पुनरावलोकन गर्नु पर्ने ।

(५) श्रम कानुनमा श्रमिक तथा उद्योगीको हितलाई समान व्यवस्था हुनु पर्ने ।

**(घ) सेवा व्यवसाय**

(१) पर्यटकको विकास र विस्तारका लागि सेवा व्यवसायलाई सक्षम एवम् प्रतिस्पर्धी बनाउनु पर्ने ।

(२) पर्यटकीय क्षेत्रको पहिचान गरी सो विकास विस्तार एवम् प्रचार-प्रसार गर्नुको साथै सो क्षेत्रको आधारभूत संरचनाको विकास, आवास, सुरक्षाको व्यवस्था गर्ने ।

(३) अन्तर्राष्ट्रिय विमान स्थलको व्यवस्था

(४) स्तरयुक्त होटलको व्यवस्था

(५) कला, संस्कृति झल्कने खालको कार्यक्रम सञ्चालन

(६) राजदुतावास मार्फत् नेपालको कला-संस्कृति आदिबारे प्रचार-प्रसार गर्ने व्यवस्था

**आर्थिक व्यापारिक केन्द्र प्रबर्द्धन कार्यक्रम**

(१) नगरस्तरीय खाद्य गोदाम निर्माण ।

(२) बेलहिया नाकामा रहेको Dry Port व्यवस्थित ।

(३) हवाई मैदान व्यवस्थित ।

**सहरी गरिबी न्यूनीकरण कार्यक्रम**

(१) ढुवानीका साधन वृद्धिका लागि निजी क्षेत्रसँग छलफल अन्तर्क्रिया कार्यक्रम

(२) जनचेतना अभिवृद्धि कार्यक्रम

(३) आर्थिक रूपमा पिछडिएका वर्गहरूलाई आय आर्जन कार्यक्रम

(४) सहरी गरिबीको तथ्याङ्क सङ्कलन

(५) मूल्याङ्कन कार्यशाला

(६) दक्ष जनशक्ति अभिवृद्धि कार्यक्रम

(७) रोजगारमूलक कार्यक्रम एवम् तालिम सञ्चालन । (आर्थिक रूपमा पिछडिएकाहरूलाई आयमूलक, सीपमूलक र रोजगारमूलक कार्यक्रम)

(८) नगरबासीको जीवनस्तरमा आएको परिवर्तन अनुगमन र अध्ययन

(९) सहरी गरिबहरूको नक्साङ्कन तयार गर्ने

**कृषि/रोजगारी प्रवर्द्धन कार्यक्रम**

(१) प्राविधिक तालिम केन्द्रको स्थापना।

(२) शिक्षित बेरोजगारको लगत तयार गर्ने कार्यक्रम ।

(३) आधुनिक व्यावसायिक मौरी, कुखुरा, पशु पालन कार्यक्रम ।

(४) कृषकहरूलाई मल, बिउ तथा कीटनाशक औषधी आदिमा अनुदानको व्यवस्था।

(५) कृषकहरूलाई रासायनिक मलभन्दा जैविक मल प्रयोगको निम्ति जनचेतनामूलक कार्यक्रम ।

(६) व्यवसाय तथा वाणिज्य तालिम ।

(७) दुग्ध उत्पादन प्रशोधन तथा चिस्यान केन्द्रको स्थापना।

(८) कृषि विज्ञान सम्बन्धी कक्षा सञ्चालन ।

(९) Embroidery, वेतका फर्निचर, ड्राइभिङ, Computer तालिमहरू निरन्तर सञ्चालन ।

(१०) लघु वित्त योजना नगरस्तरमा समूह गठन गरी सञ्चालन ।

(११) नगरको ग्रामीण क्षेत्रहरूमा विभिन्न सङ्घहरूको समन्वयमा व्यवसाय एवम् वाणिज्य तालिम ।

**उद्योग/व्यापार प्रवर्द्धन**

(१) व्यवसायिक सुरक्षा, थोक तथा खुद्रा व्यापार, जनचेतना अभिवृद्धि कार्यक्रम ।

(२) नगरस्तरीय व्यापारिक केन्द्रको निर्माण।

(३) व्यावसायिक क्षमता विकास तालिम ।

(४) वित्तीय संस्था एवम् उद्योग व्यवसाय सम्मिलित सि.न.पा.को आर्थिक विकास मञ्च गठन ।

(५) साना व्यवसाय प्रवर्द्धन कार्यक्रम ।

(६) उद्योग क्षेत्रको स्रोत अभिलेख तयार पार्ने।

(७) महिला उद्यमी विकास कार्यक्रम ।

(८) विभिन्न सरोकारवाला सङ्घहरूसँग समन्वय गरी अन्तर्राष्ट्रिय स्तरको औद्योगिक मेला प्रदर्शनीको सञ्चालन ।

(९) वर्षको उत्कृष्ट उद्यमीलाई सम्मान तथा पुरस्कार वितरण।

(१०) स्थानीय महिलाहरूद्वारा उत्पादित सामग्रीहरूको बजार व्यवस्थापनको लागि बिक्री कक्षाको स्थापना।

(११) गुणस्तरीय सामग्री उत्पादनको लागि उचित तालिमको व्यवस्था।

**पर्यटन प्रवर्द्धन**

(१) पर्यटकीय पिकनिक स्थल निर्माण।

(२) पर्यटन गुरुयोजना तर्जुमा एवम् कार्यान्वयन ।

(३) सि.न.पा.मा पर्यटकलाई स्वागत गर्न होर्डिङ बोर्डको स्थापना ।

(४) पर्यटन सेवा सम्बन्धी तालिम कार्यक्रम ।

(५) नगरपालिका प्रवेश गर्ने नाकाहरूमा प्रवेशद्वार निर्माण ।

**अन्य**

(१) उद्यमी, व्यापारी कृषकहरूको लागि अध्ययन भ्रमण

(२) प्रयोगहीन अवस्थामा रहेका जमिनहरूलाई प्रयोग गर्न सम्भाव्यता अध्ययन ।

(३) गाउँ नगर अन्तर्सम्बन्धको सम्भाव्यता अध्ययन ।

(४) पार्किङ केन्द्रको स्थापना ।

(५) श्रम बजारको व्यवस्था ।

## ३.७ वातावरणीय व्यवस्थापन योजना

सिद्धार्थनगर न.पा.मा बढ्दो सहरीकरण सँगसँगै वातावरणीय व्यवस्थापनमा चुनौतीहरू थपिँदै गएका छन् । तथापि योजनाबद्ध कार्यक्रमका माध्यमबाट सरोकारवाला निकायहरूको कार्यक्रमसँग तादाम्यता राखी स्थानीय निकाय, गैसस, सामुदायिक सङ्घसंस्था, उद्योगी, व्यवसायी र सामान्य नगरबासीहरूको सहभागितामा वातावरणीय संरक्षण र दिगो विकासका लागि पहल गर्नु वाञ्छनीय हुन्छ । सिद्धार्थनगरलाई व्यवस्थित विकास गर्ने तर्कबद्ध खाका योजनामा आधारित **पर्यटकीय तथा वातावरणीय व्यवस्थापन योजना** तालिका नं. ३.१२ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ३.१२ : पर्यटन तथा वातावरणीय व्यवस्थापन योजना**

| योजना सारांश | सूचकहरू | पुष्ट्याइँका आधारहरू | जोखिम पक्षहरू |
|---|---|---|---|
| उद्देश्य (१) वातावरण : | | | |
| प्राकृतिक वातावरणको संरक्षण पून:स्थापना र दिगो विकासको अवधारणा अनुरूप उपयोगमा जोड दिने | | | |
| नतिजा : | | | |
| ▪ वातावरणको क्षेत्रमा व्यापक रूपमा जनचेतना अभिवृद्धि भएको हुने<br>▪ विभिन्न धार्मिक र पर्यटकीय सम्पदाहरूको वातावरणीय संरक्षण स्थितिमा सुधार भएको हुने<br>▪ सहरी एवम् ग्रामीण क्षेत्रको ध्वनि, वायु, माटो तथा जल प्रदूषणमा कमी आएको हुने | ▪ स्थानीय टोलबासीलाई फोहोर-मैला व्यवस्थापनका लागि आधारभूत तालिम तथा सचेतना कार्यक्रम हरेक वर्ष कम्तीमा ५० जनालाई दिइएको<br>▪ हरेक वर्ष १०० वटा सुलभ शौचालय निर्माणको लागि आर्थिक तथा भौतिक सहयोग प्रदान गरिएको | | ▪ कोषको उपलब्धता<br>▪ स्थानीय नेताको राजनैतिक इच्छा<br>▪ गै.स.स. को सहभागिता |

| | | | |
|---|---|---|---|
| ▪ वातावरण विकास कोषको स्थापना भएको हुने<br>▪ वातावरण संरक्षण गरी दिगो रूपमा वातावरणीय संरक्षणमा योगदान पुगेको हुने<br>▪ दैवी प्रकोप उद्धार कोष स्थापना भएको | | | |
| **उद्देश्य (२) वातावरण :** | | | |
| वातावरण सम्बन्धी नीति तथा कार्यक्रमको व्यवस्थित कार्यान्वयन गर्ने | | | |
| **नतिजा :** | | | |
| ▪ वातावरणीय प्रभाव मूल्याङ्कन, अनुगमन एवम् परीक्षण गरिएका आयोजना सञ्चालन हुने<br>▪ वातावरण संरक्षण एवम् प्रदूषण नियन्त्रणमा स्थानीय निकाय, समुदायहरू (टोलबस्ती), गै.स.स. र नागरिक समाजको सक्रिय सहभागिता तथा जवाफदेहिता हुने<br>▪ खाद्य गुण नियन्त्रण तथा पशु जाँच (क्वारेन्टाइन)को व्यवस्था सगै स्वच्छ र आधुनिक पशु-वधशालाको निर्माण भएको हुने | ▪ वातावरणीय प्रभाव मूल्याङ्कन भएका विकास आयोजनाहरूको सङ्ख्यामा तुलनात्मक ¿पमा वृद्धि भएको<br>▪ मासु पसलको स्तर वृद्धि भएको<br>▪ वातावरण विकास कोषको स्थापना भएको हुने ।<br>▪ वातावरण विकास कोषको रकम कम्तीमा ५०% रकम बिरुवा उत्पादन, वृक्षारोपण, पहिरो रोकथाम तथा नगदे बालीको विकास र अन्य आयमूलक कार्यमा प्रयोग भएको<br>▪ खाली स्थानमा हरेक वर्ष कम्तीमा १ हजार विभिन्न जातका बिरुवाहरूको वृक्षारोपण भएको | | ▪ वातावरण विकास कोषको स्थापना<br>▪ सामुदायिक सहभागिता<br>▪ गै.स.स.को सहभागिता<br>▪ नागरिक समाजको सहभागिता<br>▪ कोषको उपलब्धता |
| **उद्देश्य (३) वातावरण :** | | | |
| सहरी प्रदूषण रोकथाम गरी ग्रामीण क्षेत्रको समेत वातावरण संरक्षण गर्ने | | | |
| **नतिजा :** | | | |
| ▪ ग्रामीण सडकको दुवैतिर हरियाली प्रवर्धन भएको हुने<br>▪ खानेपानीको मुहान संरक्षण तथा सार्वजनिक शौचालयहरूको निर्माण हुने | ▪ सहरी एवम् ग्रामीण क्षेत्रमा प्रदूषणको स्तर घटेको<br>▪ सार्वजनिक शौचालयहरूको सङ्ख्या बढेको<br>▪ वृक्षारोपण भएको क्षेत्रफल बढेको<br>▪ फोहोर फाल्ने कन्टेनरहरूको | | ▪ गै.स.स. को सहभागिता<br>▪ नागरिक समाजको सहभागिता<br>▪ कोषको उपलब्धता |

| | | | |
|---|---|---|---|
| ▪ उपकरण व्यवस्थापन तथा फोहोर फाल्ने कन्टेनरको उचित व्यवस्थापनद्वारा नगर सफा भई शोभायमान हुने<br>▪ फोहोर-मैला उत्पादनको न्यूनीकरण हुने तर सङ्कलन बढ्ने<br>▪ सफा खानेपानीको वितरण तथा सरसफाइमा उल्लेखनीय प्रगति हुने | सङ्ख्या बढेको<br>▪ महान संरक्षण भएका मूलको सङ्ख्या बढेको<br>▪ Sanitary Landfill Site को जग्गा प्राप्त गरेका हुने | | |
| **उद्देश्य (४) वातावरण:** | | | |
| वैकल्पिक उर्जा (गोबर ग्यास, सौर्य उर्जा तथा नवीकरणीय उर्जा) को प्रयोगमा जोड दिने | | | |
| **नतिजा :** | | | |
| ▪ घरघरमा सुधारिएको चुलोको प्रयोग भएको हुने<br>▪ वैकल्पिक उर्जाको प्रयोगमा वृद्धि भई प्राकृतिक उर्जा (दाउरा, खाना पकाउने ग्याँस तथा मट्टितेल) को खपतमा कमी आएको हुने | ▪ नवीकरणीय उर्जा विकास कार्यक्रम लागु भएको<br>▪ वैकल्पिक उर्जाको खपत तथा प्रयोग बढेको | | ▪ कोषको उपलब्धता<br>▪ केन्द्रीयस्तरबाट प्राविधिक सहयोग<br>▪ स्थानीय समुदायमा चेतनाको स्तर |

**रणनीति :**

- वातावरणीय स्रोतहरूको संरक्षण सम्वर्द्धन तथा व्यवस्थापन गरी प्रदूषण नियन्त्रण गर्दै दिगो विकासको लक्ष्य हासिल गर्ने
- विकास कार्यक्रममा वातावरणीय जोखिम न्यूनीकरणतर्फ ध्यान दिने
- स्थानीय निकाय गैसस नागरिक समाज र निजी क्षेत्रको सक्रिय सहभागितामा कार्यक्रमहरू सञ्चालन गर्ने
- हावापानी, माटो तथा ध्वनि प्रदूषणका स्थानीय मापदण्डहरू निर्धारण गर्ने र कार्यान्वयनमा ल्याउने
- वातावरण र संरक्षणमा योगदान दिन छुट्टै वातावरण संरक्षण कोषको स्थापना गरी सञ्चालन गर्ने

**नीति / कार्यनीतिहरू :**

- सामाजिक तथा आर्थिक विकासका कार्यहरूमा वातावरण प्रभाव मूल्याङ्कन (EIA: Environmental Impact Assessment) प्रणालीका माध्यमबाट वातावरण मैत्री विकासतर्फ ध्यान दिने

- स्थानीय निकायहरू, गैसस, नागरिक समाज, विद्यालय, शिक्षकहरू तथा अन्य सरोकारवालाहरूसँग समन्वय गरी विभिन्न वातावरण सम्बन्धी सचेतना कार्यहरू सञ्चालन गर्ने

- वातावरण संरक्षण एवम् प्रदूषण नियन्त्रण कार्यमा स्थानीय निकाय, समुदाय, गैसस र नागरिक समाजको सहभागिता प्रवर्द्धन गर्दै लग्ने

- वातावरणीय प्रभाव न्यून गर्दै लैजान "प्रदूषकले तिर्नु पर्छ (Polluters Pay)" र प्रदूषण हटाउँदा पनि फाइदा हुन्छ भन्ने सिद्धान्त लागु गर्ने व्यवस्था गर्ने

- चोकचोकमा सार्वजनिक शौचालयको विकास गर्ने

- स्थानीय स्तरको फोहोर मैलालाई व्यवस्थित ढङ्गले विसर्जन गर्ने र जैविक मलको विकास गरी फोहोरको मात्रा घटाउने

- नगरका प्रत्येक विद्यालयमा प्रकृति क्लब (Nature Club) गठन गर्न नगरपालिकाले आर्थिक तथा भौतिक सहयोग गर्ने, क्याम्पस र विद्यालयस्तरमा वातावरणसँग सम्बन्धित विषयमा हाजिरी जवाफ तथा वादविवाद कार्यक्रमहरू सञ्चालन गर्ने

- वायु, जल, माटो तथा ध्वनि प्रदूषणका मापदण्डहरू तयार गर्ने

- वायु प्रदूषण नियन्त्रणका लागि सि.एफ.सी. (CFC: Chlorofloro Carbon) उत्पादन हुने क्रियाकलापमा रोक लगाउने

- घरभित्रको वायु प्रदूषण नियन्त्रण गर्न सुधारिएको चुलो, गोबर ग्याँस तथा सौर्य ऊर्जा प्रयोग गर्न प्रोत्साहन गर्ने

- फोहोर-मैला व्यवस्थापन गर्न सार्वजनिक निजी साझेदारीको आधारमा सञ्चालन गर्ने नीतिगत व्यवस्था गर्ने

- सहरका विभिन्न बस्तीहरूमा वासस्थान नजिक रहेका बङ्गुर, सुँगुर पालिएका खोरहरूलाई घरदेखि टाढा राख्न अभिप्रेरित गर्ने

- ध्वनि प्रदूषण गर्ने साना सवारी साधनलाई सहरी क्षेत्रमा निश्चित समयसम्म प्रतिबन्ध लगाउने

- छाडा पशुहरूलाई नियन्त्रण गर्ने

**कार्यक्रमहरू :**

**नगरस्तरीय वातावरण विकासको प्रस्तावित कार्यक्रमहरू**

(१) LandFill Site

(क) जग्गा खरिद (ख) व्यवस्थापन

(२) फोहर Transfer Station को व्यवस्था ।

(३) जनशक्ति थप : शाखा अधिकृत-१, इन्जिनियर-१, खरिदार-२, सहायक-२, ड्राइभर-४, कुचिकर-५०

(४) सर-सफाइको लागि वडा नं. १, ३, ४, ६, ८, ९, १२, १३ मा ५/५ जना, वडा नं. २, ७, १०, ११ मा ३/३ जना, वडा नं. ५ मा २ जना कुचिकार वडामा व्यवस्था ।

(५) (क) साधन खरिद - ट्रेक्टर ३ थान, लोडर १ थान, (JVC) टिपर १ थान, सक्सन ट्याङ्की १ थान, कम्प्याक्टर २ थान, मोटरसाइकल १ थान खरिद ।

(ख) मर्मत-सम्भारको लागि १ जना Mechanic को दरबन्दी ।

(६) सामुदायिक स्तरमा कम्पोस्ट मल बनाउने योजना ।

(क) वडाको टोल टोलमा TLO (महिला समूह) गठन

(ख) प्रत्येक वडामा दिगो विकासका लागि वातावरण सञ्जाल बनाउने

(ख) फोहरलाई स्रोतमा नै न्यूनीकरण, वर्गीकरण, पुन: प्रयोग गर्नको लागि तालिम कार्यक्रम ।

(७) Hospital Waste, औद्योगिक फोहर तथा विद्यालय, होटलहरूबाट निस्कने फोहरलाई सङ्कलन गर्न फरक फरक नीति नियम बनाई व्यवस्थापन ।

(८) फोहर-मैला व्यवस्थापन शाखामा कार्यरत कर्मचारीहरूलाई तालिमको साथै अन्य नगरपालिका तथा विदेशमा भए गरिएका कार्यहरूको जानकारीको लागि अध्ययन अवलोकन भ्रमण ।

(९) फोहर व्यवस्थापन सम्बन्धी नगरबासीहरूलाई जनचेतना अभिवृद्धि मूलक कार्यक्रम ।

(१०) वार्षिक रूपमा फोहर-मैला व्यवस्थापन कार्यमा सहयोग गर्ने नागरिक, सङ्घ-संस्था, क्लब, समूहलाई पुरस्कारको व्यवस्था

(११) नगरपालिका क्षेत्रभित्र राजमार्ग नजिक रहेका कवाडी पसल र ग्यारेजहरूलाई अन्यत्र सार्ने ।

(१२) नगरपालिकाको १३ वटा वडामा वातावरण क्लबहरू गठन गरी तालिम उपलब्ध गराउने ।

(१३) नगरपालिका सम्पूर्ण विद्यालयहरूमा ECO / वातावरण बालबालिका क्लबहरूको गठन गरी जनचेतना अभिवृद्धि कार्यक्रम

(१४) वडा नं. १० र ११ लाई औद्योगिक क्षेत्रको रूपमा किटान गरी छरिएर रहेका उद्योगहरूलाई एकीकृत गर्ने, साथै नयाँ उद्योग स्थापना गर्दा सो क्षेत्रमा गर्नुपर्ने नीति निर्माण गर्ने ।

(१५) नगरक्षेत्रभित्र रहेका पार्कहरू (पञ्चवाटिका, लव गार्डेन, हनुमान कुटी) लाई व्यवस्थित गर्ने ।

(१६) पर्ती तथा ऐलानी जग्गाहरूको लगत तयार गरी संरक्षण गर्ने ।

(१७) ‘एक घर दुई रुख’को अवधारणा लागु गरी नगरपालिकाले बिरुवाहरू नि:शुल्क उपलब्ध गराउने ।

(१८) वृक्षारोपण कार्यक्रम सञ्चालन :

(क) वेलहियादेखि नगरपालिकाको उत्तरी सिमानासम्म

(ख) बुद्धचोकदेखि घाघरा खोलासम्म

(ग) मिलन चोकदेखि गल्लामण्डी हुँदै मायादेवी चोकसम्म

(घ) निर्वाणा होटलदेखि पक्लिहवा छोटकी भन्सारसम्म

(ङ) नगरका सम्पूर्ण विद्यालयहरूमा वृक्षारोपण

(च) बसपार्कभित्र उपयुक्त ठाउँमा वृक्षारोपण

(छ) मठ-मन्दिर गुम्बाहरूमा वृक्षारोपण

(१९) नगरको ग्रामीण क्षेत्रमा सुधारिएको चुलो सम्बन्धित निकायसँग समन्वय गरी वितरण कार्यक्रम ।

(२०) वडा नं. १० को शङ्करपुर र वडा नं. ९ को गोनहियामा कान्जी हाउसको व्यवस्था गर्ने ।

(२१) मानव लास तथा मरेका जीवजन्तुलाई सदगदको लागि जग्गाको खरिद ।

(२२) नगरको मुख्य मुख्य क्षेत्र (वडा नं. ३ आँखा अस्पतालको छेउमा, वडा नं. ४ मायादेवी चोक, वडा नं. ५ को बैंक रोड, देवकोटा चोक, वडा नं. ६ को गल्लामन्डी, मैत्रीपथ, वडा नं. ७ बुद्ध चोक, वडा नं. ८ बि.पी.चोकमा, भैरहवा गाउँ, सुनौली नाकामा सार्वजनिक शौचालय निर्माण ।

(२३) गरिब र पिछडिएका वर्गको लागि शौचालय निर्माण गर्दा PPP को अवधारणा अनुसार ३०%+७०% नियमको पालना गर्नुपर्ने

(२४) नगरलाई खुल्ला दिशा-पिसाब मुक्त क्षेत्र घोषणा ।

(२५) वडा नं. ३ को डन्डा खोलादेखि उत्तर-पूर्व काँटागाउँ अथवा वडा नं. १० र ११ को सिमानामा बहिरा बाल विद्यालयभन्दा दक्षिण-पश्चिमतिर वधशाला निर्माण ।

(२६) नगर क्षेत्रको वातावरण संरक्षण गर्नको लागि सञ्चारगृहहरूसँग समन्वय र वार्षिक रूपमा वातावरण क्षेत्रमा योगदान पुऱ्याउने सञ्चारगृह तथा सञ्चारकर्मीलाई पुरस्कृत । फिल्म निर्वाचन आदिको प्रचार-प्रसारका लागि एफ.एम. र टेलिभिजनको नीति अवलम्बन गर्नुपर्ने ।

(२७) पुतली बजार, बसपार्क छेउको सूर्य पथ, हाट बजार, दोगहरा, मोउडिहवा र बेलहियामा मासु बिक्री वितरण केन्द्र स्थापना गर्ने ।

(२८) नगरपालिकाभित्र सञ्चालन भएका उद्योगहरूको IEE/EIA गर्ने गराउने ।

(२९) डन्डा खोला र घाघरा खोलाको किनारालाई वातावरणीय संवेदनशील क्षेत्र घोषणा ।

(३०) नगरस्तरीय Sticker system लागु गरी २० वर्ष भन्दा पुराना गाडीहरूलाई विस्तापन ।

(३१) ट्राफिक नियमको पालना सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन साथै संवेदनशील क्षेत्रहरूको छेउछाउलाई हर्न निषेधित क्षेत्र घोषणा ।

(३२) होडिङ बोर्ड, पर्चा पम्पलेट, फिल्मी पोस्टर आदि टाँस्नको लागि निश्चित ठाउँ ।

(३३) प्रत्येक वडामा सुझाव पेटिका र पैरवीको लागि रहेक वडामा व्यवस्था ।

(३४) अनुगमन तथा निरीक्षण एवम् मूल्याङ्कन समितिको व्यवस्था ।

(३५) पक्लिहवामा अवस्थित टापुमा शान्ति पार्क निर्माण गर्ने ।

(३६) कालो प्लास्टिक मुक्त सहर घोषणा ।

## ३.८ सामाजिक विकास योजना

सामाजिक विकास योजनाले शिक्षा, स्वास्थ्य र संस्कृति तथा खेलकुद जस्ता क्षेत्रलाई समेट्दछ । जनजीवनमा गुणात्मक सुधार गर्नको लागि भौतिक विकास योजनाले मात्रै योगदान नगरी सामाजिक विकास योजनाले पनि महत्वपूर्ण योगदान प्रदान गर्दछ । आधुनिक समाजमा भौतिक र सामाजिक विकास एक अन्योन्याश्रित सम्बन्ध रहेको छ । भौतिक विकासका कार्यक्रमले मात्रै प्राथमिकता पाइरहेको वर्तमान परिप्रेक्ष्यमा सामाजिक विकास कार्यक्रमहरूप्रति पनि केन्द्रित (Focus) गर्नु पर्छ भन्नेतर्फ ध्यान जानु जरुरी हुन्छ । नगरक्षेत्रको सामाजिक अवस्थाको विश्लेषणका आधारमा तर्कबद्ध खाका योजनामा आधारित **सामाजिक विकास योजना** तर्जुमा गरिएको छ, जसमा शिक्षा, स्वास्थ्य, महिला तथा बालबालिका, उपेक्षित, उत्पीडित तथा दलित वर्ग उत्थान लगायतका योजना समाविष्ट छन् (तालिका नं. ३.१३ (क)-(च)) ।

## (क) शिक्षा

### तालिका नं. ३.१३ (क) : शिक्षा सम्बन्धी तर्कबद्ध योजना

| योजनाको सारांश | सूचक | पुस्टयाइँका आधार | जोखिम पक्ष |
|---|---|---|---|
| **उद्देश्य :** | | | |
| शिक्षामा सबैको सर्वसुलभ पहुँच बढाई शैक्षिक सेवाको गुणस्तरमा समेत अभिवृद्धि गर्दै निरक्षरता घटाउने | | | |
| **नतिजा :** | | | |
| साक्षरता प्रतिशतमा वृद्धि हुने | ▪ हाल साक्षरता प्रतिशत ८८.३% रहेकोमा आ.व. २०७२/७३ सम्ममा ९५% भएको । | ▪ जिल्ला शिक्षा कार्यालयको प्रतिवेदन<br>▪ जि.वि.स.सूचना केन्द्र | ▪ राजनैतिक एवम् सामाजिक परिस्थितिको अनुकूलता |
| प्रौढ शिक्षा मार्फत् निरक्षर वृद्धवृद्धा समेत साक्षर भएको हुने | ▪ हरेक वडामा कम्तीमा एउटा प्रौढ कक्षा सञ्चालन भएको | ▪ न.पा. सूचना केन्द्र<br>▪ गैससका प्रतिवेदनहरू | ▪ सरकारी निकायको सहयोग<br>▪ निजी क्षेत्रको सक्रियता<br>▪ सामुदायिक सहयोग<br>▪ एथेष्ठ लागत उपलब्धता<br>▪ प्राथमिक क्षेत्रभित्र परेको |
| उच्च शिक्षा हासिल गर्ने र पढाइलाई निरन्तरता दिने प्रवृत्ति बढेको हुने | ▪ विद्यालय जाने उमेर भएर पनि नगइरहेकाको जनसङ्ख्या सबै विद्यालय गएका हुने | ▪ प्रगति मूल्याङ्कन | |
| शैक्षिक योग्यतामा महिला पुरुषको असमानता घटेको हुने | ▪ महिला सारक्षरता हाल ८१.६७% रहेकोमा आ.व. २०७१/७२ सम्ममा १००% भएको । | | |
| सरकारी विद्यालयको स्तरोन्नति भएको हुने | ▪ न.पा.मा सञ्चालित सबै सरकारी विद्यालयहरूको भौतिक स्तरोन्नति भएको | | |
| गरिब, पिछडिएको वर्ग र महिलाका लागि छात्रवृत्तिमा वृद्धि भएको हुने | ▪ गरिब, पिछडिएको वर्ग र महिलाका लागि छात्रवृत्तिमा १०% ले वृद्धि भएको | | |
| निजी विद्यालयको सङ्ख्यामा वृद्धि भएको हुने | | | |

**(ख) स्वास्थ्य**

**तालिका ३.१३ (ख) : स्वास्थ्य सम्बन्धी तर्कबद्ध योजना**

| योजनाको सारांश | सूचक | पुस्ट्याइँका आधार | जोखिम पक्ष |
|---|---|---|---|
| **उद्देश्य :** | | | |
| नियमित र गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच सर्वसुलभ गराई नगरवासीको स्वास्थ्य स्थितिमा सुधार ल्याउने । | | | |
| **नतिजा :** | | | |
| भीम अस्पताल, लुम्बिनी रण अम्बिका आँखा अस्पताल र मेडिकल कलेज आधुनिक सेवा सुविधा सम्पन्न भएको हुने | ▪ आ.व.२०७२/७३ सम्ममा सिद्धार्थनगरमा रहेको भीम अस्पताल, लुम्बिनी रण अम्बिका आँखा अस्पताल र मेडिकल कलेजको अस्पतालमा उपलब्ध सेवाको गुणस्तर बढाउँदै अन्य सेवाहरू समेत क्रमश: थपिँदै गएको हुने | ▪ जिल्ला स्वास्थ्य कार्यालयको प्रतिवेदन<br>▪ जि.वि.स. सूचना केन्द्र<br>▪ गैससका प्रतिवेदनहरू | ▪ कोषको उपलब्धता<br>▪ स्थानीय नेता तथा सामाजिक कार्यकर्ताको सहयोग<br>▪ गैससको सक्रियता |
| मातृ, शिशु तथा बाल स्वास्थ्य सेवामा वृद्धि भएको हुने । | ▪ स्वास्थ्य निकायमा प्रसूति गराउनेको सङ्ख्या हाल ९२.४% रहेकोमा आ.व. २०७२/७३ सम्ममा १००% पुगेको । | | |
| दीर्घरोग सम्बन्धी जनचेतना र उपचारमा वृद्धि भएको हुने । | ▪ दम, मधुमेह, बाथ, टि.बी., पोलियो, क्यान्सर, कुष्ठरोग र एड्स सम्बन्धी विशेष जनचेतना कार्यक्रमहरू नियमित रूपमा सञ्चालित भएको | | |

**रणनीति :**

सर्वसुलभ स्वास्थ्य सेवामा सबैको पहुँच बढाउन उपलब्ध सबै स्रोतहरू (सरकारी, सामुदायिक, न.पा., गैसस एवम् निजी स्रोत) को व्यापक परिचालन गर्ने ।

**नीति/कार्यनीति :**

- स्वस्थ जीवनशैली सम्बन्धी व्यापक जनचेतना जगाउने
- रोगहरू र तिनका रोकथामका बारेमा कार्यक्रमहरू नियमित रूपले सञ्चालन गर्ने
- सरकारी अस्पताल एवम् स्वास्थ्य केन्द्रको स्तरोन्नति गर्ने

- निजी क्षेत्र एवम् गैससँग स्वास्थ्य सेवा सुधारका लागि सहकार्य गर्ने

## (ग) महिला तथा बालबालिका

### तालिका ३.१३ (ग) : महिला तथा बालबालिका सम्बन्धी तर्कबद्ध योजना

| योजनाको सारांश | सूचक | पुस्ट्याइँका आधार | जोखिम पक्ष |
|---|---|---|---|
| **उद्देश्य (महिला विकास) :** | | | |
| १. स्वास्थ्य, शिक्षा लगायतका सामाजिक विकास एवम् आर्थिक उत्थानमा महिला सशक्तीकरणलाई बढावा दिँदै जाने | | | |
| **नतिजा :** | | | |
| महिला साक्षरता वृद्धि भएको हुने | ▪ हालको महिला साक्षरता ८१.७६% रहेकोमा आ.व. २०७२/७३ सम्ममा ९० % भएको हुनेछ । | ▪ जिल्ला शिक्षा कार्यालयको प्रतिवेदन<br>▪ जि.वि.स. सूचना केन्द्र<br>▪ सि.न.पा. सूचना केन्द्र<br>▪ गैससका प्रतिवेदनहरू | ▪ कोषको उपलब्धता<br>▪ स्थानीय नेता तथा सामाजिक कार्यकर्ताको सहयोग<br>▪ गैससको सक्रियता |
| उच्च शिक्षामा महिलाको पहुँच र संलग्नता बढेको हुने | ▪ एस.एल.सी. सम्म उत्तीर्ण महिला जनसङ्ख्या आ.व. २०७२/७३ सम्ममा हालको भन्दा २० प्रतिशतले बढेको हुने ।<br>▪ एस.एल.सी. भन्दा माथिको शैक्षिक योग्यता हासिल गरेको महिला जनसङ्ख्या आ.व. २०७२/७३ सम्ममा हालको भन्दा १५ % बढेको हुने<br>▪ स्नातक वा सो भन्दा बढी शैक्षिक योग्यता भएको महिला जनसङ्ख्या आ.व. २०७२/७३ सम्ममा हाल १० प्रतिशतले बढेको हुनेछ । | | |
| लैङ्गिक विभेद न्यूनीकरण भएको | ▪ न.पा. मा कार्यरत सरकारी कार्यालयहरू एवम् राष्ट्रिय अन्तर्राष्ट्रिय संस्थामा पुरुष महिलाको जनसङ्ख्या अनुपात (लैङ्गिक अनुपात) क्रमिक सुधार भएको हुने । | | |
| आर्थिक क्षेत्रमा महिलाको पहुँचमा वृद्धि भएको र महिला रोजगारीमा वृद्धि भएको हुने | ▪ न.पा.को विकास बजेटको १५ % महिला एवम् बालबालिकाको लागि खपत भएको<br>▪ वार्षिक १०० जना महिलाले सीपमूलक तालिम प्राप्त गरेका | | |
| **उद्देश्य (बालबालिका) :** | | | |

| | | | |
|---|---|---|---|
| बालअधिकार, बालस्वास्थ्य, र बालशिक्षाको सुनिश्चितता गर्ने | | | |
| **नतिजा :** | | | |
| बालशिक्षामा सुधार भएको हुने | ▪ बाल विकास केन्द्र दर्तामा मात्र सीमित नभई सुचारु रूपमा सञ्चालन भएको | ▪ जि.वि.स. सूचना केन्द्र<br>▪ सि.न.पा. सूचना केन्द्र<br>▪ गैससका प्रतिवेदनहरू | ▪ कोषको उपलब्धता<br>▪ स्थानीय नेता तथा सामाजिक कार्यकर्ताको सहयोग<br>▪ गैससको सक्रियता |
| बाल स्वास्थ्य सेवा गुणस्तरीय भएको हुने | ▪ सरकारी स्तरबाट हुने खोप कार्यक्रममा कुनै पनि बालबालिका नछुटेको | | |
| बालश्रम न्यूनीकरण भएको हुने | ▪ कृषिजन्य कामकाजमा संलग्न बालबच्चाको जनसङ्ख्या आ.व. २०७२/७३ सम्ममा हालको भन्दा आधा घटेको<br>▪ घरेलु कामदारको रूपमा बालबच्चाको सङ्ख्या हालका भन्दा आधा घटेको | | |
| शिशु मृत्यु दर न्यूनीकरण भएको हुने | ▪ हालको शिशु मृत्यु दरमा सुधार भएको | | |

**रणनीति :**

- महिलालाई सकारात्मक विभेद (Positive Discrimination) मार्फत् आर्थिक सामाजिक विकासका सबै क्षेत्रमा अगाडि ल्याउने ।
- बालविकासलाई न.पा.को भविष्यको आधारशिला मानी बाल-स्वास्थ्य र शिक्षामा लगानी बढाउने ।

**नीति/कार्यनीति :**

- शैक्षिक योग्यता पुगेका महिलाहरूलाई स्वयमसेविका वा सामाजिक परिचालिका बनाई स्वास्थ्य, शिक्षा क्षेत्रमा जनचेतना जगाउने कार्यमा परिचालन गर्ने
- महिला कर्मचारीहरूलाई उचित प्रोत्साहन एवम् हौसला बढाउने
- न.पा.मा संलग्न सबै कार्यालय, सङ्घसंस्थामा पुरुष महिलाको अनुपात बराबर बनाउँदै लैजाने
- महिला एवम् बालस्वास्थ्य सम्बन्धी स्वास्थ्य सुविधा सर्वसुलभ बनाउने
- महिला विद्यार्थीलाई उच्च शिक्षामा छात्रवृत्ति बढाउने
- गरिब, जेहेन्दार एवम् सीमान्तकृत वर्गका बालबालिकालाई नि:शुल्क शिक्षा दिन पहल गर्ने
- निजी क्षेत्र र गैससलाई महिला तथा बाल विकासको क्षेत्रमा कार्य गर्न प्रोत्साहन गर्ने

- महिलालाई व्यावसायिक तालिम दिने
- महिलाद्वारा सञ्चालित आयआर्जनका कार्यक्रममा विशेष सुविधा दिने
- ऋण तथा अनुदानमा महिलाको पहुँच बढाउने

**(घ) दलित एवम् सीमान्तकृत वर्ग**

**तालिका ३.१३ (घ) : दलित एवम् सीमान्तकृत वर्ग सम्बन्धी तर्कबद्ध योजना**

| योजनाको सारांश | सूचक | पुष्ट्याइँका आधार | जोखिम पक्ष |
|---|---|---|---|
| **उद्देश्य :** | | | |
| दलित एवम् सीमान्तकृत वर्गलाई सामाजिक, आर्थिक विकास एवम् सामाजिक मान्यताको मूलधारमा ल्याउने | | | |
| **नतिजा :** | | | |
| दलित वर्गमा शैक्षिक उन्नति भई हीनताबोध कम भएको हुने | ▪ दलित साक्षरता वृद्धि भएको हुने ।<br>▪ एस.एल.सी.उत्तीर्ण दलित जनसङ्ख्या वृद्धि भएको<br>▪ स्नातक तह पास गरेका दलित वृद्धि भएको हुने<br>▪ आ.व.०७२/७३ सम्ममा दलित समुदायबाट स्नातकोत्तर गर्ने वृद्धि भएको हुने | ▪ जि.वि.स. सूचना केन्द्र<br>▪ दलित एकता समाजको प्रतिवेदन<br>▪ सि.न.पा. सूचना केन्द्र | ▪ दलितका लागि लक्षित कार्यक्रम<br>▪ दलित उत्थानमा सक्रिय संस्थाको सहभागिता<br>▪ कोषको उपलब्धता<br>▪ छुवाछुत विरुद्ध सामाजिक परिचालन |
| सामाजिक भेदभावमा कमी आएको हुने | ▪ विभेद अनुभव गरेका दलितको सङ्ख्या कम भएको | | |
| आर्थिक सामाजिक क्षेत्रमा दलित प्रतिनिधित्व बढेको हुने | ▪ उल्लेख्य रूपमा दलितको प्रतिनिधित्व भएको हुने | | |

**रणनीति :**

दलित एवम् सीमान्तकृत वर्गलाई सबै सामाजिक, आर्थिक क्रियाकलापमा संलग्नता र प्रतिनिधित्व बढाउँदै लैजाने ।

**नीति / कार्यनीति :**

- शिक्षित दलित युवाहरूलाई रोजगारीको व्यवस्था गर्ने
- शिक्षामा दलित समुदायलाई आकर्षित गर्न छात्रवृत्तिको व्यवस्था गर्ने
- उच्च शिक्षा हासिल गरेका दलितलाई पुरस्कृत गर्ने

- अशिक्षित एवम् अर्ध शिक्षित दलित व्यक्तिहरूलाई व्यावसायिक तालिम दिने
- छुवाछुत उन्मूलन गर्ने अभियानमा दलित, गैरदलित सबैलाई समेट्ने

## (ङ) सामाजिक सुरक्षा

**तालिका ३.१३ (ङ) : सामाजिक सुरक्षासम्बन्धी तर्कबद्ध योजना**

| योजनाको सारांश | सूचक | पुस्ट्याइँका आधार | जोखिम पक्ष |
|---|---|---|---|
| **विषय उद्देश्य :** | | | |
| जेष्ठ नागरिक, असहाय एवम् अपाङ्गहरूले समाजमा सम्मानपूर्वक जीवनयापन गर्न सक्ने अवस्था सृजना गर्ने | | | |
| **नतिजाहरू :** | | | |
| जेष्ठ नागरिकहरूको सुलभ स्वास्थ्य सेवा एवम् आर्थिक सुरक्षासम्मको पहुँच बढाउने | ▪ जेष्ठ नागरिकहरू तथा असहायले राज्यको तर्फबाट हालको सुविधाभन्दा बढी आर्थिक सुविधा प्राप्त गरेको<br>▪ सम्पूर्ण जेष्ठ नागरिकहरूलाई औषधी उपचार सुविधा प्राप्त भएको | ▪ जि.वि.स.को सूचना केन्द्र<br>▪ ता.न.पा.को सूचना केन्द्र<br>▪ जिल्ला प्रशासन कार्यालयको तथ्याङ्क | ▪ कोषको उपलब्धता<br>▪ स्थानीय नेताको राजनैतिक इच्छा<br>▪ गैससको सहभागिता |
| जेष्ठ नागरिकको जीवनयापनमा थप सरलता आएको हुने | ▪ न.पा.मा रहेका जेष्ठ नागरिकहरूको तथ्याङ्क सङ्कलन गरी परिचय-पत्र बनाई निःशुल्क औषधी उपचार र निःशुल्क यात्राको सुविधा प्रदान गरिएको | | |
| अपाङ्गहरूलाई जीवनयापनको लागि सीपमूलक शिक्षा र रोजगारको अवसर तथा सामाजिक सम्मान प्राप्त भएको हुने | ▪ अपाङ्गकालागि विशेष शिक्षा कार्यक्रम सञ्चालन भएको<br>▪ जनचेतना शिक्षा कार्यक्रम भित्र समावेश गरी प्रत्येक वडा चेतनामूलक कार्यशाला कार्यक्रम सञ्चालन भएको<br>▪ जिल्ला प्रशासन कार्यालय मार्फत् वितरित अपाङ्ग परिचय-पत्र पाउनेहरूलाई औषधी उपचार र निःशुल्क यात्राको लागि सुविधा प्राप्त भएको | | |

## (च) जनजाति उत्थान

## तालिका ३.१३ (च) : जनजाति उत्थान सम्बन्धी तर्कबद्ध योजना

| योजनाको सारांश | सूचक | पुष्ट्याइँका आधार | जोखिम पक्ष |
|---|---|---|---|
| **उद्देश्य :** | | | |
| जनजातिहरूको संस्थागत विकास गरी स्थानीय भाषा, लिपि र संस्कृतिको संरक्षण र सम्बर्द्धन गर्दै सामाजिक, आर्थिक क्षेत्रमा सुधार आएको ल्याउने | | | |
| **नतिजाहरू :** | | | |
| जनजातिहरूको सामाजिक, आर्थिक राजनैतिक एवम् शैक्षिक स्थितिको जानकारी प्राप्त भएको हुने | ▪ सिद्धार्थनगरका सबै जनजातिको जनसङ्ख्याको साथै उनीहरूको सामाजिक, आर्थिक, राजनैतिक, शैक्षिक स्थिति बारेको वस्तुगत विवरण तयार भएको | ▪ नेपाल जनजाति महासङ्घको प्रतिवेदन<br>▪ निर्वाचन तथा तथ्याङ्क कार्यालयको प्रतिवेदन<br>▪ सम्बन्धित संस्थाहरूको प्रतिवेदन<br>▪ जि.वि.स. सूचना केन्द्र<br>▪ सि.न.पा.सूचना केन्द्र | विभिन्न निकायहरू बीच समन्वय |
| स्थानीय भाषा, लिपि र संस्कृतिको संरक्षण र सम्बर्द्धन भएको हुने | ▪ सि.न.पा.मा बसोबास गर्ने प्रमुख जनजातिहरूको शब्दकोष निर्माण भएको<br>▪ प्रमुख जनजातिहरूको मातृभाषामा प्राथमिक स्तरको पाठ्यक्रम तथा पाठ्यपुस्तक तयार भई कक्षा सञ्चालन र मा.वि. तहको पाठ्यक्रम तयार गर्न आधारभूत कार्यहरूको थालनी भएको<br>▪ विभिन्न चाड पर्व एवम् महत्वपूर्ण अवसरमा संस्कृति झल्कने खालका कार्यक्रमहरू नियमित रूपमा सञ्चालन भएको | | |
| जनजातिहरूको संस्थागत विकास भएको हुने | ▪ जातिहरू संस्थागत रूपमा सङ्गठित भएको<br>▪ शिक्षा र आर्थिक क्षेत्रमा जनजातिहरूको पहुँच सहज भएको | | |
| जनजातिको ऐतिहासिक तथा पुरातात्विक | न.पा.मा रहेका ऐतिहासिक तथा पुरातात्विक स्थलको | | |

| | | | |
|---|---|---|---|
| स्थलहरूको अध्ययन, अनुसन्धान र संरक्षण भएको हुने | खोज, अनुसन्धान र संरक्षण भएको | | |

## सामाजिक विकासको प्रस्तावित कार्यक्रम

### स्वास्थ्य

(१) नगरपालिकाको १३ वटै वडाहरूमा रहेका स्वयम् सेविकाहरूलाई आधारभूत तालिम तथा पोसाक, परिचयपत्र र आवश्यक सामग्रीको व्यवस्था गर्ने ।

(२) महिला स्वयम् सेविका, महिला समूह तथा कर्मचारीहरूको अध्ययन, अवलोकन भ्रमण ।

(३) नगरपालिकामा जन-स्वास्थ्य शाखाको स्थापना गरी अ.हे.व र सहायकको व्यवस्था गर्ने ।

(४) वडा नं. ८ र ९ को सिमानामा, वडा नं. १०, ११ र ४ लाई पायक पर्ने ठाउँमा र वडा नं. १ मा १/१वटा स्वास्थ्य चौकी स्थापना गर्ने ।

(५) भैरहवा जिल्ला अस्पताल (भीम अस्पताल) मा भौतिक पूर्वाधार थप गरी गुणस्तरीय सेवा प्रदायक बनाउने र मुर्दाघर निर्माण गर्ने ।

(६) सरकारद्वारा निःशुल्क वितरण गर्ने औषधी वितरणलाई प्रभावकारी रूपमा अनुगमन गर्ने ।

(७) नगरपालिका क्षेत्रभित्र कुलतमा फसेका दुर्व्यसनीहरूको लागि पुनः स्थापना केन्द्रको स्थापना गर्ने ।

(८) जिल्ला प्रहरी कार्यालय, विभिन्न सङ्घ-संस्था र Line Agencies हरूसँग सहकार्य गरी दुर्व्यसनीविरुद्ध चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

(९) नगरपालिका क्षेत्रभित्र राष्ट्रिय खोपहरू, भिटामिन ए, पोलियो, पोषण, हात्तीपाइले नियन्त्रण, डेङ्गु निवारण, HIV/AIDS तालिमलगायतका कार्यक्रमहरू गर्नको लागि विभिन्न सङ्घ-संस्थाहरू बीच समन्वय गरी सञ्चालन गर्ने ।

(१०) लामखुट्टे, उडुस, उपिया आदिका जीवाणुहरू नष्ट गर्नको लागि वर्षको दुईपटक औषधी छर्कने कार्यक्रम गर्ने ।

(११) रोगसम्बन्धी जानकारी दिनका लागि उचित स्थानमा पोस्टर, पम्पलेट तथा होर्डिङ बोर्डको व्यवस्था ।

(१२) नगरका पिछडिएका क्षेत्रहरूमा कीटनाशक विषादीयुक्त झुल सहुलियत रूपमा उपलब्ध गराउने ।

(१३) महिलाहरूको पाठेघर खस्ने समस्याको निःशुल्क जाँच र अपरेसनको व्यवस्था गर्ने ।

### शिक्षा

(१४) नगरपालिकाको १३ वटै वडाहरूमा कम्तीमा १/१ प्रा.वि.को नीति अवलम्बन गर्ने ।

(१५) नगरपालिका क्षेत्रमा रहेका मा.वि.हरूको स्रोत साधन वृद्धि गर्ने ।

(१६) नगरपालिकाको प्रत्येक वडामा वाचनालयको व्यवस्था गर्ने ।

(१७) भैरहवा बहुमुखी क्याम्पसमा भौतिक पूर्वाधार विकास गर्ने। (छात्रावास, पुस्तकालय, प्राध्यापक भवनको निर्माण गर्ने)

(१८) रूपन्देही क्याम्पसका भौतिक पूर्वाधार, सडक, पुस्तकालय, वाचनालय, छात्रावास आदि निर्माणमा सहयोग गर्ने।

(१९) पक्लिहवा कृषि क्याम्पसमा भौतिक पूर्वाधार विकासमा सघाउने।

(२०) बालमन्दिरलाई नगरपालिकाअन्तर्गत सञ्चालन गरी व्यवस्थित बनाउने र बाल विकास केन्द्रको स्थापना गर्ने।

(२१) नगरपालिकाबाट बाहिर गइरहेका विद्यार्थीहरूको सङ्ख्यालाई हृदयाङ्गम गर्दै प्राविधिक शिक्षाको सम्भाव्यता अध्ययन गर्ने।

(२२) गुणस्तरीय शिक्षाको लागि विद्यालय, क्याम्पस, विश्वविद्यालय आदिको स्थापनामा जोड दिने।

(२३) गरिब, जेहन्दार, अपाङ्ग तथा द्वन्द्व पीडित परिवारका बालबालिकाहरूलाई छात्रवृत्तिको व्यवस्था गर्ने।

(२४) जिल्ला शिक्षा कार्यालयको समन्वयमा नगरपालिकाको सम्पूर्ण वडाहरूमा १५ देखि ६० वर्ष उमेर समूहका सम्पूर्ण महिला र पुरुषहरूका लागि प्रौढ शिक्षा सञ्चालन गर्ने।

(२५) उत्कृष्ट विद्यार्थी, शिक्षक एवम् विद्यालयलाई वार्षिक रूपमा पुरस्कार र सम्मानको व्यवस्था गर्ने।

(२६) शिक्षामा गुणस्तर वृद्धिको लागि नगरक्षेत्रमा स्थापना भएका निजी, सामुदायिक विद्यालय, क्याम्पस, विश्वविद्यालय आदिको निश्चित मापदण्ड निर्माण गरी नियमित अनुगमन तथा निरीक्षण गर्ने।

(२७) धार्मिक (मदरसा, गुरुकुल) विद्यालयहरूको भौतिक पूर्वाधारका लागि सहयोग गर्ने।

(२८) नगरक्षेत्रभित्र बौद्ध विश्वविद्यालयको स्थापनामा सहयोग गर्ने।

(२९) नगरक्षेत्रभित्र रहेका सबै क्याम्पस, विद्यालयहरूमा घेरा पर्खाल र शौचालयको निर्माण गर्ने।

(३०) ८ देखि १४ वर्ष उमेर समूहका विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई अनौपचारिक प्राथमिक शिक्षा मार्फत् ३ वर्षे कार्यक्रम सञ्चालन गरी कक्षा ६ मा सार्वजनिक विद्यालयमा भर्ना गराउने।

(३१) अनौपचारिक शिक्षा सञ्चालन भएको ठाउँमा जिल्ला शिक्षा कार्यालयको समन्वयमा अनुगमन गर्ने।

**खेलकुद**

(३२) नगरपालिकाको मातहतमा रङ्गशाला व्यवस्थापन गर्ने।

(३३) नगरपालिकाका विद्यालयहरूमा रहेको खेलमैदानहरू व्यवस्थित गर्ने।

(३४) वडागत रूपमा खेलकुद क्लबहरूको स्थापनाको लागि सहयोग गर्ने।

(३५) वार्षिक रूपमा राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय खेलकुदको आयोजना गर्ने।

(३६) नगरपालिका क्षेत्रभित्र रहेका खेलाडीहरूलाई प्रोत्साहनको निमित्त विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने।

**साहित्य / संस्कृति**

(३७) नगरपालिकाको चिनारी बढाउने र पर्यटकहरू आकर्षित हुने खालका सांस्कृतिक कार्यक्रमहरूको सञ्चालन गर्ने।

(३८) नगरभित्रका मन्दिर, मस्जिद, चर्च, गुम्बाहरूको संरक्षण एवम् संवर्द्धन ।

(३९) पर्यटकहरूलाई आकर्षण गर्न सक्ने सांस्कृतिक कार्यक्रमहरू सञ्चालन गर्ने ।

(४०) हनुमान कुटीमा छठ पर्व मनाउने स्थलको रूपमा विकासित गर्ने ।

(४१) साहित्यिक संस्थाहरू र साहित्यिक कार्यक्रमलाई सघाउ पुर्‍याउने ।

(४२) साहित्यिकारहरूलाई प्रोत्साहन र सहयोग गर्ने ।

(४३) सिद्धार्थ ज्ञानमन्दिरमा साहित्यिक पुस्तकहरूको व्यवस्था गर्ने ।

(४४) नगरक्षेत्रभित्रका विभिन्न जातजाति भेषभुषा आदि चिनारी बढाउने खालको सांस्कृतिक कार्यक्रमको व्यवस्था गर्ने ।

(४५) नगरको उचित/उपयुक्त स्थानमा कवि भूपि शेरचनको सालिक निर्माण गर्ने ।

**महिला/बालबालिका**

(४६) नगरपालिका क्षेत्रमा महिला तथा बाल अस्पतालको स्थापना गर्ने ।

(४७) जिल्ला अस्पताल (भीम अस्पताल) मा स्त्रीरोग विशेषज्ञ र बालरोग विशेषज्ञको दरबन्दी थप गर्ने ।

(४८) Day Care Centre को स्थापना गर्ने ।

(४९) महिला तथा बालबालिकालाई स्वास्थ्य सम्बन्धी चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

(५०) महिला लघु वित्त र बाल बचत कार्यक्रमहरू सञ्चालन गर्ने ।

(५१) सडक तथा असहाय बालबालिकाहरूको लागि विशेष कार्यक्रम ।

(५२) शोषित बालबालिकाहरूको लगत सङ्कलन गरी बालमन्दिर मार्फत् पुन: स्थापना गर्ने ।

(५३) महिला तथा बालबालिका हिंसा कम गर्नको लागि जनचेतनामूलक कार्यक्रम गर्ने ।

(५४) नगरपालिका स्थित महिला तथा किशोरीहरूलाई प्रजनन स्वास्थ्य सम्बन्धी तालिमको व्यवस्था गर्ने ।

(५५) किशोरीहरूको लागि नगरपालिकाको पायक पर्ने स्थानमा किशोरी परामर्श केन्द्रको स्थापना ।

(५६) प्रत्येक वडामा मानव बेचबिखन नियन्त्रण कार्यक्रम सञ्चालन गर्ने ।

(५७) बालश्रमिकका अभिभावकलाई चेतनामूलक र आयआर्जनमूलक कार्यक्रम सञ्चालन गर्ने ।

(५८) द्वन्द्वपीडित, अपाङ्ग सडक बालबालिका, बालश्रमिक, अनाथ, असहाय बालबालिकाको लगत तयार गरी सहयोग कार्यक्रम गर्ने ।

(५९) हिंसापीडित महिलाको लागि पुन: स्थापना गृह सञ्चालन गर्ने ।

**गरिबी निवारण**

(६०) गरिबीको सामाजिक नक्साङ्कन गर्ने ।

(६१) गरिबहरूको आर्थिक स्तर वृद्धिको लागि पशु, माछा, कुखुरा पालन, नगदेबाली उत्पादन आदि सम्बन्धी तालिम प्रदान गर्ने।

(६२) गरिबी न्यूनीकरण कोषको स्थापना गर्ने।

(६३) गरिब बस्तीहरूमा शिक्षा, स्वास्थ्य, सरसफाइ आदि बारे जनचेतना एवम् तालिम कार्यक्रम सञ्चालन गर्ने।

**सामाजिक सुरक्षा**

(६४) ज्येष्ठ नागरिकहरूको तथ्याङ्क सङ्कलन गरी संरक्षण र ज्येष्ठ नागरिक दिवसको दिनमा अभिनन्दन कार्यक्रम गर्ने।

(६५) ज्येष्ठ नागरिकहरूलाई नेपाल सरकारले दिने भत्तामा नगरपालिकाले शतप्रतिशत थप गरी वितरण गर्ने।

(६६) वृद्धाश्रम निर्माणमा सहयोग पुऱ्याउने।

(६७) अपाङ्गहरूको तथ्याङ्क सङ्कलन गरी सीपमूलक तथा आयमूलक कार्यक्रम सञ्चालन गर्ने।

(६८) वडा नं. ३, ७, १०, ११, १३ मा अस्थायी प्रहरी विटको स्थापना गर्ने।

(६९) लैङ्गिक हिंसा विरुद्ध जनचेतनामूलक कार्यक्रम गर्ने।

**अन्य**

(७०) चिहानहरू व्यवस्थित गर्ने।

(७१) एकल महिलाहरूको लगत सङ्कलन गरी आवश्यक सहयोग पुऱ्याउने।

(७२) स्वर्गद्वारी घाट व्यवस्थित गर्ने।

(७३) नगरक्षेत्रभित्र बोलिने सम्पूर्ण भाषाहरूको लगत सङ्कलन गरी संरक्षण गर्ने।

(७४) अन्तर्राष्ट्रिय सिमानामा मादक पदार्थ विक्री वितरणमा रोक लगाउने।

(७५) नगरपालिका स्थित सामुदायिक मेलमिलाप केन्द्र व्यवस्थित गर्ने साथै प्रत्येक वडामा सामुदायिक मेलमिलाप केन्द्र स्थापना गर्ने।

## ३.९ संस्थागत विकास योजना

### ३.९.१ भूमिका

स्थानीय स्वायत्त शासन ऐन २०५५ ले गरेको व्यवस्था अनुसार नगरपालिकालाई सशक्त स्थानीय निकायको रूपमा विकास गर्न अझै पनि विविध कानुनी, प्रशासनिक एवम् राजनीतिक चुनौतीहरू छन्। स्थानीय स्वायत्त शासन पद्धतिको विकासको लागि स्थानीय निकायलाई आवश्यक पर्ने अधिकार, जिम्मेवारी र स्रोत-साधन निक्षेपण गर्ने तथा संस्थागत संयन्त्र र कार्यगत संरचनाको निर्माण गरी निक्षेपण गरिएका कार्यहरूको प्रभावकारी व्यवस्थापन गर्न कानुनी रूपले स्वायत्तता प्रदान गर्न आवश्यक ऐन तथा नियमावली लागु गर्ने र त्यसमा समसामयिक परिमार्जन गर्ने जस्ता कार्यहरू भइरहेका छन्। अर्कोतिर, हाल निर्वाचित जनप्रतिनिधिहरू नहुँदा स्थानीय स्वायत्त शासन ऐनको मर्मअनुरूप नगरपालिकाको कार्यलाई चुस्त, प्रभावकारी र विशिष्ट ढङ्गले अगाडि बढाउन कठिनाइ भइरहे पनि विगतको अभ्यासबाट विषयगत समितिहरूको प्रभावकारितामा विकास गर्दै लानु पनि नगरपालिकाको महत्वपूर्ण दायित्व बनेको छ। साथै, विकासका सम्भावनाहरूको खोजी, निक्षेपित

अधिकारअनुसार सेवा सुविधाको प्रवाहमा सरलता, सुनिश्चितता र विश्वसनीयतामा अभिवृद्धि गरी संस्थागत क्षमता बढाउन उपयुक्त सङ्गठनात्मक संरचनाको निर्माण, जनशक्ति व्यवस्था र निर्धारित प्रशासकीय सङ्गठन अनुसारका शाखा, उपशाखा, एकाइ (फाँट) आदिको काम, कर्तव्य र अधिकार साथै जिम्मेवारीको किटान गरी साङ्गठनिक स्वरूपलाई समयानुकूल, सक्षम व्यवस्थित, उपलब्धिमूलक, सेवामुखी र प्रतिफलदायी तुल्याउनु पर्ने दायित्व पनि नगरपालिका समक्ष सिर्जना भएको छ । यही परिप्रेक्ष्यमा सि.न.पा.को संस्थागत क्षमता विकासको अवस्था विश्लेषण गरी संस्थागत विकास योजना (Institutional Development Plan) तयार पारिएको छ । संस्थागत विकास योजना तर्जुमा गर्दा निम्न कुराहरूलाई ध्यान दिइएको छ :

(क) विकेन्द्रीकरण, स्वशासन एवम् जनसहभागिता परिचालन

(ख) जनजाति, आदिवासी, दलित, सामाजिक तथा आर्थिक दृष्टिकोणले पिछडिएका वर्ग समेत समग्र जनतामा विकासको प्रतिफलको सन्तुलित तथा समान वितरण

(ग) स्थानीय स्रोत र सीपको अधिकतम एवम् उचित प्रयोग

(घ) संस्थागत समन्वय र सञ्जाल स्थापना

(ङ) सङ्गठनात्मक क्षमता तथा दक्षता अभिवृद्धि

(च) असल शासनका आचरण (Norms) को अवलम्बन तथा लोकतान्त्रीकरण (Democratization)

(छ) व्यवस्थापनका नयाँ मूल्य र मान्यताहरू

(ज) नागरिक समाज (Civil Society) को सबलीकरण

(झ) निजी क्षेत्रसँगको साझेदारी (Partnership)

संस्थागत विकास योजना अन्तर्गत सङ्गठन विकास (Organizational Development) एवम् जनशक्ति विकास (Human Resource Development) सम्बन्धी योजनाहरू पर्दछन् ।

### ३.९.२ सङ्गठन विकास योजना

नगरपालिकाको वस्तुस्थिति विवरणले औँल्याएका सङ्गठनका सबल पक्ष तथा सुधार गरिनु पर्ने कुराहरू विश्लेषण गरी नगरपालिकाका विद्यमान सबल पक्षहरूलाई संस्थागत गर्न र सुधार गर्नु पर्ने पक्षहरू सुदृढ तुल्याउन निम्न पक्षहरूलाई मध्यनजरमा राखी सङ्गठन विकास योजना तयार पारिएको छ :

- नगरपालिकाको आधारभूत प्रक्रिया तथा प्रणालीमा सुधार तथा परिमार्जन ।
- मानवीय आयामसँग सम्बद्ध पक्ष, प्रक्रिया तथा प्रणालीमा सुधार तथा परिमार्जन ।
- आन्तरिक प्रक्रिया तथा प्रणालीमा सुधार तथा परिमार्जन ।
- सेवा व्यवस्थापनमा सुधार तथा परिमार्जन ।
- सुशासन तथा अन्य विकसित आयामसँग सम्बद्ध पक्ष, प्रक्रिया तथा प्रणालीमा सुधार तथा परिमार्जन ।


**तालिका ३.१४ : सङ्गठन विकास योजनासम्बन्धी तर्कबद्ध योजना**

| योजनाको सारांश | सूचक | पुस्टयाइँका आधार | जोखिम पक्ष |
|---|---|---|---|
| **उद्देश्य** | | | |
| नगरपालिकाको क्षमता विस्तार | | | |
| **नतिजा** | | | |
| नगरपालिकाले आवधिक योजनाको सफलीभूत कार्यान्वयन गरेको हुनेछ | ▪ संस्थागत संरचना परिवदल<br>▪ पर्याप्त जनशक्ति नियुक्ति (इन्जिनियर, योजनाकार)<br>▪ धेरैजसो शाखा कम्प्युटराइज्ड हुने<br>▪ छिटो सेवा प्रवाह<br>▪ पर्याप्त भौतिक तथा आर्थिक स्रोत | ▪ नगरपालिकाको सङ्गठनात्मक संरचना<br>▪ नगरपालिकाको वार्षिक प्रतिवेदन<br>▪ जनधारणा | ▪ राजनैतिक इच्छा<br>▪ सरकारको प्रारम्भिक सहयोग<br>▪ कोषको उपलब्धता |

यसअनुसार सि.न.पा. कार्यालयको प्रस्तावित साङ्गठनिक स्वरूप चित्र नं. ३.४ मा प्रस्तुत गरिएको छ । सि.न.पा. कार्यालयको प्रशासनअन्तर्गतका निम्नलिखित शाखाहरू र ती अन्तर्गतका एकाइहरूको प्रस्तावित कार्य विवरण तालिका नं. ३.१६ मा उल्लेख गरिएको छ, जसमा हाल सम्पादन भइरहेका कार्यहरू पनि संलग्न भएको हुन सक्छ ।

नगरपालिकाको प्रशासनलाई चुस्त तथा दुरुस्त र जनउत्तरदायी बनाउनको लागि नगरपालिकको वर्तमान साङ्गठनिक संरचनालाई सामान्य परिवदलको प्रस्ताव गरिएको छ । सहरी विकास तथा वातावरण संरक्षण महाशाखाको नाम सहरी वातावरण व्यवस्थापन महाशाखाको रूपमा नाम परिवर्तन गरी कामको प्रकृतिअनुसार यस महाशाखा अन्तर्गत सहरी विकास शाखा र वातावरण व्यवस्थापन शाखा राखी थप उपशाखा र एकाइको व्यवस्था गरिएको छ । स्थानीय स्वायत्त शासन ऐनमा भएको व्यवस्थाअनुसार आ.ले.प.लाई प्रशासनअन्तर्गतको एकाइबाट हटाएर सिधै कार्यकारी अधिकृतको मातहतमा राखिएको छ ताकि यसले अन्य शाखा उपशाखाको काम कारबाहीलाई आर्थिक ऐन नियमअनुसार जाँचबुझ गर्न प्रशासनिक रूपमा सहज होस् । प्रत्येक शाखा उपशाखा तथा एकाइको काम कर्तव्य तथा अधिकारहरू कार्यविधि निर्देशिकाअनुसार बाँडफाँड हुनेछ ।

**चित्र नं. ३.४ : न.पा. कार्यालयको प्रस्तावित साङ्गठनिक स्वरूप**


नगर परिषद्
परिषद्ले गठन गरेका समिति उपसमितिहरू
वडा समितिहरू
न.पा.बोर्ड
बोर्डले गठन गरेका समिति उपसमितिहरू
प्रमुख
उपप्रमुख
प्रमुखको सचिवालय
कार्यकारी अधिकृत
आ.ले.प. एकाइ
सामान्य प्रशासन महाशाखा
आर्थिक प्रशासन महाशाखा
योजना महाशाखा
कानुन तथा समुदाय परिचालन शाखा
कर्मचारी प्रशासन शाखा
लेखा शाखा
राजस्व शाखा
सार्वजनिक निर्माण शाखा
सहरी विकास
वैदेशिक सम्पर्क तथा पर्यटन प्रवर्द्धन उपशाखा
व्यवसाय तथा अन्य कर शुल्क उपशाखा
निर्माण उपशाखा
जग्गा विकास
नियन्त्रण
शिक्षा तथा पुस्तकालय शाखा
कानुन तथा सार्वजनिक सेवा उपशाखा
कर्मचारी प्रशासन उपशाखा
मर्मत-सम्भार उपशाखा
नक्सा उपशाखा
वारुण यन्त्र एकाइ
दर्ता चलानी तथा जनसम्पर्क एकाइ
सार्वजनिक खरिद उपशाखा
विद्युत् एकाइ
निरीक्षण एकाइ
नगर प्रहरी एकाइ
व्यक्तिगत घटना दर्ता
समुदाय परिचालन तथा लक्षित समूह कार्यक्रम

### ३.९.३ जनशक्ति विकास योजना

सामान्यत: नगरपालिकासँग आबद्ध जनशक्ति विकासको योजना बनाउनु र कार्यान्वियन गर्नुलाई जनशक्ति विकास योजना भन्न सकिन्छ । अर्को शब्दमा, जनशक्ति विकास योजना भन्नाले नगरपालिकाले आवधिक योजना अवधिमा आफ्नो जनशक्तिको विकास कसरी गर्ने भन्ने योजना गर्नु हो । प्रथम आ.व.सम्मको लागि वर्तमान जनशक्तिबाट नै पूरा गर्ने योजना प्रस्तावित गरिएको छ ।

**तालिका ३.१५ : वर्तमान तथा प्रस्तावित जनशक्ति**

| क्र.स. | श्रेणी | पद | प्रस्तावित दरबन्दी | कैफियत |
|---|---|---|---|---|
| १. | रा.प. द्वितीय श्रेणी | कार्यकारी अधिकृत | १ | नेपाल सरकारको दरबन्दी |
| २. | अधिकृत स्तर सातौ | वरिष्ठ अधिकृत | २ | |
| ३. | अधिकृत स्तर सातौ | वरिष्ठ इन्जिनियर | ३ | सहरी योजनाकार १ सिभिल ई. १ |
| ४. | अधिकृत स्तर छैठौं | प्रशासकीय अधिकृत | १ | |
| ५. | अधिकृत स्तर प्रशासन | लेखा अधिकृत | १ | |
| ६. | अधिकृत स्तर प्रा. | इन्जिनियर | ३ | सिभिल १ र आर्किटेक्ट १ वातावरण ई. १ |
| ७. | अधिकृत स्तर छैठौं प्रशासन | समाज कल्याण अधिकृत | १ | |
| ८. | सहायक स्तर पाँचौं तह | ना. सु. | ८ | |
| ९. | सहायक स्तर प्रशासन | ना. सु. (टाइपिष्ट) | १ | |
| १०. | सहायक स्तर पाचौं प्रशासन | लेखापाल | २ | |
| ११. | सहायक स्तर प्रा. | सब इन्जिनियर | ८ | ड्राफ्टपर्सन र सिभिल ओसि |
| १२. | सहायक स्तर प्रा. | बारुणयन्त्र इन्चार्ज | १ | |
| १३. | सहायक स्तर प्रा. | पुस्तकालय | १ | |
| १४. | सहायक स्तर पाचौं प्रा. | कम्प्युटर अपरेटर | ३ | |
| १५. | सहायक स्तर पाचौं | वित्तीय व्यवस्थापन सहायक | १ | |
| १६. | सहायक स्तर पाँचौं | सामुदयिक विकास सहायक | १ | |
| १७. | सहायक स्तर चौथो तह | खरिदार | ५० | |
| १८. | सहायक स्तर चौथो तह | स.ले.पा. | १ | |
| १९. | सहायक स्तर चौथो प्रा. | कम्प्युटर अपरेटर | १ | |

| | | | | |
|---|---|---|---|---|
| २०. | सहायक स्तर चौथो प्रा. | अमिन | २ | |
| २१. | सहायक स्तर चौथो प्रा. | सब ओ. सि. | ४ | |
| २२. | सहायक स्तर प्रा. | जमदार | १ | |
| २३. | सहायक स्तर प्रा. | सिनियर टेक्निसियन | २ | |
| २४. | सहायक स्तर तेस्रो तह प्रा. | हवल्दार | २ | |
| २५. | सहायक स्तर प्रा. | सहायक इलेक्ट्रीसियन | ५ | |
| २६. | सहायक स्तर प्रा. | प्लम्बर मुखिया | २ | |
| २७. | सहायक स्तर प्रा. | मेकानिक | १ | |
| २८. | श्रेणी विहिन प्रा. | भारी सवारी चालक | ८ | |
| २९. | श्रेणी विहिन प्रा. | हलुका चालक | ३ | नोट : कुचिकारको दरबन्दी ५३ मध्ये २६ जना कार्यालय र २७ जना समितिको निर्णय अनुसार राख्ने गरी व्यवस्था गरिएको । |
| ३०. | सहायक स्तर पहिलो प्रा. | फायर मेन | १७ | |
| ३१. | सहायक स्तर पहिलो प्रशासन | चौकिदार पियन | ४७ | |
| ३२. | सहायक स्तर पहिलो प्रशासन | माली | ४ | |
| ३३. | सहायक स्तर पहिलो प्रशासन | नगर प्रहरी | २० | |
| ३४. | सहायक स्तर पहिलो प्रशासन | कुचीकार | ५३ | |
| | | **जम्मा** | **२६१** | |

## संस्थागत विकास कार्यक्रमहरू :

(१) खाद्यान्न गुणस्तर मापन केन्द्र स्थापना

(२) एयरपोर्टको जग्गा सार्वजनिक निजी साझेदारीबाट विकास सम्भाव्यता अध्ययन

(३) नगर सूचना केन्द्र व्यवस्थित गर्ने

**सहरी व्यवस्थापन**

(४) एकीकृत जग्गा विकास कार्यक्रम (Land Pooling) सम्भाव्यता अध्ययन

(५) मेट्रिक ठेगाना प्रणाली एवम् कम्प्युटरीकृत डाटाबेस प्रणाली

**न.पा.को संस्थागत विकास योजना**

(६) सङ्गठन विकास योजना

(७) जनशक्ति विकास योजना

(८) सुविधा सम्पन्न नगरपालिका भवन

(९) भौतिक साधन विकास

(१०) संस्थागत विकासको लागि तालिमको सञ्चालन ।

(११) जनताहरूलाई चेतनामूलक जानकारी तालिम ।

(१२) विकास निर्माणका कार्यहरू सञ्चालन गर्दा सम्बन्धित वडाको वडा सचिवहरूसँग समन्वय ।

(१३) विकास निर्माणका कार्यहरूको बजेट एवम् समय पारदर्शी बनाउने ।

(१४) Lab Technician को दरबन्दी ।

(१५) वडा समिति भवनहरू व्यवस्थित गर्ने साथै भौतिक पूर्वाधार सम्पन्न ।

(१६) सहरी क्षेत्रमा पार्किङ क्षेत्र तोकी पार्किङ क्षेत्रमा शुल्क उठाउने ।

(१७) नगरपालिकाको भवन सुविधा सम्पन्न बनाउने ।

१८) दमकल सभा गृह पछाडीको जग्गामा व्यवस्थापन ।

(१९) दमकल मर्मत-सम्भारको लागि Techician को दरबन्दी ।

(२०) आवश्यक उपकरणहरूको व्यवस्था ।

(२१) नगरपालिकाको दरबन्दी अनुसारको पदपूर्ति ।

(२२) नगरपालिकाको विभिन्न सरकारी एवम् गैरसरकारी Line Agencies हरूसँग समन्वय ।

## ३.१०. वित्तीय विकास योजना

नगरपालिकालाई मूलत: दुई स्रोतहरू (आन्तरिक र बाह्य)बाट आय प्राप्त भइरहेको छ । बाह्य स्रोतको दाँजोमा आन्तरिक स्रोत साह्रै न्यून देखिन्छ । विगत आ.व. ०६२/०६३ देखि आ.व. ०६६/०६७ जम्मा पाँच आ.व.को वित्तीय अवस्थाको विश्लेषण गर्दा औसत ३७% आय आन्तरिक स्रोतबाट प्राप्त भइरहेको देखिन्छ भने ६३% बाह्य स्रोतबाट प्राप्त भइरहेको देखिन्छ (तालिका) । आन्तरिक स्रोतबाट प्राप्त हुने रकम लगभग निश्चित छ भने बाह्य स्रोतबाट प्राप्त हुने रकमको वृद्धिमा उतार-चढाव देखिन्छ । विगत ५ आ.व (आ.व. २०६२/०६३ देखि आ.व. २०६६/०६७ सम्म) मा भएका आन्तरिक तथा बाह्य आयको प्रवृत्ति हेर्दा आधार आ.व. (२०६२/०६३) को तुलनामा दोस्रो आ.व. मा १२.९३% ले तेस्रो आ.व.मा १.४७%, चौथो आ.व.मा ३८.९९ र पाँचौं आ.व. (२०६६/०६७) मा १६.५०% ले आयमा बढेको देखिन्छ । औसतमा १६.७४ प्रतिशतले कुल आएमा वृद्धि भएको देखिन्छ ।

**तालिका ३.१६ : आ.व. ०६२/०६३ देखि ०६६/०६७ सम्मको आन्तरिक र बाह्य आय तथा औसत वृद्धिदर**

| क्र.स. | शीर्षक | ०६२/६३ | ०६३/६४ | ०६४/६५ | ०६५/६६ | ०६६/०६७ | औसत |
|---|---|---|---|---|---|---|---|
| 1 | *आन्तारिक स्रोत* | | | | | | |
| 1.1 | स्थानीय कर | ८२,५९,४०४।३५ | ६९,५८,६८०।९५ | ६२,३९,८६३।०२ | ७०,८९,७९२।९५ | ७४,३६,७५३।८१ | ७१,९६,८९९।०२ |
| 1.2 | सेवा शुल्क | ३,७१,१९,१८१।२७ | ३,६५,१६,४९५।१५ | ३,५४,९६,७९२।२५ | ५,८६,१५,८७३।१९ | ९७,२६,४२३।८८ | ३,५४,९४,९५३।१५ |
| 1.3 | दस्तुर | ३०,२२,८५२।३७ | ४०,६७,१५७।९० | ३५,०२,७८४।४७ | ६९,९०,६९३।३८ | ८६,२५,०००।०० | ५२,४१,६९७।६२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 1.4 | स्रोत परिचालन | ०।०० | ६,३१,५६५।०० | ५,७४,६००।०० | ८,०१,७१०।०० | ६,२१,२१५।०० | ५,२५,८१८।०० |
| 1.5 | अन्य आय | १९,७३,९१७।९८ | २०,५२,५८०।१० | १३,०४,००६।८८ | १७,४०,५१०।७७ | ३४,३७,२४३।८२ | २१,०१,६५१।९१ |
| | **जम्मा आन्तरिक स्रोत** | **५,०३,७५,३५५।९७** | **५,०२,२६,४७९।१०** | **४,७१,१८,०४६।६२** | **७,५२,३८,५८०।२९** | **३,०१,४९,३४५।४३** | **५,०५,६१,०१९।७०** |
| | वृद्धि दर | - | (०.२९) | (६.१९) | ५९.६८ | (५९.९३) | (१.६८) |
| 2 | ***बाह्य स्रोत*** | | | | | | |
| 2.1 | अनुदान | ६५,७५,२८४।०० | २३,७२,०००।०० | ५५,१५,५००।०० | १,०८,२९,९६०।७९ | ६,२५,३७,४५०।३१ | १,७५,६६,०३९।०२ |
| 2.2 | अन्य अनुदान | ०।०० | ४६,०८,३५०।०० | ९४,९७,६०७।७६ | ०।०० | ०।०० | २८,२१,१९१।५५ |
| 2.3 | अन्य निकासा (सामाजिक सुरक्षा कार्यक्रम) | ०।०० | १८,५०,८००।०० | १६,२३,१५०।०० | ६३,३६,५३०।०० | ८०,३८,८००।०० | ३५,६९,८५६।०० |
| 2.4 | वैदेशिक सहायता | ०।०० | ०।०० | ९३,९५०।०० | ४३,९५०।०० | ०।०० | २७,५८०।०० |
| 2.5 | जिन्सी मौज्दात | ९,५३,९१३।४६ | ०।०० | ०।०० | ०।०० | ०।०० | १,९०,७८२।७० |
| 2.6 | बैंक हिसाब (गत वर्षको मौन्दात जिम्मेवारी) | ०।०० | ७८,२५,९५०।९० | ३४,१३,८३६।९८ | १०,४४,३३९।३५ | ८१,९६,५३९।९५ | ४०,९६,१३३।४४ |
| | **जम्मा बाह्य स्रोत** (ऋण तथा सापटी बाहेक) | **७५,२९,१९७.४६** | **१,६६,५७,१००.९०** | **२,०१,४४,०४४।७४** | **१,८२,५४,७८०।१४** | **७,८७,७२,७९०।२६** | **२,८२,७१,५८२.७१** |
| | वृद्धि दर | - | १२१.२३ | २०.९३ | (९.३८) | ३३१.५२ | ११६.०८ |
| 2.7 | ऋण तथा सापटी | २५,४३,५८३।०९ | १३,७९,६४७।४३ | ०।०० | ०।०० | ०।०० | ७,८४,६४६।१० |
| | **जम्मा बाह्य स्रोत** (ऋण तथा सापटी बाहेक) | **१,००,७२,७८०।५५** | **१,८०,३६,७४८।३३** | **२,०१,४४,०४४।७४** | **१,८२,५४,७८०।१४** | **७,८७,७२,७९०।२६** | **२,९०,५६,२२८।८१** |
| | वृद्धि दर | - | ७९.२४ | ११.६८ | (९.३८) | ३३१.५२ | १०३.२७ |
| | **जम्मा (आन्तरिक तथा बाह्य)** | **६,०४,४८,१३६।५२** | **६,८२,६३,२२७।४३** | **६,७२,६२,०९१।३६** | **९,३४,९३,३६०।४३** | **१०,८९,२२,१३५।६९** | **७,९६,१७,२४८।५१** |
| | वृद्धि दर | - | १२.९३ | (१.४७) | ३८.९९ | १६.५० | १६.७४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | आन्तरिक / बाह्य आय अनुपात | ८३ : १७ | ७४ : २६ | ७० : ३० | ८० : २० | २८ : ७२ | ६३ : ३७ |
| स्रोत : सि.न.पा. लेखा शाखा (२०६७) | | | | | | | |

## आन्तरिक स्रोत

आन्तरिक स्रोतमा स्थानीय कर (मालपोत तथा भूमिकर, घरजग्गा कर, बहाल कर, बिटौरी कर, व्यवसाय कर, सवारी कर, सवारी तथा वार्षिक सवारी कर, पटके सवारी कर, सम्पति कर, मनोरञ्जन कर तथा विज्ञापन कर) सेवा शुल्क कर (सवारी पार्किङ शुल्क, महसुल तथा सेवा शुल्क, खानेपानी महसुल, टेलिफोन महसुल, पर्यटन सेवा शुल्क, सार्वजनिक सेवा उपयोग सेवा शुल्क, सार्वजनिक संरचना मर्मत सम्भार शुल्क, अचल सम्पति मूल्याकंन सेवा शुल्क स्थानीय विकास शुल्क र अन्य सेवा शुल्क), दस्तुर (दर्ता तथा नविकरण दस्तुर, नक्सा पास दस्तुर, सिफारिस तथा बक्सौनी दस्तुर, नाता प्रमाणित दस्तुर, अन्य दस्तुर र(सर्जमिन सहित), बिक्री (चालु सम्पति बिक्री, स्थायी सम्पति बिक्री र अन्य बिक्री), स्रोत परिचालन (सा.नि.साझेदारी र अन्य स्रोत परिचालन), सावा ब्याज लाभांस र बोनस (सावा फिर्ता लाभांस) र अन्य आय (दण्ड, जरिवाना, भाडा तथा बहालबाट, धरौटी जफत, धरौटी फिर्ता, पेस्की फिर्ता र अन्य विविध आय) आदि उपशीर्षक अन्तर्गतबाट आय प्राप्त हुने गरेको छ ।

## बाह्य स्रोत

बाह्य स्रोतअन्तर्गत अनुदान, स्रोत बाँडफाँड आदिबाट आएका रकमहरू रहेका छन् । अनुदान शीर्षकअन्तर्गत नेपाल सरकारबाट अनुदान (ससर्त अनुदान, निसर्त अनुदान, अन्य नगद अनुदान र वस्तुगत अनूदान), जिबिस अनुदान (ससर्त अनुदान, निसर्त अनुदान, अन्य नगद अनुदान, वस्तुगत अनुदान), अन्य अनुदान (अन्य निकायबाट प्राप्त अनुदान), वस्तुगत अनुदान तथा प्राविधिक सहायता (वस्तुगत सहायता, प्राविधिक सहायता), जिविसबाट राजस्व बाँडफाँडबाट आय (स्रोत उपयोग करबाट बाँडफाँड, बिक्रीबाट बाँडफाँड), वैदेशिक सहायता (ससर्त अनुदान, निसर्त अनुदान, वस्तुगत अनुदान, सोझै भुक्तानी), ऋण तथा सापटी (बैंक ऋण स्वदेशी, अन्य ऋण स्वदेशी, विदेशी ऋण, सापटी), चन्दा दान उपहार (जनसहभागिता, लागत सहभागिता), नगरपालिका कोष, भुक्तानी दिनु पर्ने रकमहरू (धरौटी), प्रावधानहरू, भुक्तानी पाउनु पर्ने रकमहरू, पेस्की हिसाब, जिन्सी मौज्दात (सुरु जिन्सी मौज्दात, अन्तिम जिन्सी मौज्दात), बैंक हिसाब, नगद, आम्दानी खर्चको हिसाब पर्दछन् ।

## व्यय विवरण

### तालिका नं. ३.१७ : आ.व.०६२/६३ देखि ०६६/६७ सम्मको व्यय विवरण

| क्र.सं. | खर्चका शीर्षकहरू | ०६२/०६३ | ०६३/०६४ | ०६४/०६५ | ०६५/०६६ | ०६६/०६७ | औसत |
|---|---|---|---|---|---|---|---|
| क | चालु खर्च | | | | | | |
| 1 | उपभोग खर्च | १,०९,०५,१२०।१५ | १,५४,३९,८८१।५७ | १,७०,९५,०४५।५० | २,१६,६०,५१५।९९ | २,६६,६१,४६१।६० | १,८३,५२,४०४।९६ |
| 2 | कार्यालय सञ्चालन र सेवा खर्च | ३२,६२,६८१।३९ | ३५,८८,४६१।५२ | ३७,८६,०३१।८८ | ३९,०३,३३६।०५ | ३८,०८,३३३।३० | ३६,६९,७६८।८२ |
| 3 | अनुदान | ७,४२,१५०।०० | २८,९१,०७०।०० | २५,७५,६७०।०० | ७१,९३,४०७।१० | ९३,७०,२००।०० | ४५,५४,४९९।४२ |
| 4 | सेवा खर्च | १५,२८,७१०।४० | १,२२,८८,३०९।८८ | १,००,२३,६१८।९९ | १,०६,९२,९५६।५४ | १,०६,६६,३११।२० | ९०,३९,९८१।४० |
| 5 | भैपरी आउने | ५,६१,९६८।९० | ०।०० | ०।०० | ०।०० | ०।०० | १,१२,३९३।७८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | ब्याज भुक्तानी | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० |
| ७ | फिर्ता खर्च | १८,५०६।०० | ०।०० | ०।०० | ०।०० | ०।०० | ३,७०१।२० |
| | **जम्मा चालु खर्च (क)** | **१,७०,१९,१३६।८४** | **३,४२,०७,७२२।९७** | **३,३४,८०,३६६।३७** | **४,३४,५०,२१५।६८** | **५,०५,०६,३०६।१०** | **३,४४,७२,७४९।५९** |
| | वृद्धि दर | - | १००.९९ | (२.१६) | २९.७८ | १६.२४ | ३६.२१ |
| **ख** | **पुँजीगत खर्च** | | | | | | |
| १ | पुँजी ट्रान्सफर खर्च | ०।०० | ०।०० | ०।०० | २,४७,०२५।०० | ०।०० | ४९,४०५।०० |
| २ | पुँजी निर्माण खर्च | ३,०२,१५,९०८।७१ | ३,००,४७,३८६।०९ | ३,२०,६६,७१०।९३ | ३,४८,६१,७२८।५० | ५,३८,४१,२२१।३८ | ३,६२,०६,५८५।५१ |
| ३ | लगानी | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० |
| ४ | पुँजीगत अनुदान | ०।०० | ५,९४,२८१।३९ | ६,७०,६७४।७१ | १३,८१,५३४।०० | ८,१५,९७४।४६ | ६,९२,४९२।९१ |
| ५ | भैपरी आउने | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० |
| ६ | साँवा भुक्तानी | ५३,८७,१३९।२४ | ०।०० | ०।०० | ५३,५६,३१७।३० | १७,८५,४३९।१० | २५,०५,७७९।१३ |
| | **जम्मा पुँजीगत खर्च (ख)** | **३,५६,०३,०४७।९५** | **३,०६,४१,६६७।४८** | **३,२७,३७,३८५।६४** | **४,१८,४६,६०४।८०** | **५,६४,४२,६३४।९४** | **३,९४,५४,२६८।१६** |
| | वृद्धि दर | - | (१३.९४) | ६.८४ | २७.८३ | ३४.८८ | १३.९० |
| | **कुल खर्च (क+ख)** | **५,२६,२२,१८४।७९** | **६,४८,४९,३९०।४५** | **६,६२,१७,७५२।०१** | **८,५२,९६,८२०।४८** | **१०,६९,४८,९४१।०४** | **७,५१,८७,०१७.७५** |
| | वृद्धि दर | - | ४२.६१ | (१७.०९) | २८.८१ | २५.३८ | १९.९३ |

स्रोत : आर्थिक शाखा, सि.न.पा. (२०६७)

नगरपालिकाको विगत ५ आर्थिक वर्षको व्यय हेर्दा अघिल्लो आ.व. २०६२/६३ को दाँजोमा आ.व.२०६३/६४ मा ४२.६१% ले वृद्धि भएको देखिन्छ भने आ.व. २०६४/६५ मा १७.०९%, आ.व. २०६५/६६ मा २८.८१%, आ.व. २०६६/६७ मा २५.३८% ले व्यय वृद्धि भएको देखिन्छ । उपर्युक्त व्ययमा औसत १९.९३% ले खर्च वृद्धि भएको देखिन्छ । उपर्युक्त खर्चमा चालु खर्चको भार ३२% छ भने पुँजीगत विकास खर्च ६८% छ ।

## वित्तीय प्रक्षेपण

विगत पाँच आर्थिक वर्षहरूमा भएको आयमा एकरूपता देखिँदैन । कुनै शीर्षकमा कुनै आ.व.मा अघिल्लो आ.व.को तुलनामा ह्वात्तै रकम वृद्धि भएको देखिन्छ भने सोही आ.व.को अर्को शीर्षकमा अघिल्लो आ.व.को तुलनामा रकम न्यून देखिन्छ । यस्तो असमान प्रकृतिको आय रकमले निश्चित मापदण्ड राखी वा अघिल्लो आर्थिक वर्षहरूमा भएको वृद्धिदरको औसत राखी आगामी आर्थिक वर्षहरूमा तत्तत् शीर्षकहरूमा हुन सक्ने आयलाई प्रक्षेपण गर्न असहज भएको कारणले न.पा.को आ.व. ०६७/०६८ को आ.व.मा १० प्रतिशतको वृद्धिदर मानी आगामी आ.व.हरूमा हुन सक्ने आम्दानीअनुसार आगामी पाँच वर्षको आवधिक योजनाभरिको लागि प्रक्षेपण गरिएको छ । आ.व. ०६७/०६८ को शीर्षकमा कुनै अङ्क नदेखिएको अवस्थामा गत पाँच वर्षको औसत अङ्कलाई आधार मानिएको छ ।

## आयको प्रक्षेपण

आयको प्रक्षेपण आ.व. २०६७/६८ को आयमा विगतको तत्तत् वृद्धिलाई आधार मानी आगामी पाँच आर्थिक वर्षको आयको प्रक्षेपण गरिएको छ । यसअनुसार आवधिक योजनाको अन्त्य आ.व. २०७२/७३ सम्ममा रु.४८,००३,७००।- पुग्ने देखिन्छ ।

## तालिका ३.१८ : आ.व.०६७/०६८ देखि आ.व. ०७२/०७३ सम्मको आय प्रक्षेपण

| क्र.स. | शीर्षक | ०६८/६९ | ०६९/७० | ०७०/७१ | ०७१/७२ | ०७२/०७३ | औसत |
|---|---|---|---|---|---|---|---|
| 1 | *आन्तारिक स्रोत* | | | | | | |
| 1.1 | स्थानीय कर | ८,२४६,५००। | ९,०७१,२००। | ९,९७८,३००। | १०,९७६,१००। | १२,०७३,७००। | १०,०६९,१६०। |
| 1.2 | सेवा शुल्क | १,०५८,९०००। | ११,६४७,९००। | १२,८१२,७००। | १४,०९४,०००। | १५,५०३,४००। | १२,९२९,४००। |
| 1.3 | दस्तुर | ९,४८७,५००। | १०,४३६,३००। | ११,४७९,९००। | १२,६२७,९००। | १३,८९०,७००। | ११,५८४,४६०। |
| 1.4 | स्रोत परिचालन | ६८३,३००। | ७५१,६००। | ८२६,७००। | ९०९,४००। | १,०००,३००। | ८३४,२६०। |
| 1.5 | अन्य आय | ३,७८०,९००। | ४,१५९,०००। | ४,५७४,९००। | ५,०३२,४००। | ५,५३५,६००। | ४,६१६,५६०। |
| | **जम्मा आन्तारिक स्रोत** | **३२,७८७,२००।** | ३६,०६६,०००। | **३९,६७२,५००।** | **४३,६३९,८००।** | **४८,००३,७००।** | **४०,०३३,८४०।** |
| | वृद्धि दर प्रतिशत | - | ( १० ) | (१०) | १० | १० | |
| 2 | *बाह्य स्रोत* | | | | | | |
| 2.1 | अनुदान | ६८,७९१,२००। | ७५,६७०,३००। | ८३,२३७,३००। | ९१,५६१,०००। | १००,७१७,२००। | ८३,९९५,४००। |
| 2.2 | अन्य अनुदान | ३,१०३,३००। | ३,४१३,६००। | ३,७५४,९००। | ४,१३०,४००। | ४,५४३,५००। | ३,७८९,१४०। |
| 2.3 | अन्य निकासा (सामाजिक सुरक्षा कार्यक्रम) | ८,८४२,७००। | ९,७२६,९००। | १०,६९९,६००। | ११,७६९,६००। | १२,९४६,६००। | १०,७९७,०८०। |
| 2.4 | वैदेशिक सहायता | ३०,३००। | ३३,३००। | ३६,६००। | ४०,३००। | ४४,३००। | ३६,९६०। |
| 2.5 | जिन्सी मौज्दात | २०९,८००। | २३०,७००। | २,५३,८००। | २,७९,२००। | ३०७,१००। | २५६,१२०। |
| 2.6 | बैंक हिसाब (गत वर्षको मौन्दात जिम्मेवारी) | ९,०१६,१००। | ९,९१७,७००। | १०,९०९,४००। | १२,०००,४००। | १३,२००,४००। | १४,५२०,४४०। |
| | **जम्मा बाह्य स्रोत** (ऋण तथा सापटी बाहेक) | **८९,९९३,४००।** | **९८,९९२,५००।** | **१०८,८९१,६००।** | **११९,७८०,९००।** | **१३१,७५९,१००।** | **११३,३९५,१४०।** |
| | वृद्धि दर | - | १० | १० | १० | १० | |
| 2.7 | ऋण तथा सापटी | ८६३,१००। | ९४९,४००। | १,०४४,३००। | १,१४८,८००। | १,२६३,६००। | १,०५३,८४०। |
| | **जम्मा बाह्य स्रोत** (ऋण तथा सापटी समेत) | **९०,८५६,५००।** | **९९,९४१,९००।** | **१०९,९३५,९००।** | **१२०,९२९,७००।** | **१३३,०२२,७००।** | **११४,४४८,९८०।** |
| | वृद्धि दर | - | १० | १० | १० | १० | |
| | **जम्मा (आन्तरिक तथा बाह्य)** | **१२३,६४३,७००।** | **१३६,००७,९००।** | **१४९,६०८,४००।** | **१६४,५६९,५००।** | **१८१,०२६,४००।** | **१५४,४८२,८२०।** |
| | वृद्धि दर | - | १० | १० | १० | १० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | आन्तरिक/बाह्य आय अनुपात | ७३:२७ | ७३:२७ | ७३:२७ | ७३:२७ | ७३:२७ | ७३:२७ |
| स्रोत : सि.न.पा. लेखा शाखा (२०६७) | | | | | | | |

## वित्तीय विकासका समस्या तथा अवसरहरू

वर्तमान अवस्थामा सङ्कलन भइरहेका करहरू तथा बाह्य स्रोतबाट प्राप्त भएका रकमहरू केवल नियमित आकस्मिकता जस्ता मात्र देखिएका छन्। सीमित करको दायरा र अनियमित सङ्कलन रकमले गर्दा लक्षित उद्देश्य हासिल गर्नमा कठिनाइ उत्पन्न हुने हुन्छ। विगतमा नगरपालिकाले स्वतन्त्र रूपमा उठाइरहेको चुङ्गी करले नगरपालिकाको आयको ७०% भन्दा पनि अर्थिकभार वहन गर्ने गर्दथ्यो। स्थानीय स्वायत्त शासन ऐन (२०५५) को सुरुवातसँगै चुङ्गीकर व्यवस्था समाप्त भयो र उक्त ऐनले स्थानीय स्तरमा मालपोत तथा भूमिकर घरबहाल कर, व्यवसायकर, सम्पति कर, मनोरञ्जन कर, तथा सेवा शुल्क उठाउन पाउने अधिकार प्रत्यायोजन गऱ्यो। यसाका साथसाथै सरकारले हरेक नगरपालिकालाई अस्थायी रूपमा स्थानीय विकास शुल्क दिने व्यवस्था गऱ्यो। व्यवस्थित करप्रणालीको सुरुवात, घरजग्गा विकास कार्यक्रम, खाली जग्गा भाडामा लगाउने र पर्यटकीय स्रोतको रूपमा भएका ठाउँहरूलाई विकास गरी सोबाट शुल्क उठाउने जस्ता कार्यक्रमहरू सञ्चालन गर्न सके वर्तमान आम्दानीमा २५% थप रकम प्राप्त गर्न सकिने अनुमान गर्न सकिन्छ, तर स्थानीय विकास शुल्कको व्यवस्था खारेज हुने हो भने अर्थव्यवस्था कमजोर नै हुन जान्छ । त्यसैले वित्तीय परनिर्भरतालाई कम गर्दै लैजानु पर्ने हुन्छ ।

वित्तीय परनिर्भरतालाई कम गर्न सिद्धार्थनगर नगरपालिकामा सघन रूपमा सम्पत्ति सर्भेक्षण गरिनु पर्छ। सो सर्भेक्षण गर्नु पूर्व नगरक्षेत्रमा बस्ने सम्पूर्ण नगरवासीहरूको घर नम्बरसहित लगत तयार गर्नु पर्छ। प्राप्त तथ्याङ्कलाई 'डाटाबेस'को रूपमा सुरक्षित गरिनु पर्छ। यसाको साथसाथै आर्थिक प्रशासनमा क्षमता विकास गरी जनताबाट उठेको पैसा जनतामै जाँदै छ भनी पुष्टि गर्नको लागि आर्थिक पारदर्शिता देखाउनु पर्छ र भ्रमण भत्ता जस्ता शीर्षकमा अत्यावश्यक भए मात्रै खर्च गरिनु पर्छ।

### तालिका ३.१९ : वित्त विकास सम्बन्धी तर्कबद्ध योजना

| योजनाको सारांश | सूचकहरू | पुस्ट्याइँका आधारहरू | जोखिम पक्षहरू |
|---|---|---|---|
| **लक्ष :**<br><br>नगरको वित्तीय स्थितिमा सुधार ल्याई सार्वजनिक सेवा सुविधाहरू प्रदान गरिएको हुनेछ । | | | |
| **उद्देश्य :**<br><br>सिद्धार्थनगर नगरपालिकाको वित्तीय स्थितिमा सुधार भएको हुनेछ । | | | |
| १. आयमा वृद्धि भएको हुनेछ । | • आय वृद्धिका आधारमा बजेट वृद्धि भएको हुनेछ ।<br>• आम्दानीको स्रोत पहिचान भएको हुनेछ ।<br>• असुल हुन बाँकी असुल भएको हुनेछ ।<br>• आय वृद्धिको लक्ष पूरा भएको हुनेछ । | • नपाको अभिलेख<br>• बजेट<br>• आर्थिक प्रतिवेदन<br>• असुल हुन बाँकीको अभिलेख । | • स्रोत पहिचानमा कठिनाइ ।<br>• असुल हुन बाँकी रकम असुल गर्न ।<br>• अयवृद्धिमा निजी सहभागितामा कमी । |

| | | | |
|---|---|---|---|
| ३. प्रभावकारी प्रतिवेदन प्रणाली लागु भएको हुनेछ । | • महिना समाप्त भएको ७ दिनभित्र प्रतिवेदन तयार भएको हुनेछ ।<br>• आर्थिक वर्ष बितेको महिनाभित्र वार्षिक प्रतिवेदन तयार भएको हुनेछ ।<br>• जनशक्तिको विकास भएको हुनेछ । | • मासिक तथा वार्षिक प्रतिवेदन | • हिसाब मिलान गरी प्रतिवेदन तयार गर्ने जनशक्तिको विकास हुन नसक्नु<br>• तालिम प्राप्त जनशक्ति हुन नसक्नु |
| ४. खर्च व्यवस्थापन नियन्त्रणमुखी भएको हुनेछ । | • खर्च निर्देशिका तथा Accounting Manual को कार्यान्वयन<br>• पेस्की नियन्त्रण भएको हुनेछ ।<br>• बजेटभन्दा बढी खर्च नभएको हुनेछ । | • खर्च निर्देशिका तथा Acounting Manual को कार्यान्वयन ।<br>• पेस्की रकमको अन्त्य<br>• बजेट सीमामा रही खर्च हुनु । | • खर्च निर्देशिका तथा Acounting Manual को कार्यान्वयनमा कमी ।<br>• पेस्की नियन्त्रण गर्न कठिन ।<br>• बजेट सीमाभित्र रही खर्च गर्न कठिनाइ हुने । |
| **नतिजाहरू :** | | | • |
| १. आन्तरिक लेखापरीक्षण पद्धतिलाई प्रभावकारी बनाइएको हुनेछ । | • आलेप अधिकृतको नियुक्ति गरी तत्काल लेखापरीक्षणलाई प्रभावकारी बनाइने ।<br>• अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखा परीक्षण सम्पन्न भएको हुनेछ । | • आलेप प्रतिवेदन<br>• आलेप अधिकृतको नियुक्ति<br>• खर्च व्यवस्थापनमा सुधार | • दक्ष तालिम प्राप्त कर्मचारी पाउन कठिन<br>• आलेप निर्देशिकाको कमी |
| २. जिन्सी व्यवस्थापन प्रभावकारी भएको हुनेछ । | • जिन्सी र लेखा शाखाका बीच समन्वय भएको हुनेछ । | • जिन्सी निरीक्षण प्रतिवेदन | • समयमा जिन्सी निरीक्षण हुन नसक्नु |
| | • विश्वव्यापी मान्यताका आधारमा जिन्सी लेखा राखिएको हुनेछ । | • आलेप/आन्तरिक लेखा परीक्षण प्रतिवेदन | • जिन्सी अभिलेख दुरुस्त हुन नसक्नु |
| | • नगरका सम्पूर्ण सम्पतिको अभिलेख राखिएको हुनेछ । | • नपाको जिन्सी अभिलेख | • दक्ष तालिम प्राप्त जनशक्तिको अभाव |
| | • आवधिक जिन्सी निरीक्षण भएको हुनेछ । | • | • |
| ३. बेरुजु फछ्र्यौट व्यवस्थापन प्रभावकारी भएको हुनेछ । | • बेरुजुको लगत तयार भएको हुनेछ । | • बेरुजुको लगतको अधावधि | • कर्मचारीबाट लगतको अध्यावधि नियमित हुन नसक्नु |
| | • फछ्र्यौट भएको बेरुजु लगतबाट कट्टा भएको हुनेछ । | • बेरुजु फछ्र्यौट भएको रकमबाट आयमा भएको वृद्धि | • बेरुजु फछ्र्यौटबाट आयमा वृद्धिको लगत नपर्ने |
| | • बेरुजु फछ्र्यौटका कारण आयमा वृद्धि भएको हुनेछ । | • | • |

**कार्यक्रमहरू :**

स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा ९६ (१) ले नगरपालिकाहरूले अनिवार्य रूपमा गर्नुपर्ने आवधिक योजनाको क्षेत्रलाई परिभाषित गरे अनुसार :

(१) अर्थ

(२) भौतिक विकास

(३) जलस्रोत वातावरण र सरसफाइ

(४) शिक्षा तथा खेलकुद विकास

(५) संस्कृति

(६) निर्माण तथा यातायात

(७) स्वास्थ्य सेवा र सङ्क्रामक रोग नियन्त्रण

(८) समाज कल्याण

(९) उद्योग तथा पर्यटन र

(१०) विविध क्षेत्र

यी सम्पूर्ण क्षेत्र समेट्ने गरी आवधिक योजना तर्जुमा गर्नुपर्ने सीमाङ्कन गरिएको पाइन्छ तापनि ऐनले उद्योग र पर्यटनलाई विशेष जोड दिएबाट आर्थिक क्षेत्रको विकासका लागि सही योजना तर्जुमा हुन नसकेमा यस नगरपालिकाले आवश्यक आर्थिक फड्को मार्न सक्दैन । गरिबीको कुचक्रबाट पनि यो नगरपालिका उम्कन सक्दैन । यसैले आवधिक योजना (२०६७/०६८-२०७२/०७३) 'पर्यटन उद्योग व्यापार र शिक्षा, हराभरा बुद्धभूमि सिद्धार्थनगरको इच्छा' भन्ने उद्देश्य चयन गरिसकेको छ । पर्यटन, उद्योग, व्यापार, र शिक्षालाई क्रमशः प्राथमिकताको सूचीमा राखेको पाइन्छ । सुनौली पोखरा राजमार्ग (सिद्धार्थ राजमार्ग) यसै नगरपालिकाबाट गिजिएको छ । गौतम बुद्धको जन्मस्थल लुम्बिनी, राजा शुद्दोधनको राज्य कपिलवस्तु तथा गौतम बुद्धको मावली देवदह हाम्रै सेरोफेरोमा अवस्थित छन् । बुटवल नगरपालिका, रामग्राम नगरपालिका र कपिलवस्तु नगरपालिका हाम्रा आर्थिक विकासका लागि प्रत्यक्ष एवम् अप्रत्यक्ष रूपमा सहयोगी हात बढाउन सक्दछन् । विशेष आर्थिक क्षेत्र (Special Economic Zone) को निर्माण र यस नगरपालिकाको सेरोफेरोमा रहेका औद्योगिक प्रतिष्ठानहरू हाम्रा निम्ति रोजगार सृजना गर्ने, बजार विस्तार गर्ने माध्यमका रूपमा सावित हुन सक्दछन्, जसको फलस्वरूप आन्तरिक व्यापार र अन्तर्राष्ट्रिय व्यापारका लागि यी नाकाहरू सहायक हुन पुग्दछन् । त्यसैले -

(१) लुम्बिनीको व्यापाक प्रचार-प्रसारको निम्ति सिद्धार्थ नगरपालिकाले पनि आवश्यक प्रचार सामग्रीका लागि योजनामा समावेश गर्नुपर्छ ।

(२) लुम्बिनीको आकर्षण त्यति बेला मात्र वृद्धि हुन सक्छ, जब सुनौली नाकादेखि लुम्बिनी क्षेत्रका दुबै किनाराहरू हरियालीयुक्त हुन सक्दछ, त्यसैले हराभरा बुद्ध भूमिको लागि सिद्धार्थ नगरपालिकाले आवधिक योजनामा समावेश गर्नुपर्छ ।

(३) राष्ट्रिय तथ्याङ्कलाई अध्ययन गर्दा एकजना पर्यटक औसतमा हेर्दा ११.६ दिन नेपालमा बस्ने र प्रत्येक दिन औसतमा रु. २,८३५।५९ खर्च गर्ने (२०६६ पौष) हुँदा यिनीहरूको बसाइ लम्ब्याउन सकेको खण्डमा स्वतः यस क्षेत्रको आय आर्जन बढ्न सक्ने हुँदा पर्यटनसँग सरोकार राख्ने होटल व्यवसाय र मनोविनोदका साधनको विकासका लागि पूर्वाधारका लागि आर्थिक योजनामा समावेश गर्ने ।

(४) बगाहा गा.वि.स.मा रहेको विशेष आर्थिक क्षेत्र (Special Economic Zone) को निकटतम नगरपालिका भनेकै सिद्धार्थनगर नगरपालिका हो । करिब भौतिक संरचना पूरा भइसकेको अवस्था भए तापनि ऐन हालसम्म पनि निर्माण हुन सकेको छैन सोको लागि दबाव सिर्जना गर्नुपर्ने बाध्यता हाम्रासामु छँदै छ । यस क्षेत्रमा विदेशी पुँजी र प्रविधि आमन्त्रण गर्न सकेको खण्डमा रोजगार, आय आर्जन, उच्च जीवन स्तरका कारण यस नगरपालिकाकै आर्थिक अवस्थामा अल्पकालीन परिवर्तन हुन सक्छ । विशेष आर्थिक क्षेत्र (SEZ) भनेकै Tax Free Zone हो । Tax Cut Policy का कारण वस्तुको उत्पादन न्यून मूल्यमा हुन पुग्छ । वस्तु विदेशी बजारमा प्रतिस्पर्धी हुन पुग्छन् । यस क्षेत्रले नगरपालिकालाई कुनै किसिमको कर चुक्ता नगरे तापनि बजार विस्तार र रोजगार विस्तार आय वृद्धिमा अवश्य नै योगदान पुर्‍याउन सक्छ ।

(५) बौद्ध विश्वविद्यालय, मेडिकल कलेज, त्रिभुवन विश्वविद्यालयका क्याम्पसहरूले शैक्षिक विकासका लागि अग्रणी भूमिका खेल्न सक्दछन् । बौद्ध विश्वविद्यालय सम्बन्धी अवधारणाले हाम्रा निम्ति विशेष महत्व राख्न सक्दछन् । यस नगरकै व्यापार र व्यवसायको कायापलट हुन सक्दछ । त्यसैले शैक्षिक पूर्वाधारका निम्ति पनि आवधिक योजना अन्तर्गत समावेश हुनु पर्छ ।

(६) लगानीको अनुपस्थितिमा आय आर्जन हुन सक्दैन, गरिबी निवारण हुन सक्दैन, जीवनस्तर उच्च हुन सक्दैन, तर पुँजीको अभावमा लगानी पनि सम्भव छैन । यसैले स्थानीय स्वायत्त शासन ऐन २०५५ अनुसार पाइएका अधिकार प्रयोग गर्दै यस नगरपालिकाले स्रोतको परिचालन गर्नु पर्छ । आन्तरिक स्रोत खास गरी करको दर वृद्धि भन्दा पनि आधार (Base Broaden) वृद्धिबाट बढी राजस्व सङ्कलन गर्नु पर्ने हुँदा यसका निम्ति राजस्व शाखालाई आधुनिक कम्प्युटराइज प्रविधिसँग आबद्ध गर्न पहल गर्नु पर्छ ।

(७) आर्थिक अनियमितता स्रोत परिचालनका लागि बाधक हुन् । यसैले लेखा पद्धति चुस्तदुरुस्त र पारदर्शी हुनु पर्छ । मितव्ययितालाई बेवास्ता गर्नु हुँदैन । लेखापरीक्षण समय सापेक्ष हुनु पर्छ ।

(८) स्रोत र साधन (Resource) कुनै पनि देशका लागि पूर्ण हुन सक्दैन । स्रोत सीमित नै हुन्छ । सिद्धार्थनगर नगरपालिकाको स्रोतले यसको सम्पूर्ण खर्च थेग्न सक्दैन । वित्त न्यून हुन सक्ने हुँदा स्थानीय स्वायत्त शासन ऐन २०५५ले स्वायत्तता प्रदान गरेकाले आन्तरिक र बाह्य ऋणको परिचालनको माध्यमबाट स्रोत परिचालन गर्नु पर्छ । पुन: आय प्राप्त होस् ।

(९) आन्तरिक लेखा व्यवस्थापन शाखाको व्यवस्था गरी लेखापरीक्षक नियुक्त गर्ने ।

(१०) आन्तरिक लेखा रीक्षण निर्देशिका तयारी तथा कार्यान्वियन ।

(११) नगरवासी र नगरपालिकाको सम्पूर्ण सम्पतिको अभिलेख शाखा कम्प्युटराइज सफ्टवयेर निर्माण गरी प्रयोगमा ल्याउने ।

(१२) कर्मचारीहरूलाई आवधिक रूपमा अध्ययन, तालिम, भ्रमण ।

(१३) Corporate Accounting System लागु गर्न परामर्शदाता नियुक्त गरी Work Plan तयार गर्ने ।

(१४) Corporate Accounting System लागु गर्ने ।

(१५) राजस्व शाखालाई आधुनिकीकरण गर्ने ।

(१६) नगरपालिकालाई करमैत्री वातावरणमा ढाल्ने ।

(१७) नगरपालिकाको आन्तरिक स्रोत बढाउने बारे Revenue Potiential सम्भाव्यता अध्ययन ।

(१८) Bulk मा विद्युत् तथा खानेपानी खरिद गरी नगरबासीमा वितरण गर्ने । (यो कार्य गर्दा करको दायरा बढ्ने)

(१९) स्थानीय करलाई सहरी सेवासँग आबद्ध गर्ने ।

(२०) नगरको सबैभन्दा ठूलो करदातालाई सम्मान तथा पुरस्कार प्रदान ।

(२१) पुराना असुलीमा कर छुट योजना ।

(२२) आम्दानीको स्रोत पहिचानको लागि गोष्ठी कार्यक्रम ।

(२३) Resource Mapping योजना ।

(२४) प्रत्येक वडा कार्यालय तथा सार्वजनिक स्थलहरूमा राजस्व कर सम्बन्धी होर्डिङ बोर्ड लगाउने ।

(२५) राजस्व स्रोतको परिचालनको निम्ति सरोकारवालाहरूसँग अन्तर्क्रिया कार्यक्रम ।

(२६) आर्थिक प्रतिवेदन त्रैमासिक रूपमा प्रकाशन गर्ने र सो प्रतिवेदन विश्लेषणको लागि विज्ञको व्यवस्था ।

(२७) त्रैमासिक रूपमा आर्थिक समीक्षा गोष्ठी सञ्चालन ।

(२८) नगरपालिकाभित्र रहेको जिन्सी समानहरूको मूल्याङ्कन ।

(२९) नगरको नयाँ करको स्रोत पहिचान गर्न अध्ययन प्रतिवेदन तयार ।

(३०) Performance Audit System लागु गर्ने ।

(३१) स्वघोषित एकीकृत सम्पति कर असुलीमा निरन्तरता ।

(३२) भारतीय व्यापारीहरूलाई करको दायरामा ल्याउन विषेश कार्यक्रम ।

(३३) कर सङ्कलनमा Line Agencies हरूसँग समन्वय कार्यक्रम ।

## ३.८ जोखिम व्यवस्थापन योजना

दैवीप्रकोप उद्धार ऐन २०३९को परिभाषा अनुसार "प्रकोप भन्नाले भूकम्प, आगलागी, आँधिबेरी, बाढी-पहिरो, अतिवृष्टि अनिकाल, महामारी तथा यस्तै अन्य प्राकृतिक प्रकोपलाई सम्झनु पर्दछ र सो शब्दले औद्योगिक दुर्घटना, विष्फोटक वा विषाक्त पदार्थद्वारा हुने दुर्घटना तथा यस्तै कुनै पनि प्रकारको प्रकोपलाई समेत जनाउनेछ" । यसरी हेर्दा मानवीय, वातावरणीय, वस्तुगत तथा आर्थिक क्षेत्रको गम्भीर क्षति भई व्यक्ति, समाज तथा राज्यको कार्यात्मक क्षमतामा हुने सम्वेदनशील विनाशको अवस्था नै प्रकोप हो ।

नेपालमा हरेक वर्ष बाढी पहिरो, डुबान, आगजनी, हुरीबतास, सडक दुर्घटना तथा विभिन्न रोग व्याधीबाट हजारौँ नागरिकहरू प्रभावित भइरहेका हुन्छन् । यसरी बढी रहेका प्रकोपहरूबाट सिद्धार्थनगर नगरपालिका पनि अछुतो रहेको छैन । नेपालमा जोखिम न्यूनीकरण सम्बन्धी विभिन्न नीतिगत व्यवस्थाहरू भए तापनि कार्यान्वयन पक्ष कमजोर नै देखिन्छ ।

प्राकृतिक वातावरण तथा जैविक विविधताका पक्षलाई समेत मध्य नजर गर्दै सिद्धार्थनगर नगरपालिकाबाट सञ्चालन गरिने विकास निर्माणबाट हुन सक्ने जोखिमहरूको विश्लेषण हुन आवश्यक छ । त्यसै अनुरुप तर्कबद्ध खाका योजनामा आधारित **जोखिम व्यवस्थापन योजना** तालिका नं.३.२० मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ३.२० : जोखिम व्यवस्थापन योजना**

| योजनाको सारांश | सूचकहरू | पुस्टयाइँका आधार | जोखिम पक्ष |
|---|---|---|---|
| **उद्देश्य :** | | | |
| प्राकृतिक प्रकोप, मानवीय असावधानी एवम् सामाजिक अपराधका कारण हुने जनधनको क्षति न्यूनीकरण गर्ने | | | |

| नतिजा : | | | |
|---|---|---|---|
| प्राकृतिक विपत्तिबाट पिडित पक्षका लागि राहत पुगेको हुने | ▪ प्राकृतिक प्रकोप राहत कोष स्थापना भएको | ▪ सि.न.पा. सूचना केन्द्र<br>▪ जि.वि.स. सूचना केन्द्र<br>▪ प्रहरी प्रतिवेदन | ▪ जिविस, प्रहरी प्रशासन, नागरिक समाज, गैसस एवम् सि.न.पा. बीच सामञ्जस्यता |
| मानवीय असावधानी एवम् दुर्घटना जनित घटनाहरू कम भएको हुने | ▪ आगलागी, सडक दुर्घटना जस्ता घटनाहरूको रोकथामका लागि जनचेतना जगाउने पर्चाहरू, सूचना पोस्टर आदि वितरित भएको<br>▪ स्थानीय विद्यालयहरूमा जोखिम व्यवस्थापन सम्बन्धी पढाइ एवम् कार्यक्रम सञ्चान भएको<br>▪ ट्राफिक नियमको पालना भएको<br>▪ रोगव्याधिको महामारी फैलिन नदिन जनचेतना उच्च भएको<br>▪ बारुणयन्त्रको व्यवस्था भएको<br>▪ एम्बुलेन्स र सववाहनको व्यवस्था भएको<br>▪ जोखिम व्यवस्थापन सम्बन्धी निर्देशिका (Manual) तयार भएको | ▪ गैसस प्रतिवेदन | |
| सामाजिक अपराध घटेको हुने | ▪ सामाजिक (हत्या हिंसा, चेलीबेटी बेचबिखन, यौन व्यापार, बलात्कार) विरुद्ध युवा समूहको परिचालन भएको | | |

**रणनीति :**

प्राकृतिक प्रकोपजन्य घटनाबाट हुने क्षति मानवीय कारणले हुने जोखिमजन्य घटना न्यून पार्दै लैजाने ।

**नीति / कार्यनीति :**

- प्राकृतिक प्रकोप एवम् मानवीय असावधानीबाट हुने जनधनटको क्षति न्यूनीकरण सम्बन्धी निर्देशिका (Manual) तयार पारी, प्रचार-प्रसारका सामग्रीहरू वितरित गरी र जनचेतनामूलक कार्यक्रम सञ्चालन गरी जोखिम व्यवस्थापन कार्यलाई प्रभावकारी तुल्याउने
- जोखिम व्यवस्थापनका लागि आवश्यक पूर्वाधार (एम्बुलेन्स, बारुणयन्त्र, जनशक्ति) को व्यवस्था एवम् विकास गर्ने
- सामाजिक अपराध विरुद्ध युवावर्ग, नागरिक समाज, न.पा. एवम् प्रहरी प्रशासनको सहकार्य प्रभावकारी बनाउने

**जोखिम व्यवस्थापनको लागि प्रस्तावित कार्यक्रमहरू**

## पूर्व तयारी

(१) जोखिम अभिलेख राख्ने र पूर्व तयारीको लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने ।

(२) नगरपालिकामा प्रकोप व्यवस्थापन एकाइको स्थापना

(३) जोखिम न्यूनीकरण सम्बन्धी निर्देशिका तथा कार्यविधि निर्माण र कार्यान्वयन

(४) तालिम पुस्तिका तथा चेतनामूलक सामग्रीहरू तयारी र प्रकाशन

(५) वडास्तरमा जोखिम व्यवस्थापन Club (DMC) गठन

(६) DMC लाई प्रकोप पूर्वतयारी तालिम

(७) प्रकोप पूर्वतयारी सामग्रीको व्यवस्थापन

(८) प्रकोप नक्सांकन तथा यस सम्बन्धी राष्ट्रिय/अन्तर्राष्ट्रिय क्षेत्रबाट अध्ययन अनुसन्धान

(९) विद्यालय तथा समुदायस्तरमा जोखिम न्यूनीकरण सम्बन्धी तालिम तथा शिक्षा

(१०) दमकल व्यवस्थापन

(११) एम्बुलेन्स र सव-वाहन खरिद

(१२) राष्ट्रिय/अन्तर्राष्ट्रिय गोष्ठी तथा अध्ययन भ्रमण

(१३) समूदायस्तरमा लैगिक जोखिम न्यूनीकरण सचेतना

(१४) यातायात व्यवसायी/सवारी चालकलाई तालिम व्यवस्थापन ।

(१५) नगरका आवश्यक चोकहरूमा सडक बत्तीको व्यवस्था गरी चोकचोकमा Zebra Crossingको साथै Traffice Lightको व्यवस्था गर्ने ।

(१६) सडकको स्तर र चौडाइको आधारमा सवारीको गति नियन्त्रण तथा अनुगमन ।

(१७) विभिन्न सरुवा रोग तथा लामखुट्टेबाट हुने रोगहरूको बारेमा जनचेतनामूलक कार्यक्रम सञ्चालन ।

(१८) वर्षा याम भन्दा अगाडि नगरका कच्ची नालाहरू Excavator लगाई सफा गर्ने र पक्की नालाहरू जनशक्ति लगाई सफा गर्ने ।

(१९) राहत सामग्री भण्डारण ।

(२०) नगरपालिकामा भवन निर्माण आचार संहिता लागु गर्ने र सो सम्बन्धी व्यापक प्रचार-प्रसार गर्ने ।

(२१) नदी कटान क्षेत्रहरूमा आवश्यक तटबन्ध निर्माण गर्ने र सो सम्बन्धमा जल उत्पन्न प्रकोप न्यूनीकरण कार्यालयसँग समन्वय गरी कार्य सम्पादन गर्ने ।

(२२) अपाराधिक समूहबाट हुने विभिन्न दुर्घटनाको लागि सुरक्षा निकायसँग समन्वय गरी समस्याको निराकरण गर्न पहल गर्ने साथै जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

(२३) रिक्सा व्यवस्थापन तथा चेतनामूलक तालिम ।

(२४) Pandemic Influenza Preparedness सम्बन्धी पुस्तकहरू वितरण गरी चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

**पुनर्स्थापना**

(२५) प्रकोप राहत कोष स्थापना

(२६) जोखिममा परेकाहरूलाई उद्धार/उपचार

(२७) क्षतिको लेखाजोखा

**ग्रामीण सहरी अन्तर्सम्बन्ध**

आर्थिक क्रियाकलापको विविधीकरणका कारणले सहर आर्थिक केन्द्रका रूपमा रहेको हुन्छ । कतिपय आवश्यकताहरूका लागि सहरी अर्थतन्त्र ग्रामीण क्षेत्रमा निर्भर हुने हुनाले एकातिर सहरको आर्थिक विशिष्टीकरण पनि हुन्छ, अर्कोतिर ग्रामीण क्षेत्रको आयस्रोत पनि बढ्दै जान्छ । यसै परिप्रेक्षमा सिद्धार्थनगरलाई विश्लेषण गर्दा सिद्धार्थनगर नगरपालिकाको सिमानासँग प्रत्यक्ष-अप्रत्यक्ष्य सीमा जोडिएका गाउँहरू (गाविस) र समग्र जिल्लासँग आर्थिक सम्बन्ध रहेको छ । विगतदेखि जिल्ला सदरमुकामको रूपमा यस न.पा. क्षेत्रको अन्य छिमेकी गाविस र जिल्ला र केन्द्रमा यसको आर्थिक भूमिका सबल देखिन्छ । मूलत: बेलहिया नाकाबाट हुने आयात-निर्यात यहाँकै भैरहवा भन्सारबाट हुने र छिमेकी गा.वि.सहरूमा उत्पादित कृषि उत्पादनहरू पनि सिद्धार्थनगरबाट नै अन्य स्थानमा जाने हुनाले यो प्रवेश द्वार (Gateway) को रूपमा पनि रहेको छ ।

सि.न.पा.को परिप्रेक्ष्यमा ग्रामीण सहरी अन्तर्सम्बन्ध (Rural Urban Linkage) को विस्तृत अध्ययन हुनु आवश्यक छ ।

## ३.११ आयोजना तथा कार्यक्रमको सूची तथा प्रारम्भिक लागत अनुमान

सहभागितात्मक योजना तर्जुमा कार्यशालाद्वारा नगर विकासका लागि तयार भएका विभिन्न विषयगत क्षेत्रका आयोजना तथा कार्क्रमहरू सञ्चालनको निमित्त केकति बजेट रकम आवश्यक पर्छ भन्ने कुराको प्रारम्भिक लागत अनुमान तयार पारिएको छ ।

**प्रारम्भिक सम्भाव्यता अध्ययन**

पहिचान भएका आयोजना तथा कार्यक्रमहरूमध्ये सबै आयोजना तथा कार्यक्रमहरू आर्थिक, प्राविधिक, वातावरणीय तथा अन्य दृष्टिकोणले उपयुक्त हुन्छन् भन्न सकिँदैन । यसका लागि त्यस्ता आयोजना तथा कार्यक्रमहरूको सम्भाव्यता अध्ययन गर्नुपर्ने हुन्छ । त्यस्तै, ठूला आयोजनाहरूमा हुने लगानीको मात्रा अत्यधिक हुने हुँदा त्यस्ता आयोजना तथा कार्यक्रमहरूको विस्तृत सम्भाव्यता अध्ययन गर्नु पर्ने हुन्छ । यस्तो विस्तृत सम्भाव्यता अध्ययनका लागि ठूलो लगानी गर्नुपर्ने र समयावधि पनि बढी लाग्ने हुँदा छोटो अवधिमा प्रारम्भिक सम्भाव्यता अध्ययन मात्र संभव हुन सक्दछ । प्रारम्भिक सम्भाव्यता अध्ययनबाट उपयुक्त देखिएका आयोजना तथा कार्यक्रमहरू आवधिक योजनामा समावेश भइसकेपछि ती आयोजनाहरूको विस्तृत सम्भाव्यता अध्ययनको कार्य बार्षिक कार्यक्रम तथा लगानी योजनामा समायोजन गर्नु पर्ने हुन्छ । तसर्थ, आवधिक योजना तर्जुमाको यस चरणमा मुख्य आयोजना तथा कार्यक्रमको प्रारम्भिक सम्भाव्यता अध्ययन मात्र गरिएको छ ।

**प्राथमिकता एवम् वर्गीकरण**

आवधिक योजनाले परिलक्षित गरेका लक्ष तथा उद्देश्यहरू हासिल गर्न योजना अवधिमा गरिनुपर्ने आयोजना तथा कार्यक्रमहरूको तर्जुमा तर्कबद्ध योजना पद्धतिमा रहेर गरिएको छ । विभिन्न विषयगत उद्देश्य प्राप्त गर्न सञ्चालन गर्नु

पर्ने कार्यक्रम तथा आयोजनाहरूको छनौट, लागत अनुमान र ठूला आयोजनाहरूको सम्भाव्यता अध्ययन समेत भैसकेपछि तिनलाई सूचीकृत गरी नगरस्तरीय र वडास्तरीय गरी दुई स्तरमा विभाजन गरिएको छ:

**(क) नगरस्तरीय कार्यक्रम / आयोजना :**

समग्र नगर क्षेत्रका जनतासँग बढी सरोकार राख्ने खालका आयोजना तथा कार्यक्रमहरूलाई नगरस्तरीय आयोजनाको रूपमा लिइएको छ । नगरस्तरीय कार्यक्रम / आयोजनाको वर्गीकरण निम्न आधारमा गरिएको छ :

- नगरक्षेत्रभरि लाभ पुऱ्याउने कार्यक्रम / आयोजना (जस्तै, पार्क, क्रीडास्थल, खेलमैदान, बसपार्क आदि)

- पूर्वाधारजन्य कार्यक्रम / आयोजनाहरू (जस्तै : खानेपानीको सञ्जाल, ढल सञ्जाल, बिजुली विस्तार, ठूला सडक आदि)

- दुई वा दुई भन्दा बढी वडाका बासिन्दाहरूलाई लाभ पुग्ने कार्यक्रम / आयोजनाहरू (जस्तै, पिच सडक, ढल आदि)

- नेपाल सरकार र नगरपालिकाको लागत सहभागितमा सञ्चालित कार्यक्रम / आयोजनाह¿, विषयगत निकायबाट सञ्चालित कार्यक्रमहरू, नीजि क्षेत्र तथा नागरिक समाजबाट सञ्चालित योजनाहरू

- नगपालिकाको विकास बजेटको आधारमा बढी लागत अनुमानका कार्यक्रम / आयोजनाहरू

- नगरपालिका अन्य दातृ निकायहरूको लागत सहभागिता एवम् ऋण तथा अनुदानमा सञ्चालित कार्यक्रमहरू

**(ख) वडास्तरीय कार्यक्रम / आयोजना :**

वडाबासीहरूलाई प्रत्यक्ष लाभ पुग्ने र ससाना कार्यक्रम / योजनाहरू जस्तै : ग्राभेल सडक, खानेपानीका इनार, ट्युबवेल, मुहान संरक्षण, ससाना मर्मत-सम्भार जस्ता योजनाहरूलाई वडास्तरीय कार्यक्रमका रूपमा लिइएको छ । वडास्तरीय योजना निम्नलिखित आधारमा वर्गीकरण गरिएको छ :

- वडा वा टोलबासीहरूसँग प्रत्यक्ष सरोकार राख्ने र लाभ पुऱ्याउने

- वडाबासीहरूको प्रत्यक्ष संलग्नता रहने

- वडाका लागि विनियोजित बजेट रकमबाट सञ्चालित हुने कार्यक्रम

- नगरपालिकाको विकास बजेटको आधारमा कम लागत अनुमान भएका कार्यक्रम / आयोजनाहरू

- जनसहभागिताद्वारा निर्माण हुने स-साना आयोजनाहरू

**बजेट अनुमान तयारी**

सि.न.पा.को ५ वर्षे आवधिक योजनामा समाविष्ट कार्यक्रमह¿का लागि प्रत्येक कार्यक्रमका बजेट विनियोजन प्रस्ताव गरिएको छ, जसको विस्तृत विवरण **खण्ड ५** मा प्रस्तुत छ :

बजेट तर्जुमा गर्दा योजना तथा कार्यक्रमको प्रकृतिअनुसार एकल रूपमा नगरपालिकाको तर्फबाट हुने आयोजनाहरूमा न्यूनतम २० प्रतिशतदेखि अधिकतम ४० प्रतिशतसम्म रकम जनसहभागिताबाट उठने र बाँकी नगरपालिकाले बेहोर्नु पर्ने गरी तर्जुमा गरिएको छ । साथै देहायका कुरालाई पनि मध्य नजर गरिएको छ :

**(क) नगरस्तरीय बजेट** : नगरस्तरीय आयोजनाहरू सञ्चालन गर्नका लागि उपलब्ध विकास बजेटको निश्चित प्रतिशत रकम नगरस्तरीय बजेटका रूपमा विनियोजन गरिएको छ ।

**(ख) वडास्तरीय बजेट** : वडा स्तरका आयोजना सञ्चालन गर्नका लागि उपलब्ध विकास बजेटको निश्चित प्रतिशत रकम वडास्तरीय बजेटका रूपमा विनियोजन गरिएको छ ।

**(ग) विकासका लागि भैपरी, दैवीप्रकोप तथा अन्य आकस्मिक बजेट** : योजना अवधिभरका लागि स्थानगत रूपमा आयोजना/कार्यक्रमहरू निर्धारिण हुने हुँदा वर्षेनी आइ पर्ने अत्यावश्यक एवम् आकस्मिक कार्यका लागि दवै प्रकोप कोष बाट खर्च बजेट विनियोजन गर्नुपर्ने हुन्छ ।

आवधिक योजनामा निरन्तरता हुने कार्यक्रमहरू बाहेक यस प्रथम आवधिक योजनाको अवधिभरी प्रस्तावित कार्यक्रम सञ्चालन गर्न कुल रु. २,६७,८९,३५,०००। विनियोजन हुने अनुमान गरिएको छ । त्यसैगरी कुल लागतको ५९.८३% रकम भौतिक विकास योजनामा विनियोजन हुने अनुमान छ भने बाँकी मध्ये सामाजिक विकास योजनामा १३.६५%, संस्थागत विकास योजनामा ३.१३%, वातावरण विकास योजनामा १३.०१%, आर्थिक विकास योजनामा ५.८५%, वित्त विकास योजनामा ०.२८%, जोखिम व्यवस्थापन योजनामा ४.२५% विनियोजन हुने अनुमान गरिएको छ ।

**तालिका ३.२१ : योजना तथा कार्यक्रम लगायत लागतको सारांश**

| **योजना विषय** | **प्रतिशत** | **अनुमानित लागत** |
|---|---|---|
| भौतिक विकास योजना | ५९.८३ | १,६०,२८,७५,००० |
| सामाजिक विकास योजना | १३.६५ | ३६,५७,४०,००० |
| संस्थागत विकास योजना | ३.१३ | ८,३८,००,००० |
| वातावरण विकास योजना | १३.०१ | ३४,८६,००,००० |
| आर्थिक विकास योजना | ५.८५ | १५,६६,२५,००० |
| वित्तीय विकास योजना | ०.२८ | ७५,६५,००० |
| जोखिम व्यवस्थापन योजना | ४.२५ | ११,३७,५०,००० |
| **जम्मा** | १०० | २,६७,८९,३५,००० |

## ३.१२ कार्यान्वयन योजना

आवधिक योजना टोलीबाट प्रस्तावका रूपमा तयार भएको विषयगत उद्देश्य हासिल गर्न लगफ्रेममा आधारित विषयगत योजनाहरू, दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीतिहरूलाई सहभागितात्मक अन्तिम कार्यशालामा प्रस्तुत गरी

प्राप्त सुझावहरूको सङ्कलन गरिनेछ र तिनलाई समायोजन गरी अन्तिम रूप दिइने छ । यसरी अन्तिम कार्यशालाबाट योजनाका लागि थप सुझाव प्राप्त हुनुका साथै योजना कार्यान्वयनको लागि अपनत्वको भावना (Ownership) पैदा भई सामूहिक प्रतिबद्धता समेत प्राप्त हुने अपेक्षा राख्न सकिन्छ ।

×××

# विषय सूची

## खण्ड ३ : आवधिक नगर विकास योजना


३.१ भूमिका ........ 1

३.२ नगरपालिकाको दीर्घकालीन सोच तथा सिद्धान्तहरू ........ 1

३.२.१ दीर्घकालीन सोच ........ 1

३.२.२ नगर विकासका सिद्धान्तहरू ........ 2

३.२.३ नगर विकासका लक्ष्य, उद्देश्य तथा रणनीतिहरू ........ **Error! Bookmark not defined.**

३.३ नगर विकासका समस्या, चुनौती तथा अवसरहरू ........ 4

३.३.१ नगर विकासका प्रमुख समस्याहरू ........ 4

३.३.२ नगर विकासका चुनौती, अवसर र सम्भावनाहरू ........ 34

३.३.३ विगतका प्रयास र उपलब्धिहरू ........ 38

३.४. नगर विकासका अग्रणी क्षेत्र ........ 39

३.५. भौतिक विकास योजना ........ 42

३.५.१ परिभाषा, उद्देश्य एवम् प्रक्रिया ........ 42

३.५.२ योजनागत नक्साहरू र विश्लेषण ........ 43

३.५.३ सहरी विस्तार क्षेत्र निर्धारण ........ 44

३.५.४ भू-उपयोग क्षेत्र निर्धारण ........ 45

३.५.५ भौतिक विकास योजनाको कार्यान्वयनको लागि आवश्यक कार्यक्रम तथा नीतिहरू ........ 46

३.५.६ पूर्वाधार लगानी रणनीति ........ 62

३.५.७ मुख्य भू-उपयोग क्षेत्र निर्धारणमा गर्न पाइने क्रियाकलापहरू ........ 62

३.५.८ भवन निर्माण मापदण्ड ........ 66

३.५.९ जग्गा विकास कार्यक्रम ........ 67

३.५.१० ठेगाना प्रणाली ........ 68

३.६. आर्थिक विकास योजना ........ 69

३.७ पर्यटन तथा वातावरणीय व्यवस्थापन योजना ........ 74

३.८ सामाजिक विकास योजना ........ 79

३.९ संस्थागत विकास योजना ........ 90

३.९.१ भूमिका ........ 90
३.९.२ सङ्गठन विकास योजना ........ 91
३.९.३ जनशक्ति विकास योजना ........ 94
३.१०. वित्तीय विकास योजना ........ 96
३.११ आयोजना तथा कार्यक्रमको सूची तथा प्रारम्भिक लागत अनुमान ........ 108
३.१२ कार्यान्वयन योजना ........ 110